CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१५/८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयरत्नाकरनाटक



नेपाल
अनुवाद-
सम्पाद

धनवज्र वज्राचार्य ◇ ज्ञानमणि नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जयरत्नाकर नाटक

: मूल संस्कृतका लेखक :

नेपालका राजपुरोहित कवि

शक्तिवल्लभ अर्ज्याल

★

: सम्पादक तथा अनुवादक :

धनवज्र वज्राचार्य

ज्ञानमणि नेपाल

★

: विस्तृत उपोद्घातका लेखक :

नयराज पन्त

★

: प्रकाशक :

नेपाल-सांस्कृतिक परिषद्

२०१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशक
नेपाल सांस्कृतिक परिषद्
काठमाड़ौं, नेपाल

★

प्रबन्धक
ईश्वर बराल
नेपाल-सांस्कृतिक परिषद्‌का निम्ति

★

मुद्रक
आर्य भूषण प्रेस
ब्रह्मावाट, वाराणसी

★

सं० २०१४ वि०

मूल्य भा० रु० ५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल-सांस्कृतिक परिषद्‌ले प्रकाशित गर्न खोजेका ग्रन्थहरूमध्ये यो पहिलो हुन आएको छ। हामीले नयाँ नेपाललाइ प्रत्येक खुड्किलातिर लगाई उँभो लैजानु छ। कला, संस्कृति तथा साहित्यका क्षेत्रमा हाम्रा पुर्खाले पनि केही गर्दै-नगरेका होइनन्। भाषामा धेरैजसो नभए पनि संस्कृतका अनेक धुरन्धर लेखकले लोकभावनालाइ यथानुकूल प्रकट गरेका छन्। हामीलाइ आफ्ना पुरातन किंवा वर्तमान वैशिष्ट्य-लाइ जान्ने मौका नै दिइएको थिएन। त्यसैले यस्ता ग्रन्थको मूल्यांकन गर्ने अवसर हामीलाइ प्राप्य थिएन। तर अब प्रजातन्त्रको मिर्मिरेमा हामी जागरणशील भएका छौं। पुरातन शोधकार्यका निम्ति नेपालमा अहिले मनग्गे सामग्री छन्। यस्ता सामग्रीद्वारा हामीले नयाँ वैज्ञानिक रीतिले आफ्नो देशको इतिहासको निर्माण गर्नु छ। अघि पूर्वाग्रह अथवा दुराग्रहले ग्रस्त एकांशी दृष्टिकोणले स्वार्थवश लेखिएका इतिहास अथवा नेपालका विषयमा लेखिएका भ्रामक कुरालाइ हामीले पन्छाउनु छ। शोधकार्यका निम्ति हामीले देशभरि छरिएका सारा सामग्रीको पत्तो त्यसैले लाउनु छ। अहिलेलाइ उचित रीतिले समीक्षित नगरेर केवल आधार सामग्री दिए पनि हाम्रो देशको निम्ति यस्ता सामग्री अवश्य कल्याणकर हुनेछन्। यस दृष्टिले हामीले देशका कुनाकाप्चाका, मधेश-पहाड़का, निजी अधिकारका तथा विदेशिएका सामग्रीको सन्चिता गर्नु छ, तिनको वैज्ञानिक प्रणालीको अध्ययनपरम्परालाइ आफ्नो देशमा ल्याउनु छ। प्रस्तुत पुस्तक यसै दृष्टिले तयार भएको हो। हो, यसमा सनातन संस्कृत नाटकको परम्परा छैन तर यसो भन्दैमा यसमा नाटकीय तत्वको अभाव छ भन्न सकिन्न। सूत्रधार र नटीको सम्वादका आधारमा अचेल यस्तो नाटकको सहजतया प्रदर्शन हुन सक्छ र आकाशवाणीद्वारा भने यस्तो रूपक झन् सफलताका साथ प्रसारित गर्न सकिन्छ। यस पुस्तकलाइ सुन्दर र नेपालीका निम्ति बोधगम्य पार्नमा पर्याप्त निर्देशन हाम्रा विद्यावयोवृद्ध इतिहासज्ञशिरोमणि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पं० बाबुराम आचार्यले दिनुभएको छ। उहाँको यस कृपाका निम्ति नेपाल-सांस्कृतिक परिषद् कृतज्ञताज्ञापन गर्दछ। हामी अझै उहाँको सहयोगको अपेक्षा गर्दछौं। नेपालमा शोधकार्यका निम्ति नवयुवकहरुलाइ सम्यक्‌रूपेण प्रशिक्षित गरी उहाँले आचार्यपरम्परा चलाउनुभएको छ।

नेपालमा शोधकार्यका अर्का उद्भट विद्वान् पं० नयराज पन्तका प्रति हामी अत्यन्त आभारी छौं। उहाँले यस ग्रन्थलाइ सकेसम्म राम्रो तथा विविधप्रकारले अध्ययनपूर्ण बनाइदिएर नेपाली शोधकार्यको अगुवा बनाइदिनुभएको छ। उहाँले शिष्यसम्प्रदाय खड़ा गरी नयाँ भावुक युवकहरुलाइ सचेत बनाउनुभएको छ। यस पुस्तकका निम्ति उहाँले धेरै परिश्रम गर्नुभएको छ। यस ग्रन्थलाइ वैज्ञानिक ढङ्गले समीक्षित गरी सम्पादित गर्नुभएकोमा हामी उहाँका शिष्यद्वय सर्वश्री धनवज्र वज्राचार्य तथा ज्ञानमणि नेपालकन साधुवाद अर्पित गर्छौं। यस प्रकारका अरु-अरु ग्रन्थका सम्पादनका निम्ति नेपालका अरु विद्वान्‌हरुले हाम्रो प्रकाशनयोजनालाइ सफल बनाइदिनुहोला भन्ने अनुरोध छ।

नेपालको नवनिर्माणमा साहित्य, संस्कृति तथा कलाको अभ्युत्थानको निम्ति मरिमेट्ने दानवीर फील्ड मार्शल केसरसम्सेर जङ्गबहादुर राणाले नेपाल-सांस्कृतिक परिषद्‌लाइ खड़ा गर्नमा प्रत्येक प्रकारले भरमग्दूर सहायता गर्नुभएको छ। परिषद्‌बाट प्रकाशित भएको यो पुस्तक उहाँकै सहायताको फलस्वरूप हो। त्यसैले नेपाली जनता उहाँको चिरकृतज्ञ छ।

आश्विन १५ : २०१३
काठमाड़ौं, नेपाल।

ईश्वर बराल
सचिव, नेपाल-सांस्कृतिक परिषद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूची

उपोद्घात : नयराज पन्त	१–५२
जयरत्नाकरनाटकम् (मूलसंस्कृत)	५५-१६६
जयरत्नाकर नाटक (नेपाली अनुवाद)	१६७-२५६

संस्कृत		नेपाली	
प्रथमः कल्लोलः	५५–६०	पहिलो कल्लोल	१६७–१७१
द्वितीयः कल्लोलः	६१-६९	दोस्रो कल्लोल	१७१-१७७
तृतीयः कल्लोलः	७०–७५	तेस्रो कल्लोल	१७७–१८१
चतुर्थः कल्लोलः	७६–८८	चौथो कल्लोल	१८१–१९१
पञ्चमः कल्लोलः	८९–९८	पाँचौं कल्लोल	१९२–१९९
षष्ठः कल्लोलः	९९–११३	छैठौं कल्लोल	१९९–२१०
सप्तमः कल्लोलः	११४–१२२	सातौं कल्लोल	२१०–२१८
अष्टमः कल्लोलः	१२३–१३७	आठौं कल्लोल	२१९–२३०
नवमः कल्लोलः	१३८–१४७	नवौं कल्लोल	२३०–२३८
दशमः कल्लोलः	१४८–१५६	दशौं कल्लोल	२३८–२४७
एकादशः कल्लोलः	१५७-१६६	एघारौं कल्लोल	२४८–२५६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपोद्घात

: ग्रन्थ र ग्रन्थकार :

इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम् ।
यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥

शब्दरूपी उज्यालो संसारभर फैलिन सकेन भने यो सबै लोकलाई अन्धकारले छोप्नेछ—दण्डी ।

: ग्रन्थपरिचय :

जयरत्नाकरनाटक नाम गरेको एक हस्तलिखित पुस्तक मसँग छ। यो पुस्तक मैले काठमाड़ौं सबलबहालनिवासी दिवंगत खरिदार देवीप्रसाद त्रिपाठीबाट वि० सं० १९९४ मा पाएको हुँ। यो पुस्तकमा जम्मा १४९ पत्र छन्। यी पत्र साढ़े तेह्र अंगुल लामा र पौने ६ अंगुल चौड़ा छन्। नेपाली पाको कागतमा देवनागरी लिपिले लेख लेखिएको छ। प्रत्येक पत्रमा एकातिर हरिताल लाएको छ। पहिलो र अन्तिम पत्रमा चाहिं एकातिरमात्र लेख लेखिएको छ। अन्यत्र सबैतिर दुवैतर्फ भरी लेख छ। प्रथम र अन्तिम पृष्ठमा चाहिं ६ पंक्ति छन्। अरू सबै पृष्ठमा ७ पंक्ति छन्। पंक्तिपिच्छे घटीमा २० बढ़ीमा २४ अक्षर छन्। अक्षर मोटा छन्। दुइ-चार ठाउँ छाड़ेर लेख प्रायः जम्मै शुद्ध छ। अपठ्यारा पदको अर्थ बुझाउनका लागि पृष्ठको छेउ-छेउमा कोषका वाक्य दिइएका छन्। मसँग रहेको प्रतिमा दुर्भाग्यवश अठहत्तरौं पत्र हराएछ। वीरपुस्तकालय आदि ठाउँमा खोजी गर्दा अरू सम्पूर्ण प्रति नपाइएकोले सो पत्र खण्डित भएको छ।

यस पुस्तकमा जम्मा ११ कल्लोल छन्। प्रत्येक कल्लोल सिद्धिंदा "इति शक्तिवल्लभभट्टाचार्यविरचिते जयरत्नाकरनाटके प्रथमः कल्लोलः—" शक्तिवल्लभभट्टाचार्यले बनाएको जयरत्नाकरनाटकको पहिलो कल्लोल सिद्धियो—यस्ता वाक्य लेखिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्वतिर सुखीम (सिक्किम) सम्म आफ्नो राज्य फैलाएपछि श्री ५ पृथ्वीनारायण पश्चिमतिर राज्य फैलाउने उद्योगमा लागेका थिए। सोही उद्योगका लागि नुवाकोट पुगेको वेलामा वि० सं० १८३१ मा उनको मृत्यु भयो। पर्वतका मल्ल राजाको चिठीबाट उद्धृत गरिएको :—

"उप्रान्त गोर्षाका राजा हामीमाथि दाबा राषी पश्चिम हेल्न भनि नुवाकोटसम्म पुग्याथ्या मकरसंक्रान्तिका दिन १ घरी दिन चढ्दा भगवत् इच्छा तह आफै हेलिया. ९ जना सती गया"

यस वाक्यबाट यो कुरा स्पष्ट बुझिन्छ।

पृथ्वीनारायणपछि नेपालको शासनभार लिने व्यक्तिहरूमा कसैले पनि पृथ्वीनारायणको इच्छाअनुसार पश्चिम विजय गर्न शकेका थिएनन्। एक व्यक्ति पृथ्वीनारायण जाँदैमा उनले जमाएको सेनाको शक्ति घट्नामा कुनै कारण थिएन। यस कारण सैन्यशक्तिको भरबाट भारादारहरू पश्चिमतिर विजय बराबर गर्दथे। तर व्यायाम (सैन्यशक्ति) ले मात्र राज्य चल्दैन। शम (शान्ति = पाएको कुरा अड्याउने गुण) पनि चाहिन्छ। सिंतिंभिति सो गुणको पात्र बन्नु सम्भव छैन। यस कारण ३१ देखि ४३ सम्मको पूरा ११ वर्षको समय कुनै गहकिलो काममा लागेको थिएन। परस्परको शंका संघर्षमै सो समय बितेको थियो।

वि० सं० १८४३ को बर्खामा श्री ५ रणबहादुरकी मुमा महारानी राजेन्द्रलक्ष्मीदेवीको देहान्त भयो। ११ वर्षका राजा रणबहादुरका प्रतिनिधि भई राजकुमार बहादुरशाह (श्री ५ पृथ्वीनारायणका कान्छा छोरा) नेपालको राजकाज चलाउन लागे। पृथ्वीनारायणका उत्तराधिकारी हुन चाहिने गुण बहादुर शाहमा थिए। हुनत बहादुर शाह अघि पनि एक-दुइ पल्ट राजप्रतिनिधिको पदमा पुगेका थिए। तर त्यस वेला उनको काम शंकाको दृष्टिले हेरिन्थ्यो। यस कारण उनी आफ्नो इच्छाअनुसार काम गर्न समर्थ भएका थिएनन्। १८४३ मा पूर्ण शक्ति आफ्नो हातमा आएपछि पाँच वर्षभित्रमा १८४८ सम्ममा उनले पश्चिमका चौबीशी बाईशी कुमाऊँ गढ़वाल राज्य विजय गरी नेपालको सीमाना गङ्गासम्म पुऱ्याइदिए। यो काम खालि सैन्यशक्तिको भरबाट हुनु सम्भव थिएन। बाह्र हजार घर भएको गोरखा देशका राजा आफ्ना बाबुले नौ लाख किरातीलाई आफ्ना प्रजा बनाउन जुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

षाड्गुण्य (राजनीतिको दाउपेच) खेलेथे, त्यस्तै षाड्गुण्य खेली बहादुर शाहले पनि पश्चिम विजय गरेका थिए।

वि० सं० १८४३ देखि १८४८ सम्मको विजययात्रालाई लिएर कवि शक्तिवल्लभले वि० सं० १८४९ मा *जयरत्नाकरनाटक* लेखेका हुन्।

> लक्ष्मीनारायणोऽभूद् द्विजकुलतिलको राजराजेश्वरश्री-
> पृथ्वीनारायणेन्द्राऽरुणकरकमलैः पूज्यपादारविन्दः।
> तस्यापत्येन माघे सुविमलमतिनाऽब्धीन्दुसप्तैकशाके
> नेपाले लोकसारेऽमरनगरसमे नाटकं संव्यधायि ॥११।१०

श्रीमहाराजाधिराज पृथ्वीनारायण शाहका राता कमलजस्ता हातले चरण-कमल पूजिएका ब्राह्मणकुलमा श्रेष्ठ लक्ष्मीनारायण हुनुभयो। उनका निर्मल बुद्धि भएका छोराले शाके १७१४ (वि० सं० १८४९) को माघ महीनामा संसारको सारजस्तो भएको स्वर्गसमान भएको नेपालमा यो नाटक बनाएको हो।

विजयको कुरा भएको हुनाले नै यस ग्रन्थको नाम *जयरत्नाकरनाटक* रहेको देखिन्छ।

वि० सं० १८२६ मा पृथ्वीनारायणले भक्तपुर विजय गरेपछि सो विजयको कुरा लिई त्यही वर्ष कवि ललितावल्लभले *भक्तविजयकाव्य* लेखेथे। यसरी श्री ५ पृथ्वीनारायणका उत्तराधिकारी राजकुमार बहादुर शाह बनेका छन् त ललिता-वल्लभका उत्तराधिकारी शक्तिवल्लभ बनेका छन् भन्नमा अत्युक्ति हुँदैन।

ललितावल्लभ कविको थर गोत्र आजसम्म मैले थाहा नपाएकोले शक्तिवल्लभ-सँग उनको सम्बन्ध थियो वा थिएन भन्न म सक्तिन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

: कवि परिचय :

नटी—कोऽसौ कविर्महानुभावः ।

सूत्रधारः—आर्य्ये, श्रीमदात्रेयगोत्रसमुद्भवकान्यकुब्जकुलालङ्काराज्योलोपनामकगोर्षानगरनिवासिसङ्गीतशास्त्रकृताभ्यासश्रृङ्गारादिनवरसाभिज्ञ कलाकुशलदेशभाषाश्रयराजनीतिनिपुणराजमान्यश्रीलक्ष्मीनारायणसूनुश्रीशक्तिवल्लभभट्टाचार्य्यो जगतिः प्रख्यातो वरीवर्त्ति । तद्विहितश्रीरणवहादुरसाहमहाराजसमरविजयजयरत्नाकरनामनाटककौतुकं प्रस्तारय । (मथमकल्लोल) .

नटी—ऊ कवि महाशय को हुन् नि ?

सूत्रधार—प्यारी ! आत्रेय गोत्रमा पैदा भएका, कान्यकुब्जकुलका गहनाजस्ता भएका, अर्ज्याल थर भएका, गोरखा शहरमा वस्ने, संगीतशास्त्रको रफत गरेका, शृंगार आदि नव रस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राजनीति कुरा बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य्य संसारमा प्रख्यात छन् । तिनैले वनाएको महाराज रणबहादुर शाहको लडाइँको विजयको वर्णन परेको जयरत्नाकरनाटकको उत्सव फैलाऊ ।

यसबाट शक्तिवल्लभ कविको परिचय राम्रोसँग पाइन्छ ।[1]

कविले आफ्नो नाटकमा दानको र साइतका वेलाको पूजा आदिको वर्णन राम्रोसँग गरेका छन् । ठाउँ-ठाउँमा शाकुनशास्त्र (पशुपक्षीहरूबाट शुभाशुभ निर्णय गर्ने शास्त्र),

---

१. आफ्नो थर अर्ज्याल नलेखी भट्टाचार्य लेख्ने नै शक्तिवल्लभले रुचाएका छन् । बङ्गाली-हरूमा भट्टाचार्य भन्ने चलन भएकोले उतैको नक्कल गरेजस्तो बुझिन्छ । यिनले पशुपति-मन्दिर-भित्रपट्टि दुइ घण्टा चढाएका छन् । घण्टाको अभिलेखको उतार यहाँ दिइन्छ :—

"१ श्री संवत् १८४९ वैशाखशुक्लतृतीयायां श्रीपशुपतिप्रीतये श्रीमहाराजपुरोहितशक्तिवल्लभभट्टाचार्येण समर्पितेयं घण्टा. चिताइ गर्न्या देउपाटनको वैद्य पुरंद्रसिं दांगि द्वान्या गजेन्द्र जैसि शुभम् धार्नी ३६ ।।। / । "

[यो अभिलेखको उतार मेरो प्रेरणाले ज्ञानमणि नेपालले ल्याएका हुन् ।]

CC-0, Nepal Sanskrit Academy, Kathmandu

अङ्गलक्षणविद्या, अरिष्टलक्षण, जातपातको परिभाषाहरूको लम्बेतान व्याख्यान गरेका र टिप्पणीमा कोष र संगीतशास्त्रको उद्धरण दिएका हुनाले हाम्रा कवि शक्तिवल्लभ जजमानी गर्न, मानिसको जीउ डाल हेरी शुभाशुभ फल भन्न, शकुन अशकुन विचार गर्न, गाना गर्न रुचि देखाउँथे, तथा अमरकोष यिनलाई कण्ठस्थ थियो भन्ने बुझिन्छ। कोषमा परेका शब्दलाई बड़ो चाख मानी कविले प्रयोग गरेका छन्। 'पञ्चानन' शब्दको व्याख्या गर्दा पुराण र तन्त्रबाट पनि उद्धरण झिकेकाले पुराण र तन्त्र यिनले हेरेका थिए भन्ने बुझिन्छ। बंगालको अंग्रेज, दक्षिणका टीपुहरूको चर्चा गरेको हुनाले आफ्नो कालको भारतीय राजनीतिको केही सामान्य ज्ञान यिनलाई भएको बुझिन्छ। दरबारका उच्च भारादारहरूसँग सम्पर्क भइरहने हुनाले नेपालको केही राजनीतिलाई यिनले बुझेको हुनुपर्छ। "देशभाषाश्रयराजनीतिनिपुण" भन्ने विशेषण आफूलाई लाउने कविले सरकारिया अड्डाखानाको लेखापढ़ी गर्न जानेको अनुमान हुन्छ। राजपुरोहितजस्तो उच्च पदमा रहेका पढ़े-गुनेका पुरुषले सरकारिया अड्डामा काम गर्नु कुनै नवीन कुरो होइन।

यी कवि परिश्रमसाथ पढ़ेरभन्दा भजन गरेदेखि विद्या बढ़्ता आउँछ भन्दथे। धेरै विद्या पढ्नु, विदेश गई विद्या कमाउनु केही काम छैन, कृष्णको भक्ति गरे राम्रा कविता लेख्न सकिन्छ भनी यी कविले लेखेका छन् (प्रथम कल्लोल, ९—११ श्लोक)। भवभूतिले आफ्नो *मालतीमाधव नाटक*-मा "वेद आदि पढ़ेको छु भनेर नाटक बनाउन केही काम लाग्दैन, शब्द र अर्थमा दोष छैनन् भने पाण्डित्य पनि त्यही हो, चातुर्य पनि त्यही हो"[१] भनी लेखेका छन्। यसरी भवभूतिले आफ्नो सफलतालाई आफ्नो नाटकबाट आउने गुणमा राखेका छन्। तर शक्तिवल्लभले भने 'पढ़ेर के हुन्छ, भजन गरे राम्रा कविता लेख्न जानिन्छ' भनी आफ्ना लेखमा दोष देखाइदिनेलाई कुक्कुर पण्डित भनेर गाली गरेका छन्।

गिरिजाप्रमथाधिपप्रसादाज्जयरत्नाकरनामनाटकाख्या।
इति बुध्यत पण्डितप्रवीणाः कृतिरेषा कविशक्तिवल्लभस्य॥

---

१. यद्वेदाध्ययनं तथोपनिषदां सांख्यस्य योगस्य च
ज्ञानं तत्कथनेन किं नहि ततः कश्चिद् गुणो नाटके।
यत्प्रौढित्वमुदारता च वचसां यच्चार्थतो गौरवं
तच्चेदस्ति ततस्तदेव गमकं पाण्डित्यवैदग्ध्ययोः॥ (मालतीमाधव, १।१०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क्वाऽसौ शुभ्रांशुवंशक्षितिपरणबहादूरचण्डप्रताप:
क्वाऽहं मन्दात्मबुद्धि: कविजनगणने नास्ति रेखापि यस्य ।
यद्यप्येवं तथापि क्षितिपकुलमणेर्निर्मितं नाटकं द्रा-
गित्येवं साहसं मे सकलबुधजना यूयमेतत्क्षमध्वम् ॥
श्रीमन्नेपालदेशाधिपतिरणबहादूरवीरार्द्धकोटि-
सेनामध्ये न हानिर्यदि तु नरपते: पञ्चषा: कुब्जखञ्जा: ।
कस्मिंश्चित् पद्यमध्ये मम भषकबुधैर्दूषणं दीयते चे-
द्देयं मे नापि हानि: स्मरहरकृपया पद्यकोटीश्वरस्य ॥ ११,७—९

हे सिपालु पण्डितहो ! महादेव पार्वतीका प्रसादले यो जयरत्नाकर नाम भएको नाटक कवि शक्तिवल्लभले बनाएको हो, यो कुरा तपाईंहरू बुझ्नुहोस् ।

चन्द्रवंशी महाराज रणबहादुर शाहको ठूलो प्रताप कहाँ ? कविहरूको गणनामा गिन्ती पनि नभएको मन्दबुद्धि भएको म कहाँ ? हुनत यस्तो हो, तैपनि मैले राजशिरोमणि रणबहादुरको नाटक चाँड़ै बनाएँ । मेरो यो साहसलाई तपाईं सबै विद्वान्‌हरूले माफ गर्नुहोला ।

नेपालका राजा रणबहादुर शाहका पचाश लाख फौजका मध्येमा पाँच-छ जना कुप्रा लँगड़ा भए भने पनि महाराजको केही हानि हुँदैन । मेरा कुनै श्लोकमा भुसिया विद्वान्‌हरूले खोट लाउँछन् भने पनि लाइराखून् । महादेवको निगाहले करोड़ौं श्लोक बनाउने मेरो त्यसले के लछारिन्छ र ?

माथिल्लो आठौं श्लोकबाट आफ्नो नम्रतालाई देखाउने कवि तल्लो नवौं श्लोकमा समीक्षक (समालोचक) का ऊपर अत्यन्त क्रुद्ध देखिन्छन् ।

नेपाल राज्यभर रहेका केटाकेटी बूढ़ा-बूढ़ी आइमाई सबैले सबै काम छोड़ेर रण-बहादुरका सिपाहीमा भरना भएका भए उनका पचाश लाख सिपाही होलान् भन्ने कल्पना गर्न सकिन्छ ।

शय वर्ष बाँचेको जन्मदेखि नमरेसम्म दिनहुँ शय श्लोक बनाउँदै जाने मानिसले पनि जन्मभरमा सैंतोस लाख श्लोक बनाउन सक्तैन ।[1]

---

१. वैदिक ऋषिहरू—

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत्पश्येम शरद: शतं जीवेम शरद: शतं शृणु-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँच वर्षमा मानिसको अक्षरारम्भ हुन्छ। १० वर्षजति पढेर मानिस श्लोक

याम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात्। (यजुर्वेद, ३६।२४)

देवताको हित गर्ने उज्यालो त्यो आँखा पूर्वतिर उदायो। शय वर्षसम्म देखौं, शय वर्षसम्म बाँचौं, शय वर्षसम्म सुनौं, शय वर्षसम्म बोल्न सकौं, शय वर्षसम्म दुःख नपाऔं, शय वर्षभन्दा बढ्ता पनि होस्।

शतमिन्नु शरदो अन्ति देवा यत्रा नश्चक्रा जरसन्तनूनाम्।
पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुर्गन्तोः॥
(ऋग्वेद, १।६।१६।९, यजु० २५।२२)

देवताहो! शय वर्षसम्म पनि हाम्रो नजीकमा रहनुहोस्, जुन अवस्थामा (शय वर्षमा) यहाँहरूले बूढो बनाइदिनुहुनेछ, जुन अवस्थामा (हाम्रा) छोराहरू बाबु हुनेछन्, हाम्रो चञ्चल आयुलाई बीचैमा ननासिदिनुहोस्।

इत्यादि मन्त्रले प्रार्थना गर्थे। यस कारण उनीहरूको अभीष्ट आयु शय वर्ष थियो भन्ने स्पष्ट हुन्छ।

विक्रमका छैठौं शताब्दीका प्रसिद्ध ज्योतिषी वराहमिहिरले आयुको विषयमा यस्तो लेखेका छन्।

समाः षष्टिर्द्विघ्नी मनुजकरिणां पञ्च च निशा
हयानां द्वात्रिंशत् खरकरभयोः पञ्चककृतिः।
विरूपा साऽप्यायुर्वृषमहिषयोर्द्वादश शुनां
स्मृतं छागादीनां दशकसहिता षट् च परमम्॥
७ अध्याय, १ श्लोक (बृहज्जातक, आयुर्दायाध्याय)

मान्छेको र हात्तीको १२० वर्ष ५ दिन, घोडाको ३२ वर्ष, गधा र ऊँटको २५ वर्ष, गाई भैंसीको २४ वर्ष, कुक्कुरको १२ वर्ष, बोकाहरूको १६ वर्ष परम आयु हुन्छ।

जन्मकुण्डलीमा रहेका ग्रहस्थितिबाट आयुर्दाय गन्नाका लागि यो परम आयु दिइएको हो। सबैको यति आयु हुने होइन। यस कारण मनुष्यको परम आयु शय वर्ष भन्नु सबै दृष्टिबाट उचित छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनाउन सक्तछ। यस कारण मानिस कसरी करोड़ श्लोक बनाउन शक्ला ? कविको करोड़ श्लोक बनाउँछु भन्ने कुरोले कविलाई हलुंगो बनाएको छ।[१]

एक वर्षमा दिन ३६५$\frac{1}{4}$

शय वर्षमा दिन ३६५$\frac{1}{4}$ × १०० = ३६५२५

(दिनहुँ शय श्लोक बनाए) शय वर्षमा श्लोक ३६५२५ × १०० = ३६५२५०० ।

१. परन्तु करोड़ श्लोक बनाउँछु, करोड़ गाई दान गर्छु, करोड़ सिपाहीलाई जित्छु, भन्ने अत्युक्ति कुरो दुर्भाग्यले गर्दा हाम्रो अर्वाचीन वाङ्मयमा चलेको छ। जसले गर्दा हामीहरू वस्तुस्थितिलाई नहेरी भावुकताका कुरा गर्ने बनेको छौं।

जनको ह वैदेहो बहुदक्षिणेन यज्ञेनेजे। तत्र ह कुरुपञ्चालानां ब्राह्मणा अभिसमेता बभूवुः। तस्य ह जनकस्य वैदेहस्य विजिज्ञासा बभूव। कः स्विदेषां ब्राह्मणानामनूचानतम इति। स ह गवां सहस्रमवरुरोध। दश दश पादा एकैकस्याः शृङ्गयोराबद्धा बभूवुः। तान् होवाच—ब्राह्मणा भगवन्तो यो वो ब्रह्मिष्ठः स एता गा उदजतामिति। (*शतपथब्राह्मण बृहदारण्यकोपनिषद्*)

विदेह देशका राजा जनकले धेरै दक्षिणा दिएर यज्ञ गरे। त्यहाँ (जनकको यज्ञमा) कुरु देशका र पञ्चाल देशका ब्राह्मणहरू जम्मा भएका थिए। यी ब्राह्मणहरूमा कसले सबभन्दा बढ्ता पढ़ेको रहेछ भन्ने कुरा बुझ्न जनकलाई मन लाग्यो। जनकले हजार गाईलाई एक ठाउँमा थुने। प्रत्येक गाईको सींगैपिच्छे अढ़ाइ-अढ़ाइ मासा (सुन) लाइदिएको थियो। जनकले भने—ब्राहुन बाजेहो, तपाईंहरूमा सबभन्दा जान्नेले यी गाई थपाईं लैजानुभए हुन्छ।

यहाँ राजाले दान गरेको गाईको ठूलो संख्या हजार छ। हज़ार गाई हाम्रो देशमा पनि बराबर दान भइरहेको देखिन्छ सुनिन्छ। यसरी यो दानसंख्याले वस्तुस्थितिलाई छाड़ेको छैन।

अथैकधेनोरपराधचण्डाद्गुरोः कृशानुप्रतिमाद्विभेषि।
शक्योऽस्य मन्युर्भवता विनेतुं गाः कोटिशः स्पर्शयता घटोध्नीः (रघुवंश, २।४९)

विराएमा (यो गाईलाई मराएमा) एउटी गाईमात्र भएका गुरु अत्यन्त रिसाउनुहोला

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परीक्षकलाई भुसिया कुक्कुर भन्नु त अत्यन्त अनुचित कुरो हो।

भन्ने डर तपाइको मनमा भए ठूलठूला कच्चौडा भएका करोडौं गाई दिएर तपाईंले गुरुको रोस कम गराउन सक्नुहुन्छ।

यहाँनेर राजालाई उल्लू बनाउन खोज्ने सिंहले तपाईं करोड़ गाई दान गर्न सक्नुहुन्छ भनी फुक्र्याएको छ। फुक्र्याउनेहरू यस्तो कुरा गर्छन्। यस कारण यहाँ अतिशयोक्ति स्वभावोक्ति मिलेमिलेजस्तो भएको छ। पछिका कविले आँखा चिम्लेर करोड़ शब्दको प्रयोग गरेका छन्।

> दत्वा द्विजेभ्यो रत्नवन्ति राजतानि जातरूपमयाणि सहस्रशस्तिलपात्राणि कनकपत्रलतालंकृतशफश्रृङ्गशिखरा गाश्चार्बुदशः
>
> (हर्षचरित, सप्तम उच्छ्वास)

(राजा हर्षवर्द्धनले) रत्न हालेका चाँदीका र सुनका हजारौं तिलपात्र तथा सुनका सींग खुर भएका अर्बुदौं (दश करोडको एक अर्बुद हुन्छ) गाई बाहुनहरूलाई दान दिएर

उत्तरभारतका राजा हर्षले दश करोड़ौं गाई दान गरे भन्नु गफ गर्नुसिवाय केही होइन। कालिदासभन्दा बाण गफ गर्नामा अमाड़ि बढ़ेका छन्।

> युद्धारम्भः कृतोऽस्मिन्नपि शुभदिवसे शत्रुभिर्युद्धशौण्डै-
> र्दुष्टैः कोटोऽवरुद्धः कुटिलनृपभटैरद्भुतैः कोटिसंख्यैः।
> लीलामात्रेण शत्रूनपनयत तदा पार्थिवः पार्थतुल्यः
> कोटं निर्मोचयित्वा नमुचिरिपुरिवानन्दसन्दोहमाप॥
>
> (पाटन, कृष्णदेवलको शिलालेख)

[यो शिलालेख पं० भगवानलालद्वारा प्रकाशित भएको हो। अहिले *संस्कृत-संदेश*, वर्ष २ भाग १ मा पं० बुद्धिसागर पराजुली, यज्ञानन्द वज्राचार्य, रत्नबहादुर वज्राचार्यद्वारा प्रकाशित भएको छ।]

यो शुभ दिनमा पनि दुष्ट लड्न सिपालु कपटी शत्रु राजाका करोड़ौं सिपाहीहरूले कोट दख्खल गरे। त्यस बेला अर्जुनजस्ता राजाले शत्रुहरूलाई खेलबहाड़सँग हटाइदिनुभयो, कोट फिर्ता लिई इन्द्रजस्तै खुशी हुनुभयो।

वर्तमान कालमा मेचीदेखि महाकालीसम्म फैलिएको नेपालराज्यमा मनुष्यहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu

: ग्रन्थ परीक्षा :

शक्तिवल्लभले आफ्नो ग्रन्थलाई नाटक हो भनी भनेका छन्। यस कारण नाटकको विषयमा अलिकता विचार गर्नु परेको छ।

एक करोड़ छैनन्[1] पचासजति टुक्रा भएको नेपाल राज्यको एक टुक्रो पाटनका राजाले मैले करोड़ सिपाहीलाई जितें भन्नु हाँसो उठ्तो कुरो छ।

दैवज्ञैरथ गर्गगर्वहरणज्ञानैर्भिषग्भिस्तथा
धन्वन्तर्यभिमानधूननपरैर्वागीशवद्वाग्मिभिः।
श्रुत्यर्थामृतसंश्रुतिक्रमलसद्वक्त्राम्बुजैः श्रोत्रियै
राजा सार्धमधिष्ठितः परिषदं पस्पर्श गाः कोटिशः॥

[ललितावल्लभको पृथ्वीन्द्रवर्णनोदय। यो प्रकाशित भएको छैन। यसको प्रतिलिपि मैले इतिहास शिरोमणि बाबुराम आचार्यबाट पाएको हुँ।]

गर्गभन्दा पनि जान्ने ज्योतिषीहरू, धन्वन्तरिभन्दा जान्ने वैद्यहरू, बृहस्पतिजस्ता बोलैया, वेदको अर्थ मुखमा भएका वैदिकहरूसँग पनि सभामा बसेका राजा (नरभूपाल) ले करोड़ौं गाई दान गर्नुभयो।

गोरखाका राजाले करोड़ौं गाई दान गरेको कुरा त्यस्तै उपहासास्पद छ।

भूपो भक्तिभरेण योऽल्पवयसि प्राप्यैव वाराणसीं
यात्रानन्तरमागतौ स्वमहसा मार्गावरोधोद्यतान्।
हत्वारीन् स्वपुरीं प्रविश्य च नवाकोटाख्यदुर्गं बला-
ज्जित्वा प्राप च काष्ठमण्डपपुरीं संहृत्य कोटीद्विषाम्।

[वाङ्मती किनाराको टुङ्गे खामाको भीमसेन थापाको अभिलेख। यो अभिलेखका कवि वाणीविलास हुन्। यो अभिलेख सं० सं० १।७ मा मैले प्रकाशित गरेको छु।]

जुन राजा (पृथ्वीनारायण) कच्चै उमेरमा ठूलो भक्तिले काशी पाउ लाग्नुभयो, फर्कंदा बाटो छेक आउने शत्रुहरूलाई आफ्नो पराक्रमले कतल गरी आफ्नो शहर (गोरखा) मा प्रवेश गर्नुभयो। नुवाकोट किल्ला बलले जित्नुभयो। करोड़ौं शत्रुहरूलाई सिध्याई काष्ठमण्डपमा प्रवेश गर्नुभयो।

---

१. २०११ को जनसंख्या-विवरणपत्रअनुसार नेपालको जनसंख्या ८४,२१,५२७ पुगेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुराना आचार्यहरूले श्रव्य र दृश्य गरी काव्यका दुइ भेद मानेका छन्। जुन काव्यको कुरा सुन्नमात्र सकिन्छ, त्यसलाई श्रव्य र जुन काव्यको कुरा हेर्न पनि सकिन्छ त्यसलाई दृश्य काव्य भन्दछन्। दृश्य काव्यको नामान्तर नाटक हो। नाटकका खण्डलाई अङ्क भनी पुराना आचार्यहरूले नाम राखेका छन्। कथा र वर्णनका हिसाबबाट नाटकका धेरै भेद प्राचीन आचार्यहरूले गरेका छन्। पात्र हेरी भाषाको प्रयोग गर्ने पनि उनीहरूले नियम बाँधेका छन्।

बुद्धका पालाको उत्तर भारतको जनभाषा अलिकता मात्र रूपान्तर भएर पालि भन्ने नामले प्रख्यात भएथ्यो। पालिग्रन्थहरू हेर्दा त्यस ताकाको भाषा र संस्कृत भाषामा धेरै अन्तर पाइँदैन। पालिभाषा राम्रोसँग जान्ने मनुष्यले अलिकता परिश्रम गरेको खण्डमा संस्कृतभाषा बुझ्न सक्तछ। नपढेका मानिसहरूले पनि व्यवहार गरिने पालिजस्ता जनभाषाले प्राकृत अर्थात् साधारण जनको भाषा भन्ने नाम र पढेका अर्थात् संस्कृत भएका मानिसहरूले मात्र व्यवहार गर्न सकिने भाषाले संस्कृत नाम त्यसै बेलातिर पाएजस्तो बुझिन्छ। किनभने पाणिनिले आफ्नो कालको जनभाषालाई खालि भाषा भन्ने शब्दले व्यवहार गरेका छन्। पाणिनिको सामुन्ने वैदिक वाङ्मय र लौकिक भाषा दुवै थिए। कालक्रमले, देशक्रमले फरक पर्ने भाषाको स्वभाव भएको हुनाले वैदिक भाषादेखि पाणिनिका समयको भाषा फरक हुनु स्वाभाविकै थियो। सामान्य जन र पठित व्यक्तिले पनि त्यही भाषामा व्यवहार गरेका हुनाले पाणिनिले संस्कृत प्राकृत नामको झमेलामा पर्नुपरेन। पाणिनिको भाषा नै पछिको संस्कृत भाषा हुन आयो। बुद्धभन्दा पछि लेखिएका नाटकमात्र आजसम्म पाइएका छन्। त्यस बेलामा संस्कृत प्राकृतको झमेला उठिसकेको थियो। देशैपिच्छे, कालैपिच्छे भाषाले परिवर्तन लिंदै गएको देखेर शिक्षाको भाषामा एकरूपता र स्थिरता ल्याउन खोज्ने विद्वान्हरू संस्कृतभाषातिर लहसिन लागेका थिए। साधारण जनतामा आफ्नो विचार फैलाउन खोज्ने मानिसहरूले प्राकृत भाषाको शरण लिनु आवश्यकै थियो।

गोरखाका राजा पृथ्वीनारायणले करोडौं शत्रुलाई सिध्याए भन्नु अतिशयोक्तिसिवाय केही होइन।

यस कारण यी सबै कुरा विचार गर्दा हामीले शक्तिवल्लभलाई मात्र दोष दिनुहुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसै कारण भास आदि त्यस कालका कविहरूले पठित मानिसहरूको मुखबाट संस्कृतभाषा र अपठित मनुष्यको मुखबाट प्राकृतभाषा निकालेका छन्। पछि-पछि प्राकृतभाषा पनि फरक पर्दै गयो। अब केही वर्ष नपढ़ी संस्कृतभाषा नबुझिने अवस्थामा पुग्न गयो। त्यस वेलाका नाटककारहरूले भासहरूको परम्परालाई थामी संस्कृत र प्राकृत दुवै भाषाको प्रयोग गर्न लागे। परन्तु उनीहरूले प्रयोग गरेको प्राकृतभाषा उनीहरूको बेलाको जनभाषा थिएन। साधारण पढ़े-लेखेका मानिसहरूले व्यवहार गरिने पनि संस्कृतभाषा थिएन। अहिलेभन्दा पचास वर्षअघिका नेपालखाल्डाका कवि सरदार छविलालले आफ्ना *सुन्दरचरित*, *कुशलवोदय* नामक दुइ नाटकमा सोही परम्परा लिई संस्कृत, प्राकृतभाषाको प्रयोग गरेका छन्।

छविलालभन्दा शय वर्षअघिका नेपालखाल्डाका कवि शक्तिवल्लभले भने आफ्नो नाटकको भागलाई अङ्क नभनेर कल्लोल भनेका छन्। यति एउटा चिह्नले मात्र पनि भासहरूको नाटकको परम्परालाई तोड़ेको स्पष्ट देखिन्छ। रत्नाकर भनेको समुद्र हुनाले त्यसका खण्डलाई शक्तिवल्लभले कल्लोल अर्थात् छाल भनेका होलान्। शक्तिवल्लभले पठित अपठित सवैको मुखबाट संस्कृत भाषा निकालेका छन्। यो पनि उनले परम्परा तोड़ेको चिह्न हो। भासका परम्पराका नाटकहरूमा पात्रहरूले गरेको क्रियालाई बुझाउने क्रियापद वर्तमान कालको रहेका हुन्छन्। परन्तु शक्तिवल्लभले भने प्रायः भूत-कालकै क्रियापद प्रयोग गरेका छन्। यो पनि उनको विलक्षणता छ। अन्त सूत्रधार नटीहरू नाटकको कथाको उठानमा देखापरेका हुन्छन्। परन्तु शक्तिवल्लभको नाटक भने एकप्रकारको नटी सूत्रधारको संवादजस्तो छ। धनी मानिसको ठटेउलो साथीलाई विदूषक भन्ने अन्त चलन छ। परन्तु शक्तिवल्लभको विदूषकले भने पर-देशमा गएर लड़ाइँ गर्न आएका राजाहरूलाई अनुत्साहित पार्ने र रणबहादुरको प्रशंसा गाउने काम मुख्य गरेर लिएको छ[1]। यस क्रिसिमबाट कौटल्यको सत्रीले गर्नुपर्ने काम शक्तिवल्लभको विदूषकले गरेको देखिन्छ। यी कुरा देख्ता शक्तिवल्ल-भको नाटकको विषयमा भास, कालिदासका परम्पराका नाटककारहरूसँग सोधेको खण्डमा यो नाटक हो भन्ने उत्तर पाउन गाह्रो देखिन्छ।

---

१. ५ र ६ कल्लोलमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हात हेर्ने मनुष्यको मुखबाट शरीरको शुभाशुभ लक्षणको विषयमा लम्बे व्याख्यान निकालेको[१] छ। त्यसमा अन्तबाट उद्धृत गरिएका कुरा मात्र छन्। अर्को ठाउँमा मर्न लागेको मानिसको लक्षण लम्बेतान गरेर लेखेको छ[२]। एक ठाउँमा जातपातको विषयमा धर्मशास्त्रबाट लम्बेतान उद्धरण झिकेको छ[३]। यी कुरा देख्ता नाटक भनी यस पुस्तकलाई भन्न गाह्रो पर्छ। फलादेश गर्ने, जातपात छुट्याउने मनुष्यलाई सजिलो पर्ने गरी संग्रह गरिदिएको निबन्धजस्तो यो भाग देखिन्छ। बीचमा ल्याएर शुगा-मैनाको कथा[४] हाली मैनाबाट राजनीतिको दूतको काम लिएको देख्ता ता पञ्चतन्त्रको कथा पढ़ेजस्तो भान पर्दछ।

अन्त्यको आशीर्वादश्लोक पात्रको मुखबाट निकाल्ने परम्परालाई छोड़ेर कविले आफैले आशीर्वाद दिएका छन्। सो आशीर्वादको एउटा श्लोकमा परेको 'पञ्चानन' शब्दको पैंतालीस व्याख्यान गरेको देखिन्छ। सो व्याख्या टिप्पणीमा गरिदिएको भए पनि सुहाउने कुरोजस्तो हुन्थ्यो। परन्तु मूलमै व्याख्यालाई मिलाएर कविले एउटा अनौठा कुरा देखाएका छन्।

भासहरूको नाटकपरम्पराको ख्याल नराखेका शक्तिवल्लभलाई नाटक लेख्ने प्रेरणा दिने कुन परम्परा हो भन्ने विषयमा यहाँ विचार गर्नुपरेको छ।

पछिल्लो मल्लकालमा नेपालखाल्डामा एक प्रकारका गद्य, पद्य, गीतहरूको संग्रह गरी बीच-बीचमा संवाद देखाई तिनलाई नाटक भन्ने नाम दिने चलन चलेको थियो। ती नाटकहरू नेवारी, संस्कृत, हिन्दी, मैथिली भाषाहरूको मिस्कटमा प्रायः पाइन्छन्। यिनमा केही नाटकको उद्धरण तल दिइन्छ—

:: १ ::

श्रीनृत्यनाथाय नमः। अथ तारकासुरवधो नाम नाटकं लिख्यते।

नाएदी श्लो.

ध्यायंतं हृदयाम्बुजे सुविमलं ज्योतिर्जगद्व्यापकं
कुर्व्वाणं निजभालनेत्रहुतभुग्भस्मावशेषं स्मरं।

---

१. ७ क०। २. १० क०। ३. ४ क०। ४. ६ क०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वच्छांतः परया युतं गिरिजया शक्त्यार्द्धदेहे पुन-
र्य्यं देवं जगतामधीशमनिशं श्रीनृत्यनाथं भजे ॥

शून्य मे. । प्रवेश. सूत्र. गा. श्लो. ।
चन्द्रखण्डधरं खण्डपरशुं प्रणमाम्यहं ।
भस्मीकृतरतीशांगं कान्तकान्तार्द्धदेहिनं ॥

मे. स्वानतिने. श्लो. ।
जटाकलापेन्दुकलाविराजितं सुपावकं पावकभाललोचनं ।
भुजंगनाथैर्भुजकर्ण्णमण्डितं सदा सदारंच सदाशिवं भजे ॥
श्रीश्रीमत्स्येन्द्रनाथचरणाम्बुजं प्रणमामि ।

मे. अयि प्रिये नर्तकी इहागच्छ २ ।

न. वव । नाहो तुहां प्रणमामि । किमानवेइ ।

सू. अयि. न. ललितपट्टनाधिपती महाराजाधिराज श्रीश्रीनिवास-
मल्लसभानुरंजनार्थं कुमारविजयनामनाटकं नरीनर्त्तयामि ।

न. अज्जो नाह कीरिसी ललितपट्टन नाम नगरी ।

सू. प्रिये न. कथयामि श्रृणोतु ।

न. आनवेइ ।

देशवर्णना मे ।

प्रिये एतादृशी ललितपटन नगरी ।

न. अ. २ कीरिसो श्रीनिवासमल्ल महाराजो ।

सू० प्रिये कथयामि श्रृणोतु भवती । मे ।
अयि प्रिये एतादृश महाराज श्रीनिवासमल्लं जानीहि ।

(अन्त्यमा)

महाराज श्रीसिद्धनरसिंहेर पुत्र श्रीश्रीनिवास मल्लके शुभाशीर्वाद करिया परमसुखे कैलास जाय वो चलो

सर्वे. विजे करो ।

पञ्चम मे

ज. सायकगजमुनि (७८५) नेपालहायने कुमारविजय नाम-समर नटने ।
कमल किरतिसिंह हर·········

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ः२ः

ॐ नमः श्रीनृत्यनाथाय। मुदावतीहरण प्याखं ग्रंठ चोस्यंतया।

शून्य मे। राग मारव। पंचमान तार। घरं जति।

शिव २ जे शिव चन्द्रकलाधर हर।

परिमान।

दमरुत्रिशूलधर त्रिनयनशोभे ।

एकतरि।

शंकर त्रिभुवनसारे।

जति।

जटाशोभिततनु शिव गौरीसाथे।

प्रतार। नवर. फलदेहो काजे।

खजति। विकट जटज सुवृषभ वाहन विसमनयन विराजे।

धतूलपफल भांग भोजन शंकर त्रिभुवन साजे।

नवरस फल देहो काजे।

सूत्र प्रवेश। मे.। राग नाट। ए.।

जय २ नृत्येश्वर त्रिभुवन ईश्वर,

विभूति धवरतनु दमलुत्रिशूलधर।

गंगतरंगशिर गउरी सुसंगे······र रंगे।

नर्त्तकी वव. तिप। देशवरणा। मे। रागश्री। घरं जति।

चंपापुरी सुरपुरीसम पुरी शोभे

ततरह भैरव भीषन तीषनगनच्छोभे।

जे. देवी वाराही शोभे चामुंडा भवमाई

जे. ततरह उपवन सुखनतुल हरिशाई।

जे. असिक रसिक घर सुजनसमाजे

ततरह निरमल जर जत सरवर राजे।

राजवर्णा। मे.। राग वैरावलो। पर तार।

धन्य नृपतिवर भूपति सुन्दर श्रीइन्द्रमल्लप्रभुराजे। ध्रु.।

हरि अवतारं तेज सुरुज समाने।

मदन अधिक रूप समनहि आने। ध्रु.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छत्र सिंहासन ध्वज हनुमाने ।
रिपुखंडन असि तीषन वाने । ध्रु. ।
भाग्यवती देवीपति छत्रपति राजे ।
प्रजा प्रतिपालन जिह्निके सुसाजे । ध्रु. ।
मच्छिन्दर पदपंकज मन भावे ।
जसु सुमिरन कय अभिमत पावे ।

(अन्त्यमा)

नेपाल वच्छर वसुकरनाग (८२८) युते
दशमी अश्विनी कृष्णदिन चन्द्र सुते ।
भाग्यमती देवी पति धन्य नरपति ।
श्रीइन्द्रमल्ल प्रभु नवराज्यपति ।
चंपापुरी पंचसमूह धरम कामे
नाटक कइरो मुदावतीहरण नामे ।

तवदेवर वलि काय त्वाक ३ कुं. ॥ इति श्रीवलदेवद्विजेन कृतं मुदावतीहरण नाम नृत्यस्य तृतीयाङ्क गीतग्रण्ठ समाप्तम् ॥

संवत् ८२८ अश्विनी कृष्ण दशमी बुधवार थ्वकुन्हु वा देशस थ्व मुदावतीहरण प्याखं विंदङा जुरो. थ्वया गुरु श्रीवलदेवजु थ्वया काय श्रीकविराम कनिष्ठ काय विद्यारामजु. स्वहा व कायन...प्याख...वाया भंसार सुदर्शनजु. त्यागरथा वासिंजु परशेष वा देशछिं पंचन धर्मार्थन अंक ३ दोहसिन दयका. मोहनी साधना गुरु श्रीविद्यानन्द उपाध्याय काय दातिह्म श्रीअनन्तानन्द भाजु। शुभ। लिखितं श्रीवलदेवेन। थ्वगुरि दत्तं वादेश चंपापुरी मढुसतर जीर्णोद्धार याङाव हर दएकु एरया सतिग्लया माहांकाल परमानन थ्ववेरस वा देशशा परमान थ्वह्म माहा कालमाजु ।

:: २ ::

श्रीनृत्यनाथाय नमः । अथ त्रिपुरासुर वधनामनाटकं लिखिते ।
नाण्डी श्लोक । प्रवेश सूत्र. गणेश. सिद्धिदायनी बुद्धिदायनी । गाच्छे श्लोक ।

नमामि नगजानाथं तारानायकलाधरं ।
नागभूषणसर्व्वाङ्गं भूतिभूषणसुन्दरं ॥

मे. स्वान मालतिने. श्लो. ।

उमार्द्धदेहधारिणं जटाकलापमौलिनं
स्फुरच्चन्द्रशेषरं नृमुण्डमालशोभितं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विंभूतिभूषिकृतिं फणिन्द्रकर्णभूषणं
विचित्रपुष्पमालयाऽर्च्चयामि तान्दवेश्वरं ॥
श्रीश्रीनृत्येश्वरस्य चरणारविन्दपूजनार्थं पुष्पमालां प्रत्य(र्प)यामि ।
स्वानतिने । अपि प्रिय सिद्धिदायनी बुद्धिदायनी. मदीयं वचनं श्रूयतां ।

सि. बु. हे गणेश्वर. आज्ञां देहि ।

ग. श्लो. सर्व्वकार्य्येषु सर्व्वेषां सिद्धिदाता गजाननः ।
शंकरस्य सुतस्सोहं विघ्नराजः समागतः ॥

सि. बु. हे गणेश्वर. सत्यमेव ।

सि. हे गणेश्वर. मदीयवचनं अवधार्य्यतां ।

ग. अयि सि. कथ्यतां ।

सि. श्लो. तव पादपदाम्भोज भक्त्याराधनतत्परा ।
सर्व्वकार्य्येषु चतुरा नाम्नाहं सिद्धिदायनी ॥

ग. अयि. सि. सत्यमेव ।

बु. हे गणेश्वर मदीयवचनं अवधार्यतां

ग. अयि बु. कथ्यताम् ।

बु. श्लो.

ग. अयि बु. सत्यमेव ।

ग. इदानीं श्रीश्री आर्य्यावर्त्तलोकेश्वरं प्रणमामि ।
श्लोक. तरुणारुणसंकाशं ब्रह्मविष्णुशिवात्मकं ।
तुरीयं त्रिगुणातीतं मत्स्येन्द्रं प्रणमाम्यहं ॥
एतादृशं श्रीश्रीमत्स्येन्द्रं प्रणमामि । मे ।

ग. अयि सि. बु. धन्येयं ललितापुरी नाम नगरी ।

सि. बु. हे गणेश्वर किमर्थं आज्ञां देहि ।

ग. अयि सि. बु. अहं कथयामि त्वमवधारय । मे. श्लो.

ग. सुरराजपुरीतुरिता नगरी ललिता प्रतिमाप्रतिभा सुतरां ।
हरहास्यगता सुनदीनिकटा मणिमण्डपभीमयुता शुशुभे ॥
अयि सि. बु. एतादृशी ललिता पुरी नाम नगरी त्वं जानीहि ।

सि. बु. हे गणेश्वर अस्यां नगर्य्यां को नाम राजा विराजते ।

ग. अयि सि. बु. अहं कथयामि त्वमधारय । मे. श्लो.
माता राजेश्वरी देवी श्रीमहीन्द्रस्य भूपतेः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स श्रीसिद्धिनृसिंहस्य कुलदीपो विराजते ।

अयि सि. बु एतादृशो रविकुरतिरक हनूमध्वज श्रीश्रीनृसिंहमल्ल नृपतिं कुलदीप राजेश्वरीदेवीपुत्र महाराजाधिराज महाप्रतापी श्री २ महीन्द्रमल्लनृपतिं जानीहि ।

सि. बु.— हे गणेश्वर सत्यमेव । हे गणेश्वर अस्मिन् ललितापुरी नाम नगरे लोकानां महोत्सवः अनुमीयते कारनं कथ्यतां

ग. अयि सि. बु. श्रीश्रीमहीन्द्रमल्लभूपतिणा त्रिपुरासुरवध नामनाटकं नरीनर्त्तयैति आज्ञप्तमेव अथ कारणात् लोकाणां महोत्सवो जायते ।

: ४ :

ॐ नमः श्रीनृत्यनाथाय । सर्वेश्वरोत्पत्तिनृत्यग्रंठो लिख्यते । नान्दी श्लो.

तुरीयं त्रिगुणातीतं निरंजननिरामयं ।
केवलं सच्चिदानन्दं तं भजामि महेश्वरं ॥

शून्य मे । राग मारव घरं जति ।

जय कुम्भेश्वर त्रिनयन शंकर विभूतिविलेपिते ।
फणिमनिविराजिततनु अतिसीते ।

जति । विसमविलोचन दुरितमोचन समरनाशन हे ।
भूतगनषन धतुर भोजन दिग सुवसन हे ।
जय २ शिवेश महेशे ।

सूत्र. प्रवेश । राग नाढ । अस्तारा ।

व्रह्मसरुप हरभूषण विषधरे शशधर शिरधर घवर करेवरे ।
आइरोहे सूत्रधर नटनप्रवेशे नव रस उदए नृत्य रोउ देशे ।

स्वानमार तंने । सूत्र नर्त्तकी वोङ । नर्त्तकी वव तिप ।

देशवर्णा मे । राग नढ विलावली । ज

रसिक ललितापुरी अती मनहरे । ध्रु । वाच्य । वागमती नदीतीरे ।
वसती त्रिजगती । ध्रु ।
सर्वेश्वर कुम्भेश्वर त्रिलिङ्गकोपेश्वर आदिविष्णुनृत्येश्वर यउघ उमेश्वर । ध्रु ।
लोकनाथ गोपीनाथ तत विश्वनाथे

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पीठ अनेक देवीकुल देवगण साथे । ध्रु । मनिगन मनि कविकेशरी कुमारे ।
त्रिघारीपुनारी मंडप मसीम उदारे राजगृह यतर सुवरण दुवारे ।
दुए रतन आगारे । ध्रु । राजेश्वरी देवीसुत सव गुणसारी ।
कैलाससदृश वीर महींद्रमल्ल नृप छत्रधारी । ध्रु ।

राजवर्णो मे प्र

धन्य नृपतिवर चतुर सुन्दरे वीर महीन्द्रमल्ल राजे । वाध्य ।
हरि अवतार तेज अति विराजे राजेश्वरीदेवीसुत रविकुल काजे

(अन्त्यमा)

अहे प्रिये गौरी देवी सकर समूह लोके श्रीराजेश्वरीदेवी सहिते श्री २ वीर महीन्द्रमल्लराजेन सप्ताङ्ग राज्यसहीत आयु प्रताप बुद्धिरस्तु । सकरसं अहे परमेश्वर तथास्तु ।
जवकुँ खवकुँ भासाउं तव दवर वने । लु ॥

इति श्रीद्विजवलदेव पुत्राभ्यां सहितेन कृतं सर्वेश्वर कुम्भेश्वरोत्पत्ति नृत्यग्रण्ठस तृतीयाङ्क समाप्तं । ३ शुभं ।

सं० ८३१ चैत्र कृष्ण एकादशी सोमवार कुन्हु श्रीसर्वेश्वर कुम्भेश्वर उत्पत्ति प्याखं पिद ग जुरो. कोवार त्वारया पंच सकर समूहन श्रीकीर्तिमङ्गला रानी दातिम्ह थकुनि जुजु कोनिम्हया गौरीशंकरजु धुंवारया अनिरुद्धजु कोमतीया श्रीचिकिति लावरजु भोंच्छि कोवाहाया जयकृष्णजु आदिनं दिशच्छित्वारच्छि समूह जुस्यं थ्व प्याखं दयका आखार अनया नाश्वरचोकसं । थ्वया गुरु थंवु अग्निसारा क्वया श्रीवलदेव ब्राह्मणजु थ्वयापुत्र श्रीकविरामजु कनिष्ठपुत्र विद्याराम जु थ्व सोह्मवाकाय. ग्रण्ठया नृत्यगीत मृदंग आदिनमार र रक्वसेन राग मे घात हस्तक भास्य श्लोकयां गुरुपास प्यासं दयकु, कोवारया कोमतीया वहारयो कोनिह्मया पंचसमूहन, थ्ववेरस श्री ३ राजेश्वरीदेवी रानीजु सहन थ्वस पुत्रच्छत्रधारी श्री ३ वीरमहीन्द्रमल्ल राजा जुया विजय राज्येस कोवारया त्वार परमान कोनिह्मया गौरीशंकरजु प्रख्यांति नाम मिरुजु थ्वसेनं पंच सन समूहन दयकु । थ्ववेरस जुजुया जन्मवर्ष ५ ॥ दरेन जुरो ।

: ५ :

श्रीनृत्यनाथाय नमः । थन नान्दि श्लोक

अमृत कर कलानं स्वर्णदीया तरंगं
शिरस अतिन शोभा ग्वहाया भूतसंगं ।
गओरि अरघ देहं याक तीसा भुजङ्गं
ओगया चरण सेवा यायजि भक्तिरंगं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थन देश षर्णना

नगरलक्षण दुन कान्तिपुर भिङ पुरन्दरपुर गण जुइ ओथथिङ ।
तलेजु विज्याक थन कुमारी सहीत पशुपति गुह्येश्वरी जगतयाहीत ।
धरमस रस जुओ जन गुण थूल महानदि निषदुन पुरुय भूयामूल ।
अधिपति जयपरकाश सुधीर कविया वचन भिङ षरमसुधीर ।

थन राजवर्णना

रविकुल कमलया याक विकाश राजवर सुन्दर जयप्रकाश विष्णुसमान । ध्रु ।
कुलदेवी भजनस मन थिर याक नीति निपुन जुओ गुनिह्मओ जाक ।
पृथिविश जुओ ओस इन्द्रसमान अरजुनस तुलया तुरयाक दान ।
पुरजन लहिकन यात गुलिमान कविन सियाओ ह्वाल थुलसत ज्ञान ।

(अन्त्यमा)

खवसुद्विरदजल (८८०) संवत नेपाल. राधासित हरतिथि बृहस्पतिवाल ॥
ब्रह्मयोग धनिष्ठा नृत्य दयकाओ. रत्नेश्वर उदभव नवरस जाओ ।
दयालच्छिमिपति जयप्रकाश. नृपतिन तलेजुया प्रीति उलाश ।
पितकाल्ना सोलया प्रसाद दयाओ. लोक मोह जुय माल थुगुलि सोयाओ ।

इति श्रीनेपालेश्वर महाराजाधिराज श्रीश्रीजयजयप्रकाशमल्लदेवविरचिते श्रीश्रीश्रीरत्नेश्वर प्रादुर्भाव नाम नाटके षष्ठोऽङ्कः समाप्तः ।

अप्रकाशित ऐतिहासिक सामग्री केही पाइने भएकाले यो लम्वे उद्धरण दिनुपरेको हो ।

यी हस्तलिखित अप्रकाशित पाँच नाटकमध्ये पहिला चार नाटक नानी ऐश्वर्यधर शर्माले ल्याएका हुन्। पहिलो र तेस्रो नाटक मेरो घरमा रहेका हुन्, दोस्रो र चौथो नाटक पं० हिरण्यराजानन्द शर्माका हुन् भन्ने ऐश्वर्यधर शर्माको भनाइ छ। पाँचौं चाहिं वैद्य दिव्यवज्र वज्राचार्यको हो। तेस्रो र चौथोबाहेक अरू तीनै नाटक सम्पूर्ण छन्। तेस्रोको १९ पत्रमात्र देख्न पाइएका छन्। चौथोका चाहिं ३ पत्रमात्र पाइएका छन्। पहिलो, तेस्रो, चौथो, पाटनमा ; दोस्रो चापागाउँमा ; पाँचौं काठमाडौंमा वनेका हुन्। पाटनका राजा श्रीनिवास मल्लको समय वि० सं० १७२२ मा कीर्तिसिंहले पहिलो नाटक बनाएका हुन्। पाटनका राजा इन्द्रमल्लको समय वि० सं० १७६५ मा वलदेवले दोस्रो नाटक बनाएका हुन्। पाटनका राजा महीन्द्रमल्लको समयमा तेस्रो र चौथो नाटक वनेका हुन्। चौथो नाटक वि० सं० १७६८ मा वलदेवले नै वनाएका हुन्। पाँचौं नाटक काठमाडौंका राजा जय-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशमल्लले वि० सं० १८१७ मा बनाएका हुन् भनी सोही नाटकमा लेखिएको छ। पत्रैपिच्छे भनेजस्तो राजा जयप्रकाश र रानी दयालक्ष्मीको स्तुति परेको हुनाले राजा रानीलाई खुशी पार्न कुनै कविले राजाको नामबाट यो नाटक बनाएको जस्तो देखिन्छ। पहिलो र तेस्रो नाटकको भाषा संस्कृत छ। बीचमा एक-दुइ प्राकृत वाक्य छन्। हिन्दी, मैथिलीको खिचड़ी भाषाको बीच-बीचमा निकै प्रयोग भएको छ। नेवारी भाषा पनि बीच-बीचमा प्रयोग भएको छ। पात्रको हिसाबले भाषा प्रयोग भएको छैन। दोस्रो, चौथो, पाँचौं नाटक गीतमय छन्। दोस्रो र चौथोमा हिन्दीजस्तो एक प्रकारको भाषामा गीत छन्। पाँचौं चाहिं नेवारीमा छ। तीनैमा बीच-बीचका वाक्य नेवारीमा छन्।

यी पाँचै नाटकले एकैस्वरले नान्दीमा नृत्यनाथको स्तुति गरेका छन्।

प्राचीनकालमा नाटकहरूमा नान्दी गर्ने चलन थियो। भास, कालिदास, भवभूति आदि कविहरूले आफ्नो नाटकको उठान नान्दीबाटै गरेका छन्। उनीहरूको नान्दी एकै प्रकारका छैनन्। आफ्ना इष्टदेवताको अथवा आफ्ना कथासँग मिल्ने कुराको झलक उनीहरूले नान्दीमा देखाएका हुन्छन्।

हाम्रा कवि शक्तिवल्लभको नान्दी यस्तो छ —

स्फूर्ज्जच्चन्द्रकला नटी सुरधुनीधारा सखी निर्म्मला
दीपश्चाहिशिरोमणिर्ज्जवनिका शार्दूलचर्म्माम्बरम्।
नन्दी यत्र विदूषको गणपतिः श्रीसूत्रधारः स्वयं
नित्यं ताण्डवमण्डले विजयते श्रीनृत्यनाथः शिवः ॥१।१॥

जहाँ चम्किरहेको चन्द्रमाको कला नै नटी हुन्छे, गङ्गाजीको सफा पानीको धारा नै संगिनी हुन्छे, सर्पका टाउकाको मणि नै बत्ती हुन्छ, बाघको छाला नै पर्दा हुन्छ, नन्दी (महादेवको वाहन साँढे) नै विदूषक (ठटेउलो) हुन्छन्, आफै गणेश सूत्रधार (नाचका नाइके) हुन्छन्, यस्तो ताण्डवमण्डलमा सधैं नृत्यनाथ शिवजी रहन्छन्।

संस्कृतसन्देश १,४ मा योगी शंकरनाथद्वारा काठमाड़ौं कवीन्द्रपुरमा रहेको प्रतापमल्लको शिलालेख प्रकाशित भएको छ। त्यसमा नृत्यनाथको स्तुति परेको छ। नृत्यनाथको शिरमा चन्द्रमा गङ्गाजी छन्। नृत्यनाथले सर्पको गहना लाएका छन्, हात्तीको छाला ओढ़ेका छन्। नृत्यनाथ नाच्न लागेका छन्। नन्दी बाजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बजाउन लागेका छन् । गणेशले सूत्रधारको काम गरेका छन् । प्रतापमल्लका नृत्यनाथ र शक्तिवल्लभका नृत्यनाथमा धेरै कुरो मिलेको छ । प्रतापमल्लका नृत्यनाथले हात्तीको छाला लिएका छन् । शक्तिवल्लभका नृत्यनाथले बाघको छाला लिएका छन्, प्रतापमल्लको वर्णन विभिन्न रूपको र विस्तृत छ, शक्तिवल्लभको वर्णन एक रूपको र छोटो छ ।

माथि उद्धृत गरिएको *त्रिपुरासुरवध नाटक*-मा सूत्रधारको जम्मै काम गणेशले लिएका छन् । नटीको काम चाहिं उनका गृहिणी सिद्धि बुद्धिले लिएका छन् । शक्तिवल्लभले ताण्डवनृत्यमा मात्र गणेशलाई सूत्रधार बनाएका छन् ।

महादेवको ताण्डवनृत्य प्रसिद्ध छ । माहेश्वर सम्प्रदायका अनुयायीहरूले सो ताण्डवनृत्यको खूप प्रचार गरे । पशुपतिको प्राधान्य भएको नेपालखाल्डोमा ताण्डवनृत्यको प्रचार हुनु स्वाभाविक थियो । नृत्यकलाका विशेषज्ञ महादेवले नृत्यनाथ भन्ने उपाधि पाए । उनको मन्दिरको प्रतिष्ठा भयो । विक्रमको अठाह्रौं शताब्दीका कान्तिपुरका राजा प्रतापमल्लले पनि कवीन्द्रपुरमा नृत्यनाथको स्थापना गरेथे । हनूमान् ढोकाको मुख्य चोकको नाम पनि नृत्यनाथकै वासस्थान भएकोले नासलचोक भएको देखिन्छ । माथि उद्धृत गरेको चौथा नाटक नाश्वरचोक (पाटनको नासलचोक) मा देखाइएको हो भनी सोही नाटकको अन्त्यमा लेखिएको छ । नेपालखाल्डाका नाटक भनी कहलाएका लेखका रचयिताहरूले नृत्यनाथको स्तुति गर्नु आफ्नो लेखको निर्विघ्नतापूर्वक परिसमाप्तिका लागि अपरिहार्य सम्झेका थिए ।

माथि उद्धृत गरिएका पाँचै नाटकहरूमा देशवर्णन र राजवर्णन परेका छन् । शक्तिवल्लभले पनि त्यसैको अनुकरण गरी देशवर्णन र राजवर्णन दिएका छन् ।[१]

तेस्रो नाटकमा पात्रहरूले श्लोक भन्दै आफ्नो परिचय दिँदै गरेका छन् । शक्तिवल्लभले चाहिं लड़ाइँको मैदानमा जान लागेका योद्धाहरूको परिचय सूत्रधारको मुखबाट श्लोकमा निकालेका छन् ।[२]

---

१. प्रथम कल्लोल श्लोक ५ तथा षष्ठ कल्लोल श्लोक ३०-३३

२. चतुर्थ कल्लोल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शक्तिवल्लभले भाषामा नियम गरेका छन्। *त्रिपुरासुरवध नाटक*-मा चाहिं उही पात्रले पनि छिनछिनमा भाषा फेरेको छ। शक्तिवल्लभको संस्कृत भाषा शुद्ध छ, *त्रिपुरासुरवध नाटक*-को संस्कृत भाषा चाहिं भ्रष्ट छ।

इत्यादि सबै कुरा विचार गर्दा शक्तिवल्लभको ग्रन्थमा नेपाल खाल्डाका पछिल्ला मल्लकालका नाटक रचना गर्ने परम्पराको प्रशस्त छाया परेको रहेछ भन्ने कुरा स्पष्ट बुझिन्छ।

शक्तिवल्लभले भाषाको खिचड़ी नपकाई शुद्ध संस्कृतभाषामा आफ्नो ग्रन्थ लेखेका छन्। मल्लकालका संस्कृत लेखमा व्याकरणविरुद्ध पद पाइन्छन्, मल्लकालका लेखमा छन्दोभङ्ग पनि पाइन्छ। प्रतापमल्ल पनि दुइ पाउ शार्दूलविक्रीडित दुइ पाउ स्रग्धरामा श्लोक बनाउन संकोच मान्दैनथे।[1]

शक्तिवल्लभ भने व्याकरण[2] र छन्दको मर्यादा तोड्दैनन् मल्लकालका परम्परामा नाटक लेख्ने शक्तिवल्लभले शुद्ध पद प्रयोग गरी त्यस परम्पराको सुधार गरेका छन् भन्नमा अत्युक्ति हुँदैन।

पृथ्वीनारायणले नेपालमा वीररसको स्रोत बगाएका हुनाले उनका पुरोहित शक्तिवल्लभ पनि सो प्रवाहमा बग्नु स्वाभाविक थियो। यसैले शक्तिवल्लभको नाटक वीररसको बनेको छ। परन्तु दण्डनीति (राजशास्त्र) को परम्परामा पस्न

---

१. नेपालाब्दे युगाब्धौ मुनिगणसहिते माघमासेऽथ शुक्ले
पञ्चम्यां शुक्रवारे तदनु च शिवे योगराजे शिवाख्ये।
भाद्रे चोत्तरपूर्वके रविकुलालंकारचूडामणिः
मानेष लिलेख पद्यमतुलं धीरः प्रतापो नृपः॥

(वि० सं० १७१० को हनूमान् ढोकामा रहेको लिपिसंग्रहको श्लोक। यसको छापा राइटले छपाएका छन्। 'यौंकहे' पत्रिकामा पनि यसको छापा छापिएको छ। तर दुवैले शुद्धपाठतिर आँखा लाएका छैनन्।)

२. प्रमादवश शक्तिवल्लभले पनि दुइ-चार ठाउँमा त व्याकरणविरुद्ध पदप्रयोग गरेका छन्। मूलका टिप्पणी हेर्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नपाएका तथा राजकाजको उच्च अनुभव पनि नपाएका शक्तिवल्लभको वीर रस मूढ़ेबलको वीर रस बनेको छ। पृथ्वीनारायणहरू शास्त्रद्वारा संस्कृत नभए तापनि नैसर्गिक प्रतिभा र अनुभवले उच्चकोटिका नीतिज्ञ भएका थिए। पृथ्वीनारायणको भाषण, पृथ्वीनारायण र उनका भारादारहरूले लेखेका चिठीपत्र तथा शक्तिवल्लभ-को नाटकलाई गड़ेर दाँज्दै हेरेको खण्डमा सबैले यो कुरा स्पष्ट बुझ्न शक्तछन्।

पृथ्वीनारायण र उनका भारादार सामान्य पढ़े-गुनेका र ग्रन्थ रचना गर्ने विद्वान्-हरूले चाहिं वस्तुस्थितिलाई भन्दा भावुकतालाई अँगालेका ग्रन्थलाई छोड्न नसक्ता र आफ्नै आँखाले आफ्नो देशको स्थितिलाई हेर्ने चेष्टा पनि नगर्दा उत्तम कोटिका ग्रन्थ ह्याम्रा देशमा बन्न सकेनन्।[1]

: काव्यशक्ति :

कवि शक्तिवल्लभका लोकयात्राविषयका कविताहरू राम्रा छन् तिनमध्ये केही यहाँ दिइन्छन्—

धंजुल—

याचन्ते श्वशुरं जनाः प्रथमतो देहीति मे कन्यकां
दत्ता सा यदि तेन वाञ्छितदिनं संप्राप्यते वा न वा।
लब्धं चेद्दिनमस्ति नास्ति च धनं चिन्तेति सञ्जायते
काठिन्येन विवाहिताऽपि च वरं हित्वा वधूर्गच्छति॥
चित्रीभूताऽप्यलिकतिलकैः किंकरीभिः समन्तात्
सा सेव्या चेदशनशयनैस्तुन्दिला पुष्टगात्रा।
नम्रीभूताऽऽभरणनिवहैश्चीनवस्त्रैर्वृतैवं
लक्ष्मीभूता प्रवदति पतिं किं त्वया दत्तमस्ति॥ ७। ६-७

---

१. आजसम्म हेर्न पाइएका पुस्तकको अनुभवबाट यस्तो भन्नुपरेको छ। अप्रकाशित कुनै सामग्रीबाट ह्याम्रो देशका विद्वान्मा रहेको दण्डनीतिको उच्च ज्ञान देखिन आएमा हामीलाई अत्यन्त हर्ष हुनेछ।

अनङ्गमञ्जरी—

नित्यं हि प्रतिकुप्यति प्रतिदिनं गाढं गृहीत्वा कचं
हस्तेनाऽपरपाणिना कुमतिमान् संताडयत्येव च।
एवं तेन कपोलयोः कुवलधूर्भर्त्राऽपि संताडिता लव
गच्छत्येव हुताशने शिव शिव प्रेम्णा मृते स्वामिनि ॥ ७।८

वंजुल—मानिसहरू पहिले श्वशुराकहाँ गई 'मलाई कन्या दिनुहोस्' भनी माग्दछन्। केही गरी कन्या दिइहाल्यो भने पनि साइत पाइन्छ पाइँदैन। दिन पाइहाले तापनि पैसा छ छैन भन्ने चिन्ता पैदा हुन्छ। यसरी बल्लतल्ल विवाह गरेर ल्याएकी स्वास्नी पनि लोग्नेलाई छोड़ी जान्छे।

निधारमा टीका लाएर झलमल्ल भएकी छ। चारैतिर सुसारेहरूले सेवा गरिएकी छ। सुती-सुती खाएर मोटाई भुँडी हालेकी छ। गहनाका थुप्रोले नुहेकी छ। चीनीया कपड़ा पहिरेकी छ। यसरी साक्षात् लक्ष्मीजस्ती भएकी छ तापनि लोग्नेलाई 'तपाईंले के दिनुभएको छ र ?' भन्छे।

अनङ्गमञ्जरी—सधैं रिसाइरहन्छ। एक हातले बेसरी कपाल भुत्ल्याई अर्को हातले दिनहुँ कुट्छ। यसरी दुष्ट लोग्नेले गाला चट्काइएकी पनि कुलस्त्री लोग्ने मऱ्यो भने प्रेमले आगोमा हाम्फाल्छे। हरे शिव शिव ॥

पक्षिराजको मुखबाट कविले यो सूक्ति निकालेका छन्—

मार्जारस्य भयं सरीसृपभयं श्येनादिकानां भयं
मर्त्यानाञ्च भयं तथा मृगवधाजीवस्य शस्त्राद्भयम्
दूरे तिष्ठतु नाम सूर्यतनया—भ्रातुर्भयं शाखिनां
निर्यासस्य भयं शुनोऽपि च भयं धिग्जीवनं पक्षिणाम् ॥ ८।२९

बिरालाको डर, सर्पको डर, बाज आदिको डर, मान्छेको डर, व्याधाको हतियारको डर हुन्छ, यमराजको डर त परै रहोस्, रूखको खोटो (लिसो) को र कुक्कुरको पनि डर हुन्छ, धिक्कार छ पक्षीको जीवनलाई।

आफ्नो आँखाले देखेको कुरालाई राम्रोसँग वर्णन गर्न कवि समर्थ भएका छन्। श्लोकमा ठीकसँग सो वर्णन गर्न सक्नु कविमा रहेको काव्यशक्तिको फल हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उत्कृष्टोत्कृष्टवाहैर्द्रुततरगतिभिः सत्खुरैश्चाभियुक्ता
कण्ठे संलग्नघण्टाघनरवमुदितैश्चारुहेषोद्गिरद्भिः।
केतूनां नीलपीतारुणसितहरितां मर्मरैः स्यन्दनानां
यात्रायां वैजयन्ती जयति रणबहादूरभट्टारकस्य ॥५।५॥

अत्यन्तै छिटो-छिटो हिंड्ने भएका असल टाफ भएका घाँटीमा बाँधेको घण्टाको गहिरो आवाजले रमाएका राम्रोसँग हिहिलिने भएका असल-असल घोड़ाहरूले र रथमा टाँगिएका नीला पहेँला राता सेता हरिया झण्डाहरूको भर् भर् भर् आवाजले पनि रणयात्रामा महाराजाधिराज रणबहादुरको झण्डा सुहाइरहेछ।

: चित्रकाव्य :

चित्रकाव्य रचना गर्ने चलन चलेको छ। शक्तिवल्लभभन्दा अघिका पछिका र शक्तिवल्लभका कालका कविहरू पनि यस परम्परामा बहेका छन्। शक्तिवल्लभले पनि सो परम्परामा कविता गरेका छन्—

सर्दारस्तु पराङ्मुखं द्रवति यो युद्धे परेषां भया-
न्माता तस्य तु पुत्रिणी यदि भई वन्ध्या भवेत् कीदृशी।
मानैः कंकणकुण्डलैर्वचनसैं वस्त्रैर्गजैर्यो नृपो
नित्यं कापुरुषाधमं भरति तं भूपं व्यकूपं विदुः ॥८।२॥

लड़ाइँमा शत्रुको डरले जुन सरदार पीठ फर्काई भाग्छ, त्यसकी आमा पनि पुत्रिणी (छोरो भएकी) भई भने बाँझी कस्ती हुन्छे ? जुन राजा अधम कापुरुषलाई बाला कुण्डल वस्त्र हात्ती दिई राम्रो बोली वचनले इज्जतसाथ पाल्दछन्, त्यस्ता राजालाई बेकूप भन्दछन्।

यहाँ '*सर्दार, भई, व्यकूप*' यी तीन पद नेपाली भाषामा चलेका र सैं यो विभक्ति हिन्दी भाषामा चलेको हो। यी चारवटै संस्कृत होइनन्।

: काव्यदोष :

शक्तिवल्लभ कविले काव्यको दृष्टिबाट अक्षम्य दोष पनि पारेका छन्। जस्तै—
धेरै पछि हुने सभाको विन्यास तथा सभामा राजा (रणबहादुर) को प्रवेशको ख्यालै नराखी नाटकको उठानमै सूत्रधारले राजाको (रणबहादुरको) सभामा पसी उनलाई ढोगेको वर्णन गरिएको छ। सो उपहासास्पद छ।

राजा, मन्त्री, सेनाहरू लड़ाइँतिर जान लागेको कुराको बयान गर्दा-गर्दै एकासि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विदूषक सभामा पसी राजालाई ढोगेको वर्णन गर्नु कुनै दृष्टिबाट पनि मिल्दो कुरो होइन।[१]

बीच-बीचमा परेको *निष्क्रान्ता प्रस्तावना* यो वाक्य न नाटकको प्रस्तावनामा छ, न कसैको प्रवेश निर्गमको घटनासँग नै मिल्दछ। कविको थेगोजस्तो बनेको यस वाक्यले त नाटकको मूल्य मात्रै घटाएको छ।

पहाड़मा रथ दौड़ाउनु आदि असम्भव कुरा पनि कविले गरेका छन्।

नाटकमा पात्रहरूको प्रवेश निर्गमको पनि राम्रो ख्याल राखिएको छैन।

विदूषकका मुखबाट निस्केका सुनिनशक्ना लाजभाँड़का कुराले नाटकलाई अश्लील बनाउन खोजेको छ।[२] गद्यमा भनेकै कुरोलाई पद्यमा पनि भनेर कविले पुनरुक्ति दोष प्रशस्त पारेका छन्।

: : इतिहास : :

यदि शक्तिवल्लभले आफ्नो नाटकमा ऐतिहासिक विषयको समावेश नगरेका भए नाटकको दृष्टिबाट तल्लो श्रेणीमा आउने *जयरत्नाकर नाटक*-को विशेष केही महत्त्व रहँदैनथ्यो। परन्तु राज-काजका एक अङ्गजस्ता भएका राजपुरोहित शक्तिवल्लभले आफ्ना आँखाले देखेका वा सुनेका अथवा देखे-सुनेका भरमा कल्पना गरेका कुराले पनि हामीलाई विक्रमको उन्नाइसौं शताब्दीको नेपालको इतिहास जान्न अत्यन्त काम दिन्छन्। शक्तिवल्लभको वास्ता हामीले राखेनौं भने उन्नाइसौं शताब्दीको नेपालको इतिहासका धेरै कड़ीहरू खुस्कन्छन्। यसकारण *जयरत्नाकर*-को ऐतिहासिक भागको अत्यन्त सावधानीका साथ परीक्षा गर्नुपरेको छ। मूल वाक्यका साथ ऐतिहासिक सार दिएको खण्डमा विद्वान्हरूलाई सुविधा पर्ला र सन्देह होओइन भनी सो यहाँ गरिन्छ। मूलमा लम्बे-लम्बे वाक्यको प्रयोग भएको हुनाले इतिहास सुबोध होस् भन्नाका लागि वाक्यलाई छोट्याउने र क्रम मिलाउने उद्योग बुद्धिले भ्याएसम्म गरिएको छ।

---

१. चतुर्थ कल्लोल।

२. द्वितीय र सप्तम कल्लोल।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

: ऐतिहासिकसारः :

हिमालको नजीकै गोरखा नाउँ भएको शहरमा द्रव्य शाह राजा भए। तिनका छोरा पूर्ण शाह भए। तिनका छोरा राम शाह भए। तिनका छोरा डम्बर शाह भए। तिनका छोरा कृष्ण शाह भए। तिनका छोरा पृथ्वीपति शाह भए। तिनका छोरा वीरभद्र शाह भए। तिनका छोरा नरभूपाल शाह भए। नरभूपाल शाहका कौशल्या रानीबाट पृथ्वीनारायण शाह जन्मे।

राजा पृथ्वीनारायण शाहले रानी नरेन्द्रलक्ष्मीलाई साथ लिई दरौंदीको किनारामा शिवलिङ्गको स्थापना गरे।

त्यसपछि पृथ्वीनारायण काशी गई आए। पृथ्वीनारायणका दुइ छोरा भए। तिनमा जेठा प्रतापसिंह, कान्छा बहादुर शाह थिए।

पृथ्वीनारायणले नेपाल खाल्डाका राजाहरूलाई जिते।

पृथ्वीनारायण स्वर्गे भएपछि महारानी नरेन्द्रलक्ष्मी दुइ रानी साहेब एघारवटी केटी पनि सती गए[1]।

प्रतापसिंह राजा भए। प्रतापसिंह पनि बालक छोरा रणबहादुरलाई छाड़ी चाँड़ै स्वर्ग गए। प्रतापसिंहका भाइ बहादुर शाहले बालक राजा रणबहादुर शाहलाई काखमा राखी राज्य चलाए।

बलभद्र शाहले सिह्वाञ्चोकमा चौबीसी राजाहरुलाई हराए।

हिमाद्रिनिकटे गोर्खाख्ये नगरे सोमवंशे द्रव्येशो भूपोऽभवत्। तस्य सुतः पूर्णोऽभवत्। तस्य सुतो रामोऽभवत्। रामस्य सुतो डम्बरोऽभवत्। तस्य सुतः कृष्णोऽभवत्। तस्य सुतः पृथ्वीपतिरभूत् तत्पुत्रो वीरभद्रोऽभवत्। तस्य सुतो नरभूपालोऽभवत्। नरभूपालस्य कौशल्यायां सुतः पृथ्वीनारायणोऽभवत्।

राजा पृथ्वीनारायणो राज्ञ्या नरेन्द्रलक्ष्म्या सह धर्मद्रवानदीतीरे शिवलिङ्गं स्थापयामास।

पृथ्वीनारायणः सचिवेषु राज्यभारं निक्षिप्य काशीं जगाम। तत्र गङ्गामणिकर्णिकास्नानं विश्वनाथकालभैरवदण्डपाणिढुण्डिराजादिदेवानां पूजनं च विधाय स स्वदेशं प्रत्यागच्छत्।

---

१. माथि उद्धृत गरिएको चिठीबाट पृथ्वीनारायणसंग ६ जना सती गएको बुझिन्छ। वंशावलीमा ४ जना सती गए भनी लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सामन्त राजाहरू हात जोड़ी बहादुर शाहको अगाड़ि खड़ा रहन्थे।

बहादुर शाहले राज्यप्रबन्ध गर्दा भोटको राजधानी ह्लासामा रहेका मुख्य शासक (दलाइ लामा) बाट रणबहादुरले वर्षेनि पचाश हजार तोला चाँदी कर लिए।

बहादुर शाहले आफ्ना पुर्खाहरूले लाएको धनको ऋणलाई आफ्नो बाहुबलले कमाएको धनले तिरिदिए (रजबन्धकी निखने)।

चीनको आश्रयमा रहेको भोटराज्यको दिगर्चा मठमा रहेका चीन बादशाहले मानिएका टशी लामाको राजधानी दिगर्चामा बहादुर शाहको आज्ञाले दामोदर पाँड़ेले विजय प्राप्त गरी लुटे।

७—यद्वा । पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशोंऽशुमाली । तदुक्तं स्कान्दे । अंशुमालिनं प्रति शिववाक्यम् । त्वयैतत्स्थापितं लिङ्गं गभस्तीश्वरसंज्ञकम् ॥ इति

८—यद्वा । पञ्चाननः शिवः स ईशः स्वामी यस्य सः पंचाननेशः शीतकिरणः । धूर्जटेः शिरोऽलङ्करणत्वात् । स्कान्देऽपि । अविमुक्तं समासाद्य क्षेत्रं परमपावनम् । संस्थाप्य लिंगममृतं चन्द्रेशाख्यं स्वनामतः ॥ बीजौषधीनां तोयानां राजाऽभूद्द्विजन्म-नाम् । प्रसादाद्देवदेवस्य विश्वेशस्य पिनाकिनः ॥ इति

९—यद्वा । पञ्चानना एकादशरुद्रा ईशानदिक्पतयस्तेषामीशः स्वामी पुरन्दरः । तत्प्रमाणयति स्कान्दे

सप्तापि लोकपाला ये त एवं समुपासते । नारदाद्यैर्मुनिवरैरयमाशीर्भिरीड्यते ॥

१०—यद्वा । पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशो वीतिहोत्रः । स्कान्दे कथा । गृहपतिनामा ब्राह्मणः काशीं गत्वा वीरेश्वरं शिवलिङ्गं संस्थाप्योग्रतपसा तमाराधयामास । इन्द्रासनलब्धये एतस्योग्रतप इति भीत्या तस्यान्तरायसंपा-दनाय पुरन्दरस्तत्सन्निधिं गत्वा वरं वृणीत्वेत्युवाच । ततस्तपोवलात्सकुहकं पुरन्दरं ज्ञात्वा गृहपतिस्तमुवाच

गच्छाहल्यापतेऽसाधो गोत्रारे पाकशासन ।
न प्रार्थये पशुपतेरन्यं देवान्तरं स्फुटम् ॥

११—यद्वा । पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशो जगद्भक्षको यमः । स्कान्दे यस्याज्ञया जगत्स्रष्टा विरिञ्चिः पालको हरिः । संहर्ता कालरुद्राख्यो नमस्तस्मै पिनाकिने ॥

१२—यद्वा । पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशो निरृतिः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्कान्दे कथा। विश्वेशपालितां वाराणसीं गच्छतां कार्पटिकानां ताराख्येन लुण्ठ्यमानानामार्तरावं श्रुत्वा पिंगाक्षः करुणामयबुद्धया तत्रागत्य ताराख्येन सह युद्धयमानः पञ्चत्वं गतः। कार्पटिकार्थप्राणत्यागपुण्येन पिंगाक्षो दिगीशत्वं प्राप्तवान्। तदुक्तं स्कान्दे।

या मतिस्त्वन्तकाले स्याद् गतिस्तदनुरूपतः।
दिगीशत्वमतः प्राप्तो नैर्ऋत्यां नैर्ऋतेश्वरः॥

१३-यद्वा। पञ्चाननो विश्वेशः स ईशो यस्य सः पञ्चाननेशो वरुणः। स्कान्दे कथा। कर्दमप्रजापतिपुत्रः शुचिष्मान्नाम ब्राह्मणः समस्तजन्तुमोक्षप्रदां वाराणसीं गत्वा वरुणेश्वरशिवलिंगं संस्थाप्य तमाराधयामास। तेन तपसा संतुष्ट शिवस्तत्सन्निधिमागत्य वरं वृणीष्वेत्युवाच। ततः शुचिष्मानाह

यदि नाथ प्रसन्नोऽसि भक्तानामनुकम्पक।
सर्वासामाधिपत्यं मे देह्यपां यादसामपि॥
इति श्रुत्वा महेशानः सर्वचिन्तितदः प्रभुः।
अभ्यषिंचत तं तत्र वारुणे परमे पदे॥ इति

१४-यद्वा। पञ्चाननः शिवः स ईशः स्वामी यस्य सः पञ्चाननेशो वायुः। स्कान्दे। विमानगं शिवशर्माणं प्रति पुण्यशीलसुशीलयोर्वाक्यम्

इमां गन्धवतीं पुण्यां पुरीं वायोर्विलोकय।
वारुण्या उत्तरे भागे महाभाग्यनिधे द्विज॥
अस्यां प्रभञ्जनो नाम जगत्प्राणो दिगीश्वरः।
आराध्य श्रीमहादेवं दिक्पालत्वमवाप्तवान्॥ इति

अन्यच्च। पञ्चाननं उग्रः वायुमूर्तिः शिवः सः चासावीशश्च पञ्चाननेशः। अत एवोग्राय वायुमूर्त्तये नम इति पार्थिवपूजने प्रयोगः। मेरुतंत्रोक्तत्वात्।

१५-यद्वा। पञ्चाननः शिवः स ईशः स्वामी यस्य सः पञ्चाननेशो धनदः। तदुक्तं स्कान्दे। धनदं प्रति शिववाक्यम्। यक्षाणां किन्नराणां च राजा राज्ञां च सुव्रत। पतिः पुण्यजनानां च सर्वेषां धनदो भव॥

१६-यद्वा। पञ्चानना एकादशरुद्राः। ते च ईशाश्च पञ्चाननेशाः। अजैकपादादयस्तेषामातपः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७–यद्वा । पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशोऽग्निभूः ।

१८-यद्वा । पञ्चाननः शिवः स ईशो येषां ते पञ्चाननेशा नागाः । तेषामप्यातपः । ते शिवाङ्गभूषणभूताः । ऽयत्त्वोरगाभरणबालमृगाङ्कमौले इति स्कान्दाच्च ।

१९–यद्वा । पञ्चाननः शिवः स ईशो यस्य स पञ्चाननेशो भौमग्रहः । स्कान्दे

भालस्थलात्पपातैकः स्वेदविन्दुर्महीतले ।
ततः कुमारः संजज्ञे लोहिताङ्गो महीतलात् । इति ।

२०–यद्वा । पञ्चाननः सिंहस्तस्य ईशः स्वामी पञ्चाननेशो बुधग्रहः । तदुक्तं मेरुतंत्रे ।

पीतपुष्पैः पूज्यध्यानं खङ्गचर्मंगदावरान् ।

हस्तैर्दधन्तं सिंहस्थम् । इति । सिंहस्थो वरदो बुध इति पुराणान्तराच्च ।

२१–यद्वा । पञ्चाननः शिवः स ईशो यस्य स पञ्चाननेशो गुरुः स्कान्दे । ततापं तापसीं वृत्तिं काश्यां स महतीं दधत् । महल्लिंगं प्रतिष्ठाप्य शांभवं भूरिभावनः ॥ ततः प्रसन्नो भगवान्महसां राशिरब्रवीत् ।

२२—यद्वा पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चा ननेशः शुक्रः । स्कान्दे । शुक्रं प्रति शिववाक्यम् ।

अनेनैव शरीरेण ममोदरदरीगतः । मेहनेन्द्रियमार्गेण पुत्रजन्मत्वमीयिवान् ॥

२३—यद्वा पञ्चाननः शिवः स ईशो मान्यो यस्य सः पञ्चाननेशः शनिः । स्कान्दे ।

एवं शनैश्चरोजज्ञे सवर्णायां विवस्वतः । सोऽथवाराणसीं गत्वा सर्वत्रिदशवंदिताम् ॥ तप्त्वा तपोतिविपुलं लिंगं संस्थाप्य शांभवम् इमं लोकमवापोच्चैर्ग्रहत्वं चेश्वरार्चनात्इति॥

२४—यद्वा पञ्चाननः शिवः स ईशो यस्य सः पञ्चाननेशो नन्दीपत्रम् ।

२५—यद्वा पञ्चाननः शिव-स ईशो येषां बलिवामदेवदधीच्यादीनां ते पञ्चाननेशास्तेषामातपस्तपोबलात्संचित तेजः ।

२६—यद्वा । पञ्चाननः शिवः स ईशो येषां भैरवादिगणानां ते पञ्चाननेशाः भैरवादिगणास्तेषामातपः ।

२७—यद्वा । पञ्चाननः शिवः स ईशो यस्याः सा पञ्चाननेशा गङ्गा । तस्या आतपस्तेजः । ननु गङ्गाजले कथं तेज इति चेत् । स्कान्दे हरिं प्रति शिववाक्यम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मम तेजोग्निगर्भेयं मम वीर्याभिसंवृता । दाहिका सर्वदोषाणां सर्वतापविनाशिनीति ॥

२८—यद्वा । पंचाननो भवः जलमूर्तिः । तस्य पञ्चाननस्य ईशः स्वामी एकार्णवो जलराशिः । तस्मिन् पञ्चाननेशो एकार्णवे अत्राकारप्रश्लेषः । यः । अः वासुदेवः । अकारो वासुदेवः स्यादित्युक्तत्वात् । पञ्चाननेशाः इति षष्ठी । गन्धर्ववाचि हाहा-शब्दवत् । आतपः पञ्चाननेशातपः । इत्यनेन मत्स्यावतारः सूचितः । मेरुतन्त्रे शर्वं भवं रुद्रमुग्रं भीमं पशुपतिं तथा । महादेवं महेशानं क्रमात् क्षित्यादिमूर्तिकान् ॥ क्षित्यादीनप्याह । क्षित्यप्तेजोऽनिलाकाश यजमानन्दुभास्कराः ।

क्षित्यादयस्तु शर्वाद्या इति । अत एव पार्थिवेश्वरार्चने भवाय जलमूर्तये नम इति प्रयोगः ।

२९—यद्वा । पञ्चाननो भवः जलमूर्तिस्तस्यजलमूर्तेर्जलसमुद्रस्येशः स्वामी पञ्चाननेशो दुग्धसमुद्रः । तस्मिन्दुग्धसमुद्रे अतति गच्छतीति पञ्चाननेशातो मन्दरगिरिः । पञ्चाननेशातं मन्दरगिरिं मज्जन्तं स्वपृष्ठाधारेण पाति रक्षयति पञ्चाननेशातपः । इत्यनेन मन्दराघातसहनशील श्रीकूर्मरूपी भगवान्सूचितः । अत्र केवलकूर्मरूपिणो भगवत एव ग्रहणं सूचितं नत्वातपग्रहणम् ।

३०—यद्वा । पञ्चाननः सिंहः स ईशो यस्य सः पचाननेशः शूकरो मृगः । अत एवामरकोषे सिंहो मृगेन्द्रः पञ्चास्य इत्युदाहृतः । इत्यनेन विश्वम्भरोद्धरणशूकरावतारो ध्वनितः ।

३१—यद्वा । पञ्चाननस्य सिंहस्य मुखसाम्यात्पञ्चाननो नृसिंहः । स चासौ ईशश्च पञ्चाननेशस्तस्यातपः । इत्यनेन नृसिंहावतारो ध्वनितः ।

३२—यद्वा । पञ्चानन आद्यब्रह्मा । स ईशः स्वामी यस्य सः पञ्चाननेशो बलिदैत्यः । आसमन्तात्तपतीति आतपः । पञ्चाननेशस्य आतपः पञ्चाननेशातपः । इत्यनेन वामनावतारः सूचितः ।

३३—यद्वा । पञ्चानन आदिब्रह्मा । स ईशः स्वामी यस्य सः पञ्चाननेशः । विरिञ्चितनयात्मजः प्रलम्बदैत्यः । आसमन्तात्तपतीति आतपः पञ्चाननेशस्य आतपः पञ्चाननेशातपः । इत्यनेन बलरामावतार उदाहृतः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३४—यद्वा। पञ्चाननः शिवः स ईशः स्वामी धनुर्विद्यागुरुर्यस्य सः पञ्चाननेशः इत्यनेन परशुरामावतारः सूचितः।

३५—यद्वा। पञ्चाननो ब्रह्मा स ईशः स्वामी यस्य सः पञ्चाननेशो रावणः। ब्रह्मणः कुलसंभवाद्रावणस्य ब्रह्मणि स्वामित्वम्। आसमंतात्तपतीति आतपः। पञ्चाननेशस्यातपः पञ्चाननेशातपो दाशरथिः।

३६—यद्वा। पञ्चाननो ब्रह्मा स ईशः स्वामी येषां ते पञ्चाननेशाः वेदाः। ननु वेदानां ब्रह्मणि कथं स्वामित्वमिति चेत्तदित्थम् स्कान्दे। विंध्यगिरिवर्द्धने दिवाकरगतिस्तम्भितसंजातान्धकारे जगति विवुधकृतविरिञ्चिनुतौ।

तव निःश्वसितं वेदास्तव स्वेदोखिलं जगत्।
विश्वाभूतानि ते पादः शीर्ष्णो द्यौः समवर्तते॥

इत्यभिधानाद्वेदानां जनकत्वेन ब्रह्मणि स्वामित्वं वर्तत एव। आ समन्तात्तपयतीत्यातपः। पञ्चाननेशानां वेदानामातपः पञ्चाननेशातपः। अर्थाद्वेदनिन्दको वौद्धावतारः।

३७—यद्वा। पञ्चाननः शिवः स ईशः स्वामी येषां ते पञ्चाननेशाः सकलजगत्प्राणिनः। आसमन्तात्तपतीत्यातपः पञ्चाननेशानामातपः। पञ्चाननेशातपः इत्यनेन कल्क्यवतारो ध्वनितः।

३८—यद्वा। पञ्चननो ब्रह्मा स ईशः स्वामी यस्याः वा पञ्चाननेशा ब्रह्मणः शक्तिर्ब्रह्माणी। तदुक्तं मार्कण्डेये। आयाता ब्रह्मणः शक्तिर्ब्रह्माणीसाभिधीयते॥ इति

३९—यद्वा। पञ्चाननः शिवः स स्वामी यस्याः सा पञ्चाननेशा महेश्वरशक्तिर्माहेश्वरी। मार्कण्डेये माहेश्वरी वृषारूढा त्रिशूलवरधारिणी। महाऽहिवलया प्राप्ता चन्द्ररेखाविभूषणेति

४०—यद्वा। पञ्चाननः सचैतन्यशवरूपी शिवस्तस्येशा स्वामिनी चामुण्डा। तदुक्तं महाकालसंहितायाम्। शवशिवहृदिस्मेरवदनां महाकालेनोच्चैर्मदनरसलावण्यनिरतामिति।

४१—यद्वा। पञ्चाननः शिवः स ईशो यस्याः सा पञ्चाननेशा कुमारशक्तिः कौमारी। मार्कण्डेये

कौमारी शक्तिहस्ता च मयूरवरवाहना।
योद्धुमभ्याययौ दैत्यानम्बिका गुहरूपिणी॥ इति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४२—यद्वा पञ्चाननः शिवः स ईशो यस्याः सा पञ्चाननेशा विष्णुशक्तिर्वैष्णवी। विष्णोरीशत्वादस्या अपि शिवे ईशत्वं वर्तते एवातः को दोषः। तथा मार्कण्डेये

तथैव वैष्णवी शक्तिर्गरुडोपरि संस्थिता।
शङ्खचक्रगदाशार्ङ्ग खड्गहस्ताभ्युपाययौ ॥ इति

४३—यद्वा। पञ्चाननः सिंहः स ईशो यस्याः सा पञ्चाननेशा वराहस्गरूपेश्वरवाराह-शक्तिर्वाराही। मार्कण्डेये-शक्तिः साप्याययौ तत्र वाराहीं बिभ्रती तनुम् ॥ इति

४४—यद्वा। पञ्चाननो नृसिंहः स ईशो यस्याः सा पञ्चननेशा नृसिंहशक्तिर्नारसिंही। मार्कण्डेये—नारसिंही-नृसिंहस्य बिभ्रती सदृशं वपुः इति।

४५—यद्वा। पञ्चानना एकादशरुद्रास्तेषामीशा स्वामिनी इन्द्रशक्तिरिन्द्राणी। अत एव मार्कण्डेयपुराणे

वज्रहस्ता तथैवेन्द्री गजराजोपरिस्थिता।
प्राप्ता सहस्रनयना यथाशक्रस्तथैव सा इति॥

ग्रन्थभूयस्त्वभयादितः पद्यान्तराणि नो लिखितानि। ततो राजा श्रीरणबहादूरसाहः स्वान्तःपुरं जगाम। राजपुत्रः श्रीबहादूरसाहोऽपि स्वनिकेतनं जगाम। सदसि स्थिता सचिवसेनानीप्रभृतयश्च स्वस्वं भवनमनुजग्मुः।

कवि :—

गिरिजाप्रमथाधिपप्रसादाज्जयरत्नाकरनामनाटकाख्या।
इति बुध्यत पण्डितप्रवीणाःकृतिरेषा कविशक्तिवल्लभस्य ॥७॥

क्वाऽसौ शुभ्रांशुवंशक्षितिपरणबहादूरचण्डप्रतापः
क्वाऽहं मन्दात्मबुद्धिः कविजनगणने नास्ति रेखापि यस्य।
यद्यप्येवं तथापि क्षितिपकुलमणेर्निर्मितं नाटकं द्रा—
गित्येवं साहसं मे सकलबुधजना यूयमेतत् क्षमध्वम् ॥ ८ ॥

श्रीमन्नेपालदेशाधिपतिरणबहादूरवीरार्द्धकोटी-
सेनामध्ये न हानिर्यदि तु नरपतेः पञ्चषाः कुब्जखञ्जाः।
कस्मिंश्चित्पद्यमध्ये मम भषकबुधैर्दूषणं दीयते चे-
द्देयं मे नापि हानिः स्मरहरकृपया पद्यकोटीश्वरस्य ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्ष्मीनारायणोऽभूद् द्विजकुलतिलको राजराजेश्वरश्री-
पृथ्वीनारायणेन्द्राऽरुणकरकमलैः पूज्यपादारविन्दः ।
तस्याऽपत्येन माघे सुविमलमतिनाऽब्धीन्दुसप्तैकशाके
नेपाले लोकसारेऽमरनगरसमे नाटकं संव्यधायि ॥१०॥

नत्वाद्यं गिरिजां गुरुं गणपतिं श्रीनीलकण्ठं ततो ।
गोविन्दं तरणिं तथैव पितरं मातामहं मातरम् ॥
विद्यालङ्कृतशक्तिवल्लभकविश्लाघ्येन सत्प्रीतये ।
नेपालेन्द्रयशो विनिर्मितमिदं भूयान्मुदा नाटकम् ॥११॥

गोविन्दस्य यथा रमा, प्रियतमा गङ्गाधरस्याम्बिका ।
तारा देवगुरोः पुनर्दिनमणेश्छाया विधो रोहिणी ॥
स्वाहाऽग्नेश्च पुलोमजा मघवतः सत्पण्डितानां तथा ।
विद्यापल्लवशक्तिवल्लभकवेर्भूयादियं सत्कृतिः ॥१२॥

इति शक्तिवल्लभभट्टाचार्यविरचिते श्रीरणबहादूरसाहप्रतापवर्णने जयरत्नाकरनामनाटके एकादशः कल्लोलः ।

समाप्तोयं जयरत्नाकरनाटकग्रन्थः

॥ शुभमस्तु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

❀ जय गणेश ❀

जयरत्नाकर नाटक

पहिलो कल्लोल

जहाँ चम्किरहेको चन्द्रमाको कला नै नटी हुन्छे, गङ्गाजीको साफ पानीको धारा नै संगिनी हुन्छे, सर्पको टाउकाको मणि नै बत्ती हुन्छ, बाघको छाला नै पर्दा हुन्छ, नन्दी (महादेवको वाहन साँढ़े) नै विदूषक (ठटेउलो) हुन्छन्, आफैँ गणेश सूत्रधार (नाचको नाइके) हुन्छन्, यस्तो ताण्डवमण्डलमा नृत्यनाथ शिवजी सधैँ रहन्छन् ॥१॥

[नान्दी (मङ्गलाचरण)पछि]

सूत्रधार—भयो अब, कति विस्तार ! (सम्पूर्ण पृथ्वीमण्डलका शहरहरूमा टीकाजस्तो भएको नेपाल शहरका अधिपति महाराजाधिराज भूपकेशरी श्रीरणबहादुरशाहको असल सभाभित्र पसेर 'जय होस् महाराज, जय होस्' भनी राजालाई ढोग्यो र यसो आकाशतिर कान थापेर केही आवाज आएको सुन्यो। अनि नेपथ्य (नाचको पर्दा भित्रपट्टिको भाग)तिर हेरेर—) ए अनङ्गमञ्जरी नटी ! आज महाराजाधिराज भूपकेशरी रणबहादुर शाहको ठूलो लड़ाइँको खलबल सुनिन्छ। त्यस कारण त्यही लड़ाइँको ढाँचाकाचा गरेर नाच गरौं, पोशाकको काम सिद्धिइसकेको भए नाचका पात्रहरूका साथ तिमी झट्ट सभामा पस। भनेको पनि छ कि—मानिसहरू जुन कार्य गरेर सय वर्षसम्म बाँच्तछन् ज्ञान नै आँखा भएका बुद्धि मानहरू त्यही कार्य गर्दछन् ॥ २ ॥

[त्यहाँपछि नटी पस्तछे।]

नटी—स्वामित, कसको हो यो सभा ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूत्रधार—सुन चाँदीका खानीका धनीको हो यो सभा। यदि नाच-गान-बजान-ताल-लयले पनि महाराजलाई खुशी पार्न सक्यौं भने, प्यारी, हामीलाई ठूलो लाभ हुनेछ!

नटी—हरे, कस्तो तपाईं पनि केही ख्यालै नराखी पतिव्रता भएकी मलाई जहाँ पायो त्यहीं डुलाउनुहुन्छ।

सूत्रधार—(हाँसेर) आफ्नै काममा लागिरहेका, सिंगारपटार, मोजमजा गर्न मात्रै सक्ने यी स्वानीमान्छे के जान्दछन्? फेरि यिनीहरू त घरमा के-के छ, के-के छैन इत्यादि कुराको मात्रै विचार गर्छन्, संगीहरूसँग खेलवहाड़ गर्छन्, कुरा जोत्तछन्; दाता को, गरीबको; को धनी, को मूर्ख, को पण्डित, यिनीहरूलाई के पत्तो? ॥३॥

ए मदनमञ्जरी, तिमी लाज नमानन, आफ्नो जातले दिएको काम गर्दा त मान्छे लाज मान्दैनन्। जस्तै—पण्डितहरू पुराण भन्दा, राजाहरू राज्यको बरबन्दोबस्त बाँद्धा, कुलस्त्री खसमको पाउ धुँदा, व्यापारीहरू किन-बेच गर्दा, जोगीहरू भिक्षा माग्दा, अर्काका आँगनमा गएका नट्टुवा, वेश्याहरू नाच-गान-बजान गर्दा, हे घमण्डी, के लाज मान्दछन्? ॥ ४ ॥

मृगका जस्ता आँखा भएकी प्यारी, हेर हेर—आफ्ना दुइ बाहुले ताँदो चढ़ाई खूपसँग खैंचिएको कठोर धनुबाट छुटेका तीखा-तीखा बाणहरूले काटिएका सारा पृथ्वीमंडलकै राजाको जस्तो ढाँचा गर्ने शत्रु राजाका टाउकाले महादेवलाई सन्तुष्ट पारेका; मुनि, देवता, विद्याधर, नाग, गुह्यक, किन्नर, गन्धर्व, सिद्ध, तुम्बुरु, यक्ष, चारण, दैत्य-हरूका; स्त्रीहरूका कमलजस्ता, कोमल केशरको धूलाजस्ता राम्रा अङ्गभन्दा पनि कोमल अङ्ग भएका राजकुमारीहरूको मन रत्याउन कामदेवजस्तै भएका; कानको फेदमा बसेका, मदजलको बास्नामा लहसिएको भ्रमराहरूको मधुरो आवाजले गण्डस्थलै गुञ्जायमान भएका अग्ला नीला पहाड़जस्ता श्रेष्ठ-श्रेष्ठ हात्ती दान गर्नाले राम्रो देह शुद्ध गरेका, नेपालका महाराज पृथ्वीनारायणका छोरा प्रतापसिंहका* छोरा महाराजाधिराज पर्वतचक्रवर्ती श्रीरणबहादुर शाहको ठूलो यो सभा हो।

नटी—खासित! हरे, मलाई किन यसरी छेड़ हान्नुहुन्छ! हे प्राणनाथ, तपाईंका

---

* शुद्ध नाउँ प्रतापसिंह हो। तर कविले सिंहप्रताप भनी लेखेका छन्। पछिका अरूहरूले पनि सिंहप्रताप भनी लेखेका छन्। लक्ष्मण र अक्रूरको इतिहास-संशोधनको संख्या ६ हेर्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चरणकमलका धूलाले जीउ फुस्रो पारेकी मैले महादेवका चरणकमलका रसमा भ्रमरा भएका, आफ्ना पराक्रमले कमाएको शङ्ख, कुन्द (माघेफूल), चन्द्रमाजस्तो सेतो कीर्तिले उज्याला भएका, अनेक दिशाका स्त्रीहरूका हातमा रहेका सुनका बीँड भएका चञ्चल राम्रा चमरले हम्किइएका राजाहरूका कैयौं सभा देखेकी छु ।

सूत्रधार—माछाको जस्ता चञ्चल आँखा भएकी प्यारी, होइन, त्यसो होइन । (देशको वर्णन गर्न थाल्छ ।) देवताका थुप्रै मन्दिरहरूले, चञ्चल घोड़ाहरूले, हात्तीका बथानहरूले, शहरियाहरूले पनि युक्त भएको, ऐश्वर्यमा इन्द्रको अमरावती (स्वर्ग)जस्तो भएको नेपाल संसारमा प्रसिद्ध छ ॥५॥ (राजाको वर्णन गर्छ) इन्द्रको सुधर्मा नामको सभामा जयन्त (इन्द्रका छोरा) सुहाएझैं यहाँ पूर्ण चन्द्र-समान महाराजाधिराज रणबहादुर शाह सुहाउनुहुन्छ ॥ ६ ॥ (राजकुमार बहादुर शाहको बयान गर्छ ।) चन्द्रवंशमा यहाँ धन्य हुनुहुन्छ । किनकि जसले आफ्ना बाबुबराज्यूले लाएको ऋणलाई आफ्ना बाहुबलले कमाएको धनले चाँड़ै चुकाउनुभयो, जसले अरू राजाहरूको राज्यलाई र ल्हासा (भोट)-का राजाको राज्यलाई पनि आफैले तरवारको बलले हनुभयो यस्ता वीर श्रीमान् बहादुर शाह हुनुहुन्छ ॥७॥ (सभाको वर्णन गर्छ ।) असल विद्यामा लागिरहेका चलाख ब्राह्मणहरू यहाँ रहन्छन्, बड़े-बड़े राजाहरू यहाँ महाराजको अगाड़ि आएर छातीमा अञ्जलि बाँधी, "महाराज, देशमा भएको खानीबाट निस्केको असल कर जो लिनुपर्छ लिइबक्सियोस्" भनी बिन्ति गर्दछन्, नेपालप्रभुको यस्तो सभालाई देख्ता-देख्तै अर्को सभामा को जाला ! ॥८॥

नटी—हे प्राणनाथ, तपाइँले यो कुरा सम्झाइदिनुभो, मैले पनि सम्झें । (पतिको परिक्रमा गरी उसको मुख हेर्दै मुसुक्क हाँसेर) अहो आश्चर्य, आश्चर्य ! यताबाट चार सय कोशपर हस्तिनापुर नाम भएको शहर छ, त्यहाँ धवलप्रतापसिंह राजा छन् । मेरो माइती पनि त्यहीं नै छ । अघि एक दिन साँझ टरेपछि भातसात खाएर बसेका जयपाल नाम भएका मेरा पिताजीले भात खाइसिद्ध्याएकी कौमुदी नाम भएकी मेरी आमाको अगाड़ि नेपालका राजा पृथ्वीनारायणको ठूलो प्रतापको बखान र उहाँका कुलको पनि जे-जे बयान गर्नुभएको थियो सोही कुरा नै आज तपाईंले पनि सबै सुनाउनुभयो । त्यसैले म धन्य रहेछु, धन्य ।

सूत्रधार—ए प्यारी, तिम्रा बाबुले नेपालका राजा पृथ्वीनारायण शाहको कीर्ति कहाँबाट थाहा पाए ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नटी—हे बुद्धिमान्, सुन्नुहोस्। दमाहाको शब्द चार कोशसम्म पुग्छ, वज्रको शब्द चालीस कोशसम्म पुग्छ। दानीको ता कीर्तिशब्द पनि तीनैं लोकमा पुग्छन्। दानीको नजीकमा लक्ष्मी आउँछिन्। अनौठो कार्य गर्ने मानिसको कीर्ति ता चाँड़ै दिशाका छेउसम्म पुग्छ। (नेपथ्यतिर हेरेर) ए तबले आदि गरेका पात्रहो, पोसाकको काम सिद्धिएको भए चाँड़ै सभामा आओ! (नटीको वाक्य सुनेर तो सबै सभामा पसे।)

नटी—हे कुलनायक, कुन कविको मधुर बोली भएको नाटकले अथवा शृङ्गारादि नव रसका मध्येमा कुनचाहिं रसलाई लिएर नाच खेलौं ता ?

सूत्रधार—(जिल्लिएर) ए, के त्यति पनि थाहा छैन लठुवी! हरे, धिक्कार, धिक्कार! यो नेपाल शहरमा पण्डितहरू धेरै छन। ती सबैका मध्येमा बृहस्पतिजस्ता एउटै छन्। तिनको श्लोकबनाइमा परेका मधुर बोलीका परम्परालाई छाड़ेर अरू पण्डितको भनाइ ता कर्णकटु (कान घोच्ने) नै हुन्छ। जस्तै—कोही काव्यमा धुरन्धर छन्, कोही वैद्यवृत्ति गर्नेछन्, कोही कुखुराको चाल भएका (समय बताउने) ज्योतिषी छन्, कोही नैयायिक छन् त कोही असल वैयाकरण छन्। प्यारी, तिनीहरूको बोली ता मलाई कत्ति मन पर्दैन। विद्यापल्लव* शक्तिवल्लभ कविको नै माधुर्यको वर्णन गर ॥९॥ कठिनसँग मीमांसा पढ़नाले के हुन्छ? साहित्य, अमरकोष, सांख्य, वेदान्तशास्त्र पढ़ेर पो के हुन्छ? व्याकरण, तर्कशास्त्र, वेद, धर्मशास्त्र रट्नाले पो के हुन्छ र? जसको कृष्णमा भक्ति छ उसका अगाड़ि कविता ता नटुवीझैं रमाउँछे ॥१०॥ पहिलेदेखि काशीमा गएर पढ्नाले के हुन्छ? पुस्तकहरू हेरेर पो के हुने हो र? तर्कशास्त्रको पठन-पाठनले सुशोभित भएका शान्तिपुर, नदिया आदि विद्यापुरीको सेवा गर्नाले पो के हुन्छ? अथवा दक्षिणका गुरुहरूसँग पढ़ेर के हुन्छ? मैथिल गुरुहरूलाई ढोगेर पो के हुने हो र? जसको कृष्णमा भक्ति छ उसको अगाड़ि कविता ता नटुवीझैं रमाउँछे ॥११॥ नव रसका मध्येमा वीर रस नै मुख्य भएको हुनाले वीर रसको नै वर्णन गर।

नटी—ऊ कवि महाशय को हुन् नि ?

सूत्रधार—प्यारी, आत्रेय गोत्रमा पैदा भएका, कान्यकुब्जकुलका गहनाजस्ता भएका, अर्ज्याल थर भएका, गोरखा शहरमा बस्ने, संगीतशास्त्रको रफत गरेका,

---

* आफ्ना नाउसँग अनुप्रास मिल्ने गरी कविले यो विशेषण आफूलाई लाएका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शृङ्गार आदि नव रस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राज-नीति कुरा बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य संसारमा प्रख्यात छन्। तिनैले बनाएको महाराज रणबहादुर शाहको लड़ाइँको विजय भएको जयरत्नाकर नाटकको उत्सव फैलाऊ।

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको पहिलो कल्लोल सिद्धियो।

दोस्रो कल्लोल

सूत्रधार—संसाररूपी समुद्रबाट सुखैसँग तारिदिने, देवताहरू पाउमा परेका, शत्रुरूपी जङ्गलका वन्चरो भएका, छातीमा कल्पवृक्षको फूलको माला लट्केका, गजासुरलाई टार्ने, तीन किसिमको ताप* हर्ने स्वामिकार्तिकका सहोदर गणेश श्रेष्ठ छन् ॥ १ ॥ ए प्यारी, आजभोलि ऋतुराज वसन्त ऋतुको समय छ। जस्तै—जुन समयमा स्वास्नीमानिसहरू शिरीषको फूल टिपिरहेछन्, रूखहरू फुलिरहेछन्, भमराहरू गुञ्जिरहेका छन्, लहराका झाङ्भित्रभित्रै राम्रा कोइलीहरू कराइरहेका छन्, आकाशमा चराचुरुङ्गीहरू खेलिरहेका छन्, अशोकका वृक्षले फूल बर्साइरहेछन्, मृगका जस्ता आँखा भएकी हे प्यारी, यस्तो वसन्त ऋतुको उत्सव भइरहेछ ॥ २ ॥

(प्रस्तावना सिद्धियो। सबै जना घुम्छन् ।)

नटी—स्वामित, सबै राजाहरूका शिरोमणि यहाँ महाराजाधिराज पर्वतचक्रवर्त्ती श्रीरणबहादुर शाहको वंशको वर्णन गर्नुहोस्न।

सूत्रधार—चन्द्रमाजस्तो मुहार भएकी प्यारी, सावधान भएर सुन। कवि शक्तिवल्लभ भट्टाचार्यले अघि यहाँ महाराजको जति कुलको वर्णन गरेका थिए सोही भन्दछु। हिमालयको नजीकैमा रहेको गोरखा नाउँ भएको शहरमा द्रव्य शाह राजा हुनुभयो। उहाँका कुलमा (छोरा) पूर्ण शाह हुनुभयो। उहाँका (छोरा) राम शाह हुनभयो। राम

* आधिदैविक, आधिभौतिक, आध्यात्मिक।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शाहका छोरा डम्बर शाह हुनुभयो। उहाँका छोरा कृष्ण शाह हुनुभयो कृष्ण शाहका छोरा उत्तम कीर्त्ति भएका रुद्र शाह हुनुभयो। उहाँका पनि छोरा पृथ्वीपति हुनुभयो। यो (शाह) कुलमा (पृथ्वीपतिका) सत्पुत्र वीरभद्र शाह हुनुभयो। देवताको आराधना गर्नामा तत्पर हुने उहाँका पुत्र नरभूपाल शाह हुनुभयो। धर्म कमाउनामा सिपालु भएका नरभूपाल शाहका पुत्र कौशल्यावती आमाको कृपारूपी अमृतका कणाले प्रतापको टुसा सिंचिएका (पृथ्वीनारायण शाह) हुनुभयो ॥४॥ (यसरी कुलको वर्णन गरी पृथ्वीनारायण शाहको ठूलो प्रतापको वर्णन गर्छ।) प्रतापमा सूर्यसमान भएका, सत्पात्रमा दान गर्ने स्वभाव भएका, अति सफा बुद्धि भएका, संसारमा प्रख्यात कीर्ति भएका, उहाँ महाराज पृथ्वीनारायण शाह चन्द्रवंशमा श्रेष्ठ हुनुहुन्थ्यो। जसका हात्तीका (गलामा बाँधिएका) घण्टाको ट्वाङ ट्वाङ् आवाज आउने फौज लड़ाइँमा हिंड्दा कछुवा, शेषनाग, वराह, पृथ्वी पनि डगमगाउँथे भने अरू राजाहरूको त के कुरा ॥५॥ (आठ दिक्पालहरूको अंश देखाई महाराजाधिराज पृथ्वीनारायणको बयान गर्छ।) इज्जतमा इन्द्र, शत्रुलाई पोल्न अग्नि, बुद्धिमा बृहस्पति, दण्ड दिनामा यमराज, लड़ाइँमा निर्ऋति, शत्रुलाई बाँध्ने काममा वरुण, बलमा वायु, ऐश्वर्यमा कुबेर, दुष्ट प्राणीलाई दबाउनामा दोस्रा महादेव नै उहाँ महाराज पृथ्वीनारायण हुनुहुन्थ्यो ॥६॥

नटी—खामित, यदि मान्छेमा पनि दिक्पालको अंश देखाउनुहुन्छ भने ता दुनियाँमा तपाईंको ज्यादै नै हँस्सी उड्नेछ। त्यसउसले, भयो यो लम्बे-चौडे बखान नगर्नुहोस्।

सूत्रधार—चयाखुराका जस्ता आँखा भएकी ए प्यारी, तिमीलाई सिकाउँदा-सिकाउँदा मेरा बाह्र वर्ष बितिसके। तिमी पनि अब त सोह्र वर्षकी भइसक्यौ, तैपनि मनको चञ्चलतालाई छोड़ेकी छैनौ। हुनत यो स्वास्नीमानिसको स्वभावै हो। भनेको पनि छ—पानी स्वभावले नै चीसो हुन्छ। आगोमा, घाममा राखिदियो भने तातो हुन्छ, झिकिदियो भने चीसाको चीसै। अरू पनि—

बाँदर चक्चकेपनलाई छोड्दैन। कुक्कुरको पुच्छर गुँड़ुलिन छाड्दैन। खपीस जुवाड़ेहरू झूटो बोल्न छाड्दैनन्। आइमाईहरू आफ्नो जिद्दी छोड्दैनन् ॥ ७ ॥ पूर्णचन्द्रजस्तो मुहार भएकी प्यारी, सुन, वेदमा पनि बताएको छ—राजाहरू दिक्पालकै अंशबाट पैदा हुन्छन्, ब्रह्माजीको अंशले नै ब्राह्मणहरू पैदा हुन्छन्, अरूबाट हुँदैनन् ॥८॥ महाराज पृथ्वीनारायण शाहको प्रतापलाई मैले छोट्करीमा बताएको हुँ। उहाँको ज्यादा प्रतापको वर्णन गर्न त को सक्त छ र? तैपनि जे-जति थोर-बहुत जानेको छु, लामा आँखा भएकी ए सुन्दरी, बताउँछु, त्यो सुन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जुन राजाको करकमलमा लक्ष्मी छन्, रीसमा कालजस्तो आगो छ, जिभ्राको टुप्पामा सरस्वती छन्, पृथ्वीमा सफा कीर्ति नाचिरहेछ, हृदयकमलमा कुलश्री छन्, आँखामा कामदेव छन्, दुइ बाहुमा अश्विनीकुमार छन्, झिलीमिली झल्कने तरवारमा हालाहल विष छ ॥ ९ ॥ त्यस्तै, अरू पनि—

जसको हुकूम चलेको वेलामा चक्चके भ्रमरा मात्रै भए झगड़ा-तगड़ा चाहिँ छाल-को बीचमा मात्र भयो, मात्तिएका हात्तीहरू मात्रै भए, कठोर हृदय भएका चाहिँ तरुणीहरू भए, रूखमा मात्र कण्टक (काँड़ा) भए [अन्यत्र कण्टक (चोर डाका आदि) लागेनन्], दण्ड (डाँठ) छातामा, पंखामा मात्रै थियो [अन्त दण्ड (सजाय) गर्नुपरेन], दान (मद)को हानि हात्तीमा मात्र भयो (अन्त दानको कमी भएन), पुस्तक मात्रै बाँध्नु(पर्‍यो, अरूलाई बन्धनमा राख्नु परेन), बाङ्गोहिंड्ने नदीहरू मात्रै भए, दुनियाँ (कुटिल) भएनन् ॥ १० ॥

जसका धुनबाट छुटेका सोझा काँड़हरूले लड़ाईंको मैदानमा कैयौँ प्रचण्ड वीर (शत्रु)हरू काटिए, जसले कैयौँ राँड़ीका छोराहरूबाट सुनका मालताल आदि सारा धन हरेर लिनुभयो, सधैँ भाँड़को वेष लिएका वितण्डा फैलाउने दुष्ट शत्रु राजाहरूलाई जसले नचाइदिनुभो, (लड़ाइँमा) लगिएका जसका हात्तीहरूका मदजलले नै पृथ्वी जम्मै भिज्दथ्यो ॥ ११ ॥

उहाँ महाराज पृथ्वीनारायणबाट लड़ाईंमा जति वीरहरू मारिए, ती सबै एक-एक गरेर पहिले मेघको समूहलाई अनि सूर्यमण्डललाई छेड़ेर गई इन्द्रपुरीमा बसेका छन्। तिनीहरूले पारेका तीनै प्वालहरूबाट इन्द्र बादलद्वारा पृथ्वीमा पानि बर्साउँ-छन्। अन्तबाट पानी बर्साएका होइनन् ॥ १२ ॥

जसका कुल, देश, धर्मलाई बुझेका साखै दाजुभाइ प्रेम गर्नामा राम-लक्ष्मणजस्ता, सौन्दर्यमा कामदेवजस्ता दुइ छोरा हुनुभयो। उहाँहरूमा पहिलेदेखि अभ्यास गरेको राजनीतिमा सिपालु जेठा प्रतापसिंह, कान्छा वीर बहादुरशाह हुनुभयो ॥ १३ ॥ सुन्दरी, पृथ्वीनारायण ठूलो कीर्ति फैलिएका हुनुहुन्थ्यो।

नटी— स्वामित, भूपकेशरी पृथ्वीनारायणको आयु कति वर्षको थियो नि? फेरि उहाँको बल पराक्रमको प्रभाव कस्तो थियो? यो कुरा फेरि पनि सभामा सुनाउनु होस्न।

सूत्रधार—ए दुष्ट, तँलाई मैले यसरी कैयौं चोटि सिकाउँदा पनि अझ तँ फेरि पनि मलाई सोधिरहन्छेस्। (यसरी झाटेर मनमानैमा चिन्ता लियो।) हुनत यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वास्नीमानिसको स्वभावै हो। मुखाले स्वास्नीको वशमा परेको मेरो जीवनलाई पनि धिक्कारै छ। भनेको पनि छ—लोग्नेले नम्र भएर बोल्यो भने रीसले राता-राता आँखा लाउँछे, भोकले खरियो भने अलीकति खाने कुरा पातमा राखी दिन्छे, लुगा नभएर नाङ्गै भयो भने आफ्नै लुगा (गुन्यूँ, चोलो) पो दिन्छे। यस्ती मुखाले स्वास्नीको वशमा परेर मैले बाँच्नु त धिक्कारै हो ॥ १४ ॥ मैले यति त वर्णन गरेँ, अब यहाँदेखि वर्णन गर्न म सक्तिन।

नटी—हे दूरदर्शी (पर देख्ने), किन वर्णन गर्नु हुन्न ?

सूत्रधार—हे शीलवती, खपिनसक्नु कुरा सुन्दा तिमी मूर्च्छा परौली।

नटी—(हड्बड्ले अँगालो हालेर) शरण दिने हे नाथ, विघ्नको थुप्रो हर्ने गणेशलाई सम्झिन्छु, अनि केको डर ?

सूत्रधार—(आँखाताली लाएर घाँटी हल्लाउँदै बलीन्द्र आँसुका धारा बहाउँदै लामो श्वास फेरेर गद्गद् बोलीले) प्यारी, खुशी मन भएकी एघाह्रवटी केटी साथमा लिएकी, प्राणभन्दा प्यारी बड़ा महारानी नरेन्द्रलक्ष्मी र दुइटी रानी साहेबसँग उहाँ महाराज स्वर्ग हुनुभयो। जस्तै—नेपालका राजाको राजतिलक ढुकुटी पनि आफ्नो पराक्रमले हरेर खुशी हुनुभएको उहाँ महाराज (पृथ्वीनारायण शाह) आफ्ना प्यारीहरूका साथ स्वर्ग जानुभयो ॥ १५ ॥ (यति भन्नेवित्तिकै—)
(नटी हरे राम राम !! भन्दै शोकले आकुल-व्याकुल हुँदै भूइँमा पछारिई। नटीको त्यो हालत देखेर ती सबै पात्रहरूमा हाहाकार मच्चियो। सबै चिच्याउन लागे।)

(त्यहाँपछि विदूषक (ठटेउलो) पस्तछ।)

विदूषक—(टाढ़ैबाट देखेर) ए सुकुमारी मदनमञ्जरी, नाचको परिश्रम गर्दा-गर्दा तिमी थाकिहौ, यताबाट जाऊ घर।

सँगिनी ललिता—ए नटुवा, यी मदनमञ्जरीको नाचमा थकाइ लाग्नुपर्ने कुरा के भयो र ?

विदूषक—त्यसो भए के भयो त ?

ललिता—अर्कै कुनै कारणले नै यी मूर्च्छा परेकी हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विदूषक—(दुइ हातले थपड़ी मार्दै हा हा हा गरी ठूला स्वरले हाँसेर) ए ! अँ !! बुझें, बुझें ! ललिता, अघि कुनै रमाइलो नदीको कीनारामा, भ्रमराहरू गुञ्जिरहेको, कोइलीका बथान कराइरहेको, लहराको झाङ्मा संकेत पाई आएको नाठोसँग गरेको आठ प्रकारका संभोगबाट भएको सुखको आनन्द सम्झिदा लठ्ठ परेकी होलिन् । हो, हो, साच्चै हो !!

ललिता—धत् ! अधम !! पृथ्वीमण्डलका सारा राजाहरूका सुन्दर मणिजड़ित मुकुटले चरणकमल उज्यालो पारिएका महाराजाधिराज पृथ्वीनारायणको दर्शन नपाइने भयो भन्ने पीरको आगोले नै यी हाम्री कुलनायिका मदनमञ्जरी व्याकुल भएकी हुन् ।

(यो वाक्य सुन्नेबित्तिकै विदूषक पनि दुइ हातलें टाउको र छाती पिट्तै भूईंमा पछारियो । अनि सँगिनीहरू मदनमञ्जरीको उपचार गर्नामा लागे । ललिताले कपूर, कस्तूरीको बास्ना आउने पानीका छिंयले सिची, संगिनी रत्नावलीले श्रीखण्ड चन्दन सबै जीउमा लाइदिई, अरू सँगिनीहरूले छातीमा कमलका पातहरू राखिदिए ।)

सूत्रधार—प्यारी, उठ, उठ !! सबै प्राणीहरूको, देवताहरूको पनि दशा यही न हो। भनेको पनि त छ—कैयौं लोकपालहरू बिते, गए । त्यस्तै विष्णु, ब्रह्मा, महादेव, गणेश, स्वामिकार्तिक, मनु, इन्द्र, अग्नि, सूर्य, वसु, पृथ्वी, चन्द्रमा, यमराज, समुद्र आदि देवता पनि नाश हुन्छन्, फेरि उत्पन्न हुन्छन् भने अरू प्राणीहरूको त के कुरा ! ॥ १६ ॥ अरू पनि—हुनेहुनामी टर्दैन, शुभ होस् वा अरिष्ट होस्, संसारमा दैवलाई अन्यथा गर्न कसैको दैया चल्दैन ॥ १७ ॥ (यति भनी सूत्रधार चूप लाग्यो)

नटी—(यति कुरा सुनेर अलीकति आँखा उघारेर अस्पष्ट शब्दमा) हा मी अ भा गी !

सूत्रधार—हे नायिका, ठूलाबड़ाका कुलमा ठूलाको नै जन्मा हुन्छ यसमा के चिन्ता ? ठूलो कीर्ति फैलाएर असल सिंहासनमा विराजमान हुनुभएको माननीय उहाँ युवराज प्रतापसिंह शाह देवको विनाप्रयासले अहिले उदय भइरहेछ ।

नटी—(अमृतजस्तो यो वचन सुनेर बिस्तारै उठी) ए तबले, बाँसुरीवाला, वीणा-वाला हो, बजाओ बाजा ! ए गवैया हो, मधुरो आवाजले गाना गाओ ! आज नेपालप्रभु प्रतापसिंहको सभाभवनलाई नाच, गान, बजानले लठ्ठ तुल्याउँछु । प्राण-प्रिय, तपाईं पनि हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सूत्रधार—प्यारी, उहाँ महाराज पनि कालवशले परलोक हुनुभयो। (यो वज्रपात भएजस्तो वाक्य सुनेर नटी फेरि पनि भूईंमा पछारिईं।)

सूत्रधार—ए प्यारी, एकाग्रचित्तले कुरा त सुन, शोक नगर। आफ्ना बालक पुत्र रणबहादुर शाहलाई सिंहासनमा राखेर राज्यलक्ष्मीलाई छाड़ी आफूचाहिं उहाँ महाराज प्रतापसिंह चाँड़ै स्वर्गे हुनुभयो। बालक राजा रणबहादुरलाई काखमा राखेर, उहाँ महाराजका भाइ बहादुर शाह साम-दान-दण्ड़भेदद्वारा आफ्ना बन्धुवर्गको, किल्लाको, राष्ट्रको, राजसमूहको पनि बन्दोबस्त गर्दै हुनुहुन्छ ॥ १८ ॥ अरू पनि उहाँको कीर्ति सुन। सबै राजाहरूले मान गरिएका यहाँ बहादुर शाह देवले आफ्ना स्वामीको राज्य चलाउँदा मुलुकमा परचक्रीको भय पनि छैन, कसैको छोरा-स्वास्नीसँग वियोग पनि हुँदैन, सारा मुलुकमा सधैं खुशियालीकै बाढ़बढ़ाउ मात्र छ ॥ १९ ॥

नटी—(यस्तो वाक्य सुनेर फेरि उठी) हे प्राणप्रिय, फेरि पनि भन्नुहोस्; मलाई यस्तै अमृतका थोपाजस्ता वाक्यले सिच्नुहोस्, सिच्नुहोस्।

(विदूषक पनि नटी, सूत्रधारको संवाद सुनेर जुरुक्क उठेर भाग्यो।)

नटी—हे रसिक, तपाईंले बयान गरिएका बूढ़ा-बूढ़ा नेपालका राजाहरूको स्वर्गवास हुनु त उचितै हो। मेरो पनि इच्छा लागेको कुरा पुगिहाल्यो।

सूत्रधार—असम्भव कुरा चिताउने भएकी हे प्यारी, कसरी ?

नटी—तरुणीहरूका स्तनमा लाएको श्रीखण्डको मगमग आइरहेको वास्नाले, आखीभूईं कक्र्याइ हेऱ्याइले, ढाँचाले, नारीमा लाएका चूराका छिन्छिन् आवाजले, जीउको चलाइले, पान खाएर लाल-लाल पारेका राम्रा ओठबाट निस्केका बोलीले पनि एकान्तमा कुन चाहिं पट्ठो मानिस वश नपर्ला। हे कुलनायक, बूढ़ाहरूलाई पुरुषार्थ देखाएर के गर्नु ! ॥ २० ॥

सूत्रधार—ओ पात्रहरू हो, लौ तिमीहरू श्रीरणबहादुर शाहको सभा सजाओ। (त्यहाँपछि हर्षले उज्यालो मुख गरेका तिनीहरू श्रीरणबहादुर शाहको सम्पूर्ण राज्याङ्गको भेष धरी सभामा हाजिर भए।) [प्रस्तावना सिद्धियो।]

खोपीका स्त्रीहरू आई सभाभवनमा कुचो लाए, अनि गोबरले पोते, ढोकेहरू आई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिंहासन राखेर त्यहाँ तन्ना कसेर बालिष्ठ राखी चँदुवा आदि पनि टाँगे। त्यसपछि असल छत्र-चामर आदि राजचिह्नले शोभायमान महाराजाधिराज श्रीरणबहादुर शाह सिंहासनमा राज हुनुभयो। उहाँकै दायाँपट्टि सिंहासनमा पलेटी कसेर राजकुमार बहादुर शाह बस्नुभयो। त्यहाँपछि मेलैसँग सहोदर भाइहरू, अरू दाजुभाइहरू, पुरोहित, मन्त्री, सेनापति युद्धमा पीठ नफर्काउने (लड़ाकाहरू) सुवर्णाध्यक्ष, रूप्याध्यक्ष, रथारोही, घोड़सवार, तत्त्ववेत्ता, ज्योतिषी, लेखनदास, द्वारपाल, दुर्गपाल, भाट, नाउ आदि पनि आफ्ना-आफ्ना ठाउँमा बसे। हातमा बेतका छड़ी लिएका द्वारपालहरू ढोकामा खड़ा रहे। गवैयाहरू मधुरो गाउन लागे। नटुवाहरू नाच्न थाले। भाटहरूले पनि आफ्ना-आफ्ना कविता पढ़े। स्तुतिपाठकहरूले पनि (महाराजको) स्तुति गरे। यसरी ठूलो सभाको महोत्सव हुन लागेको बखतमा राजकुमार बहादुर शाहले आफ्ना बाबु-बराज्यूले गरेका सत्कार्यको वृत्तान्त बताउनालाई बालक राजा रणबहादुरसंग एकान्त गर्नुभयो। जस्तै—

यही बखतमा राजकुमार वीर बहादुर शाहले महाराजाधिराज रणबहादुरसँग एकान्त गर्नुभयो। इच्छा सिद्ध गर्नु, देश बढ़ाउनु आदि जो-जो काम पुर्खाहरूले गरेथे, त्यो सबै बताउनुभयो र "महाराज, अहिले हामीले गर्नु पर्ने कार्य के के छ, चाँड़ै हुकूम होस्" भनी बिन्ती गर्नुभयो।

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको दोस्रो कल्लोल सिद्धियो।

तेस्रो कल्लोल

('राजाको धर्म के होला?' भनी रणबहादुर शाहले मनमनै विचार गर्न लाग्नुभएको वेलामा)

राजपुत्र—शत्रुको राजधानीमा आक्रमण गर्नु, शत्रुको ऐश्वर्य हर्नु राजाहरूको कल्याण हुने कुरा हो। (यो भनी राजकुमारले राजालाई जवाफ दिनुभयो।)

राजा—प्रतापी पितामह (बाज्ये) श्रीपृथ्वीनारायणबाट जम्मा गरिबक्सेको लड़ाइँको अनेक खरखजाना अहिले छ कि छैन मलाई केही थाहा छैन।

राजपुत्र—(खरखजाना प्रकट गर्नुहुन्छ।) महाराज, राज्याङ्ग उही (पुरानै) छ। ढुकुटी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उही छ। गद्दी (सिंहासन) उही हो। हात्तीको बथान, पैदल पल्टन, अरू फौज, वाहनहरू पनि तिनै (अघिकै) छन्। धेरै सेनापतिहरू उनै छन्। ढाल-तरवार पनि उनै हुन्। महाराज, आफ्नो इरादा मात्र आज्ञा होस्। म भएपछि सो सिद्ध भएकै सम्झिबक्सियोस् ॥१॥

राजा—बुवा, तपाईंको र हाम्रा फौजको पनि वल-पुरुषार्थ कस्तो छ मलाई थाहा छैन।

राजपुत्र—(आफ्ना वल पुरुषार्थ गोप्य राख्नुपर्छ भन्ने राजनीति बुझे तापनि बालक राजा रणबहादुरको चित्त बुझाउन बहादुर शाह आफ्ना बल-पुरुषार्थको बयान गर्नुहुन्छ।) राज-समूहका शिरोमणि हे महाराज, हजुरका प्रतापले म दिल्लीलाई फोर्दछु, घोड़-सवार प्रशस्त भएको मुकसुदाबाद (मुर्शिदाबाद) लुट्तछु, वैदर्भहरूलाई (यमपुरी) लैजान्छु, द्राविड़, मागध, चीनियाँहरूलाई पनि बाँध्दछु, तैलिङ्गहरूलाई टुक्रा-टुक्रा पार्छु, राजसमूहको व्यूहलाई फोड्दछु, बाह्लीकहरूलाई दबाउँछु ॥२॥ पाञ्चालहरूलाई दण्ड दिन्छु, हतियारहरूले औत्कलहरूलाई छिनाल्छु, कर्णाटहरूलाई घोट्तछु, हरेको शत्रुको धनले दुर्गाको पूजा गर्छु, ढुकुटी भर्छु, आफूले जितेका भूमिमा बस्ने सज्जनहरूलाई सिंगार्छु, आफ्ना रैतीका मुलुकहरूलाई दारिद्र्यबाट उद्धार गर्छु, ब्राह्मणहरूलाई सन्तुष्ट पार्छु ॥३॥ दुःखी, अनाथ,अन्धा, मगन्ते, गरीब, दुर्बला जनहरूको पालनपोषण गर्छु, देवताको स्मरण गर्छु, सयौं राजाको कुललाई तृप्त पार्छु, पण्डितहरूको उद्धार गर्छु, (शत्रुका) किल्लाहरू भत्काउँछु, ब्राह्मण-हरूको वचनले चिताएको फल दिने यज्ञ-यागादि गर्छु, शरण पर्न आएका राजाहरूको रक्षा गर्छु ॥ ४ ॥ अङ्ग, बङ्ग, कलिङ्ग, खस, खुरा-सान, कामरूप, कश्मीर, आन्ध्र देशका बासिन्दाहरूलाई कुयवन (दुष्ट मुसलमान)को समूहलाई; मालव, केरल, कम्बोज, मद्र देशमा बस्नेहरूलाई, सयौं घोड़ाहरूले मात्तिएका शैलहट्टहरूलाई; सौराष्ट्र, कीकट देशका बासिन्दालाई पनि पशुपतिनाथका कृपाले यमपुरीमा पुर्याइदिन्छु ॥५॥ (लड़ाइँका मैदानमा पीठ नफर्काउने, लड़ाइँमा सहायता दिने आफ्ना दाज्यू-भाइ र सिपाहीहरूको पनि बयान गर्नुहुन्छ।) महाराज, यहाँ मेरा दाज्यू बलभद्र शाह ठूलो कीर्ति भएका हुनुहुन्छ। यी दामोदर पाँड़े उहाँकै जोड़ाका छन्। मेरा भाइ यी कृष्ण शाह पनि विजयी छन्। उहाँ सफल बम शाह हुनुहुन्छ। यी अरू धेरै वीरहरू छन्। ती सबै लड़ाइँको मैदानमा खूप-फुर्तिला, क्षत्रियधर्ममा लागेका छन्। यस्ता वीरहरू सँग भएपछि मैले जगत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जित्नामा के आश्चर्य ? ॥६॥ (सिपाहीहरूको पनि बयान गर्नुहुन्छ ।)
पाँड़ेकुलमा श्रेष्ठ भएका जगजीत, यिनका भाइ धीर रणजीत (पाँड़े), डर लाग्दो अनुहार भएका धौकलसिंह (बस्नेत), यिनका दाज्यू अभिमानसिंह (बस्नेत), ॥७॥ नाहरसिंह (बस्नेत), अमरसिंह (थापा), शत्रुशाल (शाह), रणगञ्जन (शाह), गोलन्वा (खवास), विजैसिंह (शाह), प्रबल राना, अभिमन्त, भारत, शूरवीर— यी वीरहरू प्रख्यात छन् ॥८॥ सेनापति जसवन्त, रणभञ्जन मल्ल, जहरसिंह (बस्नेत) आदि गरेका यी वीरहरू मेरा अधीन छन् भने मैले जगत् जित्नामा के आश्चर्य, महाराज ! ॥९॥

(सबै श्रेष्ठ राजसमूहका सुन्दर श्रीपेचका मणिले सिंगारेका चरणकमलका नङ्का उज्याला किरणले दिशालाई नै प्रकाशमान पार्ने महाराजाधिराज रणबहादुर शाहले मुसुक्क हाँसेर आज्ञा गर्नुभयो ।)

रणबहादुर—बुवा, तपाईंले जो कुरा भन्नुभयो, सो साँचै भन्नुभयो । म पनि यहाँ तपाईंलाई एउटा कुरा भन्न चाहन्छु । अहिले यहाँ अरू कार्यको केही प्रयोजन छैन । मेरा नजीकमा केही क्षुद्र राजाहरू रहेका छन् । यिनीहरूले पहिलेदेखि नै इबी लिइ- राखेका छन्, मेरो कार्यमा (छुस्सछुस्स) बाधा हालिरहन्छन् त्यसउसले चाँड़ै यिनै कपटी सणठ राजालाई खतम पार्नु पऱ्यो । त्यसो भएपछि पछिल्तिरबाट दाउ पारी हान्ने शत्रुको भय पनि हट्तछ ।

अनि महाराजाधिराज रणबहादुर शाहका मुखारविन्दबाट निस्केका ठूलो भाव भएका स्पष्ट मीठा वचन सुनेर बुद्धिमान् राजकुमार बहादुर शाहले पनि सो गम्भीर भाव भएको चतुर महाराजाधिराजले बुद्धिपूर्वक दिनुभएको आज्ञा शिरोपर गरी सम्पूर्ण राज्यको भार बोकी बूढ़ा मन्त्रीहरू, भारादारहरू, द्वारपालहरूलाई पनि बोलाउनु- भयो ॥ ११ ॥ र मन्त्रीहरूसंग लड़ाइँको सरसल्लाह बाँधी देशदेशावरका राजाहरूको शक्ति तौलनाका लागि दूत (जासूस)हरू पठाउनुभयो । जस्तै—
काज गर्नामा सिपालु हुनुभएको राजकुमार बहादुर शाहले आएका यी मन्त्रीहरूसंग पनि युद्ध गर्ने नै सरसल्लाह बाँधी पृथ्वीतलमा जताततै दूतहरू छोड्नुभयो । ती दूतहरूले पनि ठूलो तपस्या भएका राजाका पाउमा परी असल साइतमा वायुको वेगले शत्रुको देशतिर प्रस्थान गरे ॥ १२ ॥ एक-एक भएर छरिएर यिनीहरू भारत- वर्षमा घुमे । देशदेशावरको चीयो गर्ने भएका यी दूतहरू त्यताबाट फर्के । दिशाका- छेउछेउसम्म पुगेर जासूसहरूले जे-जे छिद्र भेट्टाए त्यो सबै वृत्तान्त तिनीहरूले राजाको छेउमा आई बिन्ति गरे ॥ १३ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(दूतहरू आफू गएका देशको वर्णन गर्छन् ।)

दूतहरू—महाराज, हामीहरू गंगाको कीनारामा पुग्यौं, गोठमा पस्यौं, मण्डपमा पुग्यौं, बजारमा पस्यौं, सभामा गयौं, कारखानामा पस्यौं, दरबारको भित्र-भित्र खोपी-खोपीमा चाहार्‍यौं। गुप्त भेष लिएर कोही मन्त्रीहरूको चोकमा गए, कोही चौबाटोमा गए ॥ १४ ॥ कोही दरबारमा गए। त्यस्तै कसैले घरघर चाहारे। कोही गल्ली-गल्ली घुमे। कसैले रण्डीटोल पनि चाहारे। त्यस्तै फेरि कसैले राजाको चोकमा चाहारे। कोही पौशालामा पुगे। कोही दूतहरू घोड़ाको तबेलामा पुगे। कोही भट्टीमा गए। अरू कोही पूर्व गए। कोही पश्चिम गए। कोही उत्तर गए। कोही दक्षिण गए ॥ १५ ॥

कोही बाहुनहरूले त्रिपुण्ड्र लाएका छन्। कसैले ठाड़ो सुर्के चन्दन लाएका छन्। कसैले गलाभरी तुलसीको माला लाएका छन्। कसैले रुद्राक्षको माला लाएका छन्। कोही आङ्मा गोपीचन्दन लाएर राम्रा भई बसेका छन्। नानाथरीका भेष लिएका सज्जनको पैसा ठग्ने कुशास्त्रमा लागेका सबै पाखण्डै पाखण्ड छन् ॥ १६ ॥ ब्राह्मणहरूले वेद पढ्न छोड़ेछन्। कानमा नाकमा एउटा कपासको पोको ठुसेर व्यर्थैं आफै लौ म त सिद्ध भएँ, रामोऽहं शिवोऽहं (मै राम हुँ, मै हुँ महादेव) भनेर बारंबार फलाक्तै लाटा-सुधा जनहरूलाई ठग्दै हिंड्दछन्। यिनीहरू कहिल्यै जीउमा पानीसम्म हाल्छन् कि हाल्दैनन्? ॥१७॥ कति राजाहरू फुट्टि बल नभएका छन्। कति आफुस-आफुसमै जुझिरहेका छन्। कति त स्वास्नीमै भुलेका छन्। कति जाली जुवाड़े छन्। कोही कुमन्त्रमा लागेका रक्सीबाज, रण्डीबाज छन्। कुनै राजधर्मबाट विमुख भएका खालि परस्वहरण गर्ने चाहिं बाठा छन् ॥१८॥ ती वैश्यहरू वेदविरोधी मतमा लागेका, जैनमतमा, नास्तिकमतमा बढ्ता लहसिएका, प्रपञ्चमा फँसेका राजाको जस्तो ढाँचा गर्ने पो छन्। झन्, ती शूद्रहरूले त आफ्नो घरमा सधैं वेदको, पुराणको पाठ लाइरहेछन्। महाराज, के विन्ति चढ़ाऊँ? सब उल्टो-उल्टो धर्ममा लागिसके ॥१९॥

आइमाईहरू आफ्ना खसमको आँखा छली बटुवातिर आँखा लाउँछन्, गुण्डाहरू-लाई रोज्छन्। पछि-पछि लाग्ने नोकरहरूलाई पोस्तछन्, गल्ली-गल्ली चाहार्दछन्, स्वच्छन्द भएर वनको झाङ्गतिर पसी खेलबहाड़ गर्छन्, गिल्लिन्छन्, नाच्छन्। सब आइमाईहरू यस्ता वेश्या भइसके। पृथ्वीतलमा पतिव्रता स्त्री ता दुर्लभै भए ॥२०॥ सब पृथ्वीमण्डलका राजाहरूका मुलुकको यस्तो सब वृत्तान्त दूतहरूको मुखबाट बुझेर राजपुत्र बहादुर शाहले मनमनै विचार गर्नुभयो—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जुन राजाले मन्त्र जपेनन्, व्रत गरेनन्, देवताहरूलाई खुशी पारेनन्, पूजा-आजाद्वारा नरकमा परेका बन्धुहरूलाई तारेनन्, लड़ाइँको मैदानमा गएर आफ्नो धनुले शत्रु राजाको रथमा फर्फराएको झण्डालाई काटेनन्, ती राजाहरूको व्यर्थ जीवनलाई धिक्कार छ ॥ २१ ॥

जुन राजाले गङ्गास्नान गरेर आफ्ना शरीरको पाप पखालेको छैन, गयाश्राद्धहरूले पुर्खाहरूको कुल तारेको छैन, पहिले सिकेको राजनीतिको विचार गरी प्रजाको पालना गरेको छैन भने धर्मारमा भई ती राजाले के काम गरे त ? ॥२२॥

यो संसार अनित्य छ, मानिसको जीवन अनित्य छ, राजाकी राज्यलक्ष्मी पनि पुतलीजस्तै अस्थिर छन् ॥२३॥

यसरी धेरै तिरबाट (लड़ाइँ गर्न) सकिने, नसकिने, आफ्नो बल तथा कमजोरी पनि विचार गरी सभामा बसेका राजनीति बुझेका बुद्धिमान् बहादुर शाहले नेपालका राजा रणबहादुर शाहले ठहराएको फौजको आफ्नो पनि बल-पुरुषार्थको निश्चय गरी श्रीनगर (गढ़वाल)सम्मका देशमा आक्रमण गर्नाका लागि आफ्ना सहोदर दाजुभाइहरूलाई, रथमा चढ़ेका बन्धुवर्गहरूलाई, लड़ाइँमा पीठ नफर्काउने घोड़सवारहरूलाई, शहरियाहरूलाई, बड़े-बड़े मन्त्रीहरूलाई, धनुर्धारीहरूलाई, क्षत्रिय सेनापतिहरूलाई कवच लाएका, ढाल-तरवार लिएका अरू सिपाहीलाई, गाउँलेहरूलाई, राष्ट्रवासी सारालाई प्यारोगरी भन्नुभयो ॥२४, २५॥ हे हे क्षत्रियका वीर सपूत हो, लड़ाइँ आइपऱ्यो । सबै रथ, घोड़ा चढ़ी फौजका साथमा जाओ ॥२६॥

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको तेस्रो कल्लोल सिद्धियो ।

चौथो कल्लोल

राजा—हे क्षत्रिय वीरहरू हो, यो कुरा मेरो सुन । आदरपूर्वक धेरै सुनका र चाँदीका ढेलाका ढेला दिएर सन्तुष्ट पारिएका सिपाहीहरूको शत्रुलाई खतम पार्ने यो असल मौका आइरहेछ ॥ १ ॥ अरू पनि—अग्ला-अग्ला नीला पहाड़जस्ता हात्ती; बाजु, हीरा जड़ेका सुनका मुकुट, औंठी, असल राम्रा रत्नका हार, कुण्डल आदि गहना,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोसल्ला दिएर मैले तिमीहरूलाई सन्तुष्ट पारिराखेको थिएँ। अब यो लड़ाइँको मैदानमा वेगले जाओ ॥२॥ लड़ाइँको मैदानमा ताकी-ताकी तीखा-तीखा सयौं बाणले शत्रुहरूको छाती फोर, झिलिमिली झल्कने तरवारले शत्रुका टाउका छप्काओ, धारीला चक्रले हतियारसहितका शत्रुका हात काटिदेओ। सेनापति हो, ठूलो सिंहनादको खलबलले दिशा घन्काओ ॥ ३ ॥

(बालक राजा रणबहादुर शाहको यस्ता वचन सुनेर शत्रुदेखि रीसले चूर भएका, लड़ाइँ गर्न सिपालु भएका ती सबै वीरहरू आएर राजालाई साष्टाङ्ग दण्डवत्-प्रणाम गरेर हात जोड़ी विन्ति गरे।)

सेनापतिहरू—आज्ञा होस् महाराज चाँड़ै, कुन-कुन वैरीहरूसँग युद्ध गरौं ?॥४॥

राजा—(रीसले लाल-लाल नेत्र गराई थरथर तल्लो ओठ, कँपाउँदै ती छाउनीका नाइके सेनापतिहरूलाई भन्नुभयो।) ए मूर्खहरू हो ! संसारले चिनिसकेका, सानो क्षुद्र इच्छा भएका यी कुमाउँ, गढ़वालका राजाहरुलाई तिमीहरूले चिनेका छैनौ ? ॥ ५ ॥

(राजकुमार बहादुर शाहले पनि महाराजाधिराज रणबहादुर शाहले ठहराएको कुरा सुनेर र पृथ्वीमण्डलका सब राजाहरूका मुलुकको चालचलन, सत्-असतको विवेक नभएको वृत्तान्त पनि दूतहरूबाट बुझेर युद्धयात्राको असल लग्नमा शुभग्रहको नवमांशकमा एकादश चन्द्र पारी सबै विघ्न निवारण गर्नलाई गणेशलाई र लड़ाइँ जित्नलाई दुर्गालाई मङ्गल दिने माला, अर्घ, चन्दन, फलफूल आदि समर्पण गरी पूजा गर्नुहोस् भनी आफ्ना कुलपुरोहितलाई अह्राउनुभयो। सो यस किसिमको छ—)

राजपुत्र—हे कुलपुरोहित, गङ्गा, यमुनाको जल, श्रीखण्ड, सिन्दूर, रक्तचन्दन, कस्तूरी, धूपी, कुङ्कुम, चँवर, ऐना, कमलको फूल, जपाकुसुम, दूबो, गोकुलधूप, कपूर-बत्ती, कटहर, पायस (खीर), लड्डू, नरिवल, दाख, केरा, दाड़िम, आदि गरेका चीजबीज चढ़ाएर नुहेर प्रदक्षिणा गरी हिमालयकी पुत्री (पार्वती)का पुत्र गणेश-को र भगवती देवी (पार्वती)को पनि पूजा गर्नुहोस् ॥ ६, ७, ८, ॥

पुरोहित—(पुरोहितले पनि योग्य-मङ्गलका चीजहरू बटुलेर राजकुमारले भनेबमोजिम सबै पूजा-आजा सिद्ध्याएर मङ्गल दिने दधि अक्षता फूल माला आदि र शगुन गर्ने फलहरू पनि दिएर भन्नलागे।) महाराज, बुद्धि बढ़ोस्, लड़ाइँ जिती कीर्ति फैलियोस्, धर्मवृद्धि होओस्, सन्तानहरूले डाँड़ा-काँड़ा ढाकून्, सुख र संपत्ति प्रशस्त होऊन्, फौज, हात्ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि प्रशस्त होऊन्, राज्य बढ़ोस्, वर दिने भएका इन्द्रादि देवताहरूले कल्याण गरून् ॥ ९ ॥

यसरी राजालाई र राजकुमारलाई पनि आशीर्वाद दिएर पुरोहितले दुवैलाई युद्ध विजय गर्नाका निमित्त प्रस्थान गराए। उहाँ राजा र राजकुमारले पनि मनमा इष्टदेवता, कुलदेवता सम्झी अग्निहोत्रका अग्निलाई तीन फेरा परिक्रमा गरी गाई, गणेश, सूर्य, ब्राह्मणहरूलाई नमस्कार गरेर सारथिलाई बोलाउनुभयो। ए सारथि, हाम्रा दुइ बग्गी तयार गर। सारथिले बग्गी तयार गरे। बग्गी तयार देखेर राजाले झट्ट लड़ाइँमा जाइहाल्ने इच्छा गर्नु भयो। बालक भए तापनि पृथ्वीतलका सारा राजालाई जित्न सक्ने महाराज रथ चढ्नुभयो ॥१०॥

सूत्रधार—हे प्यारी, मोतीका कुण्डलले कान सुहाएका, गलामा नक्षत्रमाला[1] लाएका, चम्किरहेको हीरा जड़ेको सफा बाजु लाएका, कमलको केशरजस्तो कान्ति भएका, श्रीपेच धरेका, हतियार भिरेका, राम्रा जुल्फी पालेका, कवच कसेका, रथ चढ़ेका नेपालका राजालाई हेर ॥११॥

नटी—के आश्चर्य हो यो ? ओहो, कमलको केशरजस्तो कोमल शरीर भएका बालक राजा रणबहादुर शाह लड़ाइँभिड़ाइँ गर्न तम्सेर रथ चढ्नुहुन्छ !

सूत्रधार—तर्सिएका आँखा लाएकी, तिमीलाई थाहा छैन चन्द्रवंशीको पराक्रम ? लौ सुन, त्यसो भए—

को बूढ़ो, को केटाकेटी, को पट्ठो, को ज्येठो, को कान्छो, को अङ्ग हीन, को अङ्ग बढ़ी भएको, को चलाख, को लठुवा, को दुब्लो, को पुड्के, को अग्लो, को कुप्रो, को नाङ्गो, को लुगा लाएको, यी सबै सधैं लड़ाइँको मैदानमा एकैनास पराक्रम गर्ने हुन्छन्, यो चन्द्रवंशको धर्मै हो ॥१२॥ मृगका जस्ता आँखा भएकी, कवच कसेका महाराज रणबहादुर शाहको रथ हेर, हेर ! चम्किला सुनका पाताले झल्केको, चाँदीका फलेक बिछ्याएको, फलामका कीला ठोकेको, वायुको जस्तो वेग भएका फलामका करेली लाएका बाह्लीक देशमा पैदा भएका घोड़ाहरूले तानिएको पाङ्ग्राको डर लाग्दो आवाज भएको, हतियारले भरिएको, थुप्रै घुँघुराका मालाले युक्त भएको यो महाराज रणबहादुर शाहको रथ फौजको बीचमा सुहाइरहेछ ॥१३॥

(राजपुत्र रणबहादुर शाह पनि रथमा चढ़ेर राजाको पछि लाग्नुभयो ।)

---

(१) सत्ताइस मोतीले बनेको माला नक्षत्रमाला कहिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नटी——हे प्रिय, आफ्नो शरीरको कान्तिले सुहाएका दोस्रा अर्जुनजस्ता यी को महानुभाव राजाको पछि लागेका हुन्? (यस्तो भनी सोध्छे) जस्तै—

हातमा भोल्टो लाएका, हरबखत उँभो आकाशतिर धनु फैलाइरहेका, पिठ्यूँमा ठोक्रो भिरेका, कवच कसेका, शिरमा पगरी बाँधेका, तेजीला, हँसीलो मुख भएका, जान लागेका (बहादुर शाह लाई देखेर) यी जवानको रहेछन्, हे प्राणनाथ, निगाह गरेर मलाई साँचो आज्ञा होस्न (भनी सूत्रधारलाई सोध्दछे)।

सूत्रधार—हे रम्भोरु (केराको थामजस्ता तिघ्रा भएकी), आफ्ना इष्टदेवताको आराधना गरेर पाएको प्रसादले बढ़ेको प्रतापाग्निले शत्रु राजाहरूको समूहलाई भस्म पारिदिने चन्द्रवंशी महाराजाधिराज भूपकेशरी पृथ्वीनारायण शाहका पुत्र रथमा चढ्नुभएको बहादुर शाह यहाँ हुनुहुन्छ। यहाँको बेजोड़ शोभालाई हे मृगाक्षि,[१] हेर। शस्त्रधारीहरूमा श्रेष्ठ भएका, कवच कसेका, नीलो आकाशमा मध्याह्नका सूर्यझैं (चम्किने) पाँच * प्रकारका गति भएका अग्ला वेगिला घोड़ा लाएको, सिपाहीले घेरिएको असल रथमा विराजमान भएका, बोलीले आफ्ना सिपाहीलाई खुशी पार्दै श्रीमान् वीर बहादुर शाह सुहाइरहनुभएको छ ॥१५॥

(त्यसपछि सूत्रधार बन्धुवर्गलाई देखाऊँछ।)

दायाँ हातले तरवार, बायाँ हातले ढाल समाती शत्रुलाई जित्ने बलभद्र शाह विजुलीजस्तो रथमा चढ़े ॥१६॥ ठोक्रो भिरेका, धनु लिएका, टाउकामा फेटा बाँधेका, श्रीकृष्ण शाह दुर्गा, गुरु, अग्नि, महादेवलाई प्रसन्न पारी रथ चढ़े ॥ १७ ॥ भोल्टो लाएको, बायाँ हातले धनुको बीचमा समातेका, दायाँ हातले बाणहरू लिएका बम शाह रथ चढ़े ॥ १८ ॥ नेपालनाथका फौजको अगाड़ि लागेका, शत्रुरूपी समुद्रमा वड़वानलजस्ता भएका, बन्दूकका गोलीले शत्रुसमूहलाई जितेका श्रीशत्रुशाल हात्ती चढ़े ॥ १९ ॥ अनेकौं राजाहरूलाई जितेका शूरप्रतापका छोरा लड़ाका रणगञ्जन पनि शक्ति लिएर हुंकार गर्दै हात्तीमा चढ़े ॥ २० ॥ ढुङ्गामा साँध लाएका विषालु-विषालु बाणहरूले भरिएको ठोक्रो, ढाल, तरवार, धनु

---

(१) मृगका जस्ता आँखा भएकी।

---

* घोड़ाका आस्कन्दित, धौरितक, रेचित, वल्गित, प्लुत नाउँ गरेका पाँच प्रकारका गति हुन्छन्। "हेर्नु, सुन्नु केही नगरेर घोड़ाको दौड़ाइलाई 'आस्कन्दित' भन्दछन्। सोझो मध्यम चालको हिंड़ाइलाई 'धौरितक' भन्दछन्। मध्यम चालको घुमेर हिंड़नलाई 'रेचित' भन्दछन्। अघिल्लो भाग खुब उचालेर हिंड्नलाइ 'वल्गित' भन्दछन्। फ़ौर दौड़नलाइ 'प्लुत' भन्दछन्।"

(पं० कुलचन्द्र गौतम : अमरकोष, पृ० २६७।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिएका; जामाले जीउ ढाकिएका वीर विजयसिंह ठूलो हात्ती चढ़े ॥ २१ ॥ एउटै भान्सामा सधैं महाराजाधिराजका दाजुभाइहरू पनि क्रमैसंग हात्ती, घोड़ाहरूमा चढ़े ॥ २२ ॥ एकै धर्म भएका, युद्धमा यश कमाएका, ती काश्यप गोत्रका दाजुभाइहरू पनि राजाको रथ हेर्दै क्रमैसंग हात्ती, घोड़ा चढ़े ॥ २३ ॥

[मन्त्री (काजी) हरू]

रातो तल्लो ओठ टोकेर रीसले सयौं चोटि हुंकार गर्ने भएका, आँखा लाल-लाल भएका यी दामोदर फौजको अगाड़ि रथमा चढ़े ॥ २४ ॥

आफ्ना स्वामीको काजमा नै ज्यान दिएका, बोकेको काम पूरा पार्ने भएका पाँड़ेकुलमा श्रेष्ठ भएका गोरखाली राजाका मन्त्री यी जगजीत पाँड़े रथ चढ़े ॥ २५ ॥

जीउमा कवच लाएका, हतियार भिरेका, मन्त्रीमा श्रेष्ठ भएका यी शिवनारायण खत्री चाँड़ै महाराज रणबहादुरलाई ढोगी बलसंग रथमा चढ़े ॥ २६ ॥

पानको कसले दाँत राता भएका, ठूलो छाती भएका, वज्रजस्तो कठोर हात भएका, धनुले शत्रुसमूहलाई टुक्राएका अभिमानसिंह रथमा चढ़े ॥ २७ ॥

विषालु-विषालु बाणले भरिएको ठोक्रो पिठ्यूँमा झुण्ड्याएका, बायाँ हातले धनु लिएका, खिस्स हाँसिरहेका, धौकलसिंह लड़ाइँ गर्ने इच्छाले रथमा चढ़े ॥ २८ ॥

सुनका कुण्डल लाएका, कपाल सिंगारेका, बीचमा पन्ना मिसिएको मोतीको हार गलामा लाएका, बलियो सारथिले हाँकिएको रथमा बसेका योद्धा जहरसिंहलाई हे प्यारी, तिमी पनि हेरन ॥ २९ ॥

धनु, छुरी, ढाल, तरवार लिनाले राम्रो सुहाएका यी रणजीत पाँड़े आफ्ना स्वामीका कार्यका लागि ज्यानको माया मारी रथ चढ़ी लड़ाइँमा हिंड़े ॥ ३० ॥

"सपरिवार कुमाउँका राजालाई बाँधेर गोरखा प्रभुको पाउछेउ दाखिल गर्नेछु" भन्ने अठोट गरी सिपालु मन्त्रीका भाइ शूरवीर हात्ती चढ़े ॥ ३१ ॥

"जुम्लाका राजाका जुल्फी उखेल्नेछु" भन्दै रीसले चूर भई नारी निमोठ्तै हात्तीमा चढ़ी रणवीर लड़ाइँमा जान लागे ॥ ३२ ॥

[सेनापति (सरदार) हरू]

"महाराज, श्रीनगरका (गढ़वाली) राजालाई टुप्पीमा समातेर ल्याउनेछु" भन्ने प्रतिज्ञा गरी यी सेनापति गोलब्बा हात्तीमा चढ़े ॥ ३३ ॥

खुँड़ा* र ढालले डर लाग्दो जीउ भएका, लड़ाइँको मैदानमा पीठ नफर्काउने आफ्ना

---

* कविले संस्कृतमा 'भुज्यालिका' भन्ने शब्द प्रयोग गरेका छन्। 'भुज्यालिका' भनेको खुँड़ा होला भन्ने हाम्रो अड्कल छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पट्टिका सिपाही पछि लाएका, हातमा धनु लिएका यी सेनापति प्रवल राना हात्तीमा चढ़े ॥३४॥

मत्ता हात्तीका पीठमा बसेका, आफ्ना दाजुभाइलाई ढाड़स दिएका, शत्रुरूपी जङ्गल डढ़ाउन आगोजस्तो भएका सेनापति रणभञ्जन मल्ल यिनै हुन्, चिनिराख ॥३५॥ जसवन्त नाम भएका यी सेनापति माहुतेले खुट्टाका इशाराले सधाइएको, राता आँखा भएको, हिमाल पर्वतजस्तो दँतार हात्तीमा चढ़े ॥३६॥ (आफ्ना) बोलीवचनले दाजुभाइहरूलाई ढाड़स दिएका, काला लामा दाह्री-जुँगाले डर लाग्दो मुख भएका यी वीर अमरसिंह थापा कालो हात्तीमा चढ़े ॥३७॥

हातमा ढाल र तरवार लिएका, सबै राजालाई जित्ने (रणबहादुर)का फौजको एक भागको तैनाथवाला यी भारत भरखर उदाएका चन्द्रमाको चाँदनीजस्तो राम्रो दाँत भएको, लाल आँखा भएको हात्तीमा चढ़े ॥३८॥

एक हातले तरवार लिएका, अर्को हातले वड़ेमाको ढाल वोकेका, तानामाना कसेका, कवचले जीउ ढाकेका, टाउकामा पगरी बाँधेका, छिटो-छिटो हिंड्ने, हात्तीमा चढ़ेका योगनारायण पनि गए ॥३९॥ निधारमा ठाड़ो सुर्के चन्दन लाएका, वज्रजस्तो साह्रो कवच लाएका, शस्त्र (हतियार चलाउन)मा र शास्त्र (पढ्ना)मा सिपालु भएका ब्राह्मणहरू पनि आफ्नो-आफ्नो इच्छा लागेको हात्ती, घोड़ाहरूमा पालैसंग चाँड़ै चढ़े ॥४०॥

"म धनुको ताँदोले बाँधेर डोटीका राजालाई फौजको अगाड़ि ल्याउनेछु" भनी वारम्वार यही मनमा अठोट गरी भक्ति थापा हात्तीमाथि चढ़े ॥४१॥

उमेरमा पट्ठा पट्ठा भएका, तेजमा सूर्यजस्ता भएका, लामा-लामा काला दाह्री-जुङ्गाले डर लाग्दो मुख भएका, ब्राह्मणवंशमा पैदा भएका, हतियार भिरेका खशहरू क्रमैले हात्ती घोड़ा चढ़े ४॥२॥

सिंहको जस्तो मुख भएका, पलाशको फूल जस्तो (रातो) रङ्ग भएका, आँखाको छेउ-छेउसम्म विभूत घसेका, घाँटीमा रुद्राक्षको माला लाएका यी मगरहरू घोड़ा चढ़ेर हिंड़े ॥४३॥

खुँड़ा, खुकुरी, तरवार, वञ्चरो, धनुवाण लिएका, पगरी लाएका, कवच लाएका, डर लाग्दो जीउ भएका यी मगरहरू हिंड़े ॥ ४४ ॥ बयरको दानाजस्ता राम्रा गाला भएका, धेरैजसो निधारमा रातो चन्दनको बाटुलो टीका लाएका, कवच लाएका, खेर नजाने वाण लिएका वौद्धमार्गी गुरुङ्हरू पनि घोड़ा चढ़ेर हिंड़े ॥४५॥

निधारमा सिन्दूरको थोप्ले टीको लाएका, छ्याकटे-छ्याकटे मुख देखिएका,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठोक्राका बाणहरू हान्न सिपालु भएका नेवारहरू पनि घोड़ा चढ़े ॥४६॥ सिंहको जस्तो गर्जना गर्ने भएका, उनी लुगा लाएका, हँसीलो मुख गरेका, शत्रुलाई थर्काउने भएका यी तिलङ्गाहरू* महाराजाधिराज रणबहादुर शाहको झण्डालाई हेर्दै फौजको दाँया-बायाँ, अगाड़ि-पछाड़ि पनि हात्ती-घोड़ाहरूको रक्षा गर्दै फौजको पछि-पछि लागे ॥ ४७ ॥

दुःखरूपी समुद्रको डर लाग्दो आवाज गर्ने छालमा परेर छटपटाइरहेका मानिसलाई बुझाइदिने भएका, दयाले मन भिजेका, वीरलाई जित्ने, मगरवंशी देवदत्त थापा असल हात्तीमा चढ़ेर लड़ाइँमा हिंड़े ॥ ४८ ॥

अरू सिपाहीहरू पनि आफ्ना-आफ्ना रथ, हात्ती, घोड़ामा चढ़े । पैदल हिंड़ने सिपाहीहरू पछि-पछि लागे । हे घमण्डी, पृथ्वी कँपाउने फौज हेर, हेर ।

नटी—यो फौज कति जातका मानिसहरूले चढ़ेको छ ?

सूत्रधार—प्यारी, महाराजाधिराजको वंशमा जन्मेका, एकै भान्सामा बसेर खाने, लड़ाइँमा उहाँको हित गर्ने शाहहरू नौ सय छन् । एकै गोत्रका अरू शाहहरू-चाहिं दश हजार छन् । नौ हजार घोड़ा छन् ॥४९॥

रथमा चढ़ेका, क्षत्रियधर्ममा लागेका ब्राह्मणहरू पन्ध्र सय छन् । ठूलो पराक्रम भएका बौद्धमार्गी गुरुङ्हरू पैंतीस हजार छन् ॥५०॥

वीर-वीर खशहरू नब्बे हजार छन् । नेवारहरू दश हजार छन् । राम्रो आङ् भएकी हे सुन्दरी, लड़ाइँ गर्ने सिपालु भएका बलिया-बलिया मगरहरू पचास हजार छन् ॥५१॥

समुद्रको फींज, चन्द्रमा, हिउँजस्तो सेता-सेता दाँत भएका मदजल चुहाइरहने हात्ती पाँच सय छन् । तिलङ्गा वीरहरू एक लाख छन् । कवचले जीउ ढाकेका, काँधमा हालेका बन्दूकले सुहाएका यी सबै तिलङ्गाहरू युद्धको मैदानमा नाच्तछन् । एक सय गाड़ा छन् ॥५२॥ डोलीमा चढ़ेर हिंड्ने एक्काइस सय छन् । आठ सय निशान छन् । धनुर्धारी तीस हजार छन् । असी जना पालकी चढ्ने छन् । त्यस्तै अरू वैश्य, शूद्र ता सयौं छन्, तिनीहरूको संख्यैको अत्तोपत्तो पाइँदैन । हे प्यारी, राजाहरूमा टीकाजस्ता महाराजाधिराजको छाउनीलाई हेर, हेर ॥५३॥ यहाँ सय तोप, सय नाउ, तीस हजार पाल छन् । प्यारी, यो संख्या सिपालु मानिसले बताएका हुन् ॥५४॥

* तिलङ्गाको बारेमा उपोद्घातमा हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नटी—शङ्का हटाइदिने हे स्वामित, ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, वर्णसंकर, चाण्डाल र अरू उपजाति पनि हुन्छन् भन्ने कुरा मैले बूढापाकाहरूबाट सुनेकी थिएँ। परन्तु तिलङ्गा भन्ने त यो अपूर्व कुरा तपाईंले अहिले भन्नुभयो। यी तिलङ्गा भनेका यौता, दैत्य, दानव, राक्षस, मनुष्यहरूमा कसका सन्तान हुन्? (यस्तो भनी धर्मशास्त्रको आधारमा सम्पूर्ण मनुष्यजातिको विवेचना गर्छे।)

ब्राह्मणले विवाह गरेको ब्राह्मणकी छोरीमा ब्राह्मणले जन्माएको छोरो ब्राह्मण जातको हुन्छ। यज्ञ गर्नु-गराउनु, पढ्नु-पढाउनु, दान गर्नु, दान लिनु पनि ब्राह्मणको वृत्ति हो। क्षत्रियले विवाह गरेको क्षत्रियकी छोरीमा क्षत्रियले जन्माएको छोरा क्षत्रिय जातको हुन्छ। गाई, ब्राह्मण, प्रजाको पालना गर्नु क्षत्रियको धर्म हो। वैश्यले विवाह गरेको वैश्यकी छोरीमा वैश्यले जन्माएको छोरो वैश्य जातको हुन्छ। खेती गर्नु, व्यापार गर्नु पनि वैश्यको वृत्ति हो। शूद्रले विवाह गरेको शूद्रकी छोरीमा शूद्रले जन्माएको छोरो शूद्र जातको हुन्छ। तागाधारीको सेवा गर्नु शूद्रको वृत्ति हो।

क्षत्रियकी छोरीमा ब्राह्मणले पैदा गरेको छोरो मूर्द्धाभिषिक्त जातको हुन्छ। यसको क्षत्रियधर्मअनुसारकै वृत्ति र रोगीको औषधि गर्ने (वैद्य) वृत्ति पनि हो। वैश्यकी छोरीमा ब्राह्मणले जन्माएको छोरो अम्बष्ठ जातको हुन्छ। त्यसको खेती गर्नु, व्यापार गर्नु आमाको जातकै धर्मवृत्ति हो। शूद्रकी छोरीमा ब्राह्मणले जन्माएको छोरो निषाद जातको हुन्छ, त्यो पारशव पनि कहिन्छ। त्यसको माछा मार्ने वृत्ति हो। वैश्यकी छोरीमा क्षत्रियले जन्माएको छोरो माहिष्य जातको हुन्छ, त्यो रथकार पनि कहिन्छ। त्यसको व्रतबन्ध आदि कर्म चल्छ। नाच-गान गर्नु, राजाको धनरक्षा गर्नु पनि यसको वृत्ति हो। शूद्रकी छोरीमा क्षत्रियले जन्माएको छोरो उग्र जातको हुन्छ। राजाको किल्लाको, खोपीको, भट्टीको पनि रक्षा गर्नु, ब्राह्मणको पूजा गर्नु पनि यसको वृत्ति हो। शूद्रकी छोरीमा वैश्यले जन्माएको छोरो करण जातको हुन्छ। यसको पनि किल्लाको, खोपीको, भट्टीको रक्षा गर्ने नै वृत्ति हो। यति अनुलोमजाति हुन्।

वैश्यकी छोरीमा शूद्रले जन्माएको छोरो आयोगव जातको हुन्छ। यसको नीच कर्म वृत्ति हो। क्षत्रियकी छोरीमा शूद्रले जन्माएको छोरो क्षत्ता जातको हुन्छ। यो स्थपति जातको पनि हुन्छ। क्षत्ताको शिकर्मी (काठको) काम वृत्ति हो। स्थपतिको चाहिं लोहकर्मी (ढुङ्गाको) काम वृत्ति हो। यिनको कामअनुसार नाम रहन्छ। जात एउटै हो। ब्राह्मणकी छोरीमा शूद्रले पैदा गरेको छोरो चाण्डाल जातको हुन्छ। यसको मल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाटो सफा पार्ने वृत्ति हो। क्षत्रियकी छोरीमा वैश्यले जन्माएको छोरो मागध जातको हुन्छ। यो वन्दी जातको पनि हुन्छ। यसको राजाको प्रशस्ति गाउने वृत्ति हो। ब्राह्मणकी छोरीमा वैश्यले पैदा गरेको छोरो वैदेह जातको हुन्छ। राजाको किल्ला आदिको रक्षा गर्ने त्यसको वृत्ति हो। ब्राह्मणकी छोरीमा क्षत्रियले जन्माएको छोरो सूत जातको हुन्छ। यसको सारथिकै वृत्ति हो। यति प्रतिलोम जाति हुन्।

उग्रकी छोरीमा ब्राह्मणले पैदा गरेको छोरो तल्लो अम्बष्ठ जातको हुन्छ। त्यसको नीचकर्म वृत्ति हो। तल्लो अम्बष्ठकी छोरीमा ब्राह्मणले जन्माएको छोरो आभीर जातको हुन्छ। राजाका गाई-भेड़ा-बाखाहरूको पालना गर्ने त्यसको वृत्ति हो। क्षत्रिय कन्यामा वैश्यले जन्माएको सन्तान चुचुक जातको हुन्छ भन्ने अर्को पक्ष पनि छ। जलमार्ग र स्थलमार्गको रक्षा गर्नु, राजदूतको कार्य गर्नु, कीर्ति फैलाइदिनु पनि त्यसको धर्मवृत्ति हो। सगोत्रकन्यामा सगोत्रले पैदा गरेको छोरो विधिचाण्डाल हुन्छ। त्यसको नीचकर्म वृत्ति हो।

सोह्र वर्ष नाघेका ब्राह्मण, बाईस वर्ष नाघेका क्षत्रिय, चौबीस वर्ष नाघेका वैश्य यदि व्रतबन्ध भएका छैनन् भने पतित हुन्छन्। व्रात्य भनेका यिनै हुन्। ब्राह्मणकन्यामा व्रात्यब्राह्मणले पैदा गरेको सन्तान भृज्जकण्टक जातको हुन्छ। क्षत्रियकन्यामा व्रात्य-क्षत्रियले जन्माएको सन्तान अन्नासन्न, नट, खश, द्रविड़ जातका हुन्छन्। वैश्यकी छोरीमा व्रात्यवैश्यले जन्माएको सन्तान सुधन्वा, आचार्य, कारुष, विजन्म, मैत्र जातका हुन्छन्। ब्राह्मणकी छोरीमा भृज्जकण्टकले पैदा गरेका सन्तान अवन्त्य, वाटधान जातका हुन्छन्। शूद्रकी छोरीमा निषादले जन्माएको छोरो पुष्कस जातको हुन्छ। पुष्कसकी छोरीमा निषादले जन्माएको छोरो श्वपाक जातको हुन्छ। राजाको हुकूमले प्राणी मार्ने यसको वृत्ति हो। निषादकी छोरीमा शूद्रले पैदा गरेको सन्तान कुक्कुट जातको हुन्छ। त्यसको माछा मार्ने वृत्ति हो। उग्रकी छोरीमा क्षत्ताले जन्माएको छोरो श्वपाक हुन्छ। आयोगवकी छोरीमा निषादले जन्माएको छोरो कैवर्त्त हुन्छ। यसको माझीको वृत्ति हो। ब्राह्मणकी छोरीमा सवर्ण नाठोले जन्माए-को छोरो कुण्ड हुन्छ। ब्राह्मणी विधवामा सवर्णले जन्माएको छोरो गोलक हुन्छ। तिनको व्रतबन्ध गरेर सन्ध्योपासनसम्म हुन्छ। पूजाहारी काम आदि तिनको वृत्ति हो। निषादकी छोरीमा चाण्डालले जन्माएको छोरो अन्त्यावसायी जातको हुन्छ। त्यसको श्मशान कुरेर कात्रो बटुल्ने वृत्ति हो। अम्बष्ठकी छोरीमा वैदेहले जन्माएको छोरो वेण हुन्छ। राजाको दमाह बजाउनु त्यसको वृत्ति हो। आयोगवकी छोरीमा दस्युले जन्माएको छोरो सैरन्ध्र जातको हुन्छ। शिकार गर्नु, सर्प मार्नु पनि त्यसको जीवन-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वृत्ति हो। सुत्केरी भएका राजस्त्रीहरूको ढोकामा पालो बस्नु पनि सैरन्ध्रको काम हो।

(यति भनी नटी चूप भई।)

विदूषक—(सभामा पसेर राजालाई ढोग्यो, अनि सभामा सबैतिर आँखा लाएर दुइ हातले तिघ्रा उठाएर उफ्रेर बेसरी खित्का छोड़ी-छोड़ी हाँस्यो र भन्न पनि लाग्यो।)
ओहो, यिनलाई तर्साउने, छिद्र फेला पार्ने काममा मेरा कति वर्ष बितेका थिए! वल्ल, आज मेरो मनको धोको पुग्यो। त्यसैले म धन्य रहेछु, धन्य। ए बहादुरकी स्वास्नी, त्यसको वृत्तान्त सुन –
समुद्रका कीनारामा लंका नाउँ गरेको एउटा सुनैसुनको शहर छ। त्यहाँ राक्षसकुलका मालिक बिभीषण नाउँ गरेका राजा छन्। तिनले आफ्ना दाज्यू रावणका वैरी रामचन्द्रलाई खोज्न र भारतवर्षको सबै छिद्र पैल्याउन पनि पठाएका तिलङ्गा बङ्गालमा आइपुगे। तिनीहरू नै यतातिर पनि आए। राक्षसका सेवक यी (तिलङ्गा) राक्षसै हुन्। यसमा सन्देह छैन।

नटी—ओहो, विदूषक, यो के उदेक लाग्दो कुरा? त्रेतायुगको अन्त्यमा द्वापरयुगका आदिमा रामावतार भएथ्यो। कान्छी आमा कैकेयीले गर्दा राम पत्नीका साथमा वन गए। दण्डकारण्यमा पुगे। पछि एकदिन मृगको रूप लिएको मायावी मारीचलाई मार्न भाइसमेत रामचन्द्र वन पसे। पर्णकुटीमा एक्लै परेकी सीताजीलाई लङ्काको राजा रावण राक्षसले हरेर लग्यो। अनि रामको विरहले छटपटाएकी 'राम', 'राम' भनी विलाप गर्दी ती सीतालाई रावणले आकाशमार्गले लगेर अशोकको बगैँचामा राख्यो। परस्त्री हरण गरेको बापतमा रावण मारियो। त्यहाँबाट सीता र लक्ष्मणका साथमा रामचन्द्र अयोध्यामा आए। त्यहाँ राज्य गरेर वैकुण्ठधाममा गए। यस्तो रामायणको कथा मैले अघि पण्डितहरूको मुखारविन्दबाट सुनेकी थिएँ। अहिले कलियुगमा कहाँ छन् रामचन्द्र?

विदूषक—रामचन्द्रका सन्तानलाई खोज्न आएका होलान्। के रामचन्द्रका सन्तानै छैनन् र? परशुरामले पृथ्वीमा क्षत्रियहरूलाई मास्नसम्म मासेका थिए भन्दैमा के पृथ्वीमा क्षत्रिय नै रहेनन् र? पहिलेभन्दा झन् बढ्ता क्षत्रीहरू पैदाभए। कर्णले, दधीचिले, बलि राजाले, मरुत्त राजाले पनि दारिद्र्य हटाएका थिए भन्दैमा के संसारमा दारिद्र्य हट्यो? संसार यस्तो गरीब देखिन्छ ॥५५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नटी—भइगयो। समुद्रको पारीपट्टि बसेका राक्षसहरू आकाश छुने बड़े-बड़े छाल चलेर धमीलो भएको; तिमिंगिल, राघव, गँगटा, कछुवा, गोही, भयङ्कर मकर, शंख-शिपीहरू छ्यासमिस भएको; पाताल पुगेका सयौं भुमरीहरूले डर लाग्दो भएको चार सय कोश फैलेको गहिरो समुद्र कसरी तरेर आए त ?

विदूषक—राक्षसले समुद्र नाघे भँन्ने कुरामा केको शङ्का नि ? राक्षसहरू त दिनका दिन आवतजावत गर्छन्।

नटी—त्यसो भए तिनीहरू के काम गर्छन्, कस्तो खाना खान्छन् ?

विदूषक—रातभरी कुक्कुर, छुछुन्द्रा, गधा, छेपारा, बाँदर, भालु, स्याल, भेड़ा, बिराला, ऊँट, काक, गिद्ध, मान्छेहरूलाई खोज्दै हिंड्छन्। जब (बिहानीपख हुन्छ) चन्द्रमा अस्ताचलमा पुग्छन् तब यी सबै मिलेर रगत पिउन थाल्छन्, हाड़सहितको काँचो मासु त केही बेरै नमानी चबाउँछन्।

नटी—आमै, अपवित्र त्यस्तो मासु पनि कसरी खान्छन् ? तिमी त फटाहा कुरा गर्छौ क्या र !

विदूषक—ए सुन्दरी, राक्षसहरूको सम्प्रदाय नै यही छ। त्यसमा पनि यदि कुनै तरुणीको मुटु भेट्टाए भने त अमृतबराबरै ठान्छन्।

नटी—(हत्तरपत्त सूत्रधारलाई अँगालेर) हे वीर, यहाँ बस्नु ठीक छैन। भनेको पनि छ—जहाँ राक्षसहरू हिंड़छन्, सर्प आदि गरेका कीरा फटेंग्रा हिंड्छन्, भूत-प्रेत पनि घुम्छन्, त्यस ठाउँमा पक्का पनि ज्यानको खतरा हुन्छ ॥ ५६ ॥ यहाँ यताउति यी मांसाहारी तिलंगा दगुर्छन्। त्यसकारण अर्कोतिर जाइहालौं।

सूत्रधार—ए सुन्दरी, कुनचाहिं स्वाँठले तिमीलाई छक्याइदियो ? तिलंगा भनेका राक्षस होइनन्। भारतवर्षमै जन्मेका मनुष्य पो हुन् ती त। हे मृगाक्षी, लौ सुन—टाउकामा कालो पगरी बाँधेका, सधैं फायर-फायर-फायर भनिरहने, बन्दूकबाट छुटेका गोलीले शत्रुहरूलाई सिद्धयाउने, सधैं एक गोल भएर हिंड्ने यी तिलङ्गा देवता, दैत्य, दानव, राक्षसमा कुनैका पनि सन्तान होइनन्, मांसाहारी पनि होइनन्, अन्न खाने सच्चा मनुष्य नै हुन् ॥५६॥

(सूत्रधारको यो वाक्य सुनेर सबै निस्के।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको चतुर्थ कल्लोल सिद्धियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाँचौं कल्लोल

वीणा, तबला, बाँसुरी, काँस्य (काँसका बाजा = झ्याली आदि) यी चार किसिमका थुप्रा बाजाहरू आनन्दसँग मानिसहरूले) बजाए। फेरि यी नटी, विदूषकहरू र राम्रो पोसाक पहिरेका पात्रहरू पनि राम्रो कान्तिपुर शहरमा महाराजाधिराजकी पटांगिनीमा निःशङ्क भई घुम्न थाले ॥१॥

सूत्रधार—ए असल स्वभाव भएकी, अघि थालेको कुरा भन्न लागें, एकाग्र भई सुन।

सम्पूर्ण पर्वत देशका राजाहरूमा चक्रवर्त्ती, लड़ाइँभिड़ाइँ गर्न खूप तम्सने महाराजाधिराज रणबहादुर शाहको निशान हेर, हेर।

सिन्दूरले रातो रङ्गाएको गणेशका चरणकमलले, देवीको नमस्कारले, हातमा कुश लिएका, वेद पढ्ने ब्राह्मणहरूले, अनेक शंखको आवाजले, चमेलीका मालाले बाँधिएका, कन्याले हातमा लिएका सुनका घड़ाहरूले पनि युक्त भएको यो महाराजाधिराज रणबहादुर शाहको निशान रणयात्रामा सुहाइरहेछ ॥२॥

ए चञ्चल आँखा भएकी, धेरै सुनले भरिएका ढुकुटीहरूद्वारा चढ़ेको ठूलो घमण्डले अन्धो भएका भोट देशको टीकाजस्तो राम्रो लासा शहरका राजाबाट आफ्ना बाहुबल, पराक्रमले पचाश हजार चाँदी (रुपियाँ) वर्षेनी कररूपमा लिनाले फैलिएको कीर्तिले सारा पृथ्वीमण्डल उज्यालो पार्ने महाराजाधिराज रणबहादुरको लड़ाइँ जाने वेलामा लायक भएका मङ्गलका सामानहरूले युक्त भएको निशान हेर, हेर।

तरुण कोईलीको जस्तो मधुर बोली भएका दरबारका केटीहरूका गानाको आवाजले, दुष्ट स्थानमा बसेका ग्रहको दोष मेट्न गरेको सुन दानले, माग्नेलाई अन्न दिनाले, जीउ गलेका वृद्धहरू र बालकलाई खुशी तुल्याउनाले पनि महाराजाधिराज रणबहादुरको निशान रणयात्रामा सुहाइरहेछ ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हँसिलो मुख भएकी हे सुन्दरी, सारा ब्रह्माण्डको गोलमा आवाज नछेकिने यी चार किसिमका बाजाका गम्भीर आवाजले दिशा-विदिशा घन्काउँदै महाराजाधिराज रणबहादुर शाह देवको सवारी हुँदैछ। उहाँको अगाडि रहेको यो निशानलाई हेर, हेर।

भ्वाँ भ्वाँ आवाज गर्ने नगरा, बाँसुरीहरू, दमाईका हातका नङहरूद्वारा बजाएका त्रिन् त्रिन् आवाज गर्ने वीणा, घन (झ्याली आदि) मेघको जस्तो गम्भीर शब्द गर्ने भएका, शत्रुसमूहलाई थर्काउने यी चार किसिमका बाजाहरूले यो रणयात्रामा महाराजाधिराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥४॥

ए छरितो कम्मरवाली, पाँच किसिमका रङ्गले रँगाएका अनेकन ध्वजा-पताका टाँगिएका रथहरूले, वायुवेगका मद्र देशका घोड़ाको बथानले पनि युक्त भएको यो निशानलाई फेरि पनि हेर, हेर। जस्तै—

अत्यन्तै छिटो हिंड्ने भएका, असल टाप भएका, घाँटीमा बाँधेका घण्टाको गहिरो आवाजले रसाएका, राम्रोसँग हिहिलिने भएका असल-असल घोड़ाहरूले र रथमा टाँगेका नीला, पहेंला, राता, सेता, हरिया झण्डाहरूको भरभरभर आवाजले पनि रणयात्रामा रणबहादुर शाहको निशान सुहाइरहेछ ॥५॥

हे चन्द्रमुखी (चन्द्रमाजस्तो मुहार भएकी), गाईको दूध, समुद्रको फींजजस्तै सेता दाँतवाला हात्तीका बथानको कराइले युक्त भएको, छाता डोलाउँदा, चमर हम्कँदा आएको हावाले हल्लिइरहेको निशान हेर, हेर।

मत्ता-मत्ता हात्तीहरूका पिठ्यूँमा बसेको माहुतेले लात्तले हान्दा लाज मानेका हात्तीहरूको कराइले, हिमालका चमरी गाईका चामरहरूको हम्काइले, ताराजस्ता छाता डोलाउने काममा सिपालु भएका पछिल्तिर रहेका चोबदारहरूले पनि युक्त भएको यो महाराजाधिराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥६॥

हातमा कोर्रा लिएको, खूप शूरो, तुङ्गल नाम भएको सारथिले वायुको जस्तो वेग भएका रथका घोड़ा हाँक्यो ॥७॥

त्यसपछि शकुनशास्त्रको रफत गरेका नेपालका महाराजाधिराज रणबहादुर शाह वरिपरि दृष्टि दिंदै शगुन-अशगुनको ख्याल गर्दै बिस्तार-बिस्तार निस्कनुभयो। चतुरंगिणी सेना पनि उहाँको पछि लागे।

बाच्छोसहितको गाई, दही, मह, चाँदी, भरीगाग्रा, ब्राह्मण, काँचो मासु, घीउ, गहना लाएकी वेश्या, सुन, सर्सिउँ, बल्दो आगो, हात्ती, घोड़ा, साँढ़े यी शगुन दिने चीज-हरूलाई देवताका प्रसादले सामुन्नेमा देख्ता राजाले मुख हँसिलो पार्नुभयो ॥ ८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिपाहीहरू पनि सेतो छाता, अक्षता, सेतो फूल, ध्वजा-पताका, धनु, बाघ, मत्ता हात्ती, घोड़ा, मयूर, माछो, सर्सिउँ, कन्या, सेतो साँढ़े, पन्ना, बज्दा नगरा, तबला, सिंह, बेल, हतियार (यी शगुनका चीज) देखेर खुशी भए ॥ ९ ॥ पौरकन्या (शहरका कन्या)हरूले पनि दूवाका अङ्कुर, चन्दनका छिटा, जमरा, कुङ्कुम मिलाएका दही-अक्षता, मङ्गल दिने धानका लावाहरू, सड़कमा उहाँ महाराजाधिराजमाथि बर्साए ॥ १० ॥ मगमग बास्ना आउने कस्तूरीका छिटा, वासन्तीका फूलहरू, फुलेका सेता कमलका थुङ्गाहरू पनि सड़कमा उहाँ महाराजाधिराजमाथि पौरकन्याहरूले बर्साए ॥ ११ ॥ चिलाउनेको फूल, चमेली, तुलसी, जयन्ती, केतकी, अशोक, आँक, जपाकुसुम, आँपका (मुजुरा)हरूका मालाहरू, श्रीखण्डका छिटा, अगुरु, रचना पनि सड़कमा उहाँ महाराजाधिराजमाथि पौरकन्याहरूले बर्साए ॥ १२ ॥ "यहाँ महाराजका मुमा, बुबा, संगी, बहिनीहरू पनि धन्य हुनुहुँदो रहेछ, धन्य ! राम्रा प्यारा यस्ता बालक महाराजलाई उहाँहरूले कसरी छोड्न सक्नुभयो होला ?" भन्दै आइमाईहरू (आफूसमा) कुरा गर्छन् ॥ १३ ॥ यस्ता अनेक मङ्गलका उत्सवले सहित भएर महाराजाधिराज रणबहादुर शाह नेपाल शहरबाट पश्चिमतर्फ लाग्नुभयो । अनि विष्णुमती नदी तरेर राम्रो कीनारामा फौज राख्नुभयो । त्यहाँ रात बितेपछि (बिहान सबेरै) राजकुमार बहादुर शाह ब्युँझनुभयो र पूर्व दिशातिर हेरी दिगंगनाका सिउँदोको सिन्दूरको जस्तो शोभा भएका सूर्यका किरणलाई देखेर आवश्यक कर्म्म गरी; गुरु, गणेश, आफ्ना इष्ट देवतालाई पनि मनमा सम्झेर महाराजाधिराज रणबहादुरको नजीक गएर "हे महाराज, गङ्गाको जोड़ा लाग्ने भएकी यो विष्णुमतीमा स्नान गरिबक्सियोस्" भनी भन्नुभयो र सबैसँग गएर स्नान गर्नुभयो । जप, पूजा, भोजन पनि सिद्ध्याएर त्यहाँबाट ती सबै जना हिंड़े ।

सूत्रधार—हे चन्द्रमुखी, विजयको सूचना दिने यो निशानलाई हेर, हेर । गाड़ामा धन लादेर पछि-पछि आएका दानी यी रूप्याध्यक्षहरूले, लड़ाइँमा सिपाही-खर्चका लागि भारीका भारी रुपियाँ लिएका सन्तुष्ट भएका सुवर्णाध्यक्षहरूले, भँड़ारेहरूले, नोकरचाकरहरूले र अग्निहोत्री ब्राह्मणहरूले पनि युक्त भएको महाराजाधिराज रणबहादुर शाहको यो निशान सुहाइरहेछ ॥ १४ ॥ अरू पनि—कश्मीराका लुगा लाउनाले जाड़ो हटाएका, कुण्डलले मुख सुहाएका, गलामा मोतीको माला लाएका, हातमा बाजु लाएका, लाल माषा*, कर्ष, आढक, कुडव,† तुलो आदि जोख्ने-भर्ने

* ५ गुञ्जा (लाल) = १ माषा ।
१६ माषा = १ अक्ष वा कर्ष ।

† ४ कुडव = १ प्रस्थ
४ प्रस्थ = १ आढक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काममा सिपालु भएका अनेकन व्यापारीहरूले युक्त भएको महाराजाधिराज रण-बहादुर शाहको यो निशान सुहाइरहेछ ॥ १५ ॥
माली-मालिनीहरूले, छुरा-ऐना लिएका नाउहरूले, चित्रकारीहरूले, नाउ बोकेका माझीहरूले, पाल कस्नेहरूले, धेरै पान बनाउनेहरूले र आवतजात गर्नामा सिपालु भएका हातमा डण्डा लिएका चोरको चाल बुझ्ने पुलिसहरूले पनि युक्त भएको यो महाराजाधिराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥ १६ ॥
परस्परमा बाँधिएका कुक्कुरको बथान लिएका सिकारीहरूले, कौ-कामीहरूले, धेरै सिकर्मीहरूले, गधा चढ़ेका धोबीहरूले, सुनारहरूले, कुझालेहरूले, आरो लिएका सार्कीहरूले, पाशो हातमा लिएका सयौं शवरहरूले र तमौटेहरूले पनि युक्त भएको महाराजाधिराज रणबहादुर शाहको यो निशान सुहाइरहेछ ॥ १७ ॥
असल माटो छापेको सड़कमा हिंड्ने घोड़ाका खुरले उड़ाएको लड़ाईंमा पीठ नफर्काउने सबै सिपाहीका आँखा तिरमिर्याइदिने कुइरीमण्डल धूलोले, पहाड़जस्ता अग्ला, वज्रजस्ता बलिया, घुँघुँराका थुप्रा माला लाएका बग्गीहरूले पनि युक्त भएको महाराजाधिराज रणबहादुर शाहको यो निशान सुहाइरहेछ ॥ १८ ॥
लड़ाईंको बखतमा पनि हँसीलो मुख लाउने भएका, बग्गीले उड़ाएको धूलोले धुस्रे-फुस्रे जीउ भएका, तरवार भिरेका, हातले बीड़ समाएका, कम्मरपेटी बाँधेका, उत्क्षेप (माथि उठाउनु), आक्षेप (खिच्नु) गर्नालाई हातमा ढाल लिएका, रथमा आँखा लाएका, पैदल सिपाहीले युक्त भएको यो महाराजाधिराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥ १९ ॥ यसै हिसाबले हिंड़ेको त्यो फौज केही दिनपछि साँझसाँझमा चेपे नदीमा पुग्यो ।

(प्रस्तावना सिद्धियो ।)

(त्यहाँपछि बैरी राजाहरू पस्तछन् । मोक्ष पारिदिने हरिद्वारदेखि पूर्वका देशमा रहेका राजाहरूले नेपालविजयी महाराजाधिराज पृथ्वीनारायणका नाति रणबहादुर शाहका सेना पश्चिमतर्फ लागे रे भन्ने कुरा जासूसहरूद्वारा थाहा पाए । बलिया भएका ती सबै राजाहरूले मानससरोवरबाट पैदा भएकी सरयू नदीको कीनारामा जम्मा भएर सल्लाह गरे ।)

नटी—(मनमनै) तिनीहरूले मिलेर के गरे हुन् ! (सुन्ने गरी) कस्तो सल्लाह नि ?

सूत्रधार—(हाँसेर) चतुरी, कालको वशमा परिसकेकाको के सल्लाह हुन्थ्यो ? (खुशी भएर घुमेर हाँस्तै) ।

(नेपालका राजाका फौजलाई मधेसको बाटोबाट वा भोटको बाटोबाट वा सोझो बाटोबाट गएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हान्ने हो ? अथवा आफ्ना-आफ्ना किल्लाहरू बलियो पारेर यहीं बसौं, जब त्यो फौज आइपुग्ला तब हानौंला ? अथवा बलियासँग झगड़ा गर्नु भलो हुँदैन, आफ्नो देशको आमदानी हेरी त्यहीअनुसार कर लिई उनैको शरणमा जाऔं ? इत्यादि भनेर ती सबै राजाहरूको आफूस-आफूसमा ठूलो खलबल मच्चिन लागेको बेलामा—)

विदूषक—(घमण्डसाथ) राजा हो, लौ सुन्नुहोस् ! नेपालका महाराजाधिराज रण-बहादुर शाहको फौज आइपुग्यो। हे राजा हो, अब तपाईं हरू असल-असल कन्या, सुनका घड़ा, आगोले धुइने वस्त्र, हावासरी दौड़ने बाह्लीक देशमा पैदा भएका घोड़ाको बथान, हात्तीको बथान, रत्नका थैलाहरू पनि लिएर उहाँ महाराजाधिराज रणबहादुर शाहको शरण पर्न जानुहोस् ॥ २० ॥
अरू पनि—हे राजा हो, तपाईंहरू यदि बाँच्न चाहन्नुहुन्छ भने नेपाल देशका राजाको शरणमा चाँड़ै परिहाल्नुहोस् ! ढिलाइ गर्नाले काम बन्नेछैन ॥ २१ ॥

राजाहरू—हरे, दुर्भाग्य ! कस्तो दुर्भाग्य ! ए विदूषक, हामीलाई किन छेड़पेच हान्छौ ? सबै किसिमका हातहतियार चलाउनामा सिपालु भएका अनेकन सिपाही-हरूले युक्त भएका हामी लड़ीकन छाड्छौं। यसमा सन्देह छैन। यस्ता कातर कुरा किन फतफताउँछौ। ऊ त एउटा राजा ता हुन् नि। हामीहरू त अनेकन छौं। सहायता पाएको छ भने एउटा वीर पनि बलवान् हुन्छ, पानीसँग मिलेको धूलोलाई हावाले उड़ाउन सक्तैन ॥ २२ ॥ तिनलाई हामी एक छिनमै खतम पारिदिन्छौं। के डर देखाउँछौ ?

विदूषक—(खिस्स हाँसेर मनमनै) ए, यिनीहरूको चाल बुझियो। वनमा स्वाँसा आदि क्षुद्र जन्तु त अनेकन घुम्छन्। सिंह एक्लै भए पनि आनन्दसँग सुतिरहन्छ। (सुन्ने गरी) हे अधम राजा हो, शत्रु राजारूपी समुद्रमा वड़वानलको ज्वालामण्डल-जस्ता उहाँ गोरखा प्रभुसँग जोरी नखोज। चन्द्रवंशी महाराज नरभूपालका पनाति प्रभु (रणबहादुर)को दमाहाको ढ्वाङ्-ढ्वाङ् र ढुङ्-ढुङ् आवाज अगाड़ि नआउन्जेलसम्म त अज्ञानले गर्जौंला नि ! ॥ २३ ॥ भनेको पनि छ—चन्द्रमा नउदा-उन्जेल त जुनकिरीहरू चम्किरहन्छन्, जब जुन उदाउँछन् तब जुनकिरी बिलाउँ-छन्। कड़ा किरण लिएका सूर्य पूर्व दिशाबाट उदाएपछि त आकाशमा न जुनकिरी न ताराहरू नै चम्कन्छन्, न चन्द्रमाका किरण नै झल्कन्छन् ॥ २४ ॥ ठोक्राका सुख उघारी-उघारी छिटो-छिटो हातले झिकेर कालपृष्ठ, कर्णको धनु जस्तो धनुमा ताँदो चढ़ाई क्रमैले छुटेका बाणहरू शत्रुका चौकीमा, हात्ती-घोड़ाका बथानमा, रथको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थुप्रोमा बर्साउने भएका जितार-जितार वीरहरूले युक्त भएको महाराजाधिराज रण-बहादुरको निशान सुहाइरहेछ ॥ २५ ॥

जुम्ली राजा—(हाँसेर) ए विदूषक, नेपाले राजाको फौज कस्तो छ पहिले बता त ?

विदूषक—(खूप खुशी भएर घुमेर) राजा, चट्याङ्को आवाज आउने, असिना बर्साउने, इन्द्रेनी परिरहेको, बतास चलेको, बिजुली चम्केको, अन्धमुष्टि भएको, संसार ढाक्ने, दबाउन नसकिने, ग्रीष्मको* मेघको पङ्क्तिलाई सम्झ, उहाँको फौजको वर्णन गर्न त को सक्छ ?

जुम्ली राजा—(मनमनैमा) सबै थाहा छ । (सुन्ने गरी) जब नेपालका राजा लड़ाइँभिड़ाइँको आरम्भ गर्छन्, तब तिनका भारादारहरू छेर्न थालिहाल्दछन्, रिसाएर लड़ाइँ गर्न गइहाले भने पनि तरुणीहरू लिएर जान्छन् । ए कपटी, के मैले तेरो नेपाले राजाको चाला थाहा पाएको छैन र ? ॥ २६ ॥

विदूषक—(मनमनै , आफ्नो देशको दोषचाहिं लुकाएर अर्काका देशको दोषमात्र पो देख्तो रहेछ ए ! यहाँ केही जवाफ दिनैपर्‍यो । (सुन्ने गरी) ए महाराज, जसका त दुनियाँहरू आचार-विचारमा भ्रष्ट भएका छन्, चलाखी पनि तिनमा छैन, हिउँका थुप्राका नजीकैमा रहेको देशमा बसेका हुनाले हरबखत जीउ थरथर-थरथर कमाइरहन्छन्, एउटी स्वास्नीका धेरै पोइ हुन्छन्, घरैपिच्छे पिउने कुरा रक्सी छ। यस्तो आफ्नो देश हेर, अनिमात्र अर्काको दोष भन्ने गर ॥२७॥ अरू पनि—तिम्रा देशका ठिटीहरू हातमा शङ्ख लाएका, गलामा पुवाँलो लाएका, पाखी ओढ़ेका, लाहा, हरिताल, स्वाग, तामा, नून, ऊनहरूका भारीले सधैं थिचिइरहेका, आँखा-भरी टम्म चिप्रा टाँसिएका हुन्छन्, त्यस्ताले कमाइदिएका पैसाले तिमी व्यर्थै कति फूर्ती गर्छौ ॥२८॥

कुमाउँका राजा—(मनमनै) ए, नेपाले राजाको खूप ठूलो ऐश्वर्यको धाक लाउँछ ! कस्तो हाम्रो चाहिं कीर्तिलाई खोट लाउँछ ? (सुन्ने गरी) ए विदूषक, गोरखा देशका राजाका सबै सिपाहीको बल के मलाई थाहा छैन र ? तँ व्यर्थैमा

---

* ग्रीष्म ऋतुमा मेघको वर्णन गर्नु कालविरुद्ध हुनाले दोषमा गनिन्छ (दण्डीको काव्यादर्श ३।१६७–१६९) । तर हाम्रा कविले भने यहाँ र अन्यत्र पनि ग्रीष्म ऋतुमा मेघको वर्णन गरेका छन् । जेठ र असार ग्रीष्म ऋतु हुनाले र हाम्रो देशमा असारमा झरी पर्ने हुनाले पनि कविले यस्तो लेखेका होलान् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धेरै फतफताउँछस् । जस्तै—गोरखा पहाड़को राजधानीमा बस्ने सिपालु भएका श्रेष्ठ-श्रेष्ठ वीरहरूलाई पनि म चिन्दछु । ती सिपाहीहरू त बोटबाट ज्यामीरको दाना खसेको देखे पनि भागाभाग गर्दछन् ॥ २९ ॥

विदूषक—(हाँसेर) ए राजा, जुन देशमा दुनियाँले राजाको टाउको काट्छन्, राजाहरू विद्वान्हरूका पनि आँखा फोड़िदिन्छन्*, बाहुनहरू डोली बोक्तछन्, छोरीबेटीलाई बेच्तछन्, हे राजा, त्यस्तो देशलाई, त्यस देशका अविवेकी राजालाई पनि नमस्कार ॥३०॥ कुमाउँ आदि देशका राजा हो, उहाँ गोरखाका महाराजले नेपाल शहरका क्षत्रिय र राजाहरूका मध्येमा कसैलाई लड़ाइँमा मार्नुभयो, कसैलाई निकाल्नुभयो, कोही आफै भागे। आजभोलि दिनकादिन बढ्न लागेका हाम्रा राजा आफ्ना पराक्रमले कमाएको कान्तिपुर शहरमा आफ्ना कुटुम्बसाथ रहनुहुन्छ ।

डोटीका राजा—(रिसाएर) च्याउ, तामा, कोइरालो, कर्कलो, लशुन खाएर; पीना पिएर र रातदिन कोदाको रोटी खाएर बढ़ेका; कोदालो, खुकुरी, बन्चरोले तरुल, भ्यागुर खनेर सुखसँग जीवन निर्वाह गरेका; दाह्री-जुङ्गा नआएका हुनाले सधैं केटाकेटीजस्तै देखिएका; थेप्चो नाक भएका, खाँड़ी लाएका, हरे, आफ्नी मामाकी छोरीका पनि पोइ हुने भएका, ती मगर्नीका छोराहरूको फौज के मलाई थाहा छैन र ? हे मूर्ख विदूषक, तँ व्यर्थै किन फतफत गर्छस् ? ॥३१,३२,३३॥

विदूषक—(मन-मनै) यो राजा ता फुट्टी बुद्धि नभएको पो रहेछ । (सुन्ने गरी) गण्डस्थलमा भँमराहरू भन्किरहेका पाहाड़जस्ता हात्ती त जसका घरका आँगनमै बाँधिएका छन्, असल-असल घोड़ाहरू छन्, हे जङ्गली राजा, दिशा-दिशामा के-के छ के तिमीलाई थाहा छ ? कुवाको भ्याङ्भैं धेरै खाऊ, पेऊ ॥३४॥

डोटीका राजा—के म तेरा मुलुकको चाल बुझ्दिन र ? पितृका कव्यकार्यमा नचल्ने, सबै देवताको हव्यकार्यमा पनि नचल्ने, अत्यन्त नीच नाउ त तेरा मालिक राजाको कोषाध्यक्ष छ भने हे छिद्रान्वेषी, त्यस्ता तेरा राजाबाट कहिल्यै पनि लड़ाइँको केही डर छैन ॥३५।

विदूषक—(मन-मनै) यो राजा रक्सीले चूर भएको रहेछ । (सुन्ने गरी) ब्राह्मण-द्वारा देवताको पूजाआजा गर्छन्, पितृको श्राद्ध गर्छन्, ब्राह्मणलाई ढोग्छन्, खान

---

* यसको विशेष वर्णन उपोद्घातमा पनि हेर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नपाएका गरीबहरूलाई दिनकादिन खुवाउँछन्, हे राजा, तिम्रा देशमा पो नाउहरू गरीब हुन्छन्। ऊ त त्यस्ता होइनन्। शूद्रकुलमा जन्मेका भए पनि उनी अत्यन्त ठूला धनी छन्। नाउँ मात्तै त नाउ हो नि ॥३६॥

डोटीका राजा—रे अधम विदूषक, हाम्रा देशको छिद्र पैल्याउनालाई नेपाले राजाले पठाएको जासूस रहेछस् भन्ने कुरा मैले थाहा पाएँ। त्यसकारण यहाँबाट चाँड़ै निस्की।

विदूषक—सबैको उपकार होस् भनी झन् मैले प्रेमपूर्वक भनेको त यिनीहरूले उल्टो पो सम्झेछन्। यही त हो विपत्तिको कारण ॥ ३७ ॥ अरू पनि—दूध पिउनाले मानिसहरूको काम (मजा), तेज, बल, रूप, शरीर बढ्दछन्, त्यही दूध पिउनु सर्पको विष बढ़ाउने हुन्छ ॥ ३८ ॥ त्यस्तै—बुद्धिमान्ले झगड़ा परेकोसँग, स्वाँठसँग, घमण्डीसँग, गुण्डासँग, लाज-घीन पचेकोसँग कहिल्यै पनि मित्यारी नलाउनू ॥३९॥

(यस्तो मन-मनैमा विचार गरेर विदूषक निस्क्यो।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको पाचौं कल्लोल सिद्धियो।

छैठौं कल्लोल

(त्यहाँपछि कुमाउँ, जुम्ला, डोटी आदि देशका ती सारा राजाहरूले दलबलसहित भएर तीनै तापलाई हर्न सक्ने हिमालभित्र रहेको मुक्तिक्षेत्रमा जम्मा भएर फेरि सल्लाह गरे। "आउन लागेको त्यो नेपाली राजाको फौजलाई सोझै हान्नुपर्छ, वीरहरूको सम्प्रदाय यही हो" भन्ने नै सबैको निर्णय भयो। अनि सूत्रधार र नटी पस्तछन्।)

सूत्रधार—ए बाहुनीचराका जस्ता आँखा भएकी, आज हरिद्वारदेखि पूर्व, चेपेदेखि पश्चिमका सारा राजाहरूको नेपालका महाराजाधिराज रणबहादुर शाहसँग ठूलो लड़ाइँ भएको देखिन्छ।

नटी—हे नरश्रेष्ठ, आफ्ना बाहुबलले अनेकन ठूलठूला राजाहरूलाई जितेका नेपाल-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का राजाको फौजलाई त तपाईंका कृपाले हेरें। यी राजाहरूको फौज कस्तो छ, राजा कस्ता छन्, अहिले तिनीहरूलाई पनि देखाउनु होस्न।

सूत्रधार—(विस्तारसँग खुलाएर) गंगोली, मधेस, भोट-भोटान्तरका बासिन्दा, कार्की, फुर्त्याल, तड़ाकी, चउधरी, महरा, बोहरा, बोकटी, कठयित, महत थर भएका मानिसहरूको सात लाख फौजले युक्त भएका कुमाउँका राजा छाउनीमा रहेका छन्। प्यारी, तिनलाई हेर, हेर ॥१॥ आचार-विचार छोड़ेका; मजिठाले रङ्गाएका; पाखी ओढ़ेका; कठोर कछुवा,* तरवार, खुकुरी, बन्चरो हातमा लिएका, टाउकामा ठोक्रो बाँधेका; रक्सी पिएर आँखा घुमाएका; झलझल सुनजस्तो राम्रो मुख भएका; शाक्त, शैव, बौद्धमार्गीहरूको नौ लाख पचासी फौजको बीचमा रहेका जुम्लाका महाराजाधिराजलाई प्यारी, हेर, हेर। हिमालयमा रहेका दुर्गम तीर्थहरूमा जान लागेका गृहस्थी, ब्रह्मचारी वानप्रस्थ, संन्यासी आदि तीर्थयात्रीहरूले बाटोखर्चका लागि बोकेको अलिकता धन र लुगाफाटो लुट्नाले भएको पातकले पुण्य डढ़ेका, थोरै पराक्रम भएका क्षुद्र राजाहरूका पाँच लाख सेनाको बीचमा रहेका डोटीका महाराजाधिराजलाई प्यारी, हेर, हेर।

नटी—हे रक्षक, दुइ फौजको माझमा बस्नु ठीक छैन।

(यस्तो भनेर ती दुवै निस्के।)

राजाहरू—आफ्नो प्रतापको आगोको तेजले जाज्वल्यमान भएका नेपालका राजा रणबहादुर शाहको गद्दी खोस्ने इरादा हामीहरूले गरेका छौं। हाम्रो जीवन-मरण जे छ दैवकै अधीन छ। त्यसकारण नटी र नटको नाच-गान-बजान हेरौं।
(यति सल्लाह गरेर सबै राजाहरू नाच हेर्न लागे। त्यसै बखतमा—)

विदूषक—(सुन्ने गरी) ए बुद्धि नभएका राजा हो, लौ सुन। सज्जनहरू सत्कर्ममा धन खर्च गर्छन्, मूर्खहरू असत्कर्ममा धन खर्च गर्दछन्। जस्तै—दरबार बनाउनामा, शत्रु जित्नमा, यज्ञयागादिमा, तीर्थमा, पुराण सुन्नमा, ब्राह्मणमा, देवतामा, कीर्तिका काममा, आफ्ना बन्धुजनमा बुद्धिमानहरू धन खर्च गर्छन्। मूर्खहरूचाहिं जुवामा, खराब लतमा, रण्डीमा, भाटमा, भाँड़मा, कुवैधमा, नट्टुवामा,

---

* जुम्लाका मानिसहरू कछुवालाई ढालको काममा प्रयोग गर्छन् भन्ने कविको भाव होला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषवैद्यमा, रसायनको काममा धन खर्च गर्दछन् ॥ २ ॥ अरू पनि—दान नगरेका दोषले गरीब हुन्छ, गरीब भएको दोषले पाप गर्छ, पापले गर्दा घोर नरक पर्छ, फेरि गरीबै हुन्छ, फेरि पापीको पापी नै ॥ ३ ॥ त्यसकारण सत्पात्रमा दान गर्नाले धनी हुन्छ, धेरै धन भएपछि पुण्यकर्म गर्दछ, पुण्यको प्रभावले स्वर्ग जान्छ, अनि फेरि पनि धनी नै हुन्छ, भोगी पनि हुन्छ ॥ ४ ॥

राजाहरू—रे अधम गोठाला, गानाको रस तँलाई के थाहा छ ? गाना देवीले जस्तो कैलासवास गराउँछिन् त्यस्तो कैलासवास न गङ्गाले गराउँछिन्, न सरस्वतीले नै ॥ ५ ॥

विदूषक—तिमीहरूको अर्को उपायै छैन। त्यसउसले नेपालप्रभुकै शरणमा जाओ। ओहो, तिमीहरूको मन कस्तो भरमनाएको ?

(राजाहरू धत्तेरी-धत्तेरी भन्दै, नारी निमोठ्तै, दाह्रा किट्तै, सुन्ने गरी नथाभावी बोल्न लागे।)

राजाहरू—रे स्वाँठ, आफ्नो प्रतापको आगोको तेजले जसरी तेरा मालिक गोरखाका राजाले बढ़ेका बैरीलाई डढ़ाउँछन्, हामीलाई पनि त्यस्तै ठान ॥ ६ ॥ ऊ नेपालका राजा हुन्, हामी पनि पाहाड़-खण्डका ठूला बलिया राजा हौं। ऊ पनि क्षत्रिय हुन्, हामी पनि क्षत्रियै हौं, केही पनि फरक छैन ॥ ७ ॥ ए विदूषक, यहाँबाट निक्लिजा नत्र गलहत्याइदिउँला।

विदूषक—(मन-मनै) साँच्च नै यिनीहरू त बुद्धिहीन भएका रहेछन्। (सुन्ने गरी) यो वज्रजस्तो गलहत्याइदिने वाक्य तिमीहरूकै घोक्रामा चाँड़ै नै परिजाओस्। हे क्षत्रिय हो, एउटा कुरा सुन। क्षत्रिय हुँदैमा तिमीहरू उहाँसँग दाँजिन कदापि सक्तैनौ। छातीमा उम्रेका रौं रौं कहलाउँछन्। लौ भन त, तल्लो पेटमन्तिर उम्रेका रौंको के नाउँ हुन्छ ? ॥ ८ ॥ अरू पनि—

सबै शरीरमा वायु एउटै छ। मर्ने बेलामा ऊर्ध्वगतिले सोही वायुले स्वर्ग लैजान्छ। सोही वायुले मरणकालमा अधोगतिले नरकमा लैजान्छ। संसारमा मानिसको कारण वायु नै छ ॥ ९ ॥ अरू पनि—वीर राजारूपी समुद्रमा वड़वानलजस्ता भएका उहाँ गोरखाप्रभुलाई मान्छे भनी नठान। उहाँलाई जित्नखोज्छौ भने राजा हो, तिमीहरूको संसारमा हँस्सी उड्नेछ ॥ १० ॥

(विदूषकले भनेको यो कुरा सुनेर कुमाउँका राजाकी पटरानी वासन्तीले आफ्ना राजालाई भनिन्।)

वासन्ती—हे महाराज, असल दूत यो विदूषकले युक्तियुक्त भएको प्यारो कुरा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्‍यो । जो भएको धन-दौलथ अगाड़ि राखेर उनका पाउछेउ गई शिर झुकाइबक्सियोस् । घर, धन, दाजुभाइ, देशलाई, मलाई र फौज, नोकरचाकरहरूलाई पनि कालको मुखबाट जोगाइबक्सियोस् ॥ ११ ॥

कुमाउँका राजा — प्यारी, सुनका, शिलाजितका, सीसाका, अभ्रकका, चाँदीका, गेरूका, तामाका, फलामका, काँसाका, गन्धकका, पित्तलका, रत्नका, मनःशिलाका, राङ्गका खानीहरू पनि उनकै घरमा छन् । फेरि जसको घरमा दिनहुँ टक्सार चलिरहन्छन् भने उस्ता नेपालका राजालाई के असल द्रव्य दिऊँ ? ॥ १२, १३ ॥

वासन्ती — त्यसो हो भने महाराज, हजुर शरणमा जाने इच्छामात्र गरिबक्सिन्छ भने, थी रत्न जड़ेका कुण्डल, छातीमा लाएको उज्जवल मोतीको माला र हजुरलाई बादशाहले दिएको हजुरले पनि प्रेमले मलाई बक्सेको यो नौलाखी रत्नको हार लिइबक्सियोस् ॥ १४ ॥ अरू पनि—सुनका घड़ा, चाँदीका थाल, तामाका घड़ा, हात्तीका बथान, कम्बोज देशका घोड़ा (भोटे घोड़ा), कैयौं करोड़ रुपियाँ-पैसा घरमा छँदैछन् । यति छन् भन्ने साँधी छैन । यिनै धन दिई ऊ महाराजलाई खुशी पारिबक्सियोस् । पछि जे-जे पर्ला, पर्ला ॥ १५ ॥

(त्यहाँपछि जुम्ली राजाकी पटरानी चम्पकलिकाले आफ्ना राजालाई भनिन् ।)

चम्पकलिका—महाराज, त्यो जब्बर विदूषकले साँच्चै कुरा बिन्ति चढ़ायो । मेरा निधारको सिन्दूरको टीको र हातमा, घाँटीमा रहेका काँचका यी चूरा, पोतेबाहेक मेरा जीउका अरू गहनाहरू र सुन, चाँदी, पितल, हात्ती-घोड़ाका बथान पनि जो भएको सब दिनैपर्‍यो ॥ १६ ॥ अरू पनि—महाराज, रसीली र प्यारी भएकी मसँग हजुर बाँचिरहिबक्सियोस् । लक्ष्मी सधैं चञ्चल छिन् । खामोस् खाइबक्सियोस्, महाराज । सम्पत्ति भनेका दिनहुँ आउँछन्, जान्छन् । यदि हाम्रो देश रहिरह्यो भने लाज नभएकी लक्ष्मी फेरि नाच्तै आइपुगिहाल्छिन् नि । त्यसकारण ऊ पुरुष श्रेष्ठ (रणबहादुर)लाई धन-दौलथ दिनैपर्छ ॥ १७ ॥

जुम्ली राजा—प्राणप्यारी रानी चम्पकलिका, खोइ, के धन दिऊँ चाँड़ै भन । उनका घरमा सम्पत्ति नहोला भन्ने शंका गर्नैपर्दैन । प्यारी, सुर्ता नमान, नमान ! शोक गरेर के गर्नू ? पूर्वजन्मको कर्म यस्तै रहेछ सम्झ । जप गर वा गुरुको सेवा गर ॥ १८ ॥

(त्यसपछि डोटीका राजाकी पटरानी चकोरनयनाले आफ्ना राजालाई भनिन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चकोरनयना—विदूषकले भनेको यो हित हुने कुरा मेरो मनले त खायो । महाराज-
ले पनि मानिबक्सिन्छ भने शरीरले, बलले, कार्यले, सत्यवाचाले पनि उनकै
पाउमा परेर सेवा गरिबक्सियोस् ॥१९॥

डोटीका राजा—कसो गरूँ ? कहाँ जाऊँ ? कस्तो मेरो दशा भयो ? शत्रुको
वशमा परेर बाँच्नुभन्दा ता वरू चाँड़ै मर्नु नै निको ॥२०॥
यसरी सबै राजाहरू चिन्ताले आकुल-व्याकुल भइरहेको वेलामा त्यहीं सुगा-मैनाको
कुराकानी चल्न लाग्यो ॥ २१ ॥

नटी—दयालु हे स्वामित, यी सुगा-मैना को हुन् ?

सूत्रधार—पहेंलो-पहेंलो रातो-रातो चुच्चो भएकी, छिरबिरे घाँटी भएकी, ज्यादा
चक्चके, बाटुला आँखा भएकी, पहेंला खुट्टा भएकी, कालो वर्ण भएकी मैना
कहिन्छे ॥२२॥ बाङ्गो चुच्चो भएको, लामो पुच्छर भएको, छिरबिरे घाँटी भएको, देशा-
न्तरमा चर्ने, शूरो, ज्यादा नीलो, अलि-अलि पहेंलो वर्ण भएको सुगा कहिन्छ ॥२३॥

नटी—ती जङ्गलमा चर्ने चरा जनसमूहमा कहाँबाट आए ?

सूत्रधार—पहिलेदेखि नै डोटीका राजा र उनकी रानी चकोरनयनाले पालिराखेका
थिए ।

नटी—हे दयासागर, यो कुरा त गजबको भो । चराचुरुङ्गीको त बोली-वचन नै
हुँदैन भने ती सुगा-मैनाको कुराकानी कसरी भो ?

विदूषक—ए अभागिनी, अर्काका घरमा गएर नाठोसँग सुतेकी तिमीले बिहानीपख
हुन लागेपछि कुखुरो बासेको शब्द सुनेर हत्तपत्त त्यो नाठोलाई छोड़ेर आफ्ना
घरमा आएकी छयौ कि छैनौ ? हो, त्यही हो पक्षीको बोली । के त्यति पनि थाहा-
छैन ? आफूले अनुभव गरेको कुरा पनि बिर्स्यौ कि क्या हो ?

नटी—ए, थाहा पाएँ, थाहा पाएँ । चराचुरुङ्गीको भाषा साँच्चै त्यही हो ।
(विदूषकसँग यस्तो भनेर सूत्रधारलाई भन्छे) हे दयासागर, ती पक्षी त साधारण
होइनन् होला जस्तो मलाई लाग्छ ।

सूत्रधार—प्यारो बोली भएकी हे प्यारी, ती चराको उत्पत्ति सुन त । कलुषकुठारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाम गरेको नदीको किनारामा किंजल्कपुर नाउँ गरेको शहर छ। त्यहाँ उत्साहवर्द्धन नाउँका राजा थिए। तिनकी रानी बल्लकी नामकी थिइन्। ती राजाले नीतिपूर्वक पालिएका दुनियाँ आनन्दसँग रमाई रहेका थिए। त्यहाँ सामवेद पढ़ेका राजवल्लभ नामका एक ब्राह्मण थिए, तिनकी बल्लरी नामकी पतिव्रता पत्नी थिइन्। ती दम्पती कौतुकेश्वर शिवलिङ्गको आराधना गर्थे। त्यही शिवलिङ्गको निर्माली खाएर ती जीविका गर्थे, त्यही शिवालयमा रहन्थे। यस्तै प्रकारले धेरै काल बितेपछि राजवल्लभ ब्राह्मण परलोक भए। उनका साथमा बल्लरी ब्राह्मणी सती गइन्। त्यहाँपछि ती दम्पती सहगमनको (सती गएको) पुण्यले साढ़े तीन करोड़ वर्षसिम्म स्वर्गलोकमा बसे र पुण्य क्षीण भएपछि शिवजीको निर्माली खाएको दोषले तिनीहरू महापुण्यक नाउँ गरेको जङ्गलमा पक्षी भएर जन्मे। शिवलिङ्गको पूजा गरेको, शिवालय सफा पारेको पुण्यले गर्दा तिनलाई जातिस्मरण भयो। तिनीहरू पूर्वजन्ममा गरेको कर्म सम्झँदै त्यहीं नै पुण्यकारण्यमा घुम्थे। त्यहाँपछि एक दिन दैववशले पछि हुनुपर्ने कुरा नटर्ने हुनाले पनि हिमालयमा बस्ने भोकले खरिएको एउटा बलियो बाज आइपुग्यो। त्यो बाजलाई देखेर डराएका ती भाले-पोथी उड़े। अनि त नङ्ग्रा फिंजाएको, मुख बाएको त्यो बाज तिनको पछि-पछि लाग्यो। ती पनि आकाशिएर उड़े। सुगाको मासु खान लोभिएको कुनै व्याधाले थापेको जालमा बाज पर्‍यो। ती भालेपोथीचाहिं हिमालमा रहेको मुक्तिक्षेत्रको सल्लाघारीमा पुगे र त्यहाँ निःशङ्क भई बस्न लागे। एक दिन स्वेच्छापूर्वक घुम्न लागेका तिनलाई विषालु-विषालु धनु-बाण लिएको रङ्कु नामको व्याधाले देख्यो। त्यसले खुशी भएर घुमेर ती चराको गुँड़मा जाने-आउने आकाशको बाटो छेकेर जाल फिंजायो र एउटा लउरो हातमा लिएर त्यो जालको एक छेउमा लुकेर बस्यो। ती पक्षी पनि जङ्गलमा, आकाशमा पनि स्वेच्छापूर्वक डुलेर रात पर्न लागेपछि आफ्नो गुँड़को सामुन्ने आइपुग्दा ता जालमा परे। अनि व्याधाले पनि तिनलाई जालमा परेको देखेर खुशी हुँदै हत्तपत्त गएर ती भालेपोथीलाई समात्यो। अनि कम्मरमा भिरेको छुरी झिकेर ती दुवैको घाँटी छिनाल्न लाग्यो। त्यो देखेर वञ्जुल सुगाले रङ्कु व्याधालाई भन्यो—

वञ्जुल—ए व्याधा, हामी दुइको मासुले तिम्रो एक छाक टर्ने न हो। हामीलाई बेच्यौ भने त दुइ हजार पाउँछौ। दुइ हजारले त बाचुन्जेल तिम्रो गुजेस्ता चलिहाल्छ नि। त्यसकारण हामीलाई बेच।

सुगाको त्यो कुरा सुनेर व्याधा खित्-खित्-खित् खितका छोड़ी-छोड़ी हाँस्यो र त्यसले भन्यो "ए चरा, तँजस्ता यस्ता नाथें दुइ चराको पनि कतै दुइ हजार मोल हुन्छ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कसैले कहीं यस्तो सुनेको छ ? खालि तिमीहरूको यो बाँच्ने जुक्ती मात्रै हो, के म बुझ्दिन र ?"

मैना—ए व्याधा, हामीलाई एउटा असल पिंजड़ामा हालेर देशान्तरमा लैजाऊ। यदि हाम्रो बिक्री भएन भने पनि तिम्रा हात परेकै छौं। परीक्षा ता गरिहेर।

यो मैनाको कुरा सुनेर लोभिएको त्यो रङ्कु ती चरालाई असल पिंजड़ामा राखेर देशान्तरतिर हिंड्यो। त्यसले त्यो पिंजड़ा गाउँ-गाउँ, शहर-शहर डुलायो, परन्तु त्यसको त्यो पिंजड़ा कसैले पनि लिएन। अनि खूब झोंकिएर व्याधाले त्यस पिंजड़ा-लाई ढुङ्गामा ठटार्न खोज्यो। अनि मैनाले त्यसलाई भनी।

मैना—हे व्याधा, डोटीका राजाकी रानी चकोरनयना गुण चिन्ने छिन्। तिनकै पाउछेउ पुऱ्याऊ। डोटीका राजा पनि गुणग्राही नै छन्।

अनि फेरि लोभले त्यो रङ्कु डोटीतिर हिंड्यो। उहाँ डोटीका राजाको ढोकामा पुगेर ढोकामा बसेको हातमा बेंतको लट्ठी लिएको व्यङ्कु नाउँ गरेको ढोकेलाई रङ्कुले भन्यो। "हे व्यङ्कु, तिम्रा मालिकनी भित्र खोपीमा हुनुहुन्छ। उहाँको पाउमा यो दुइ हजार मोल पर्ने सुगाको पिंजड़ा पुऱ्याइदेऊ।" यस्तो व्याधाको वाक्य सुनेर व्यङ्कु त्यो सुगाको पिंजड़ा बोकेर भित्र खोपीमा पस्यो। सिंगार-पटार गरी गहना लाएर आफ्ना खसमका साथमा पलङ्गमा बसेकी रानी चकोरनयनाले त्यो पिंजड़ामा रहेकी मैनालाई देखिन् र यो अनङ्गमञ्जरी मैनामा गुण छन् कि छैनन् भनेर जाँच्न त्यसलाई सोधिन्—

चकोरनयना—ए अनङ्गमञ्जरी, मलाई कस्ती देख्छेस् ?

अनङ्गमञ्जरी—महारानी, हजुरजस्ता सुन्दरी त मैले अमरावतीमा इन्द्राणीलाई देखें, अर्की पातालमा नागराज तक्षककी रानीलाई देखें। हजुरसमान अर्की सुन्दरी त मैले न-बाहुनको कुलमा देखें, न क्षत्रीको कुलमा देखें, न वैश्यको कुलमा देखें, न शूद्रको कुलमै देखें।

डोटीका राजा—(मन-मनै) यो वञ्जुल सुगामा गुण छन् कि छैनन्। (सुन्ने गरी) वञ्जुल, मलाई कस्तो देख्छस् ?

वञ्जुल—महाराज, सौन्दर्यमा कामदेव, साँचो बोल्नामा युधिष्ठिर, गरीब, मगन्ते-हरूका कर्ण, शत्रुरूपी समुद्रको वड़वानल, परमेश्वरलाई सम्झनामा र परोपकारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोस्रा अगस्त्य मुनि नै हजुर होइबक्सिन्छ। हजुरजस्ता राजा ता न उहिले भए न पछि हुनेछन् ॥ २४ ॥

ती भालेपोथी चराको यस्तो बोली सुनेर ती दम्पती खुशी भए। त्यहाँपछि दुइ हजार दिएर तिनले ती चरालाई किने। अनि राजाले वञ्जुल नाउँ भएको सुगालाई र रानी चकोरनयनाले अनङ्गमञ्जरी नाउँ भएकी मैनालाई पाले। व्याधा रङ्कु पनि दुइ हजार रुपियाँ लिई आफ्नो वनतिर हिंड्यो।

नटी—अहो, त्यस्ता जाबा चराको पनि दुइ हजार मोल ? यो त गजब पो भयो !

सूत्रधार—पुष्ट स्तन भएकी ए प्यारी, ठूला-बड़ाको चरित्र तिमी जान्दिनौ। राजाहरूको दृष्टि पैसामा हुँदैन। राजाहरू अपूर्व वस्तुहरूमा पैसा खर्च गर्छन्।

नटी—भइगयो त। ती चरा पालेर के फाइदा ?

सूत्रधार—लौ सुन त। ती चरा पालेको धेरै कालपछि अपर्झटमा आपत् आइपर्दा -

चकोरनयना—ए अनङ्गमञ्जरी, परचक्रीले हमला गर्न आएमा के गर्नु पर्छ, यसमा राजनीति विचार गरेर असल उपाय बता न।

अनङ्गमञ्जरी—महारानी, एक त म अबुझ पन्छी जातकी छु, त्यसमा पनि पोथी यस्तो बलियो फलामको पिंजड़ामा बाँधिएकी छु। यसकारण म राजनीति के जान्दछु र ? रातो ऊनी कपड़ाले छोपेको सुनको पिंजड़ामा बस्ने, चारोले मोटो जीउ भएको, मनमोजले कराइरहने, राजाको व्यवहारमा, नीतिमा सिपालु वञ्जुल नाउँको राजाको प्यारो सुगालाई सोधिबक्सियोस्।

यस्तो अनङ्गमञ्जरीले छेड़ हानेको सुनेर उसको कुरा सहन नसकी वञ्जुलले सोझै कुराले अनङ्गमञ्जरीलाई जवाफ दियो।

वञ्जुल—ए अनङ्गमञ्जरी, फलामको पिंजड़ामा किन बाँधियौ, साँचो कुरा भन।

अनङ्गमजरी—हुनत म अभागिनी छु, तैपनि मेरो हालत सुन। डोटीश्वरकी बड़ा महारानी मेरा मालिकनी चकोरनयनाले सधैं बिहानपख 'वनमा घुमफिर गरोस्' भनी दया गरेर मलाई सुनको पिंजड़ाबाट बाहिर छोड़िदिएर पाहुना, देवता, ब्राह्मणहरूको पूजा-आजा गर्नु हुन्थ्यो र मैले यसै रीतिलेँग धेरै काल बिताएँ। एक दिन बिहान चकोरनयनाले मलाई छोड़िदिनुभयो र म पखेंटाको वेगले उड्दै जाँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अकस्मात् नेपाल शहरमा पुगें। त्यस शहरको मङ्गल उत्सव, ऐश्वर्य र शोभा देखेर म लठ्ठ परें। (लठ्ठ पर्नाको कारण बताउँछें।) द्वैतवादी र अद्वैतवादी भएका श्रेष्ठ राजा, तिनका रानी, विद्वान्, वैदिक, नटुवा, भाट, ज्योतिषी, तपस्वी, योगी; माथितिर उत्तानो खुट्टा लाएका, हात उठाएका वैरागी; जीउमा खरानी दलेका नङ्गा बाबा, वनका गुफामा रहनेहरू पनि दैवसंयोगले त्यहाँ आइपुगे* ॥ २७ ॥ राजाले सम्मानपूर्वक विदा दिई पठाएका पनि तिनीहरू फेरि-फेरि फर्केर आइ-रहन्छन्। हातमा लट्ठी लिएका गढ़ीका सिपाहीहरूले घोक्र्याउँदै, कान निमोठ्तै धपाए पनि कत्ति लाज-शरम नमानी बस्छन्। मानिसको मन हर्ने यस्तो त्यो नेपाल देशमा को छक्क नपर्ला ? ॥ २८ ॥ वागमतीको चीसो हावाले शीतल भएको, ने मुनिले आफ्नो तपस्याले बनाएको, पुण्यको भोग गर्ने ठाउँ भएको मनोहर त्यस शहरलाई देखेर वश को नपर्ला ? ।२९।। अति राम्रो त्यो शहर हेर्दा-हेर्दै दुइ-तीन घड़ी म त्यहीं बसें। अनि एकै छिनपछि मेघ गर्जन थाल्यो, असिना पर्न लाग्यो, इन्द्रेणी पर्‍यो, बिजुली चम्कन थाल्यो, मेघले गर्दा अन्धकारले जगत् ढाकियो, हुरी चल्न लाग्यो, अन्धकारले गर्दा दिशा दिशा पनि छुट्याउन सकिएन। म त रातो ऊनी कपड़ाले छोपेको सुनको पिंजड़ा र मालिकनीका कमलको केशरजस्तो कोमल राम्रा हातले दिएको समुद्रको फींजजस्तो सेतो चिनी हालेको दूध-भात सम्झन लागें। यसरी चीसो हावाले थरथर काँप्दै एक्लै कराइरहेकी मलाई गरुड़ले देखे। 'यस्तो डर लाग्दो घोर अन्धकारमा कराउने तिमी को हौ ?' भनी गरुड़ले सोद्धा 'म मैना हुँ' भनी मैले जवाफ दिएँ।

गरुड़—मैना, मेरो पिठयूँमा चढ़। चराहरूलाई यस्ता अनेक डर हुन्छन्। तिमी-लाई डर नहुने अति अग्लो तलेजूको मन्दिरमा राखिदिन्छु। चराहरूको डरको के गिन्ती ! जस्तै—विरालाको डर, सर्पको डर, बाज आदिको डर, मान्छेको डर, व्याधाको हतियारको डर हुन्छ। यमराजको डर त परै रहोस्, रूखको खोटोको र कुक्कुरको पनि डर हुन्छ। धिक्कार छ पक्षीको जीवनलाई ॥३०॥

मैना खुशी भई गरुड़को पिठ्यूँमा चढ़ी। अनि त्यसलाई (तलेजूको) मन्दिरमा राखी कड़ा सूर्यका किरणका रापले पोलिएका, पहाड़का गुफाबाट निस्केका छहराका शीतल छिटाहरूमा खेल्न मन लाएका सर्पहरूको खोजमा गरुड़ हिंड़े।

---

* यो शिवरात्रिका मेलाको वर्णन हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यहाँ रात बिताई आकाश उज्यालो भएपछि म महारानीको पाउछेउ आइपुगें। अनि मलाई देखेर उहाँ रिसाउनुभयो। 'वेश्या, यो सुनको पिंजड़ा तँलाई सुहाउँदैन, त्यसकारण यसैमा थच्चिई' भनी मलाई हप्काएर सुनको पिंजडा फाली फलामको पिंजड़ामा थुनिदिनुभयो। त्यस बेलादेखि यहीं बसिरहेकी छु। यसकारण म राजनीति जान्दिन।

वञ्जुल—अनङ्गमञ्जरी, नेपाल देश भनेको कुन हो? त्यस देशको शासन गर्ने राजा को हुनुहुन्छ नि?

मैना—वञ्जुल, तिम्रो मायाले नेपाल देशको बयान गर्दछु—पार्वतीका पसिनास्वरूप भएका, सबैतिर मुनिहरूले सेवा गरिएका, हिमालयका गुफाबाट निस्केका सातवटा ठूल-ठूला कोशीका धारा र गण्डकीका सात धारा जहाँ बहन्छन्, जहाँ संसारप्रसिद्ध नीलकण्ठ गोसाईं कुण्डका) महादेव रहन्छन् त्यही हो नेपाल देश ॥ ३१ ॥ (यसरी नेपालको ठूलो परिमाण बताई मध्यम परिमाण बताउँछे।) जहाँ पर्वतराजपुत्री गुह्यकाली रहन्छिन्, जहाँ पवित्र वाग्मती बहन्छिन्, जहाँ वर दिने पशुपतिको प्रत्यक्ष लिङ्ग छन्, जहाँ चाँगुनारायण छन्, जहाँ सबैको भय हर्ने वज्रयोगिनी रहन्छन्, जहाँ पचलीभैरव छन् त्यही नेपालदेशमा महाराजाधिराज रणबहादुरशाह रहनुहुन्छ ॥ ३२ ॥

(नेपाल देशको मध्यममान र राजा रणबहादुरको बयान गरेपछि शहरको बयान गर्छे।) पूजाका घण्टाहरूले, स्तुतिका खलबलले, वेदपाठले, पुराणका कुराले, आकाशमा धूँवको मुस्लो उड़ेका यज्ञहरूले, अन्नका दानले, जलका घड़ाका दानले, किसिम-किसिमका धेरै तुलादानले गर्दा राम्रो कान्तिपुर सुहाइरहेको छ ॥ ३३ ॥ अरू पनि—जुन शहरमा कैलासलाई छुने, चून लाएका हुनाले हिमालयजस्ता-(सेता) टुप्पामा सुनका गजुर भएका, सयौं भयाल भएका देवताका मन्दिर छन् सदा आनन्द दिने भएको त्यस शहरमा महाराज रणबहादुर विजयी भएर रहनुहुन्छ ॥ ३४ ॥ त्यस्तै—राजाहरू टाउकोमा अञ्जलि बाँधी जसको आँखिभूईं हेर्छन्, जसका दुइ करकमलमा लक्ष्मी नाचिरहन्छिन्, गोरखाका महाराज श्रीपृथ्वीनारायणका पुत्र श्रीबहादुर शाह देवताको प्रसादले नेपाल देशमा सधैं विजयी भएर रहनुहुन्छ ॥३५॥ यसरी वजुल्गालाई बुझाएर अनङ्गमञ्जरीले मालिकनी चकोरनयनातिर फर्की बिन्ती गर्न लागी—महारानी, नेपालका राजा श्रीरणबहादुर शाहसँग लड़ाइँ गर्नु कल्याण छैन भन्ने मेरो मनमा लाग्छ। यसकारण नेपालका राजाको शरणमै सवारी होस् भनी आफ्ना पति डोटीश्वरलाई भनिबक्सियोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वञ्जुल—(यस्तो अनङ्गमञ्जरीको कुरा सुनेर) ए अनङ्गमञ्जरी, यो त अल्छीहरूले भन्ने कुरा पो हो। परचक्रीको हमला हटाउने उपाय तिमी जानिहाल्छ्यौ। आफ्ना मालिकको सासुन्ने छल-कपट नगर। कपटीपनले अधोगतिमा लैजान्छ। जस्तै—खान, पिउन दिने (आफ्ना) राजामा जो छल-कपट गर्छ त्यसको जीवनभर यशको हानि हुन्छ। सम्पत्ति, आयु, सुख पनि नाश हुन्छ र, रोग र पापको खूप वृद्धि हुन्छ, मरेपछि त्यो डर लाग्दो महारौरव नरकमा पर्नेछ ॥ ३६ ॥ डोटीश्वर महाराज, स्वास्नीमान्छेमा लागेको बुद्धि र स्वास्नीमान्छेको बुद्धि नलिइबक्सियोस्। स्वास्नीमान्छेमा लागेको बुद्धि र स्वास्नीमान्छेको बुद्धिले गर्दा ठूला-बड़ाहरूको पनि नाश हुन्छ। जस्तै—स्वास्नीमान्छेकै कारणले रावणको लड़ाइँमा मृत्यु भयो। स्वास्नीमान्छेकै कारणले निकुम्भ कृष्णको वाणले मारियो। स्वास्नी-मान्छेकै कारणले लड़ाइँमा दैत्यहरू देवीका हतियारले मारिए। त्यसकारण विवेक भएका वीर मानिसहरूले स्वास्नीमान्छेमा बुद्धि लाउनु हुँदैन। स्वास्नीमान्छेमा बुद्धि लाएकाको यस्तो हाल हुन्छ ॥ ३७ ॥ अरू पनि—स्वास्नीमान्छेकै कारणले दशरथले प्यारा छोरालाई उनिखेरै निकाले। स्वास्नीमान्छेकै कारणले कृष्ण पारिजात हर्न स्वर्गमा गए। स्वास्नीमान्छेकै कारणले अनिरुद्ध नागपाशले बाँधिए। यी स्वास्नीमान्छे-का वशमा परेका हुन्। यसकारण विवेक भएका मानिसले स्वास्नीमान्छेको बुद्धिलाई छोड्नुपर्छ ॥ ३८ ॥ स्वास्नीमान्छेको बुद्धिले यस्तो हुन्छ। आफ्नै बुद्धिचाहिँ उत्तम हुन्छ, साथीको बुद्धि मध्यम हुन्छ, नोकरको बुद्धि अधम हुन्छ, स्वास्नीमान्छेको बुद्धिले त प्रलय नै गरिदिन्छ ॥ ३९ ॥ महाराज, उद्योग नगरी प्राणीहरू बाँच्न सक्तैनन्। त्यसकारण विद्वान् मानिसले सधैं मिहिनेतसाथ असल उद्योग गर्नु-पर्छ ॥ ४० ॥ महाराज, ऊ शत्रुलाई जित्न आँट गरिबक्सियोस्। महाराज, शत्रुलाई जितेपछि हजुरको संसारमा ख्याति हुनेछ ॥ ४१ ॥ जो मानिस हातमा तरवार लिएको शत्रु आएको देखी पछिल्तिर मुख फर्काउँछ कातर भनेको त्यही हो ॥ ४२ ॥ शत्रुको धेरै फ़ौज छ, मेरो थोरै छ भनी शोक नगरिबक्सियोस्। किनकि कौरवहरूको एघाह्र अक्षौहिणी फौजलाई पाण्डवका सातै अक्षौहिणी फौजले सिद्ध्याए ॥ ४३ ॥ महाराज, नेपालका राजालाई जितेर नेपालेश्वर पदवी लिइबक्सियोस्। जित्नै नसके पनि हजुरको अमरावतीको वासलाई त कसले मेट्न सक्छ र? किनकि प्राणीहरूको मृत्यु एक दिन अवश्य भइहाल्छ। जस्तै—मान्धाता गए, राजा प्रियव्रत गए; वेन, दिलीप, शल्य, युधिष्ठिर, कल्माषपादहरू पनि गए। संसार भुँमरीजस्तै घुमिरहेको छ। महाराज, प्राणीहरू युगैपिच्छे ईश्वरको मायाले आउँछन्, फेरि जान्छन्। त्यस-कारण डर नमानिबक्सियोस् ॥ ४४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनङ्गमञ्जरी—महाराज, यो छुल्याहाको कुरा नामानिबक्सियोस्। बलियासँग जोरी खोज्नाले कल्याण हुँदैन। जस्तै—रामको बाणद्वारा लड़ाइँमा रावण मारियो। लक्ष्मणको बाणद्वारा इन्द्रजित् पनि मारियो। अर्जुनका गाण्डीवले भीष्म र कर्ण मारिए। भीमसेनका गदाले दुर्योधन मारिए। त्यसकारण बलियासंग जोरी नखोजिबक्सियोस्॥ ४५॥ अरू पनि—पूर्व दिशामा फिरङ्गी (अंग्रेज), दक्षिण दिशामा गलिमनाथ[1], फेरि त्यही दिशामा फौज र धनले गर्दा जित्न नसकिने टीपू मुसलमान[2] र उत्तर दिशामा राजा रणबहादुर शाह हुनुहुन्छ। अहिले संसारमा बलिया पुरुष यत्ति नै हुन्॥ ४६॥

वञ्जुल—लड़ाइँमा मरेका क्षत्रियहरूको जस्तो प्रशंसा हुन्छ त्यस्तो प्रशंसा वायु, पित्त, कफ, ज्वर, शूल, झाड़ाबान्ता आदि रोगले मरेकाको हुँदैन॥ ४७॥ अरू पनि- देवतालाई ढोग्नु, ब्राह्मणको सत्कार गर्नु, शत्रुको नाश गर्नु, बान्धवलाई पोस्नु, शत्रुको धन लुट्नु यही क्षत्रिय राजाहरूको धर्म हो। अर्को छैन॥ ४८॥

(यति भनी वञ्जुल चूप लाग्यो।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको
छैठौं कल्लोल सिद्धियो।

सातौँ कल्लोल

(त्यसपछि चेलोको साथ विठ्ठल नाउँको सामुद्रिक [शरीरको लक्षण हेरी शुभाशुभ फल भन्ने] पस्छ।)

सामुद्रिक—(सारा सभामण्डल हेरी मन-मनै) सभामा बसेका यी सबै मूर्ख छन्, सामुद्रिक शास्त्र नजान्दा यिनले दुःख पाइरहेछन्। यी राजाहरूबाट केही धन आदि ठग्ने मौका अहिले छ। (सुन्ने गरी) राजा हो, यस राजसमूहमा के कारणले खलबल भइरहेछ?

---

(१) गुलाम कादिर। (२) यिनको परिचय उपोद्घातमा पढ्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजाहरू—नेपालका राजाको ग्रीष्मको मेघजस्तो फौज नजीकै आइपुग्यो भन्ने खबर सुनियो। त्यसकारण के हुने हो, के हुने हो भनी हामी-हामीहरूमा खलबल भइरहेछ।

विट्ठल—(खिसिक्क हाँसी) चेला व्यङ्कट, आज मेरो मनको इच्छा पूरा भयो। म कति पैसा कमाउँछु हेरिराख।

व्यङ्कट—(दण्डवत् प्रणाम गरी हात जोड़ी) गुरु, मैले पनि मृगको छालाले बनेको झोला ल्याएको छु।

विट्ठल—महाराज हो, फल, फूल, सुवर्ण आदि द्रव्य लिई मेरो अगाड़ि हजुरहरू हात देखाउनुहोस्।

(सबै राजाले खुशी भई घुमेर फल, फूल, सुन लिएका आफ्ना हात देखाए। विठल सबैको हात हेरी मानिसको असल लक्षण बताउँछ। जस्तै—)

विट्ठल—छाला, कपालको रौं, दाँत, औंला, औंलाका आँखला—यी पाँच मिहिन र साना छन्। हात, आँखा, हनु (बङ्गाराको हाड़), घुँड़ा, नाक—यी पाँच लामा छन्। हत्केला, आँखा, तालु, जिभ्रो, दुइ ओठ, नङ्—यी सात राता छन्। छाती, कुक्षि (कोखा), अलक, काँध, हात, मुख—यी छ उठेका छन्। निधार, कम्मर, छाती—यी तीन ठूला र फराकिला छन्। घाँटी, पिड़ौंला, लिङ्ग—यी तीन छोटा छन्। आवाज, मन, नाइटो—यी तीन गहिरा छन्। यस्ता यी बत्तीस लक्षणले युक्त भएका हजुरहरू नेपालका राजाबाट कसरी हार्नु हुन्छ? त्यसकारण डराउनुपर्दैन।

विदूषक—अरे सामुद्रिक, दैव उल्टो भएपछि गुण पनि दोष हुन जान्छन्। त्यसकारण धेरै विस्तार नगर। यो राजसमूहबाट जति धन पाइस् त्यो लिई चाँड़ै भाग। चाँड़ै जाँदैनस् भने नेपालका राजाका अनेकन तोपका ज्वालाले शुभ-अशुभ लक्षण हेर्ने सामुद्रिक शास्त्रका पुस्तकका सँग-सँगै (भस्म भई) उड्लास्।

"सामुद्रिक शास्त्ररूपी सागरमा पस्नाले भूत, भविष्यत्, वर्तमानको कुरा जान्ने यो विट्ठल हाम्रो भाग्यले गर्दा अगाड़ि देखा परेको छ, हामीहरू पनि हात देखाऔं" भनी सबै रानीहरूले आफू-आफूमा कुरा गरी हात देखाए।

विट्ठलले सबै रानीहरूको हात हेरी खुट्टादेखि टाउकोसम्मका आइमाईका शुभ-अशुभ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्षण विचार गरी बताउन लाग्यो—हे महारानीहरू हो, मैले बताएको कुरा एक-चित्त गरी सुनेर आफ्ना अङ्गमा विचार गर्नुहोस्। आइमाईहरूको पैतला पुष्ट, नरम, पसिना नआउने छ भने सुख, भोग दिने हुन्छ; नाङ्लोजस्तो खण्डितप्रतिबिम्बक (खराउखुट्टे भएको), चहक नभएको छ भने दुर्भाग्य गर्ने हुन्छ। पैतलाका रेखामा चक्र, स्वस्तिक, शङ्ख, कमल, माछो, ध्वजा, छाताको चिह्न परेका छन् भने रानी हुन्छे; मूसा, काग, सर्पका आकारका रेखा छन् भने दरिद्री हुन्छे। (खुट्टाको) बूढी औंला उठेको, पुष्ट, बाटुलो छ भने भोग दिने हुन्छ; बूढी औंला बाङ्गो, छोटो, चेप्टो छ भने सौभाग्य नाश गर्ने हुन्छ। बूढी औंला मोटो, लामो छ भने विधवा हुन्छे। टम्म मिलेका उठेका, खुट्टाका औंला छन् भने भोग दिने हुन्छन्; मसिना, लामा, खुट्टाका औंला छन् भने वेश्या, दरिद्री हुन्छे; खुट्टाका औंलाहरू परम्परमा खप्टिएका छन् भने धेरै लोग्नेलाई टोकी अर्काकी नोकर्नी हुन्छे। जसको कान्छी औंलाले भूइँ छुँदैन त्यसले आफ्नो पतिलाई मारी अर्को लोग्ने लिन्छे; जसको कान्छी औंला र माझी औंलाले भुइँ छुँदैन त्यसले दुइ लोग्नेलाई खाई तेस्रो लोग्ने लिन्छे। चिल्ला राता-राता नङ् शुभ हुन्छन्। उठेको पादपृष्ठ (पैतालाको माथिको भाग) असल हुन्छ, पादपृष्ठबीचमा खाल्डो परेको छ भने दरिद्री हुन्छे; पादपृष्ठमा नसा देखिन्छन् भने घुमन्ते हुन्छे, रौं उम्रेका छन् भने कमारी हुन्छे। बाटुला, नसा नदेखिने र नदेखिने गोलीगाँठा असल हुन्छन्, देखिने छन् भने दुःखसूचक हुन्छन्। कुर्कुच्चो सम्म भएकी आइमाई असल हुन्छे, ठूलो कुर्कुच्चो भएकी चाँहि अभागिनी हुन्छे। रौं नभएका, क्रमैले बाटुला-बाटुला हुँदै आएका पिंडौला भएकी आइमाई रानी हुन्छे। एउटा रोमकूपमा एउटामात्र रौं भएकी असल हुन्छे, दुइटा रौं भएकी पनि सुख दिने हुन्छे, तीनवटा रौ भएकी चाहिं विधवा हुन्छे। मासुले भरिएका बाटुला घुँडा असल हुन्छन्, मासु नभएका घुँडा दुःख दिने हुन्छन्। जसका तिघ्रा नसा न-भएका, चन्दनी (हातको डिल)जस्ता, रौं नभएका हुन्छन् त्यो राजाकी प्यारी हुन्छे; रौं भएका चेप्टा तिघ्रा दुर्भाग्य दिने हुन्छन्। चार कुने उठेको चाक कल्याण-कारी हुन्छ। रौं भएको, मासु नलागेको चेप्टो कमर विधवा बनाउने हुन्छ। कोमल कैथका फलजस्ता बाटुला रिक्क् (पुट्ठा) सुख दिने हुन्छन्। कछुवाको पिठ्यूँ-जस्तो, हात्तीको काँधजस्तो योनि असल हुन्छ। हात्तीका जस्तो रौं भएको, नासिका अग्लो भएको, लामा गाला भएको योनि असल हुँदैन। सानो रूखो जघन (तल्लो पेट) दुःख दिने हुन्छ। ठूलो, केही उठेको, रौं भएको वस्ति (नाइटोदेखि तलका भाग) असल छ। दायाँवर्त घुमेको गहिरो नाइटो सुख दिने हुन्छ, वायाँवर्त घुमेको उठेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाइटो असल हुँदैन। ठूला दुइ कुक्षि (कोखा) असल हुन्छन्, उठेका दुइ कुक्षि असल हुँदैनन्। सम्म, मासु भरिएका, हाड़ नदेखिने पार्श्व असल हुन्छन्, रौं भएका उठेका पार्श्व (काखीमनिको भाग) ता असल हुँदैनन्। नसा नभएको पेट असल हुन्छ, तबलाको आकारको अथवा घैंटाजस्तो पेट असल हुँदैन। पेटमा तीन वलि (गुजा) पर्नु असल हुन्छ, वलि नहुनु असल छैन; पातलो, सोझो रौंको पंक्ति हुनु असल छ; बाङ्गो, बीचमा छुटेको रौंको पंक्ति हुनु असल हुँदैन। सम्म, होचो नभएको, रौं नभएको छाती ऐश्वर्य दिने हुन्छ, फराकिलो छाती त असल छैन। छातीमा रौं भएकी आइमाईले लोग्नेलाई खान्छे। बाटुला, पुष्ट, बराबर भएका थून असल हुन्छन्; टुप्पो ठूलो भएका, सुकेका थून कल्याणकारी हुँदैनन्। खूब बाटुलो कालो थूनको मन्टा असल हुन्छन्; भित्र पसेको, लामो, पुष्ट नभएको थूनको मन्टा दुःख दिने हुन्छ। पुष्ट खगाले हाड़ धन-धान्य दिने हुन्छन्, औड़े-खोड़े खगाले हाड़ गरीब बनाउने हुन्छन्। लामो नभएका, पुष्ट, ननुहेका काँध असल हुन्छन्; रौं भएका, बाङ्गा ठूला काँध विधवा बनाउने हुन्छन्। टुप्पो नुहेका, टम्म कसिएका अंस (काँधको डिल) असल हुन्छन्; मासु नभएका, टुप्पो उठेका अंस दुःख दिने हुन्छन्। मिहिन रौं भएका, मासुले भरिएका, उठेका काखी असल हुन्छन् छ्यापछ्याप्ति पसिना आउने, गहिरा नसा भएका काखी असल हुँदैनन्। नसा नभएका, रौं नभएका, क्रमैले सानो हुँदै गएका सोझा पाखुरा असल हुन्छन्; रौं भएका छोटा पाखुरा वैधव्यसूचक हुन्छन्। बीचमा उठेका राता कमला हतकेला असल हुन्छन्, रेखै नभएका अथवा धेरै रेखा भएका हत्केला वैधव्यसूचक हुन्छन्। नसा नभएका, उठेका, रौं नभएका पाणिपृष्ठ (हत्केलाको माथिको भाग) असल हुन्छन्, धेरै रौं भएका, मासु नभएका पाणिपृष्ठ वैधव्यसूचक हुन्छन्। माछाको आकारका, स्वस्तिक आकारका, कमलको आकारका, राता गहिरा बाटुला हातका रेखा असल हुन्छन्; काग, स्याल, भ्यागुतो, सर्प, गधा, बिरालोको आकारका हातका रेखा दुःख दिने हुन्छन्। सोझो बाटुलो बूढी औंला शुभदायक हुन्छ। लामा, बाटुला, क्रमैले सानो हुँदै गएका राम्रा आँखला भएका औंला कल्याण दिने हुन्छन्; चेप्टा, खस्रा, पृष्ठ (पीठ)मा रौं भएका औंला अशुभ दिने हुन्छन्। राता उठेका नङ् असल हुन्छन्, नउठेका, सिपीजस्ता पहेंला नङ् दुःख दिने हुन्छन्। मासु टम्म भएको, बाटुलो, चार अङ्गुल लामो घाँटी असल हुन्छ, मासु नभएको लामो घाँटी सुख दिने हुँदैन। बाटुलो, पुष्ट, दुइ अङ्गुलको चिउँड़ो असल हुन्छ; दुइ भाग लागेको, दाढ़ी आएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठूलो चिउँड़ो असल हुँदैन। चिउँड़ोमा मिलेका, रौं नभएका बँगाराका हाड़ असल हुन्छन्; बाङ्गा, मासु नभएका ठूला-छोटा बँगाराका हाड़ असल हुँदैनन्। पुष्ट उठेका गाला असल हुन्छन्, दाढ़ी आएका, बीचमा खाल्डो परेका, मासु नभएका गाला असल हुँदैनन्। वाटुलो वासना आउने मुख असल हुन्छ; सुकेको, फुटेको मुख गरीब पार्ने हुन्छ। गुलाफी रङ्गको बीचमा रेखा भएको चिल्लो तल्लो ओठ असल हुन्छ; सुकेको, फुटेको तल्लो ओठ अशुभ हुन्छ। मसिनो ओठ असल हुन्छ, बीचमा उठेको चाहिं अशुभ हुन्छ। गाईको दूधजस्ता (सेता) चिल्ला बत्तीस दाँत असल हुन्छन, पहेंला कैला सिपीजस्ता छुट्टाछुट्टै रहेका दाँत असल हुँदैनन्। रातो कमलो जिभ्रो असल हुन्छ; कालो, टुप्पोमा फराकिलो जिभ्रो झगड़ा गराउने हुन्छ। रातो-रातो कमलो तालु असल हुन्छ, सेतो पहेंलो तालु विधवा गराउने हुन्छ। दाँत नदेखिएको हाँसो असल हुन्छ। मिलेको, वाटुलो, सानो प्वाल भएको नाक शुभ हुन्छ; टुप्पो मोटो भएको, बीचमा बसेको, उठेको नाक अशुभ हुन्छ। कालो नानी भएका, छेउ-छेउमा रातो भएका आँखा असल हुन्छन्। भेड़ो, राँगाका जस्ता वाटुला उठेका आँखा असल हुँदैनन्। चिल्ला काला मिहिन परेला असल हुन्छन्। कैला पातला परेला दुःखदायक हुन्छन्। धनुजस्ता घुमेका काला आँखिभुई असल हुन्छन्, खस्रा कैला रौं भएका मोटा आँखिभुई असल हुँदैनन्। राम्ररी घुमेका लामा कान असल हुन्छन्; नघुमेका, नसा देखिने, स्याप्प परेका असल हुँदैनन्। आधा चन्द्रमाजस्तो, नसा नदेखिने, रौं नउम्रेको, तीन अङ्गुल फराकिलो, खाल्डो नपरेको निधार असल हुन्छ, लामो निधार असल हुँदैन। भ्रमराजस्ता काला, मिहिन, चिल्ला, टुप्पो घुंगुरिएका केश असल हुन्छन्; कैला कम्ती। जखक परेका केश अशुभ हुन्छन्।

(यति भनी विट्ठल सामुद्रिक चूप लाग्यो।)

विदूषक—रे ठग अधम सामुद्रिक, सबै शुभ लक्षणलाई एउटा कुलक्षणले नाश पार्दछ। यी रानीहरूका जघन (तल्लो पेट)को तलतिरको भागमा रहेका, मृगका खुरजस्ता, खप्परको आकारका, नासिका देखिने, रौं भएका, तेरो मुखजस्ता योनि देख्तैनस्? त्यही दोषले रानीहरू अर्काको नोकर्नी अवश्य हुन्छन्। "चेप्टो खप्परको आकारको योनि छ भने कमारी हुन्छे" भन्ने सामुद्रिक शास्त्रको वाक्य के बिर्सिस?

(यसो भनी गाला चट्काई विट्ठललाई सभामण्डलबाट निकालिदियो। विट्ठल पनि मनको इच्छा विफल हुँदा सामुद्रिक शास्त्रको पुस्तक छोड़ी हतार-हतार चेलोसंग भाग्यो।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विदूषक—वासन्ती, चम्पकलिका, चकोरनयना महारानीहरू! पहिले मेरो कुरा सुन्नुहोस्। कालका वशमा परेका यी राजाहरू मैले भनेको हित कुरा सुन्दैनन्। त्यसकारण अब हित अवश्य हुनेछैन। अब तपाईंहरूले खर्व-निखर्व गहनाको घमण्ड तोड्ने, विधवापन नाश गर्ने रामको स्मरण गर्नु र आगोको शरण पर्नु पर्ने भयो।

(यस्तो विदूषकको कटु वचन सुनेर डराएका रानीहरूले विदूषकलाई जवाफ दिए।)

रानीहरू—हे विदूषक, हाम्रा अनाथ यी स्वामीहरूलाई नाथसहित भएका गरिदेऊन!

विदूषक—महारानी हो, खोइ, कसरी नाथ भएका होलान् र?

रानीहरू—सारा संसारका श्रेष्ठ वीरहरूले ढोगिएका नेपालका राजा रणबहादुर शाहका चरणकमलमा हाम्रा स्वामितृहरूलाई पुऱ्याइदेऊ।

विदूषक—महारानीहरू हो, यी दुराग्रही र अभिमानी राजाहरू जानेछैनन्। म के गरूँ?

रानीहरू—भइगो त, उहाँहरू आफ्नै घरमा रहून्। नेपालका राजा रणबहादुर शाह्-का चरणकमलमा तिमी नै हाम्रो सन्देश लगिदेऊ।

विदूषक—महारानीहरू, सम्पूर्ण पहाड़खण्डका राजसमूहरूपी समुद्रमा रीसरूपी वाड़वानलको ज्वालाको समूहले बढ़ेका, ठूलो तपस्याको तेजले धपधप बलेका रणबहादुर शाहरूपी आगोमा मलाई होम्न लाग्नुभयो? म त्यहाँ पहाड़को डढ़ेलो-मा सलहझैं हुनेछु। त्यस्तो काममा मलाई नअह्राउनुहोस्।

रानीहरू—ए वञ्जुल सुगा, तँलाई हामीले पालेका छौं। नेपाल देशमा जा। आइ-माईको विरहलाई आइमाई नै जान्दछन्। त्यसकारण नेपालका राजाकी महारानी-का चरणकमलमा चाँड़ै जा।

वञ्जुल—म त आइमाईको चाकरी गर्ने होइन। आइमाईको चाकरी गर्नु बेकार हुन्छ। जस्तै—छोटा मानिसको, खराब लतमा लागेको, शत्रुको अह-ङ्कारले विवेक नभएका राजाको, आइमाईको, मूर्खको, रोगीको र किरन्टोकीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाकरीले न यस जुनिमा फल पाइन्छ, न अर्को जुनिमा नै केही फल पाइन्छ, त्यसकारण चाकरी गर्नु व्यर्थ हुन्छ ॥२॥

परमेश्वरको सेवा……………………

मूल पुस्तकमा यहाँको पत्र खण्डित छ ।

……पहिले एकछिन त गलामा अँगालो हाल्छ । मैथुन सिद्धिएपछि त पिठ्यूँ फर्काएर सुत्तछ ॥५॥

वञ्जुल—रे छोकड़ी अनङ्गमञ्जरी, गुण नभएका त आइमाई नै हुन्छन् । जस्तै—मानिसहरू पहिले ससुराकहाँ गई मलाई कन्या दिनुहोस् भनी माग्छन् । केही गरी कन्या दिइहाल्यो भने पनि साइत पाइन्छ पाइँदैन, दिन पाइहाले तापनि पैसा छ छैन भन्ने चिन्ता पैदा हुन्छ । यसरी वल्ल-तल्ल विवाह गरेर ल्याएकी स्वास्नी पनि लोग्नेलाई छोड़ी जान्छे ॥६॥ अरू पनि—निधारमा टीका लाएर झलमल्ल भएकी छ, चारैतिर सुसारेहरूले सेवा गरिएकी छ, सुती-सुती खाएर मोटाई भुँड़ी हालेकी छ, गहनाका थुप्रोले नुहेकी छ, चीनियाँ कपड़ा पहिरेकी छ, यसरी साक्षात् लक्ष्मीजस्ती भएकी छ तापनि लोग्नेलाई 'तपाईंले के दिनुभएको छ र ?' भन्छे ॥७॥

अनङ्गमञ्जरी—(हाँसेर) ए नकचरा खन्चुवा, सुन ! सधैं रिसाइरहन्छ, एक हातले बेसरी कपाल भुत्ल्याई अर्को हातले दिनहुँ कुट्तछ । यसरी दुष्ट लोग्नेले गाला चट्काइएकी पनि लोग्ने मऱ्यो भने प्रेमले कुलस्त्री आगोमा हाम फाल्छे, हरे शिव, शिव ! ॥ ८ ॥ लोग्ने मानिसहरू निर्गुणी हुन् कि आइमाईहरू निर्गुणी हुन् तिम्रै ढुङ्गोजस्तो चित्तले विचार गरन ।

(यस्तो अनङ्गमञ्जरीको कुरा सुनी त्यसको जवाफ दिन नसक्ता वञ्जुल सुगा चुप लाग्यो ।)

रानीहरू—हे अनङ्गमञ्जरी, हाम्रो देशमा कुरा गर्नामा सिपालु, सौन्दर्य्य आदि गुणले युक्त भएका, देशका भाषाहरूमा खूप सिपालु भएका धनी मानिसहरू धेरै छन् । तैपनि नेपाल शहर यिनीहरूले जान नसकिने छ । नेपालमा जान सक्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहिले तँ एउटी चरी मात्रै छेस्। त्यसकारणले प्रलयकालको आगोजस्तो प्रताप भएका श्रीरणबहादुर शाहकी बड़ा महारानी श्रीराजराजेश्वरीको चरणकमलछेउ गई पहिले हाम्रो प्रणाम भन्नू। पछि जुन-जुन उपायले हामी विधवा हुनेछैनौं त्यही उपाय गर्। तँलाई अरू के भन्नुपर्छ र? तँ सबै जानिहाल्छेस्। हे मैना, विष्णु, गणेश, तीनै संसारका मालिक महादेव, पार्वती, ब्रह्मा, स्वामिकार्तिक, वायु, गरुड़, वासुकि, शेष, यमराज, इन्द्र, गन्धर्व, विद्याधरहरू र अरू देवताहरूले पनि बाटोमा तेरो मङ्गल गरून्॥ ८॥

(यसरी आशीर्वाद दिई ती रानी चूप लागे।)

अनङ्गमञ्जरी—('गर्नुपर्ने मालिकको काज गर्नेछु' भनी प्रतिज्ञा गरी अनङ्गमञ्जरीले भन्न लागी—) मैले महादेवको चरणकमलमा सधैं भक्ति गरेकी रहिछु भने, पतिबाहेक अरू पुरुषलाई सम्झेकी रहिनछु भने पहाड़का राजाकी रानीको आज्ञाले उड़ेकी म आकाशमा रहेका सूर्यभन्दा पनि पर पुग्नेछु ॥ १० ॥ (यस्तो कबोल गरी आफ्ना स्वामिनी चकोरनयनालाई तीन फेरा प्रदक्षिणा गरेर मैना उड़ी। प्रडीन, उड्डीन, संडीन* आदि नाना किसिमका गतिले उड्दै अनङ्गमञ्जरी केही दिनपछि भगवान् सूर्य अस्ताचलमा पुग्दा (साँझमा) कान्तिपुरको बीचमा रहेको सुनको पाताले छाएको श्रीतलेजूको मन्दिरमा पुगी राती त्यहीं वास बसी। अनि बिहान राता डाँड़ा भएपछि, राक्षसहरू हटिसकेपछि; आकाश सफा हुन थालेपछि मैना बिउँझी र भन्न थाली—) देवीको चरणकमलमा जसको भक्ति छ, त्यसको अरू देवतामा भक्ति हुँदैन। भमरो सेतो कमलको वासना छोड़ेर के चाँपको वासनामा जान्छ र? ॥ ११ ॥ (भनी बारम्बार यो पाठ गर्छे।)

(त्यही बखतमा संगिनीहरूसंग नेपालका राजा रणबहादुर शाहका रानीहरू लड़ाइँमा विजय दिने तलेजू माईको दर्शन, पूजा, परिक्रमा, प्रार्थना गर्न तलेज्यूको मन्दिरको सिंढ़ीमा चढ्न लाग्नुभयो। बिस्तारै महारानीहरू मन्दिरको ढोकामा पुग्नुभयो। त्यसपछि मन्दिरको सुन्दर झ्यालमाथि आधार-मा बसेकी अनङ्गमञ्जरी मैनाले पढ़ेको श्लोकको मधुर अवाज सुनी ती सबै रानीहरू छक्क पर्नुभयो। यो मैना कसकी हो, यहाँ कहाँबाट आई, के भन्छे, भनी परस्परमा कुरा गर्दै त्यो मैनालाई भन्नुभयो—तँ को होस्?)

अनङ्गमञ्जरी—मालिकनी, डोटी आदि देशका राजाहरूका चकोरनयना आदि रानीहरूले हजुरहरूका पाउछेउ पठाएकी अनङ्गमञ्जरी नाउँकी मैना हुँ।

---

* बसेका पक्षीले भुर्र उड्नलाई 'प्रडीन' भन्दछन्। सोझै माथितिर उड्नलाई 'उड्डीन' भन्दछन्। धेरै बेर उडीरहनालाई 'संडीन' भन्दछन्। (पं० कुलचन्द्र : अमरकोष, पृ० १८८)

CC-0, Nepal Sanskrit Academy, Kathmandu

रानीहरू—ए अनङ्गमञ्जरी मैना, के कामले आएकी चाँड़ै बता। विलम्ब भयो भने परमेश्वरीको दर्शन, पुजा, परिक्रमण प्रार्थनामा विघ्न पर्छ। हाम्रा स्वामी श्रीमहाराजाधिराज नेपालेश्वर हरिद्वारदेखि पूर्वपट्टिका देशका राजाहरूलाई जित्न सवारी भएको छ। त्यस संग्राममा विजय होओस् भन्नानिमित्त श्रीतलेजू-माईको प्रार्थना गर्न लागेका छौं।

(अनङ्गमञ्जरी हर्षपूर्वक परिक्रमा गरी नेपालेश्वरका रानीहरूनेर आई। चकोरनयना आदि रानीको सन्देश कहन्छे। सन्देश यस्तो छ—)

अनङ्गमञ्जरी—"हे दैव! पृथ्वीतलमा पहिले जन्मै नदिनुहोस्। दिनैपर्छ भने असल कुलमा पुरुषको जन्म दिनुहोस्, आइमाईको जन्म नदिनुहोस्। यदि आइ-माईको जन्म दिनैपर्छ भने नेपालेश्वरकी रानी भएर जन्मनपरोस्। त्यसमा पनि वड़ा महारानीको जन्म दिनुहोस्, अरू आइमाईको जन्म त वेकार छ ॥१२॥ "हाम्रो शिरमा सिन्दूर, हातमा चूरा र गलामा पोते रहिरहोस्" गह्भरी आँसु लिएका, विलाप गरिरहेका उहाँ चकोरनयना आदि महारानीको यत्ति नै विन्ति छ।

("अहो! जुन कामको उद्देश्यले हाम्रा पति नेपालेश्वर लड़ाइँमा सवारी भएको छ, जुन कामको सफलता होस् भनी हामीहरू परमेश्वरीसङ्ग प्रार्थना गर्न लागिरहेन्छौं, त्यही काम विगार्न यो आएकी रहिछ" भन्ने बुझेर ती सबै रानीहरू हाँस्नुभयो।)

राजराजेश्वरी—मैना, हातमा कोसेली लिई हात जोड़ी तेरा राजाहरू सव राजनीति जान्ने हाम्रा पति नेपालेश्वरकहाँ शरण पर्न आए भने त चिरञ्जीवी भइहाल्छ नि!

(यसो भनी खानेकुराले तृप्त पारी मैनालाई विदा दिनुभयो। मैना पनि तलेजू माईलाई तीन परिक्रमा गरी राजराजेश्वरीका दुवै चरणकमलमा ढोगी पश्चिम ताकी खुशीसाथ आका-शिएर उड़ी।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको सप्तम कल्लोल सिद्धियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आठौं कल्लोल

(त्यसपछि आकाशको बाटोले गएकी मैनाले चेपेको तीरमा पाँच रङ्ले सुहाएको अनेक पालहरू भएको, फुलेको फूलबारीजस्तो सुहाएको नेपालेश्वरको छाउनीको शोभा देखी। 'धन्य यहाँ महाराज, धन्य यो फौज' भन्दै छक्क परेकी मैना दुइ-तीन घड़ी त्यो शोभा हेरी केही थकाइ मारी फेरि उड़ी आफ्नो पखेँटाको वेगले चकोरनयनाको नजीकमा पुगी। अनङ्गमञ्जरीको विछोड़को शोकको आगोले पिरिएकी त्यसलाई हेर्न चौ चौ परेकी चकोरनयनाले मैनालाई देखिन् र आसनबाट उठिन्, अनि त्यसलाई प्रेमले बायाँ हातको चोरी औंलामा राखिन्, त्यसको चुच्चोलाई चुम्बन गरिन्, दाँया हातले पिठ्यूँ सुमसुम्याइन्, मन स्वस्थ भएपछि 'मैना, सन्चै छस्' भनी सोधिन्।)

अनङ्गमञ्जरी—हजुर। हजुरको चरणकमलको सम्झनाले सन्चै छु।

चकोरनयना—सन्देशको जवाफ बता।

(अनङ्गमञ्जरीले नेपालका राजाकी रानीले दिएको जवाफ र सैन्यको शोभाको वर्णन पनि सुनाई।)

चकोरनयना—शुभ लक्षणका खानि भएकी राजराजेश्वरीको वचन साँचै हो। मैना, त्यो फौज कस्तो छ ?

अनङ्गमञ्जरी—लड़ाइँ गर्न तम्लेर आइरहेको, आफ्नै बाहुबलले रक्षा गरिएको; हात्ती, घोड़ा, रथ, सिपाहीहरूले दिनका दिन बढ्दै गएको; समुद्रजस्तो, बादलजस्तो, क्षत्रियहरूलाई थर्काउने नेपालेश्वरको फौजले राजाको आँखा उघारिदिनेछ ॥१॥ हे डोटीश्वर महाराज, नेपालका राजासंग झगड़ा गर्नु ठीक छैन। संसारमा मानिसहरू लड़ाइँमा हारेका राजाको र क्षत्रियहरूको ठूलो निन्दा गर्छन्। जस्तै—

(चित्रकाव्य [संस्कृत र भाषा मिलेको श्लोक] ले बताउँ छे।)

लड़ाइँमा शत्रुको डरले जुन सरदार पीठ फर्काएर भाग्छ, त्यसकी आमा पुत्रिणी (छोरो भएकी) भई भने पनि कस्ती बाँझी हुन्छे! जुन राजा अधम कापुरुषलाई बाला, कुण्डल, वस्त्र, हात्ती दिई राम्रो बोली-वचनले इज्जतसाथ पाल्छन्, त्यस्ता राजालाई बेवकूफ भन्दछन् ॥ २ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनङ्गमञ्जरीको यस्तो चित्रकाव्य सुनी सबै राजाहरू रिसाए। अनि रीसले चूर भएका सबै राजाहरू उठे; आफ्ना-आफ्ना रथ, हात्ती, घोड़ामा चढ़े। अनि सबै राजाहरू आफ्ना सिपाही, मन्त्री, फौज, घोड़सवार, रथारोही, पैदल पल्टन आदिलाई शस्त्र-अस्त्रले सज्जित भएर, कवच लाएर, शकुन-अशकुन विचार गर्दै पूर्वतिर ताकी हिंड़े। जस्तै—हावा आफ्नो सम्मुखमा बग्न लाग्यो, चारैतिर स्यालहरू हुयाँ-हुयाँ गरी कराउन थाले, कागहरू रथमा पसे, गिद्ध, चील आदि फौजमाथि घुम्न लागे, श्मशानमा बस्ने पिशाचहरू पनि सबै हातमा खप्पर लिई मासु खान लोभिंदै नाच्न थाले ॥ ३ ॥ अरू पनि—हेर्न नसकिने वेतालहरू दिशा-दिशामा कङ्कला'शब्द गरी कराउन लागे; मेघले रगत, असिना, अङ्गार, वज्र वृष्टि गर्न लागे; योगिनीहरू हा हा हा गरी बेसरी हाँसे, भूइँचालो गयो। यस्ता अशुभ कुरा देखी सबै राजाहरू आकुल व्याकुल भए ॥ ४ ॥ त्यसपछि मुखामुख गर्दै राजाहरूले भने—हामीहरू भाग्यमानी रहेछौं, हामी बाँच्यौं भने पहाड़िया शहरहरूको टीकाजस्तो नेपालको रमणीय कान्तिपुरको राजा हुन पाउँनेछौं, केही गरी मरिहाल्यौं भने पनि इन्द्रको अमरावतीमा रहेको देवताको सुधर्मा सभामा बस्न पाउनेछौं। दुवैतिरबाट हाम्रो कल्याणै छ। यस्तो भन्दै सारथिहरूलाई रथ हाँक्न लाए। सारथिहरूले पनि घोड़ा दौड़ाए।

(यसरी शत्रु राजाहरूको प्रस्तावना सिद्धियो।)

(त्यसपछि फौजका साथ नेपालेश्वर महाराज रणबहादुर शाह पस्तुहुन्छ। अनि चेपे नदीको तीरमा मध्यरातमा राजपुत्र बहादुर शाह उठ्नुभयो, श्री महाराजाधिराजको पालका पालेहरूलाई बोलाई पालभित्र पसी आएको थकाइले सुखपूर्वक सुत्नुभएको राजालाई बिउँ झाउनुभयो। महाराज पनि निद्राबाट बिउँ झनुभयो।)

राजा—बुवा, यो मध्यरातमा छाउनीमा सबै सुतिरहेका छन्, पिशाचहरू फैलिएका छन्, राक्षसहरू छरिएका छन्, निस्पट्ट अन्धकार छ। यस्तो मध्यरातको बेलामा ढाल-तरवार भिरी आठपहिरिया नलिई एक्लै तपाई कुन ठूलो कामले आउनुभयो?

राजपुत्र—महाराज, केही रहस्य बिन्ती चढ़ाउन चाहन्छु। (रहस्य प्रकट गर्नुहुन्छ।) महाराज, हजुरको यो फौजमा मन्त्री, सिपाहीहरू धेरै छन्। यी पनि धेरैजसो बराबर बल-पराक्रम भएका छैनन्। जस्तै—कुनै हिङ्, तेल, जीरा, कपड़ा आदिको काममा सिपालु छन्, कुनै विरोध नगर्ने राजाहरूलाई मिलाउनामा निपुण छन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुनै दिन-दिनै चिट्ठी पठाउने काममा सिपालु भएका सभामा बस्ने लेखनदास छन्, कुनै तरवार चलाई हान-मार गर्नामा सिपालु छन् । सबै गुण भएका त थोरै छन् ॥५॥ अरू पनि—लड़ाईँको खलबल भएको वेलामा कपटी मानिसहरू कोही खोकीले, दमले पीड़ित भएका; कोही ज्वरले ग्रस्त भएका, कोही वातरोग लागेका, कोही पित्तले छोए-का, कोही कपाल दुखेका, कोही अन्धो भएका, कोही आँसु आएका, कोही अतिसार लागेका, कोही दाँत बाँधिएका (मूर्च्छा परेका) हुन्छन् । निरोगी त कमै हुन्छन् ॥६॥ महाराज, शत्रु राजाहरूको ठूलो फौज मत्स्याँङ्दीको तीरमा आइपुग्यो भन्ने कुरा जासूसद्वारा सुनियो । त्यसकारण पर्सि पहिलो प्रहरमा युद्ध हुने अड़कल छ । आफ्नो फौजको रक्षा गर्न र शत्रु सैन्यलाई जित्न व्यूहरचनाको काम कहाँ गर्नुपर्ला सो आज्ञा होओस् ।

राजा—बुवा, जुन उपायले मेरो प्रताप बढ्छ, त्यही उपाय गर्नुहोस् ।

राजपुत्र—महाराज जो हुकुम, सो सही ।

(यस्तो जवाफ दिई (बहादुर शाह) आफ्नो पालमा जानुभयो, त्यसपछि बिहान उज्यालो भए-पछि मन्त्रीहरूलाई बोलाउनुभयो । सबै मन्त्रीहरू हात जोड़ी उहाँको सामु आए ।)

राजपुत्र—मन्त्री हो, आफ्नो फौजको रक्षा गर्न र शत्रुको सैन्यलाई जित्न खूप बलियो व्यूह बनाओ ।

मन्त्रीहरू—राजकुमार, जो आज्ञा हुन्छ सो हामीले तयार पारेको सम्भिन्नक्सियोस् ।

राजपुत्रले मत्स्याँङ्दीको कीनारमा केही अग्लो ठाउँमा फौजसाथ गई व्यूह बनाउनु-भयो । व्यूहरचना यस प्रकारको छ—

पश्चिम मुखमा पहिलो घेरामा २५ पच्चीस तोप; त्यहीं एकै पंक्तिमा बसेर खाने महाराजका दाजुभाइ २२५ दुइ सय पच्चीस, तोपको रक्षा गर्ने र एउटा खाई । दोस्रो घेरामा २५००० पच्चीस हजार तिलंगा सिपाही र एउटा खाई । तेस्रो घेरामा ७५०० सात हज़ार पाँच सय धनु भिर्ने र एउटा खाई ।

चौथी घेरामा १२५ एक सय पच्चीस हात्ती र एउटा खाई । पाँचौ घेरामा २२५० बाइस सय पचास घोड़ा र एउटा खाई । छैठौं घेरामा २२५०० बाइस हजार पाँच सय खश र एउटा खाई । सातौं घेरामा १२५०० बाह्र हजार पाँच सय मगर र एउटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खाई। आठौं घेरामा ८७५० आठ हजार सात सय पचास गुरुङ् र एउटा खाई। नवौं घेरामा २५०० पच्चीस सय नेवार र एउटा खाई। दशौं घेरमा २५०० पच्चीस सय गोतिया र एउटा खाई। एघाह्रौं घेरामा ३७५ तीन सय पचहत्तर क्षत्रियधर्ममा लागेका बाहुन र एउटा खाई। बाह्रौं घेरामा ५२० पाँच सय बीस डोली चढ्ने भुँड़ीवाल र एउटा खाई। तेह्रौं घेरामा २० बीस पालकी चढ़ेका भाग्यमानी सिपाही र एउटा खाई। चौधौं घेरामा २५ पच्चीस गाड़ा र गाड़ावानहरू तथा एउटा खाई। एवंक्रमले चार दिशामा चौध-चौध घेरा बनाई एउटा घेरामा एउटा मुख्य सेनापति, अनेक ध्वजा, अनेक डिण्डिम (डिम्रडिबे) अनन्त बाजाहरू।

यसरी ढोका नभएको, खूब बलियो, चक्रको आकारको, फोड़न नसकिने व्यूह बनाई त्यसको बीचमा राजा र राजपुत्र विराजमान हुनुभयो। गवैयाहरूले राम्रोसंग गाए। नटुवाहरू नाचे। कोइलीको जस्तो आवाज भएका वेश्याहरू पनि नाच्न लागे। पुराण भन्नेहरूले पुराण भने। यस क्रमले रात बिताए।

दिनको पहिलो भागमा सूर्योदयको वेलामा ज्योतिषीले बनाएको शुभ मुहूर्तमा रीसले चूर भएका राजाहरू मत्स्याङ्दी नदी तरेर त्यस व्यूहको नजीकमा आए। त्यहाँ नेपालका राजाको व्यूहको पश्चिम मुखलाई आफ्ना छ लाख चतुरङ्ग फौज देख्नाले घमण्ड चढ़ेका कुमाउँका राजाले घेरे। अनि व्यूहको दक्षिण मुखमा हिंड़िरहेका ग्रीष्म ऋतुको मेघमालाजस्तो ६०००८५ नौ लाख पचासी सिपाही भएका सारा पहाड़ी राजाले ढोगिएका जुम्लाका राजाले घेरा हाले। त्यसपछि त्यस व्यूहको उत्तर मुखमा बिजुलीको लहर चम्केको डम्म बादल लागेको भदौको औंसीको रातजस्तो पाँच लाख फौज भएका डोटीका राजाले घेरा हाले। त्यसपछि त्यो व्यूहको पूर्व मुखलाई सलहजस्ता अनेकन साना-साना राजाहरूले घेरे।

यसरी ठूलो घेरा पर्दा पौशाला रोकिए। हावा पनि पस्न पाएन। ठूलठूला जासूस पनि रोकिए। दूतहरूको त के कुरा! त्यसपछि नेपालका राजाका सेनापतिहरूले आफ्ना राजाको सामु गई हात जोड़ी बिन्ति गरे—वीरहरूले ढोगिएका राजसमूहका अधिपति हे महाराज, सारा पहाड़िया राजाहरूले हाम्रो फौजलाई घेरे। पौशाला आदि र मानिसको आवत-जावत पनि रोकियो। यसपछि के गर्ने हो आज्ञा होस्।

केही हाँसी, आफ्नो मनमा इष्टदेवता पार्वतीका पुत्र गणेश, भक्तको भय हर्ने, जय दिने, दुर्गा, काल, अग्नि, रुद्र, शिव पानीमा रहेका बड़वानल, मुनिमा श्रेष्ठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अगस्त्य, योगीश्वर गोरक्षनाथ र बाबुलाई पनि सम्झी आँखिभुइँको इशाराले फौजका मालिक भएका राजाले आज्ञा दिनुभयो ॥ ७ ॥

त्यहाँपछि ती दुवै सेनाका सिपाहीहरू परस्परमा लड्न थाले। ढ्वाङ् ढ्वाङ् बन्दूकको आवाजले, रथका घोड़ाका टापको हनाइको आवाजले, तोपको ढ्वाङ् ढ्वाङ आवाजले, धनुर्धारीहरूको डर लाग्दो ताँदोको टङ्कारले, वीरहरूको गर्जाइले, दमाहाको ढाङ् ढुङ्ले, हात्तीको कराइले, घोड़ा हिहिलिनाले धेरै बेरसम्म सारा संसार व्याप्त भयो॥८॥ तपस्या गर्न हिमालयमा बसेका मुनिहरू, दिक्पालहरू, नागहरू, पर्वतहरू, अप्सराहरू, गुफामा ठक्कर खाएको लड़ाइँको डर लाग्दो आवाजले कानको प्वाल थुनिएका छँदा लडाइँ हेर्ने इच्छाले आइपुगे। जस्तै—
मार्कण्डेय, भार्गव, वाल्मीकि, शक्ति, भारद्वाज, गौतम, माण्डव्य, विश्वामित्र, पराशर, मौद्गल्य, रैभ्य, आत्रेय, असित, धौम्य, गालव, कठ, अगस्त्य, वसिष्ठ, अंशुमान्, कृष्ण, उतथ्य, पुलस्त्य, जैमिनि, यवक्रीत, और्व, सारस्वत, गार्ग्य, उत्तंक, दधीचि, शृङ्गी, पुलह, द्वैपायन, उद्दालक आदि गरिएका सारा मुनिहरू आफ्नो वास्तव रूप लुकाई लड़ाइँ हेर्न आए ॥ ६, १० ॥ शेष, वासुकि, तक्षक, दधिमुख, कालीय, कर्कोटक, वेलापत्र, धनञ्जय आदि नागहरू र क्रौञ्च, ऋषभ, मन्दर, कैलास, उदयाचल, अस्ताचल, हिमालय, मैनाक, विन्ध्य आदि पर्वतहरू पनि सबै आफ्नो वास्तव रूप लुकाई लड़ाइँ हेर्न हिंड़े ॥ ११ ॥

इन्द्र पनि आफ्नो शहर अमरावती छोड़ी हिंड़े। यमराज, निर्ऋति, वरुण, कुवेर, अग्नि, ईशान, वायु पनि राजाहरूको यो ठूलो युद्ध भएको सुनी हेर्न हर्षका साथ हिंड़े ॥१२॥ रम्भा, कान्तिमती, चकोरनयना, लीलावती, मेनका, गीतज्ञा, तिलोत्तमा, गुणवती, रत्नावती, उर्वशी इत्यादि धेरै अप्सराहरू पनि लड़ाइँमा हतियारले मारिएका असल योद्धाहरूलाई वरण गर्न हातमा चन्दन लिईकन त्यहाँ आए ॥ १३ ॥ दीर्घग्रीव, हलायुध, विकटदृक्, क्रोडास्य, दुर्दर्शन, उग्रास्य, अन्धक, दुर्मुख, उद्यतकर, पिंगाक्ष, विद्युत्प्रभ आदि भयङ्कर यमराजका दूतहरू लड़ाइँबाट भागेका कातरहरूलाई कड़ा शासना दिन त्यहाँ आए ॥ १४ ॥ टाउकाको माला लाउने, भैरवको निमित्त लड़ाइँमा मरेकाहरूका टाउका लिन अनेकरूप लिएका कुष्माण्ड, वेताल, विनायक आदि पनि त्यहाँ आए ॥ १५ ॥

(फेरि लड़ाइँको बयान गर्छन्।)

यो भयङ्कर घम्चोमन्चोको लड़ाइँमा सिपाहीहरुले झिलीमिली तरवार, खञ्चरा, कट्टारक (कटारी), तोमर, बन्दूक, तोप, बाण, भाला, शक्ति, पाश, खुकुरी, गदा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिघ, भिन्दिपाल आदि अस्त्रहरूले परस्परमा खूब हानाहान गरे ॥ १६ ॥ कसैका टाउका खस्न थाले, तरवारले कसैका पिडौंला काटिए, हतियारले कतिका हात काटिए, कतिका नाक काटिए, कैयौं सिपाहीले प्राणत्याग गरे। कति लड़ाइँको मैदानमा सुते, कति तोपका महानमा परी उड़े, कति बन्दूकका गोली लागी स्वर्ग पुगे ॥ १७ ॥

दिशा थर्काउने ताँदोका टङ्कारले, हात्ती-घोड़ाहरूका खुट्टाका ठक्करले, खूपसित उड़ेका धूलाले आँखा ढाकिएका लड़ाकु तिलङ्गाले, बन्दूकका ढ्वाङ् ढ्वाङ् आवाजले, दाह्रा किटेको कटकट आवाजले, धीरका ठूलो गजाईले पनि लड़ाइँमा महाराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥१८॥ उज्याउँदा हान्दा ठूलो डर दिने, सूर्यका किरणको टक परेका तरवारले चटाचट छिनिएका दुवै तर्फका फौजका धड़ाधड़ गिरेका मणिमुकुट लाएका जुल्फी पालेका टाउकाका गींड़ले र बाजु बाँधेका पाखुराहरूले पनि लड़ाइँमा महाराज रणबहादुर शाहको निशान सुहाइरहेछ॥१९॥ मान्छेको मासु खाने स्यालहरूको कराइले, कुक्कुरहरूका भुकाइले, मासुका डल्ला-डल्ला लिएका काग, चीलको तल-माथि उड़ाइले, कङ्काली भैरवहरूको हा हा हा हाँसोले, योगिनीहरूको ताण्डवनाचले पनि लड़ाइँमा महाराज रणबहादुर शाहको निशान सुहाइरहेछ ॥२०॥

जुन ठाउँमा त्यो महायुद्ध भयो ढलेका हात्ती, घोड़ा, ऊँट, गधा, मान्छे र रथहरूले त्यो ठाउँ जान नसकिने भयो। त्यो दुइ ठूलो फौजको बीचमा उत्नीखेरै रगतको खोलो बग्यो, गोरखा राजाका तरवार लिएका वीरहरू र नट्टुवाहरू पनि नाच्न लागे ॥२१॥

यसरी ठूलो भयङ्कर युद्ध भएपछि चन्द्रवंशमा तिलकजस्ता पृथ्वीनारायणका नाति नेपालेश्वर श्रीमहाराजाधिराज रणबहादुर शाहका सिपाहीले हानेका शस्त्रास्त्रसमूहले घाइते भएका राजाहरू उहाँको गाथमा केही चोट पार्न नसकीकन नै थाके, केही त मरे, केही मूर्छा परे।

(यसरी राजसमूहको हार भएपछि—)

राजपुत्र—(मन-मनै) यिनीहरूको शक्ति यत्ति हो। (सुन्ने गरी) डाहाले ग्रस्त भएका हे नीच क्षत्रियहरू हो, तिमीहरूको शक्ति यत्ति नै हो। अब युद्धको खलबल नगर। ग्रीष्म ऋतुका मध्याह्नका सूर्यजस्तो तेज भएका (राजासङ्ग) तिमीहरूले लड्नु त स्वर्गमा थुक्नुजस्तै हो ॥२२॥ त्यसकारण हे नीच क्षत्रियहरू हो, नीतिका घर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालप्रभुको सामु जाओ। महासागरको ठूलो भुमरीलाई पनि डोबिल्टोजस्तै पारेका लड़ाइँमा दिल्लीका बादशाहका सैन्यलाई पनि तुच्छ पारेका अंग्रेजहरूले र अरू राजाहरूलाई भुसुनासरी गर्ने चीनका ठूला बादशाहले पनि उहाँ महाराजलाई जित्न सकेनन् * भने ए नीच राजाहरू हो, अहिले तिमीहरूको त के कुरा ? ॥२३॥ दान दिनामा कर्णजस्ता, सहनामा पृथ्वीजस्ता, बुद्धिमा बृहस्पतिजस्ता, सौन्दर्यमा कामदेवजस्ता, शत्रुरूपी समुद्रमा वड़वानलजस्ता, शूर्याइँमा अर्जुन जस्ता, न्याय गर्नमा युधिष्ठिरजस्ता यहाँ महाराज चन्द्रवंशका नायक हुनुहुन्छ। रे राजाहरू हो, उहाँकै पाउमा पर ॥२४॥

[त्यसपछि प्रेष्य (गोली आदि), अप्रेष्य (तरवार आदि), प्रेष्यग्राह्य (बाण आदि) अनेक शस्त्रसमूहले अङ्गप्रत्यङ्गमा लागेका घाउको वेदनाले कराउँदै केही राजाहरू आफ्नो संघ छोड़ेर हातमा कोसेली लिई नेपालका राजा रणबहादुर शाहको पाउ पर्न आए। व्यर्थमा घमण्ड गर्ने अरू छोटा राजाहरू त्यस लड़ाइँबाट भागे।]

नटी—(हर्षबाट घुमी मन-मनै) ती सारा राजसमूह, क्षत्रियसमूह, हात्तीको बथान, घोड़ाको बथान, सिपाहीको जमात हारी कसरी भागे होलान् ! (सुन्ने गरी) कामदेव-को ज्वर शान्त गर्ने हे स्वामित, नेपाल राजाका सिपाहीका हतियारले घाइते भएका राजाहरू कुन रीतले भागे त्यो सबै विस्तारपूर्वक सुनाउनुहोस्। फौज भागेको ता आजसम्म न देखियो न सुनिएकै थियो।

सूत्रधार—सुन्दरी, सुन त। त्यो यस्तो छ—ती राजाहरू राज्यलक्ष्मी, दरवार, सुनको सिंहासन, राजामा श्रेष्ठ भएका आफ्ना बाबु-बराज्यूहरू बसेको राजधानी, चन्द्रमा-जस्तो मुख भएकी, मन परेकी, राम्रो आँखा भएकी सुशीला स्वास्नीलाई पनि छोड़ेर उहाँ महाराजको हतियारको मार खप्न नसकी झटपट यत्रतत्र भागे ॥ २५ ॥ मृगको शिकार, वेश्या नटुवाहरूका नाच, गान, बजान; डरछेरुवी आइमाईसंग रूखको शीतल छायामा बसी खेल्नु, बाजको खेल, हात्ती चढ्नु, घोड़ा चढ्नु आदि कुरालाई छोड़ेर बन्दूकका गोलीको पीड़ा खप्न नसकी राजाहरूले जतातते भागाभाग गरे ॥ २६ ॥ ती राजाहरूका कहीं श्रीपेच खसे, टुपी खुस्किए, कहीं धनु खसे, कहीं तरवार छुटे, कहीं ढाल खुस्किए, आँसुका धारा छुटे। लड़ाइँमा नेपालका राजासंग हार खाई ती राजाहरूले त्यस वेला फौज, पाल, रथ सारा छोड़ी भागाभाग गरे

* यस विषयको इतिहास उपोद्घातमा पढ्नुहोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

॥ २७ ॥ दिक्पालका अंशावतार भएका, पृथ्वीका इन्द्र, सारा राजाले हरखखत ढोगिएका महाराजाधिराज रणबहादुर शाहले यसरी हतियार भिरेर लड्न तम्सेर आएका राजाहरूलाई जिती, सारा शत्रुको कुललाई खतम पारी आफ्नो शौर्यले राजाहरूको ठूलो आधिपत्य पाउनुभयो ॥ २८ ॥

विदूषक—ओ भगुवा नीच क्षत्रियराजाहरूहो, फर्क, फर्क ! नेपालका महाराज एक्लै हुनुहुन्छ, उहाँको फौज पनि थोरै छ। तिमीहरू धेरै छौ, फौज पनि तिमीहरूको असंख्य छ। अघि भनेको तिमीहरूले अहिल्यै बिर्स्यौ ? यसैकारण बलवान् नेपालको महाराजको शरण पर भनी पहिले नै मैले भनेको थिएँ। तिमीहरूले मानेनौ, त्यसैको फल पायौ। जो हुनु भइगयो। हुनत अज्ञानी तिमीहरूले अपराध गरिहाल्यौ तापनि सारा नीतिमा सिपालु दयालु नेपालका महाराजको चरणतलमा आफ्नो शिर झुकायौ भने अवश्य अपराधको माफी पाउनेछौ।

कुमाउँका राजा—छोटा, तेरो देशमा महोद्दामकीर्ति, दलजित्, शूरप्रताप, रणरुद्र वर्मा र कालु पाँडे, तुलाराम पाँडे, केहरीसिंह आदि ठूला लड़ाका वीरहरू पहिले भएका थिए। रे शण्डका राजा, अहिले त लड़ाका वीरहरू चार जना मात्रै छन्। अरू त सामान्य हुन्।

(त्यसमध्ये पहिला वीरको वर्णन गर्दछन्।)

तेरो देशमा लड़ाइँको मैदानमा योद्धामा श्रेष्ठ भएका पहिला वीर बलभद्र हुन् भनी मलाई थाहा छ, अर्को मलाई थाहा छैन। जसले धनुले सिद्धान्चोकको जङ्गलमा चौबीसी राजाहरूका समुद्रजस्तो सारा फौजलाई हराए, ॥ २९ ॥ चौबीसी राजाहरूका फौजलाई जसले खतम पारे, बाँकी रहेका अरू राजाहरूका देशलाई उनै बलभद्रले जिते ॥ ३० ॥ अरू फौज त लड़ाइँमा गइटोपल्ने मात्र हुन्। उनलाई सम्झनेबित्तिकै मेरो मन त थरथर काँप्तछ ॥ ३१ ॥

(दोस्रा वीरको वर्णन गर्दछन्।)

जुम्ला देशका राजाको सिंहासनलाई उत्तीखेरै जसले खोसे, त्यसै वेला श्रीरणबहादुर शाहका दोस्रा वीर शिवनारायण हुन् भनी मैले थाहा पाएँ। यिनले त मेरो मुटुलाई थर्काउँछन् ॥ ३२ ॥ जुम्लाका राजाको तिलकलाई जसले अहिल्यै हरे, उनै शिवनारायणले गढ़वाल, डोटी, कुमाउँका राजाको तिलक पनि हरिहाले। पछि-पछि लागेको फौज ता यी देशमा पुग्न बाँकी नै थियो। वास्तवमा गदाले टाउको फोरिसकेपछि हात्ती नै भए पनि बाँच्तछ र ? ॥ ३३ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(तेस्रा वीरको वर्णन गर्दछन् ।)

रे कुजात स्त्रीका पोइ, मन्त्री कालु पाँड़ेका छोरा, वीरहरूले सेवा गरिएका दामोदर पाँड़ेलाई म तेस्रा वीर हुन् भनी ठान्दछु । नेपालका राजा रणबहादुर शाहको आज्ञा शिरोपर गरी जसले आफ्ना बाहुबलले दिगर्चालाइ कब्जागरे, ॥ ३४ ॥ जसले पहिले चीनका बादशाहले रक्षा गरिएको सुन, चाँदी भएको दिगर्चा कब्जा गरे, तिनैले (दामोदर पाँड़ेले) भोट देश पनि कब्जा गरे ॥ ३५ ॥

(चौथा वीरको वर्णन गर्दछन् ।)

जसले भरखरै गढ़वालका राजाको निधारमा सुहाइरहेको राम्रो तिलकलाई खुशी-साथ रणबहादुरको चरणकमलमा चढ़ाए चौथा वीर तिनै जगजीत हुन् भनी म जान्दछु ॥ ३६ ॥

यसकारण ठूलो काम गर्ने, शत्रुलाई थर्काउने वीरहरू ता चारैवटा मात्रै छन् । हे दुष्ट, ठूला यी चार वीरहरूलाई सम्झनेबित्तिकै मेरो जीउ ता थरथर काँप्न थाल्दछ । नेपालका शहरका सड़कको शोभाका लागि मात्रै ढाल, तरवार, पोशाक लाएर रहेका अरूहरूको त म कत्ति डर मान्दिन ॥ ३७ ॥

विदूषक—हे राजा, यो कुरा त ठीक भनेनौ । तिमीले तारीफ गरिएका मानिस-जस्ता लड़ाका वीर पुरुषहरू त गोरखा देशमा राजा श्री रणबहादुर शाहको हजुरमा हरबखत हाजिर रहने चार हजार छन् ।

कुमाउँका राजा—रे छुल्याहा, यदि अरूहरू पनि बलिया वीरहरू भएका भए सिङ्गान्चोक किल्लाको नर्जकैको जङ्गलमा जम्मा भएर आइलागेका चौबीसी राजाको ठूलो फौजको संहार गर्ने ठूला वीर श्रीबलभद्रलाई, सारा पहाड़का राजाले ढोगिएका जुम्लाका राजाको परम्परादेखि बसिआएको सुनको सिंहासन हर्ने शिवनारायण खत्रीलाई, सारा आकाशलाई ढाक्ने राजा*, अनेकौं लाख घोड़ाका धनी चीनका बादशाहले ढोगिएका योगीश्वर टशी लामाले शासन गरिएको दिगीर्चा शहर ध्वंस गर्ने दामोदर पाँड़ेलाई र गढ़वालका राजाको निधारको टीका मेट्न जगजीत पाँड़ेलाई नै नेपालका राजा श्रीरणबहादुर शाहले किन खटाए त ?

---

* चीनका कुनै बादशाह 'सूर्यभन्दा पनि म कम छैन' भन्ने देखाउन बेसरी तोप पड्काएर धूवाँले सूर्यलाई छेकेर सूर्य खतम भए भनी बाहिर निस्कन्थे रे भन्ने कथा चलेको छ । यही कथालाई लिएर कविले चीनका बादशाहलाई 'सारा आकाश ढाक्ने राजा' भनेका होलान् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विदूषक—हे कुमाउँका राजा, ती चारवटा काज परेको वेलामा तिनका भाग्यले तिनै चार जना नेपालका राजाको सामु आइपुगे। त्यसकारण तिनै चार जना ती काजमा खटिए। एउटै काममा धेरै जना लगाउनु पनि ठीक हुँदैन। जस्तै—ठोक्रोमा धेरै वाणहरू छन् तर हान्ने वेलामा एउटै वाण हान्दछन्। धेरै घोड़ाहरू भए पनि लड़ाइँमा जाँदा एउटै घोड़ामा चढ्छन्। सय्यौं आइमाई भए पनि (सम्भोगको अवस्थामा) सम्भोगरसिकहरू एउटी आइमाईलाई नै लिन्छन्। अनेक सेनापति भए पनि लड़ाइँमा एउटैलाई पठाउँछन् ॥३८॥

कुमाउँका राजा—रे अज्ञानी, उदयाचलदेखि अस्ताचलसम्मका सारा पहाड़का देशमा आक्रमण गर्दा नेपालका राजाका सिपाहीहरूले कति लड़ाइँ गरेनन् ? तैपनि ती सबै लड़ाइँहरू यिनै लड़ाइँको अन्तर्गत भएका सम्झी। जस्तै—ग्रीष्म ऋतुमा सफा पानीको प्रवाह रोकिएको खोलामा; शीउँडीले भरिएको पानीमा वा जालहरूले ढाके-को तलाउमा पानी नभएका माछाहरूलाई को मार्न सक्तैन र ? ॥३९॥ अथवा—घ्यूले मुछिएको, अनेक मासु-माछा भएको शालको पातले छोपेको, सुन्दरीले खुशी मनले अगाड़ि राखिदिएको मनतातो भात भोकाएको कुन मानिसले खाँदैन र ? ॥४०॥ अथवा सयौं कुक्कुर पछि-पछि दौड़िहेरछन्, धनु आदि अस्त्र भिरेका व्याधा-हरू लखेट्तैछन्, हिलोमा डुबेको छ, यस्तो सिंहलाई मारेमा के तारीफ हुन्छ ? ॥४१॥

विदूषक—हे कुमाउँका राजा, गोरखा शहरमा बस्ने सारा मानिस सबै काममा सिपालु छन्, त्यस्तो नभन। जस्तै—सबै कुरा गर्न सिपालु छन्, घोड़ा चढ़न समर्थ छन्, पदार्थको विवेक गर्ने छन्, धेरै भाषामा सिपालु छन्, वेदले बताएको बाटोमा लागेका छन्, अर्काको धनमा लालचा गर्दैनन्, परस्त्रीमा आँखा लाउँदैनन्, चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष)मा सधैं लागेका छन्, सबै मालिकको काम गर्ने, लड़ाइँको मैदानमा पीठ नफर्काउने, चिट्ठी लेख्नामा सिपालु, सच्चा न्यायमा रहने, यश कमाउन खोज्ने शूरा, सधैं दान गरिरहने, गाई, ब्राह्मणको हित गर्ने, देवता, पाहुनाको पूजा गर्ने छन् ॥४२-४५॥

कुमाउँका राजा—हे विदूषक, हाम्रो फौजमा को को घाइते भए, को को भागे, को को मरे भन्ने विचार गरी फेरि फौजलाई आश्वासन दिई म पक्का लड़नेछु।

विदूषक—हे राजा, लड़्न चाहन्छौ भने तिमीले यी डरछेरुवा मानिसहरूलाई निकाल्नुपर्छ। भनेको पनि छ—अन्धाहरूलाई ऐनाले के काम, दाँत फुक्लेकाहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दतिवनले के काम, नपुंसकहरूलाई असल आइमाईहरूले के काम, मुनिहरूलाई छुराले के काम, लङ्ङाहरूलाई घोड़ाले के काम, बौद्धहरूलाई वेद र ब्राह्मणले के काम, लड़ाइँ-भिड़ाइँ गर्ने राजालाई डरछेरुवा मान्छेले के काम ? ॥ ४६ ॥ हे राजा, लड़ाइँबाट भाग्ने राजाको संसारमा निन्दा फैलिन्छ। जस्तै—लड़ाइँमा सयौं वीरहरूको मृत्यु भए पनि, मूर्छा परे पनि, हतियारले दुवै हात काटिए पनि, जीउ ढले पनि, छाती फुटे पनि, रगताम्य भए पनि केही लेखा (गिन्ती) हुँदैन, लड़ाइँबाट भाग्यो भने योद्धाको (अकीर्ति) किट्टिएर रहन्छ ॥ ५७ ॥ हे कुमाउँका राजा, पापी मानिसहरूको भागूँ-भागूँ भन्ने बुद्धि पैदा हुन्छ। जस्तै—जसका बाबुहरू असल धर्मात्मा छन्, जसको वेदमा प्रेम छ, जसको खूप तीर्थयात्रा गर्ने मत हुन्छ, जसकी आमा पतिव्रता छिन्, जसको घरमा देवी-देवताको कथा भनिन्छ, वेदपाठ हुन्छ, तिनीहरूको कहिल्यै पनि लड़ाइँबाट भाग्ने बुद्धि पैदा हुँदैन ॥४८॥ अरू पनि—जसका घरमा सधैं वेद सुन्नु, पुराण पढ्नु, देवीको सेवा, गोदान, धनदान, भूमिदान; किसिम-किसिमका व्रतोद्यापन, मन्त्रजप, अन्नदान हुँदैनन् तिनीहरूकै मात्र सधैं लड़ाइँबाट चाँड़ै भागूँ भन्ने बुद्धि पैदा हुन्छ ॥४९॥

(यस्तो विदूषकको वाक्य सहन नसकी कुमाउँ आदि देशका सबै राजाहरू पश्चिमतिर भागे।)

वासुकि; शेष, तक्षकहरू, मार्कण्डेय, पराशर आदि मुनिहरू; कैलास, विन्ध्य, ऋषभ, मैनाक आदि ठूला पर्वतहरू सबै मिलेर खुशी भई राजाको सामु आई 'महाराजको सधैं चिरायु होस्' भनी आफ्नो-आफ्नो लोकतिर गए ॥५०॥ रम्भा, कान्तिमती, चकोरनयना, लीलावती, मेनका, गीतज्ञा आदि अप्सराहरू मनका इच्छा पुगेझैं भएर पुष्पवृष्टि गरी पृथ्वीका पालन गर्ने राजा तपाईं नै होइरहनुहोस् भनी आशीर्वादले राजालाई प्रसन्न पारी आफ्नो लोकमा गए ॥५१॥ इन्द्र, अग्नि, यमराज, वरुण, निर्ऋति, वायु, कुवेर, शिव, ब्रह्मा, विष्णु आदि आकाशमा रहेका यी देवताहरू लड़ाका राजालाई स्याबास स्याबास भनी आफ्नो-आफ्नो लोकतिर गए। खप्परका माला लाउने भैरवीहरू मासु रगत खानाले तृप्त भई आँखा नचाउँदै राजालाई आशिर्वाद दिई वीरहरूको यथेच्छ टाउकाहरू बटुली आएजस्तै गरी आफ्नो-आफ्नो स्थानमा गए।

अनि यसरी सारा पहाड़िया छोटा शत्रु राजाहरूलाई हराएपछि सारा देशको आधिपत्य पाई महाराज रणबहादुर शाहले अनेक मङ्गलहरू गराउनुभयो। सो यस प्रकारको छ—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो भयङ्कर लड़ाइँ सिद्धिएपछि कति वीरहरूले शङ्ख फूके। कुनै वीरहरूले डिण्डिम (डिबडिबे) बजाए। कसैले झ्याली बजाए। कसैले हर्षसाथ ढोल बजाए। आइ-माईहरू नाचे। राजाहरूले गर्जना गरे। गवैयाहरूले गाए। गोरखाका राजा रण बहादुर शाहले तिनीहरूलाई धन, हात्ती, घोड़ा, लुगा दिनुभयो।

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको अष्टम कल्लोल सिद्धियो।

नवौं कल्लोल

त्यहाँपछि सारा पहाड़का राजसमूहलाई जित्ने, पर्वत देशका मालिक, चन्द्रवंशका टीकाजस्ता, दावानलजस्तो प्रताप भएका श्रीरणबहादुर शाहले सारा पहाड़ी देशका राजधानीमा असल प्रजाको रक्षा गर्न र दुष्ट जनलाई दण्ड दिन मुख्य-मुख्य सैनिकहरू खटाउनुभयो। ती सैनिकहरूले शिरमा अञ्जुलि बाँधी राजा रण-बहादुर शाहको दर्शन गरे। 'महाराज जे हुकुम हुन्छ त्यो तामेल भएको 'सम्भित्रक्सियोस्' भनी ती सैनिकहरू राजाहरूले छोड़ेका गढ़वालसम्मका राजधानीमा गई असल नीतिको बाटोले प्रजाको पालना गरे। त्यहाँ मत्स्याङ नदीको कीनारामा तीन महीना बिताई सारा पहाड़ी देशको आमदानी-खर्च विचार गरिसकेपछि राजपुत्र बहादुर शाहले राजालाई बिन्ति चढ़ाउनुभयो।

राजपुत्र—सारा पहाड़ी राजाको ठूलो घमण्डले बढ़ाइएको, समुद्रको वड़वानलजस्तो प्रतापले खूपसंग जीउ सुहाएका नेपालेश्वर हे महाराज, हजुरका पितामह श्रीपृथ्वी-नारायणले आफ्नो बाहुले कमाएको नेपालको राजधानी कान्तिपुरीमा सवारी होस्। त्यसपछि यस्तो आफ्नो इच्छा लागेको ठीक कुरा सुनी पाँच भारी मोती, दुइ सय भारी मुँगा, पचास भारी सुन, दश हजार भारी चाँदी, पचास हजार भारी तामा, तीस हजार भारी पितल, कमारा-कमारी, सोह्र पाथी दूध दिने गाई, भैंसी, गोरु, हात्ती, घोड़ा, बोका, भेड़ा, ऊँटहरू लिई शरण पर्न आएका राजाहरूका साथ पर्वतका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चक्रवर्ती राजा श्रीरणबहादुर शाह पूर्वपट्टि लाग्नुभयो। बिस्तारै-बिस्तारै चारैतिर आफूले जितेका देश हेर्दै आफ्ना पूर्खाले बसिएको गोरखा राजधानीमा फौजका साथ राजा आइपुग्नुभयो। अनि असल लक्षणले युक्त भएको सुनको असल सिंहासनमा बसी ब्रह्मादेखि लिएर झार-पातसम्मका सारा प्राणीको उत्पत्ति-पालन-नाशको कारण भएकी, आफ्नो कुलले सेवा गरिआएकी भगवतीलाई जप, चण्डीपाठ, बलिदान, कुमारीपूजा, क्षमापना आदिले प्रसन्न पारी स्तुति गर्न थाल्नुभयो—

नागको कुण्डलले सुहाएकी, जटाको जूरो बाँधेकी, बालचन्द्रमाले शिरको गूँथो बनाएकी, नागको जनै लाएकी, सारा गहनाले सिंगारिएकी, सिंहवाहनमा चढ़ेकी, दैत्य, दानवलाई मार्ने चामुण्डागणले युक्त भएकी, अष्टभैरवले घेरिएकी, किसिम-किसिमका हतियार भिरेकी, कुमारीको रूप लिएकी, महिषासुरलाई मार्ने भएकी, आपत् टार्ने भएकी, निशुम्भ र शुम्भलाई खतम पारेकी, रक्तबीजलाई मार्ने भएकी, प्रचण्डसंग रिसाउने भएकी कल्याणी, चण्ड, मुण्डलाई नाश पारेकी, डर लाग्दो मुख भएकी, राता दाँत भएकी, उठेका पुष्ट स्तन भएकी, ल्याव्राक्क जिब्रोको टुप्पो निकालेकी, सूर्य, चन्द्र अग्नि आँखा भएकी, खिसिक्क हाँसेकी, विन्ध्याचलमा बस्ने भएकी, ब्रह्मा, विष्णु, महेश, इन्द्र आदिले स्तुति गरिएकी, नारद आदि मुनिहरुले सँधै नमस्कार गरिएकी पार्वतीदेवीलाई नमस्कार गर्छु। जलमा, स्थलमा, लड़ाईँमा, भयङ्कर आपत्‌मा, ठूलो डर आइपरेमा पनि शरण परेको मलाई रक्षा गर्नुहोस्॥ १–८॥

त्यसपछि गोरखा पहाड़को चुलीमा सर्प, बाघ, भालूहरू भएको गुफामा विराजमान भएका योगीश्वर गोरखनाथलाई नमस्कार गरेर स्तुति गर्नुभयो—

योगको अभ्यासमा आदर गरेका, हिउँजस्ता, पद्मासन बाँधेका, नाकको टुप्पोमा दृष्टि लाएका, बाघको छाला ओढ़ेका, सफा स्फटिकजस्ता आँखा भएका, स्वच्छ मनले कालीको चरणकमलको ध्यान गर्ने भएका, पहाड़को गुफामा बसेका गोरखनाथको सेवा गर्दछु॥ ९॥

यसरी योगीश्वर गोरखनाथलाई ढोगी गोरखा शहरमा बस्ने दुःखी, अनाथ, अन्धा, गरीबहरूलाई यथायोग्य दान दिई त्यहाँबाट हिंड्नुभयो। केही दिनमा त्रिशूली र सूर्यमती (तादी)को दोभानमा रहेको महापीठ भैरवक्षेत्रमा फौजका साथ राजा आइपुग्नुभयो। संसाररूपी अजिङ्गरको भयङ्कर दाह्राको टोकाइको भय हरिदिने भैरवसहित भएकी, चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष)को फल दिने भैरवीलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मन्त्र, जप, पाठ, होम, बलि, उनकै स्वरूपका कुमारीपूजा, ब्राह्मणभोजन आदिले संतुष्ट पारी स्तुति गर्नुभयो—

डर लाग्दी, डर लाग्दो पराक्रम भएकी, महादेवकी प्यारी, भारती, भय पैदा गर्ने, भक्तहरूलाई संसारबाट छुटाइदिने, देवताहरूले सेवा गरिएकी, डर लाग्दो मुख भएकी, तारामण्डलको माला लाएकी, संसारमा व्याप्त भएकी, निधारका चन्द्रमा र गहनाको भारले सुहाएकी, हातमा शेष नाग नै गहना लाएकी यी भगवती भैरवीलाई ध्यान गर्छु ॥ १० ॥

यसरी स्तुति गरी राजा त्यहीं बस्नुभयो। रात बितेपछि राता डाँडा भएपछि, आकाश सफा हुन थालेपछि ती दुइ नदीको दोभानमा डुबुल्कि मारी क्रमैले नुहाइ-सिद्ध्याई सफा धोती उपर्ना लाई, पूर्वपट्टि मुख फर्काई असल आसनमा बसी सन्ध्योपासनदेखि पितृतर्पणसम्मका कर्म सिद्ध्याई फेरि ती भैरवीलाई दण्डवत्-प्रणाम, परिक्रमा, क्षमापनाले खुशी पारेर स्तुति गर्नुभयो—

गङ्गाको तीरमा बसेकी, गणेशकी आमा, महादेवकी पत्नी, गुह्यभन्दा पनि गुह्यरूप भएकी, हिमालयकी छोरी, गन्धर्वका गानाले युक्त भएकी, रातिगेडी-जस्ता राता हात भएकी, हातीको छाला लाएकी, गलामा पन्नाको माला लाएकी, कृष्ण, सूर्य, बृहस्पतिले स्तुति गरिएकी भैरवीलाई ध्यान गर्छु ॥ ११ ॥

यसरी स्तुति गरी त्यहाँबाट बिस्तारै-बिस्तारै राजा गङ्गाको जोड़ा लाग्ने भएकी विष्णुमती नदीमा आइपुग्नुभयो। त्यसपछि नेपाल शहरमा बस्ने सारा मानिस-हरू राजा आइपुग्नुभयो भन्ने सुनेर लड़ाइँमा विजयी हुनुभएका राजाको दर्शन गर्न चौ चौ भएर हात्ती, घोड़ा, रथ चढ़ी शहरबाट निस्के। तिनीहरूले सिन्दूर, अबीर, वासना आउने तेल, फूल, माला आदिले महाराज, राजपुत्र, सहोदर दाजुभाइ, मन्त्रीहरूको र मुख्य-मुख्य सिपाहीको जीउमा लाएका लुगामाथि हालिदिए। फेरि फल-फूल, मङ्गल दिने सामान, कोसेली आदि अगाड़ि राखी मान्य जनलाई ढोगे। राजपुत्रले हातको इशाराले तिनीहरूलाई कुशल मङ्गल सोध्नुभयो। तिनीहरूले पनि अञ्जुलि बाँधी "मालिक, हजुरको चरणको धूलोले फुस्रा भएका हामीहरू सधैं कुशलै छौं" भनी जवाफ दिए।

त्यसपछि दुवै फौजका हात्ती, घोड़ा, रथ, मानिसको थुप्रोले उड़ाएको धूलोको मुस्लोले दश दिशा-विदिशा ढाक्नाले भएको निस्पट्ट अन्धकारलाई पूर्व जन्ममा कमाएको तपस्याले भएको प्रतापको तेजले हटाउँदै आफ्नो बाहुबलले ठूलो कीर्ति कमाएका महाराजाधिराज श्रीरणबहादुर शाह पञ्चै बाजा अगाड़ि लाई शहर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पर्नुभयो। लुगा, गहना, निधारको टीकाले झलमल्ल भएको रूपले फुर्किएका सोह्र वर्षका वेश्याहरू नाचे। नटुवाहरू पनि नाचे। भाटहरूले आफ्ना कविता पढ़े। पूजारीहरूले शङ्ख फूके। देवालयमा अनेक घण्टा बजाए। धेरै दीपमाला बाले। त्यस वेला सड़कका नजीकका घरका अग्ला अट्टालीमा बसेका, रूपको ज्यादा सौन्दर्यले फुर्केका, लड़ाइँमा गएका रूपमा कामदेवजस्ता राजपुत्रको विरहवेगको आगोले खूप छटपटिएका, राजपुत्रलाई हेर्न उत्सुक भएका सोह्र वर्षका असल सुन्दरी-हरूले जमरा, दूबो, पालुवा, दही, अक्षता, कपूर, श्रीखण्ड चन्दन, धानका लावा, केशर मिसिएको जलको धारा र कटाक्ष पनि एकै चोटि राजपुत्रका उपर बर्साए। नेपाल शहरका सड़कका ढोकाका खापैपिच्छे पानी भरिएका घड़ा राखेर घरहरूका धेरै झयालमा बसेका, लुगा, गहना, विचित्र टीका, गाजलले सिंगारिएका शहरिया ठिटीहरूले केशरले रंगिएका अक्षता, दूबो, पालुवा, धानका लावा उहाँ महाराज-माथि बर्साए।

यस रीतले चारैतिर हेर्दै फौजसहित राजा आफ्नो दरबारको पटाङ्गिनीमा आइ-पुग्नुभयो र बग्गीबाट ओर्लनुभयो। त्यसपछि आफ्ना गोतिया, बूढ़ा-पाका, मान्य जन र दर्शनको निमित्त आएका ब्राह्मणहरूलाई पनि यथायोग्य प्रणाम गर्नुभयो, अरूलाई आशीर्वाद दिनुभयो। त्यसपछि छन्-छन् आवाज आउने सुनका बाला लाएको हातमा रहेको सुनको थालमा रचनासहित भएको चामलको पिठोले बनाएको आठपाते कमलको पातैपिच्छे बत्तीहरू बालेका, पानीले भरिएका दूबोका मुण्टाले युक्त झारीले सुहाएका, कमलको कमलो केशरको धूलोजस्तो सौन्दर्यले, गहनाले फुर्किएका आइमाईहरूले महाराजलाई तीन पल्ट प्रदक्षिणा गरेर आरती गरे। त्यसपछि चार किसिमका बाजाका आवाजले, वेद र वेदाङ्गमा पार भएका ब्राह्मणहरूले पढ़ेका मन्त्रहरूले, गणेशसूक्त स्तोत्रका पाठले, केटीहरूले गाएको मङ्गलगीतको मधुरो आवाजले, धेरै मुलुकका मानिसका जयशब्दले, नटुवाहरूका नाच-गान-बजानले र अनेक महोत्सवले सहितभई ज्योतिषीले बताएको असल लग्नमा राजा र राजपुत्र आफ्नो-आफ्नो झण्डा फर्फराएको घरमा भित्रिनुभयो। अरू सहोदर दाजुभाइ र मन्त्रीहरू पनि आफ्ना-आफ्ना घर गए।

(प्रस्तावना सिद्धियो।)

(त्यसपछि बिहान सूर्य उदाएपछि फेरि राजा र राजपुत्रले एकान्त गर्नुभयो।)

राजपुत्र—महाराज, अर्काको मुलुक जित्नु, आफ्ना आश्रित राजालाई रक्षा गर्नु, न्यायपूर्वक प्रजा पाल्नु, देवता, ब्राह्मण, पाहुनाको पूजा-सत्कार गर्नु, वेदको अध्ययन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र अग्निहोत्र गर्नु पनि हाम्रो कुलपरम्पराबाट आएको धर्म हो। अहिले हजुरको चरणकमलका आड़ले बल-पराक्रम बढेका यी मन्त्री, बान्धव, सेनापति र सहायक राजाका सहयोगले हजुरले पश्चिम दिशा जित्नुभयो। यसपछि पनि यिनीहरूद्वारा बाँकी तीन दिशा पनि हजुर जित्न खोज्नुहुन्छ। त्यसकारण यी लड़ाका योद्धाहरूलाई प्रसन्न पार्नु योग्य छ। शत्रुबाट हरी ल्याएको धनको दश भागको एक भाग ब्राह्मणहरूलाई दिनुपर्ला जस्तो मेरो मनमा लाग्छ।

राजा—(मन-मनै) ठीकै कुरा भन्नुभयो। (सुन्ने गरी) बुवा, हुन्छ, त्यसै गर्नु होस्। (भनी आज्ञा दिनुभयो।)

राजपुत्रले पनि साना राजाहरूबाट हरी ल्याएको धनको दश भाग गरी दश भागमा एक भाग देवता, ब्राह्मण, पाहुना, दुःखी, अनाथ, गरीब, मगन्तेहरूलाई यथायोग्य दिनुभयो। त्यहाँपछि लड़ाईंमा सहायता दिने पाल्पाली राजा महादत्त सेनलाई सुनको छाता आदि सम्पूर्ण राजचिह्न, सुनमा हीरा आदि नवरत्न जड़िएका दुइटा बाला, मोतीका कुण्डल, मोतीको हार, पगरी आदि सबै लाउने लुगा, एक सय एक हात्ती, एक हजार एक असल घोड़ा, साना-साना राजाका तीन राज्य[1], सय भारी रुपियाँ पनि दिएर पठाउनुभयो। त्यसपछि अरू राजाहरूलाई महादत्त सेनलाई दिएको बकसको आधा दिई बिदा दिनुभयो। अनि सहोदर दाजु-भाइ, गोतिया, मन्त्री, भारदार, सेनापति, रथारोही, घोड़सवार, धनुर्धारीहरूलाई पनि यथायोग्य दिएर सन्तुष्ट पार्नुभयो। पण्डित, ज्योतिषी, तत्त्ववेत्ता, लेखनदासहरूलाई पनि बकस दिनुभयो।

पुरोहित—(हर्षपूर्वक परिक्रमा गरी) राजकुमार बहादुरशाह, यज्ञले कमाएको धनमा बाहुनको र तरवारले कमाएको धनमा क्षत्रियको गौरव हुन्छ। धनदानले यस लोकमा कीर्ति र परलोकमा पुण्य हुन्छ। त्यसकारण दान गर्नु होस्।

राजपुत्र—हे पुरोहित, हुनत अहिले अनेक साना-साना राजधानी हरिए, तैपनि त्यहाँका थोरै धनले मेरो मनको धोको पूरा भएको छैन। जब चीन र इन्द्रप्रस्थ (दिल्ली) लुटौंला, त्यसै वेला मेरो मनको धोको पूरा होला। अनि म दान गरुँला।

---

१ गुल्मी, अर्घा र खाँची।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरोहित—गङ्गामा स्नान गर्नाले र असल पात्रमा दान दिनाले भएको पुण्यले सबै जन्मको पाप पखालेका श्रीमहाराजाधिराज पृथ्वीनारायणका सन्तानको शत्रुको सम्पत्ति हुनु साँचै धर्म हो। राजपुत्र, दानले शत्रु जितिन्छ। रात-दिन दान दिइरहनू भन्ने वेदवाक्य छ। कलियुगमा दान दिनु मात्रै (धर्म) छ भन्ने धर्मशास्त्रको वचन छँदैछ। धेरै धन कमाएपछि दान गर्छु भन्ने हजुरको प्रतिज्ञा छ। तर द्रव्यहरूको सीमा छैन। जस्तै हे प्रभु, चाँदी, मोती, सुन, स्त्रीसम्भोग, पृथ्वी, घोड़ा, कपड़ा, गहना, कीर्ति, धर्म, बुद्धि र ऐश्वर्यको इच्छाको सीमा आजसम्म संसारमा कसैले पनि नाघेका छैनन् ॥ १२ ॥ सन्मानपूर्वक दानले सन्तुष्ट भएका विद्वान्हरू दान दिने मानिसको ठूलो कीर्ति भएका काव्यहरू बनाउँछन्। त्यसैले दान दिने मानिस मरेपछि पनि ठूलो कीर्तिसहित काव्यले ऊ युग-युगान्तरसम्म पनि जीउँदोजस्तै भइरहन्छ। जस्तै—राजपुत्र, कत्यौं राजाहरू गइसके, के तिनीहरूले शत्रुहरू मारेका थिएनन्? के तिनीहरूले दान गरेका थिएनन्? के तिनीहरूले सुन्दरीहरूलाई प्रसन्न पारेका थिएनन्? तर विद्वान्हरूको हेला गर्ने ती राजाहरूको नाउँसम्म पनि कसलाई थाहा छ? कविहरूले जसका काव्यहरू बनाए, तिनीहरू भने अहिले पनि जीवित नै छन् ॥ १३ ॥

अरू पनि—जस्तै मानिसहरू माहुरीले फूलहरूबाट जम्मा गरेको मह लिन्छन्, त्यस्तै राजाहरूले परम्परादेखि कमाएको धन हजुरले हुनु भयो। मरेपछि यी धनले, बान्धवहरूले केही पनि हुँदैन। त्यसकारण हे वीरश्रेष्ठ, विद्वान्हरूलाई खुशी पार्नुहोस्, असल कीर्तिमात्रै फिंजाउनुहोस् ॥१४॥ अरू पनि—तल-माथि चलाउनाले बिजुलीजस्तै चञ्चल भएको हजुरको तरवारले फेरि पनि (शत्रुको) राज्यलक्ष्मीलाई आक्रमण गर्नेनैछ। अनि क्षीरसमुद्रकी छोरी कामदेवकी आमा लक्ष्मी डरले हात उठाएर लाज नमानी नाच्तै फेरि आउनेछिन्। चन्द्रवंशमा पाप कहाँ रहन्छ र? ॥१५॥ अरू पनि—मद सिद्धिएको हात्ती, बल, वीर्य घटेका योगी, व्रतले दुब्लाएको भिक्षु, पतिको सेवाले दुब्ली भएकी पतिव्रता, चार वेदको अभ्यास गर्नाले जीउ गलेका बाहुनका छोरा र माग्नेलाई दिई पैसा सिद्धिएका राजाहरू सुहाउँछन् ॥१६॥ अरू पनि—संसारमा पहिले जन्मन्छ, अनि छ भन्ने भाव हुन्छ, अनि बढ्छ, बूढ़ो हुन्छ, अनि घट्छ, त्यसपछि नाश हुन्छ, यस्ता छ भावले युक्त भएको अनित्य मानिस यमपुरीमा गइहाल्छ। एउटा असल कीर्तिमात्रै स्थिर हुन्छ ॥१७॥ वीरहरूले ढोगिएका हे राजपुत्र, असल मानिसहरू तीन प्रकारका शूरत्वले युक्त भएका हुन्छन्। त्यसमा पहिलो सुन्दरशूरत्व हजुरमा स्वभावैले छ, दोस्रो रणशूरत्व हजुरको संसारमा प्रसिद्ध नै छ। यसपछि तेस्रो दानशूरत्व पनि हजुरले लिनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजपुत्र—कुलपुरोहित, तपाईंले भन्नुभएको कुरा साँचै हो। तर दानले स्वर्ग पाइन्छ, योगले मोक्ष हुन्छ। त्यसकारण योगको नै अभ्यास गर्नुपर्छ भन्ने मेरो मनमा लाग्छ।

पुरोहित—लड़ाका हे वीर, यो कलियुगमा योगविद्यामा सिपालु गुरु पाइँदैनन्। त्यसकारण योगको अभ्यास कसरी हुन्छ ?

राजपुत्र—गाउँ-गाउँमा, शहर-शहरमा खरानी घसेका, रुद्राक्षको माला लाएका, शिव, शिव भनी कराइरहेका, थोरै बोल्ने, नाकको टुप्पोमा दृष्टि लगाएका, पद्मासन बाँधेका (पलेटी कसेका), कपासको पोकोले नाक कान थुनेका, योगको अभ्यासमा मात्रै लागेका असल योगीहरू धेरै छन्। तिनीहरूलाई नै गुरु मानी योगको अभ्यास गर्छु। धेरै कालसम्म योगको अभ्यास गर्नाले आत्मज्ञान हुन्छ। त्यसपछि मोक्ष हुन्छ भन्ने सबै शास्त्रको सिद्धान्त छ। इन्द्रियहरू नगल्दै, रोग नलाग्दै, काल नआउँदै योगको अभ्यास गरिहाल्नुपर्छ।

पुरोहित—इच्छा लागेको कुरा दिने हे राजपुत्र, योगको लक्षण पहिले सुन्नुहोस्। टाढ़ाको कुरा सुनिन्छ, फेरि टाढ़ाको कुरा देखिन्छ, एक झिमिकमा सयं योजन जान सकिन्छ, चिताउँदै-नचिताएका शास्त्र पनि कण्ठ हुन्छन्। एक छिनमा दुब्लो हुन्छ, एक छिनमा मोटो हुन्छ, उत्तिखेरै सानो हुन्छ, उत्तिखेरै ठूलो हुन्छ, अरूको जीउमा पस्न सक्छ, पक्षीको बोली बुझ्दछ। यी योगका चिह्नहरू यी योगीहरूमध्ये एउटामा पनि छन् कि छैनन् भन्ने कुरा मनमा विचार गर्नुहोस्। योगधर्म पनि सुन्नुहोस्—तुम्बाको, काठको, माटोको र बाँसको भाँड़ोबाहेक अरू पात्र योगीले लिनु असल छैन। योगीले धातुका भाँड़ा त कहिल्यै पनि लिनु हुँदैन। योगीले एक कौड़ीमात्र धनसंग्रह गर्‍यो भने दिनैपिच्छे हजार गाई मारेको पाप लाग्छ भन्ने सनातन वेदवाक्य छ। राजकुलका मालिक, आज-भोलिका यी योगी भनाउँदा ता राजधानी आदि ठूलो ऐश्वर्य खोज्छन्। अरू पनि सुन्नुहोस्—योगीले मनमा प्रेमको भाव राखी एकै दिन आइमाईलाई हेर्‍यो भने पनि दुइ करोड़ ब्राह्म कल्पसम्म कुम्भीपाक नरकमा पर्दछ भनी पुराणका आचार्यहरूले भनेका छन्। यी नक्ली योगीहरू ता उठेका पुष्ट स्तन भएकी तरुणीलाई अँगालो हाली सुत्छन्। त्यसकारण दुनियाँलाई ठग्ने यिनीहरूमा आफूमै आत्मतत्त्वज्ञान छैन, अरूहरूलाई के सिकाउँलान्। यसकारण कलियुगमा योगमा आदर छैन। त्यही कुरा कहिन्छ—इन्द्रिय चञ्चल हुनाले, कलिकालको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाप बढ़ेको हुनाले र मानिसको आयु थोरै भएको हुनाले ठूलो योगको उदय आज-काल कहाँ हुन्छ र? कलियुगमा योग गर्नु परिश्रममात्रै हुन्छ, फल दिने हुँदैन। कलियुगमा ता काशीवास गर्नुमात्रै एउटा योग छ। कलियुगमा असाध्य हुने हुनाले षडङ्ग योग हुँदैन। हे राजकुमार, त्यही बताउँछु सुन्नुहोस—

काशीवास नै असल योग भनिएको छ। त्यही योगले चाँडै मोक्ष हुन्छ, अरू योगले हुँदैन भनी पुराणका श्रेष्ठ आचार्यहरूले सिद्ध गरेका छन्। त्यसकारण परलोकको बुद्धिले गर्ने हो भने काशीवास गर्नुपर्छ, त्यो पनि अहिले होइन, पछिल्लो अवस्थामा। हजुरको त अहिले जवानीको अवस्था छ। अहिले ता वेदवाक्यकै अनुसरण गर्नुहोस्। त्यो यस्तो छ—सत्ययुगमा तपस्या उत्तम हुन्छ, त्रेतायुगमा ज्ञान उत्तम हुन्छ, द्वापरयुगमा यज्ञ गर्नु उत्तम हुन्छ, कलियुगमा एउटा दान नै उत्तम भनी भन्दछन्।

(यसरी पुरोहितको असल युक्तिले प्रभाव परेका राजपुत्रले दान दिनामा मन लाउनुभयो।)

राजपुत्र—हे महाराज, दान गरिबक्सियोस्।

राजा—(मन-मनै) यो ठीकै भन्नुभयो। (सुन्ने गरी) कुन पर्वमा, कुन ठाउँमा, कस्ता पात्रमा दान दिनुपर्छ, त्यो बताउनुहोस्।

पुरोहित—माघे संक्रान्तिको उत्तरायण पर्वमा, पुण्य पशुपतिक्षेत्रमा, सारा शास्त्र जान्ने असल ब्राह्मणहरूलाई दिएको दान खेर जाँदैन।

वेद-वेदाङ्गमा पार भएका दाक्षिणात्य भट्टहरू, वेदले बताएको कर्म अनुष्ठान गर्ने कान्यकुब्ज ब्राह्मणहरू, सबै शास्त्रको वास्तव तत्त्व जान्ने मैथिल पण्डितहरू, न्याय-मीमांसाको तत्त्व जान्ने बङ्गाली भट्टाचार्यहरू, देवताको उपासना गर्ने अरू पञ्चगौड़, पञ्चद्रविड़हरूलाई राजपुत्रले निम्ता पठाउनुभयो। तिनीहरू पनि सबै नेपालमा आइपुगे। पुरोहितले शास्त्रमा बताएको रीतले उत्तरायणमा पुण्य पशुपतिक्षेत्रमा सुन्दर मण्डप बनाई त्यसभित्र असल लक्षणयुक्त चारकुने वेदि बनाई त्यसमा असल लक्षणयुक्त तुला झुण्ड्याई यज्ञसामग्री तयार पारी अग्निस्थापन, गणेशपूजा आदि काम सिद्ध्याई तुलाङ्गदेवतालाई पूजा गरी यथोक्त विधिले ती-ती वस्तुद्वारा तुलादान गराए। त्यो यस किसिमको छ—

राजाले तीन सुवर्ण तुलादान, दश चाँदीका तुलादान, एघाह्र घ्यूका तुलादान, कपूरका एघाह्र तुलादान र चाकु, चामल आदिको तुलादान तथा एकाईस गाउँ, एकासी हात्ती, एक शय आठ घोड़ा, धेरै चीनिया कपड़ा र तीन लाख भूयसी दक्षिणा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सत्पात्र ब्राह्मणहरूलाई दिनुभयो। राजपुत्रले पनि आफूबराबर जोखेको सुनको तुलादान, चाँदीका पाँच तुलादान; घ्यू; कपूर, चामल, चाकुहरू प्रत्येकको पाँच-पाँच तुलादान; सात गाउँ, बत्नाइस हात्ती, चवालीस घोडा, धेरै चीनिया कपडा र एक लाख भूयसी दक्षिणा सत्पात्र ब्राह्मणहरूलाई दिनुभयो। त्यसपछि सबैभन्दा बढ्ता धन र डोलेसहितको पालकी पनि पुरोहितलाई दिनुभयो। पुरोहितले ती दानका चीजहरू ठीकसंग भाग लाई गुरु, पुरोहित, द्वारपाल, जापकहरूलाई यथायोग्य दिए। त्यसपछि अरू गरीब, दुःखी, अनाथ, अन्धा, मगन्तेहरूलाई पनि यथायोग्य दिए। त्यस दानको उत्सवमा आएका ब्राह्मण, भिक्षुहरू सबै धनी भए। नट्वा, भाट, वेश्याहरूलाई पनि बकस दिए। ती सबै जना हृष्ट-पुष्ट भएर आफ्नो-आफ्नो घर गए।

(प्रस्तावना सिद्धियो।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकरनाटकको नवौं कल्लोल समाप्त भयो।

दशौं कल्लोल

(त्यसपछि सूत्रधार र नटी पस्तछन्।)

नटी—वृत्तान्त बताउने हे स्वामित, सत्य आदि गरिएका युगमा रघु, भरत, भगीरथ, भगदत्त, दशरथ, युधिष्ठिरहरूको प्रतापको पुराणहरूमा जस्तो बयान गरिएको छ त्यस्तै यो कलियुगको कालमा पनि तपाईंले रणबहादुर शाहको प्रतापको बयान गर्नुभयो। अहिले त यो आश्चर्यको कुरा भयो।

सूत्रधार—ए प्यारी राजा रणबहादुर शाहको ठूलो प्रताप हुनामा कारण छ। त्यो विस्तारपूर्वक सुन—

हिमालयको काखमा गोरखा नाउँ भएको एउटा शहर छ। त्यहाँ चन्द्रवंशका टीकाजस्ता श्रीपृथ्वीनारायण नाउँ भएका राजा हुनुभयो। उहाँको बड़ा महारानी नरेन्द्रलक्ष्मी रूप, उदारता, पाहुना, देवताको सत्कार गर्नु आदि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गुणहरूले पद्मिनीजस्ती हुनुहुन्थ्यो। जस्तै—पतिव्रता, चन्द्रमाजस्तो मुख भएकी, चयाखुराको जस्तो आँखा भएकी, भरखर उदाएको सूर्यको विम्बजस्तो ओठ भएकी, गोरी, फुलेको कमलजस्तो वासना आउने भएकी, सिंहको जस्तो पेट भएकी, माया गर्ने, देवताको आराधनामा लागेकी, पतिमा रतिएकी, किसिम-किसिमको वस्त्रले आनन्द दिने, लज्जालु, पुराण पढ्नामा रस लिने उहाँ महारानी पद्मिनी नायिका हुनुहुन्थ्यो ॥ १ ॥ यसरी उहाँ महाराज, महारानी परस्परमा खुशी हुनुहुन्थ्यो। एक दिन उहाँ महाराज ठूलो सभाको बीचमा रहेको सिंहासनमा पलेटी कसी बस्नुभएको थियो। अनि मन्त्रिवर्ग पनि आफ्नो-आफ्नो ठाउँमा बसेका थिए। यसरी सुन्दर सभा भइरहेको वेलामा सारा पृथ्वी प्रदक्षिणा गर्दै कुनै दण्डी (लट्ठी लिएको तपस्वी) दरवारको ढोकामा आइपुगे। जीउ सुकेका ती दण्डीलाई देखेर ढोकेले सोध्यो।

ढोके—तपाईं को? किन आउनुभएको?

दण्डी—ढोके दाइ, तिम्रा मालिकको दर्शन गर्न आएको।

त्यो कुरा सुनी ढोकेले महाराजको हजुरमा विन्ति गर्‍यो—'महाराज, हातमा लट्ठी लिएका एउटा तपस्वी ढोकामा हाजिर छन्। महाराजको दर्शन गर्न आएको भनी भन्दछन्। तिनी त्रिकालदर्शीजस्ता देखिन्छन्।' 'चाँड़ै तिनलाई हाजिर गरा' भनी राजाले भन्नुभयो। ढोके दण्डीलाई अगि लाई सभामा गयो। उहाँ महाराजले ती दण्डीलाई देखी उठी सत्कार गरी तिनलाई आसन दिलाउनुभयो। देश डुल्दा-डुल्दा थाकेका दण्डी त्यस आसनमा बसे। अनि दण्डीले आराम लिए पछि—

राजा—स्वामी, कतावाट पाल्नुभएको हो?

दण्डी—गोरखाका महाराज, अरू-अरू देशमा तपाईंको धेरै गुणगान सुनें र तपाईं-को सामुन्ने आएको हुँ।

राजा—सारा पाप पखलेका तपाईंजस्ताको दर्शन भाग्यले मात्रै हामीहरू पाउँछौं। त्यसकारण म धन्य रहेछु, धन्य रहेछु।

दण्डी—(हर्षपूर्वक परिक्रमा गरी) राजन्, तपाईंको देश कत्रो छ? तपाईंका छोराको नाउँ के हो?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा —तपस्वी, मेरो गोरखा देश सानो छ। नाउँमात्रको राजा हुँ। मेरा सन्तान पनि छैनन्।

दण्डी—(मन-मनै) यिनलाई कुनै उपदेश दिनुपऱ्यो। (सुन्ने गरी) महाराज, मान्छेको ठूलो उन्नति हुनमा तपस्या नै कारण हुन्छ भनी तत्त्ववेत्ताहरू भन्दछन्। जस्तै—राक्षस भए तापनि उहिले रावणले तपस्याले गर्दा लङ्का भेट्टायो। राक्षस (निर्ऋति ले पनि तपस्याद्वारा दिक्पालको पद पाए। त्यस्तै प्रह्लाद पनि बलले मास्तिएको दैत्यकुलका मालिक बने। महाराज, संसारमा तपस्याले के हुँदैन ? अरू पनि—पार्वतीले आफ्नो तपस्याको बलले नै महादेवलाई पाइन्। त्यस्तै मनुष्य जातिकी रुक्मिणीले पनि संसारको कल्याण गर्ने कृष्णलाई पाइन्। मायावतीले विष्णुका छोरा कामदेवलाई पाइन्। सिद्ध नहुने कठिन काम पनि तपस्याले सिद्ध हुन्छ। महाराज, सन्तान भएन भने सारा व्यर्थ हुन्छ। महाराज, जसको घरमा केटाकेटीहरू छैनन् तिनका विद्या, नोकर, हात्ती, सयौं घोड़ा, असल मान्छिकको सेवा, घर, सुन, किसिम-किसिमका लुगा, मित्र, बान्धव, पराक्रम, फौजको बलद्वारा पाएको राज्यले पनि के काम ? महाराज, कुनै असल नदीको तीरमा इच्छा लागेका कुरा दिने शिवलिङ्गको स्थापना गरी त्यस लिङ्गको आराधना गर्नुहोस्। त्यसबाट तपाईंको मनको धोको अवश्य पूरा हुनेछ।

राजा—तपस्वी, मेरो आयु लामो छ भने त म तपस्यामा मिहिनेत गरूँ। नत्र मिहिनेतमात्रै गरेर के गर्ने ? त्यसकारण पहिले मेरो आयु कति छ बताउनुहोस्।

दण्डी—कालको ज्ञान ता ठूला मानिस पनि पाउन सक्तैनन्।

राजा—छल्ने कुरा नगर्नुहोस्। तपाईंको मुखको तेजले नै बुझिन्छ। नजीकै आएको काल कसरी थाहा पाइन्छ ? त्यसका के-के लक्षण हुन्छन् ? मेरो यस प्रश्नको जवाफ दिनुहोस्।

दण्डी—(मन-मनै) यिनको काल जान्ने इच्छा छ। सहृदय राजालाई बताउनु असलै छ। (सुन्ने गरी) प्राणीको काल नजीकै आउँदा जुन-जुन लक्षण हुन्छन् ती भन्दछु। महाराज, सुन्नुहोस्—

जसको बायाँ नाकको प्वालबाट हरबखत वायु बहिरहन्छ त्यसको तीन वर्षभित्रमा मृत्यु हुन्छ। जसको दायाँ नाकको प्वालबाट दुइ वा तीन अहोरात्रसम्म वायु बहिरहन्छ त्यो एक वर्ष बाँच्छ। जसका दुवै नाकका प्वालबाट दश दिनसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लगातार वायु बहिरहन्छ त्यो तीन दिन बाँच्छ। जसको दुवै नाकका प्वाललाई छोड़ी मुखबाट वायु बहिरहन्छ दुइ दिन नपुग्दै त्यसको मृत्यु हुन्छ। जसको आँखाको अगाड़ि अकस्मात् कालो पहेंलो पुरुष देखिन्छ उत्लिखेरै हराउँछ त्यो मानिस दुइ वर्ष बाँच्छ। जसको वीर्य, मलमूत्र अथवा छिक्का, मलमूत्र एकैचोटि निस्कन्छ त्यसको एक वर्ष आयु हुन्छ। बादल नभएको आकाशमा जो अकस्मात् सर्पको लहर देख्छ त्यो छ महीना पनि बाँच्तैन। मुखभरि पानी लिई घाम लागेको वेलामा सूर्यलाई पछाड़ि पारी (आकाशमा) मुखमा लिएको पानीले फुर्र्र गर्दा पानीका छिटामा इन्द्रधनु देख्तैन भने त्यो मानिसको आयु छ महीना हुन्छ। काल नजीक आएको मानिस जिभ्रोको टुप्पो, नाकको टुप्पो, आँखिभुईंको माझ र मातृ-मण्डललाई पनि* देख्तैन। जो मानिस नीलो, पहेंलो आदि वर्ण एउटाको एउटा देख्छ तथा पीरो, अमिलो आदि रसको पनि एक थोकको अर्को थोक स्वाद पाउँछ त्यसको छ महीनामा मृत्यु हुन्छ। जसका तालु, घाँटी, ओठ, जिभ्रो, दाँत यी पाँच सधैं सुकिरहन्छन् छ महीनाभित्र त्यसको मृत्यु हुन्छ। जसका नङ्, वीर्य, आँखाका छेउ नीला हुन्छन् त्यो पक्का नै छैठौं महीनामा यमपुरीमा जान्छ। मैथुन गर्दा बीचमा वा अन्त्यमा जो मानिस हाच्छिउँ गर्छ त्यो मानिस पक्का नै पाँचौं महीनामा यमराजको पाहुना बन्छ। जसको टाउकोमा चढ़ी छेपारो ओहर-दोहर गर्छ त्यसको आयु छ महीनामा सिद्धिन्छ। सर्वाङ्ग नुहाएको जुन मानिसका छाती, खुट्टा हात चाँड़ै सुक्छन् त्यो मानिस तीन महीना बाँच्छ। धूलोमा वा हिलोमा जसका पाइला टप्प-टप्प नपरी खण्डित भएका हुन्छन, त्यो मानिस पाँच महीना बाँच्छ। जीउ निश्चल हुँदा पनि जसको छाया हल्लन्छ त्यसलाई यमराजका दूतहरूले चारौं महीनामै बाँध्छन्। पानी, घ्यू, ऐनाहरूमा जो मानिस आफ्नो टाउको देख्तैन त्यो एक महीनामा मर्छ। बुद्धि भ्रष्ट हुनु, बोली लर्बरिनु, राती दुइटा चन्द्रमा, दिउँसो दुइटा सूर्य देख्नु, दिनमा तारा-मण्डल देख्नु, राती आकाशमा तारा नदेख्नु, चारै दिशामा एकै पल्ट इन्द्रधनु देख्नु, रूखमा वा पहाड़मा गन्धर्वनगर देख्नु, दिउँसै पिशाच आदिको नाच देख्नु मृत्युका कारण हुन्। यी चिह्नमा एउटामात्रै देख्यो भने पनि एक महीनाभित्र मर्छ, बढ़ता बाँच्तैन। हातले कान थुन्दा जो मानिस कानभित्र गुनुन्न आवाज सुन्दैन तथा मोटोलाई दुब्लो, दुब्लोलाई मोटो देख्छ त्यो एक महीनामा मर्छ। जो मानिस दक्षिणतिर आफ्नो छाया देख्छ त्यो मानिस पाँच दिन बाँची मर्छ। जो पिशाच, दैत्य, काग, भूत, प्रेत, गिद्ध, स्याल, गधा, बँदेल, शरभ, छावा, बाँदर, बाज, खच्चरहरूले आफ्नो जीउ खाएको अथवा पिठ्यूँमा हाली बोकेर लगेको

---

* आँखाको छेउलाई औंलाले थिच्ता मण्ड़लाकार जुन श्यामवर्ण देखिन्छ त्यो मातृमण्डल कहिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सपना देख्छ त्यस मानिसले एक वर्षपछि यमराजको दर्शन पाउँछ । जो मानिस सपनामा आफूलाई रातो चन्दन, रातो फूल, रातो कपड़ाले सिंगारिएको देख्छ त्यो आठ महीना बाँच्छ । जो सपनामा आफूलाई धूलोको थुप्रो, धमिराको गोला र सौलोमा चढ़ेको देख्छ, छैठौं महीनामा त्यसको मृत्यु हुन्छ । जो मानिस सपनामा आफूलाई तेल मालिस गरेको, कपाल खौरेको, गधामा चढ़ी दक्षिण दिशातिर गएको देख्तछ, छैठौं महीनामा त्यसको मृत्यु हुन्छ । कालो लुगा लाएको, फलामको लठ्ठी लिएको, कालो मान्छे आफ्नो सामुन्ने खड़ा रहेको सपनामा जसले देख्छ, त्यसले तीन महीना काट्तैन । जो स्वप्नमा काली कुमारीले हातले आफूलाई अँगालो हालेको देख्तछ त्यसले एक महीनामा यमपुरी देख्छ । सपनामा जो बाँदर चढ़ी पूर्व दिशातिर जान्छ त्यसले पाँच दिनमा यमराजको शहरको दर्शन पाउँछ । लोभी दानी हुन थाल्यो र दानी लोभी हुन थाल्यो भने त्यसको मृत्यु हुन्छ ।

यी कालका लक्षणहरू छोट्करीमा मैले बताएँ । अरू पनि धेरै छन् । हे महाराज, यी कालका लक्षणहरू तपाईंमा देखिए भने तपाईंको आयु छोटो छ, देखिएनन् भने तपाईंको आयु लामो छ । यी लक्षणहरू तपाईं आफ्नो शरीरमा विचार गर्नुहोस् ।

राजा—अहिलेसम्म त कुनै ती कुलक्षणहरू देखिएका छैनन् ।

दण्डी—महाराज, त्यसो भए तपाईंले तपस्यामा सिहिनेत गर्नु आवश्यक छ । म सामुद्रिक शास्त्र पनि जान्दछु । त्यसबाट पनि तपाईंको आयु लामो नै देखिन्छ । त्यसकारण सधैं शिवलिङ्गको आराधना अवश्य गर्नुहोस् ।

यति भनी दण्डी देशान्तरमा गए । ती दण्डीले भनेको कुरा साँचो ठानेर दरौंदी नदीको तीरमा इच्छा पूरा गरिदिने शिवलिङ्ग स्थापना गरी सपत्नीक पृथ्वीनारायण शाहले शिवलिङ्गको आराधना गर्नुभयो । यसरी धेरै दिन बितेपछि पनि महादेवले पृथ्वीनारायणको भक्तिको परीक्षा गर्ने कुनै चेष्टा गरेनन् । त्यसपछि एकदिन साँझमा सन्ध्या गरी मनमा दिग्दार भई राजाले महादेवको अगाड़ि अँजुलि बाँधी नम्र बोलीले एउटा श्लोक पढ्नुभयो—

तपाईंको वाहन साँढ़े छ, नागहरू आफै कुटिल छन्, चन्द्रमा दागी छन्, सौता गङ्गाको रीसले पार्वती ठुस्स परी बसेकी छिन्, तपाईंका पुत्र लम्बोदर (गणेश)-चाहिं पेट भर्नैमा लागेका छन्, त्यसकारण यिनीहरू अरूको भलो गर्न समर्थ छैनन्, दयासागर हे परमेश्वर, तपाईंले मजस्तालाई दया गर्नुहोस् ॥ ५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी पाठ गरी राम्ररी ओछ्याएको आसनमा राजा सुखपूर्वक सुत्नुभयो। पतिव्रता नरेन्द्रलक्ष्मी पनि राजाको पाउ दाब्न लाग्नुभयो। त्यही बखतमा छाप्रोको छानाबाट सेतो माउसुली राजाको नाइटोमा खस्यो। फेरि अकस्मात् छाप्रोको ढोकाको खापाबाट त्रिरंगी छेपारो आई नरेन्द्रलक्ष्मीको बाँया कोखा चढ्यो। यसरी एकै चोटि दुवैको असल लक्षण देखिएपछि राजा, रानी खुशी हुनुभयो।

नटी—हे प्राणनाथ, माउसुली खस्दा र छेपारो चढ्दा हुने शुभ-अशुभ लक्षण बताउनुहोस्। यसबाट लोग्ने मानिस र स्वास्नीमानिसको के-के शुभ-अशुभ हुन्छन्, हामी-जस्ता मूर्खले बुझ्ने गरी बताउनुहोस्।

सूत्रधार—हे प्यारी, उहिले ब्रह्माजीले नारद आदि ऋषिहरूलाई जे बताउनुभयो, त्यो गुरुपरम्पराबाट मैले सुनेको छु। त्यही बताउँछु, एकचित्त भई सुन। उहिले ब्रह्माजीले बनाएको माउसुलीले छुँदा हुने फल भन्छु—शिरमा पऱ्यो भने राज्यलाभ हुन्छ, निधारमा पऱ्यो भने स्थानलाभ हुन्छ, कानमा पऱ्यो भने गहना पाइन्छ, आँखामा पऱ्यो भने प्यारो कुरा हेर्न पाइन्छ, नाकमा पऱ्यो भने असल वासना सुँघ्न पाइन्छ, मुखमा पऱ्यो भने मीठो भोजन पाइन्छ, गालामा पऱ्यो भने सौख्यलाभ हुन्छ, हनु (बंगाराको हाड़)मा पऱ्यो भने भय हुन्छ, रुद्रघण्टीमा पऱ्यो भने झगड़ा हुन्छ, घाँटीमा पऱ्यो भने दुःख आइपर्छ। ढोन्नासोमा पऱ्यो भने झगड़ा हुन्छ, दायाँ पिठ्यूँमा पऱ्यो भने सुख हुन्छ, बायाँ पिठ्यूँमा पऱ्यो भने रोगहरू लाग्छन्। दाँया काँधमा पऱ्यो भने सधैँ विजय हुन्छ, बाँया काँधमा पऱ्यो भने शत्रुबाट डर हुन्छ, दायाँ हातमा पऱ्यो भने इष्टलाभ हुन्छ, दाँया कुइनो, दाँया नाड़ी र दायाँ हत्केलामा पऱ्यो भने धनलाभ हुन्छ, दायाँ हत्केलाको पृष्ठमा पऱ्यो भने शुभकर्ममा खर्च हुन्छ, बाँया हात, बाँया कुइनो, बाँया नाड़ीमा पऱ्यो भने धननाश हुन्छ, बाँया हत्केलामा पऱ्यो भने नोक्सान हुन्छ, बाँया हत्केला-को पृष्ठमा पऱ्यो भने धननाश हुन्छ। छातीमा पऱ्यो भने राजाबाट सन्मान पाइन्छ। दाँया थूनमा पऱ्यो भने सौभाग्य हुन्छ, बाँया थूनमा पऱ्यो भने कीर्ति र बल हुन्छ। दाँया पार्श्व (काखीमनितिरको भाग)मा पऱ्यो भने भोगलाभ हुन्छ, बाँया पार्श्वमा पऱ्यो भने पीड़ा हुन्छ, बाँया कोखामा पऱ्यो भने छोराछोरीलाई पिर्छ, दाँया कोखामा पऱ्यो भने छोरा पाइन्छ। पेटमा पऱ्यो भने विशेष गरेर छोरै पाइन्छ। बाँया कमरमा पऱ्यो भने सुखनाश हुन्छ, दाँया कमरमा पऱ्यो भने वस्त्रलाभ हुन्छ। नाइटोमा पऱ्यो भने मनको इच्छापूर्ति हुन्छ। वस्ति (नाइटोभन्दा तलको भाग)-मा पऱ्यो भने गर्भ तुहुन्छ। गुप्तेन्द्रियमा पऱ्यो भने मृत्यु हुन्छ। गुदद्वारमा पऱ्यो भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रोग हुन्छ। दाँया तिघ्रामा पऱ्यो भने प्रेम बढ्छ, बाँया तिघ्रामा पऱ्यो भने मृत्युको डर हुन्छ। दाँया घुँड़ामा पऱ्यो भने असल वाहन लाभ हुन्छ। दाँया घुँड़ामा पऱ्यो भने शत्रुको नाश हुन्छ। दाँया पिँड़ौलामा पऱ्यो भने सुख र बाँयामा पऱ्यो भने दुःख हुन्छ। जघन (तल्लो पेट)को दाँयातिर पऱ्यो भने सुख हुन्छ, बाँयातिर पऱ्यो भने दुःख हुन्छ। बाँया स्फिक् (पुठ्ठा)मा पऱ्यो भने स्वास्नीसंग वियोग हुन्छ, दायाँ स्फिक्मा पऱ्यो भने काम सिद्ध हुन्छ। बाँया गोलीगाँठोमा पऱ्यो भने विघ्न पर्छ। खुट्टामा पऱ्यो भने गमन (हिंड्नुपर्ने) हुन्छ। (हुनत यहाँ दुवै खुट्टामा परे पनि गमन हुन्छ भनी फल बताइएको छ तैपनि दाँया खुट्टामा पऱ्यो भने गमनमा लाभ हुन्छ, बाँया खुट्टामा पऱ्यो भने गमनमा हानि हुन्छ।) अगिल्तिर खस्यो भने शुभसमाचार पछिल्तिर खस्यो भने नाशको समाचार सुनिन्छ। बाँयातिर खस्यो भने हानि र दाँयातिर खस्यो भने धनलाभ हुन्छ। वरिपरि घुम्यो भने खति हुन्छ।

पुरुषको दाँया अङ्गमा पऱ्यो भने जुन-जुन फल बताइएका छन् स्त्रीको बाँया अङ्गमा पऱ्यो भने ती फल हुन्छन्। पुरुषको बाँया अङ्गमा पऱ्यो भने जुन-जुन फल बताइएका छन् स्त्रीको दाँया अङ्गमा पऱ्यो भने ती फल हुन्छन्। अरू फल स्त्री, पुरुष दुवैको उस्तै हो।

माउसुली खस्नाको यस्ता फल विद्वान् मानिसहरूले बुझ्नू। छेपारो चढ़ेमा पनि यही फल हुन्छ भनी बुझ्नू।

माउसुली चढ़्यो तथा छेपारो खस्यो भने त माथि बताइएको फलको उल्टो फल हुन्छ। राती माउसुली चढ़ेमा र छेपारो खसेमा फल ज्यादा खराब हुँदैन। राती माउसुली खस्यो र छेपारो चढ़्यो भने त कड़ा रोग लाग्छ। खस्नेबित्तिकै चढ़्यो भने खसेको फल ठूलो हुन्छ, चढ़ेको फल कम हुन्छ। दाँया अङ्गबाट चढ़ी बाँयाबाट ओर्लयो भने हानि हुन्छ। बाँयाबाट चढ़ी दाँयाबाट ओर्लयो भने हानि हुँदैन। सेतो माउसुली खुट्टाबाट माथि चढ़ी उत्तिखेरै टाउकोमा पुग्यो भने विशेष गरी ठूलो राज्यलाभ हुन्छ। खाने भाँड़ोमा पऱ्यो भने चिताएको भन्दा बढ्ता लाभ हुन्छ। खुट्टाका औंलामा पऱ्यो भने ठूलो हानि हुन्छ। माउसुली वा छेपारोको जोड़ी शुभ अङ्गमा पऱ्यो भने दम्पतीको प्रेम हुन्छ, अशुभ अङ्गमा पऱ्या भने दम्पतीको वियोग हुन्छ। टाउकोमाथि सेतो माउसुली पऱ्यो भने असल हुन्छ, अरू पऱ्यो भने असल हुँदैन। सेतो माउसुलीले जुनसुकै अङ्गमा छोयो भने पनि असल हुन्छ। जसको टाउकोमा छेपारो पर्छ त्यसले विघ्न शान्त गर्न कपाल खौरी मृतसञ्जीवनी विद्याको पाठ गर्नू। माउसुली वा छेपारोले छोयो भने खराब फल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुने भए पनि, असल फल हुने भए पनि आफ्नो हित चाहने मानिसले लुगासहित स्नान गर्नु, पञ्चगव्य खाई घृतच्छाया, पुण्याहवाचन गरी शान्ति, स्वस्ति गर्नु सम्पत्तिअनुसारको सुनको प्रतिमा बनाई रातो कपड़ाले छोपी चन्दन-फूलहरूले पूजा गर्नू, माटोको असल कलशमा लोकपालहरूलाई आवाहन गरी अग्निस्थापना गरी होम गर्नु मृत्युञ्जयमन्त्रले, असल खयरका समिधाले, तिलले संपत्तिअनुसार एक हजार आठ वा एक सय आठ व्याहृतिले होम गर्नु, त्यसपछि अभिषेक गर्नु, अनि ब्राह्मणहरूलाई भोजन गराउनू। इति

यसरी माउसुली खस्नु र छेपारो चढ्नु असल लक्षण भएपछि परस्परमा शुभ कुरा गर्दै उहाँ राजा, रानी निदाउनुभयो। त्यसपछि रातको चौथो प्रहरमा राजाले सपनामा एउटा जटाधारी तपस्वीलाई देख्नुभयो।

राजा—तपाईं को ? किन आउनुभएको ?

तपस्वी—बाबु ! तिम्रो तपस्याको बलले मलाई यहाँ ल्यायो। त्यसकारण तपस्या पुग्यो। यताबाट काशी जाऊ। त्यहीं तिमी तपस्याअनुसार फल पाउँनेछौ।

(यति भनी अन्तर्धान भए।)

(त्यसपछि राजा बिउँझनुभयो। पतिव्रता नरेन्द्रलक्ष्मी पनि संगै उठ्नुभयो।)

राजा—हे प्रिये, श्रीमहादेवका चरणकमलको निगाहाबाट आज मेरो मनोरथको कल्पवृक्ष फल्यो।

नरेन्द्रलक्ष्मी—प्राणनाथ, चन्द्रवंशी महाराजको लागि यो कुरा सुहाउँदो छ।

(अनि बिहान भएपछि उहाँ महाराजले सबै मन्त्रीहरूलाई बोलाउनुभयो।)

राजा—मन्त्री भारदारहरू हो, म काशीबाट नफर्कुन्जेलसम्म न्यायपूर्वक मेरो मुलुकको पालना गर।

मन्त्रीहरू—(माथमा अन्जुलि बाँधी) महाराजको जो हुकुम। आफ्नो बुद्धि-बर्गत पुगेसम्म गर्नेनैछौं।

त्यसपछि राजा मन्त्रीहरूलाई राज्य सुम्पी हिंड्नुभयो र केही दिनमा काशी पुग्नुभयो। अनि त्यहाँ सारा प्राणीको पापको वन डढ़ाउने गङ्गाजीमा नुहाई गङ्गाको स्तुति गर्नुभयो।

गङ्गा माई ! तपाईंको पवित्र जलधाराको संसर्गले महादेव गंगाधर हुनुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुयश फैलिएका राजा भगीरथले प्रार्थना गरेकाले 'भागीरथी' भनी तपाईंको प्रख्याति भयो। प्राणीहरूलाई मोक्ष पार्न विष्णुका पाउबाट निस्केकी, महादेवका शिरबाट खसेकी, पहाड़को टुप्पोबाट पृथ्वीतलमा बगेकी हे जाह्नवी, तपाईंले हामीहरूलाई पवित्र पारिदिनुहोस् ॥ ६ ॥

त्यसपछि विश्वनाथको पूजा नमस्कार, परिक्रमाहरू गरी स्तुति गर्नुभयो—

महापद्म आदि नौवटै अक्षय निधिहरू, अष्ट सिद्धिहरू, कल्पवृक्ष, चिन्तामणि, रावण, हिमालय र पृथ्वी आफ्नो शिरको मुकुटमा अञ्जुलि बाँधी जसको भ्रमराजस्तो नीलो आँखिभुईंलाई हेरिरहन्छन् त्यस्ता परमेश्वरलाई नमस्कार छ ॥ ७ ॥

त्यसपछि कालभैरवलाई पूजा गरी स्तुति गर्नुभयो—

भयङ्कर दाह्राले डर लाग्दो भएका, डर लाग्दो मुङ्ग्रो लिएका, खप्परको माला लाएका, आफ्नो तेजले भयङ्कर भएका, अनन्त नागको कुण्डल लाएका, सर्पको हारले सुहाएका, शिवभक्तलाई मुक्ति दिने कालभैरवलाई नमस्कार गर्दछु ॥८॥

त्यसपछि दण्डपाणिलाई पूजा गरी स्तुति गर्नुभयो—

ठूलो डर लाग्दो लठ्ठी लिएका, मानिसहरूको पाप हर्ने, अपवित्रलाई पवित्र पारिदिने, कलिको कलङ्क हर्ने, महादेवका प्यारा, माया जान्ने आफ्ना भक्तलाई मुक्त गरिदिने दण्डपाणिलाई नमस्कार गर्छु ॥९॥

त्यहाँपछि ढुण्डिराज (गणेश)लाई पूजा गरी स्तुति गर्नुभयो—

उदाएका सूर्यजस्तो प्रकाश (तेज) भएका हात्तीको जस्तो मुख भएका, विघ्न नाश पार्नामा कारण भएका, पाप हर्ने, राम्रा दाँत भएका, पार्वतीका छोरा, नाङ्लोजस्तो कान भएका, भुनु भुनु गर्ने मत्त भ्रमराहरूले दुवै गण्डस्थल ढाकिएका, सिद्धि-बुद्धिका प्यारा, सिन्दूरले रातो सूँड़ भएका, टाउकोमा चन्द्रमा धारण गरेका ढुण्डिराज (गणेश)लाई नमस्कार गर्दछु ॥१०॥

त्यहाँपछि मध्याह्नमा मणिकर्णिकामा नुहाएर स्तुति गर्नुभयो—

हे मणिकर्णिका गङ्गा! मोक्ष दिने तपाईंको तीरमा जुन प्राणीहरू प्राण छोड्छन् ती भला मानिसहरू उठ्नेखेरै टाउकोमा चन्द्रमाको कला, कमरमा बाघको छाला, सर्पका गहना भएका भई महादेवको सारूप्य पाउँछन्। शुभ दिने यस्ती तपाईंलाई सधैं नमस्कार गर्दछु ॥११॥

यसरी यात्रा गरी त्यसको परिश्रमले थाकेर राजा मुक्तिमण्डपमा गई राती त्यहीं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वास वसी सुखले सुत्नुभयो। कलियुगमा प्रत्यक्ष दर्शन नहुने हुनाले रातको चौथो प्रहरमा स्वप्नमा विश्वनाथ राजाको प्रत्यक्ष भए।

विश्वनाथ— बाबु पृथ्वीनारायण, तिम्रो तपस्याले खुशी भएँ। तिम्रो सबै इच्छा मलाई थाहा छ। त्यसकारण तिमी नेपालका राजा होऊ। यही जन्ममा तिम्रा लगातार सन्तान हुनेछन्। तिम्रा सन्तानको उत्तरोत्तर वढ़िबढ़ाउ हुनेछ र चाँड़ै नै ठूलो प्रताप भएका हुनेछन्। यस्ता दुइटा वर दिई विश्वनाथ अन्तर्धान भए।

त्यसपछि राजा बिउँझनुभयो। श्रीविश्वनाथको वरदान पाउनाले खूप खुशी भई फेरि पनि काशीको प्रशंसा गर्दै राजाले यात्रातिर मन लाउनुभयो। मनमा लिइराखेको 'अवगाहन' नाउँको पञ्चकोशीको यात्रा गरी ठूलो पराक्रम भएका, काशीवास वस्नेहरूको हेर-चाह गर्ने उहाँ महाराज आफ्नो घरतिर फर्कनुभयो॥ १२॥

अनि विश्वनाथको प्रसादवाट प्रतापसिंह शाह र वहादुर शाह दुइ छोरा जन्माउनुभयो। त्यसपछि सारा पहाड़का टीकाजस्तो भएको नेपाल शहरका राजाको सिंहासन हुनुभयो।

सूत्रधार—हे प्राणप्यारी मदनमञ्जरी, विश्वनाथको आराधनाले ठूलो प्रताप पाएका महाराजाधिराज श्रीपृथ्वीनारायणको तपस्याको प्रभावले उहाँको कुलमा बुद्धिमान् प्रतापी पुरुष पैदा भए भन्ने कुरा बुझ। भनेको पनि छ—बाबुले गरेको शुभ-अशुभ फल छोरामा पर्छ, त्यसकारण विद्वान्ले सधैं यत्नपूर्वक सत्कर्म गर्नुपर्छ॥१३॥उहिले प्रसिद्ध भएका रघु, भरत, भागीरथ आदि राजाहरूको महादेवको प्रसादले पाएको प्रतापको वर्णन पुराणमा पाइन्छ। हे प्यारी, मैलै पनि पृथ्वीनारायणका सन्तानको विश्वनाथको प्रसादले पाएको प्रतापको वयान गरें। यसमा के आश्चर्य छ र? यो त ठीकै हो, विश्वनाथ खुशी भएपछि प्राणीको सिद्ध नहुने के छ? ज्यादा के भनूँ।

(प्रस्तावना सिद्धियो।)

शक्तिवल्लभ भट्टाचार्यले बनाएको जयरत्नाकर नाटकको दशौं कल्लोल सिद्धियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एघारौं कल्लोल

जहाँ नवै रस भएको गाना गाउनामा सिपालु नटी छे, तबलाको तालविशेषमा र बाजा बजाउन सिपालु आफै सूत्रधार छ, पात्रहरू गाउनामा सिपालु छन्, ढिटो-पनामा विदूषक अति चलाख छ, यस्तो नाचको मण्डलमा नेपालप्रभु (रणबहादुर) रहनुहुन्छ ॥ १ ॥

त्यहाँपछि नाच हेरेर खुशी भएका महाराज रणबहादुर शाहले तिनी-हरूलाई बकस दिनुभयो। जस्तै—हिमालजस्तो सेतो दश हजार मोल पर्ने सुन्दर मोतीको माला, बीस हात्ती, छ सय असल घोड़ा, सय भारी रुपियाँ, धेरै रेशमी कपड़ा पनि महाराज रणबहादुर शाहले तिनीहरूलाई फेरि दिनुभयो ॥२॥ चौचौ पार्ने अनेक प्रकारका कलाको कुशलताले कमाएको धनले इच्छा पूरा भएका तिनीहरूले पनि राजालाई आशीर्वाद दिए—जहिलेसम्म हिमालमा गङ्गाजीको धारा खस्तछ, जहिलेसम्म आकाशमा चन्द्र, सूर्य, ताराहरू घुमिरहन्छन्, जहिलेसम्म पृथ्वी, महेन्द्राचल, सुमेरु, लक्ष्मी रहन्छन्, जहिलेसम्म यमुना नदी बगिरहन्छिन् तबसम्म नेपालप्रभु हे महाराज, हजुरको जय जय भइरहोस्! ॥ ३ ॥ अ रूपनि—जहिलेसम्म रामचन्द्रको कीर्ति चल्दछ, जहिलेसम्म पृथ्वीमा समुद्रहरू रहन्छन्, जहिलेसम्म आकाशमा मेघ रहन्छ, जहिलेसम्म दश दिक्पालहरू रहन्छन्, जहिले-सम्म पातालमा शेष र वासुकि नाग बस्तछन् तबसम्म हे महाराज, हजुर यस सिंहासनमा विराजमान होइबक्सियोस् ॥ ४ ॥ जबसम्म सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु, केतु—यी सबै ग्रह र सप्तर्षिहरू पनि रथ चढ़ी आकाश-मा घुमिरहन्छन् तबसम्म हे महाराजाधिराज, हजुर यो नेपालको राजगद्दीमा विराजमान होइबक्सियोस् ॥ ५ ॥

(यसरी आशीर्वाद दिएर सूत्रधारलगायत सबै निस्के ।)

कवि—

भक्तानां शुभदायकः स्वहृदये लभ्यस्सदा योगिभि-
स्संसारामयनाशनः स्मरणतोऽनिष्टस्य विध्वंसनः ।
तुल्यो भूमिरसातलोर्द्ध्वगमने पञ्चाननेशातपः
श्रीमद्वीरबहादुर क्षितिपते सिद्धिप्रदः पातु वः ॥ ६ ॥

यस श्लोकका अर्थ अनेक छन्। त्यसैको व्याख्या हुन्छ—

हे महाराज तथा हे श्रीमन् वीर बहादुर शाह, पञ्चाननेशातपले हजुरहरूको रक्षा गरोस्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१—जसका पाँचवटा मुख छन्, ती पञ्चानन अर्थात् महादेव हुन्। जस्तै, मेरुतन्त्रमा—तत्पुरुष, अघोर सद्योजात, वामदेव, ईशान—यी पाँच महादेवका मुख कहिन्छन्, पञ्चानन शब्दले महादेवलाई र सिंहलाई कहन्छ भनी मेदिनीकोषमा पनि लेखिएको छ। पञ्चानन मालिक भएका हुनाले पञ्चाननेश भनेका गणेश भए। ईश शब्दले मालिकलाई र महादेवलाई कहन्छ भनी मेदिनीमा लेखिएको छ। पञ्चाननेश (गणेश)को आतप (तेज) भन्दा पञ्चाननेशातप हुन्छ । अमरकोशमा आतप, प्रकाश, तेज, एउटालाई कहने शब्द हुन् भनी लेखिएको छ। बाबु भएका हुनाले महादेव गणेशका मालिक ठहर्दछन्। 'गणेश पार्वतीका मयलबाट पैदा भएका हुन्' भन्ने वचन हुनाले पार्वतीले नै आफै स्वतन्त्र जन्माएकी ता हुन् नि गणेश, उनका बा महादेव कसरी हुन्छन् भन्नु पनि हुँदैन किनभने—अघि एक दिन झटपट महादेवका पाउको दर्शन गर्न परशुराम गएका थिए। शिवजीको मन्दिरको ढोकामा पहरा बसेका गणेशले भित्र पस्न रोकिदिएका हुनाले परशुरामले बन्चरोले गणेशको टाउको उतिनखेरै काटिदिए। अनि गणेशको जीउ भूईंमा ढलेको देखेर पुत्रशोकले आकुल-व्याकुल भएकी पार्वती विलाप गर्न लागिन्। विलाप गर्न लागेकी पार्वतीलाई देखेर शिवजीलाई दया लाग्यो र हात्तीको टाउको काटेर ल्याएर गणेशको गोंड़मा जोड़िदिए। त्यहाँपछि गणेश गजानन (हात्तीमुखे) भए। बाँचेका गणेशलाई देखेर पार्वती खुशी भइन्। अरू पुराणमा यो कुरा पाइने हुनाले महादेव गणेशका पिता ठहर्दछन्। कस्तो पञ्चाननेशातप (गणेशको तेज) भने भक्तहरूको भलो गर्ने, ध्यान गर्दा योगीहरूले सधैं आफ्नो हृदयमा पाइने, स्मरण गर्दा नै अनिष्टको नाश गरिदिने, फेरि भवरोगको नाश गरिदिने, आकाश, पाताल, पृथ्वीतल—तीनै ठाउँमा उत्तिकै गति भएको, अणिमा आदि गरेका अष्टसिद्धि दिने, यस्तो गणेशको तेजले हजुरहरूलाई रक्षा गरोस्।

२-अथवा, पञ्चानन = ब्रह्मा। यहाँ भैरव प्रकट नहुँदैका ब्रह्माजीको ग्रहण हुन्छ। भैरवको प्रादुर्भाव भएपछि ब्रह्माजी शिवजीको निन्दा गर्ने भए। शिवजीको निन्दा सुन्न नसक्ने भैरवले हातका नङ्ग्राले शिवजीको निन्दा गर्न लागेको ब्रह्माजीको पाचौं चाहिं टाउको छिनालिदिए। त्यहाँपछि ब्रह्मा चतुरानन (चारमुखे) भए। यो कुरा स्कन्दपुराणमा बताइएको छ—जुन अङ्गले अपराध गर्छ त्यसैलाई सजाय खुवाउनुपर्छ भनेर (भैरवले) बायाँ हातका नङ्ग्राले ब्रह्माजीको शिर छुस्त्याइदिए। यसरी पञ्चानन आदिब्रह्मा पनि हुन्छन्। आदिपरब्रह्मा परमेश्वरको तेज (आतप) पञ्चाननेशातप हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अब बताइने पञ्चाननेशातपका अरू-अरू सबै अर्थमा पनि पञ्चाननेशातपका अरू विशेषणको अर्थचाहिं माथि बताएअनुसार नै जान्नू।

३—अथवा, पञ्चानन = सिंह। सिंहकी स्वामिनी, सिंह वाहन भएकी भगवती देवी, उनको तेज, पञ्चाननेशातप।

४—अथवा, पञ्चानन = शिव। उनै शिवजी परमेश्वरको तेज पञ्चाननेशातप।

५—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका चतुर्भुज नारायण। शिवको अङ्गबाट पैदा भएका हुनाले शिवजी विष्णुका मालिक ठहर्दछन्। यो स्कन्दपुराणमा बताइएको छ—(महादेवले) दायाँ अङ्गमा अमृत बर्साउने आँखा लाए। त्यहाँबाट तीन लोकमा सुन्दर भएका एक पुरुष पैदा भए। ठूलो महिमाले विभूषित भएका ठूला ती पुरुषलाई देखेर 'हे अच्युत, तिमी महाविष्णु होऊ' भनेर महादेवले भने।

६—अथवा, पञ्चानन = आदिब्रह्मा। आदिब्रह्मा मालिक भएका रुद्र पञ्चाननेश हुन्। यो स्कन्दपुराणमा बताइएको छ। रुद्रप्रति ब्रह्माको उक्ति—अघि मेरो निधारबाट प्रादुर्भाव भएका हौ। अघि उस वेला रोएका हुनाले मैले तिम्रो नाम रुद्र भन्ने राखिदिएँ। हे छोरा, मेरो शरणमा आऊ, तिम्रो रक्षा म गर्नेछु!

७—अथवा, पञ्चानन = शिवजी। शिवजी मालिक भएका सूर्य पनि पञ्चाननेश हुन्छन्। स्कन्दपुराणमा यस्तो लेखिएको छ—सूर्यलाई महादेवको भनाइ—तिमीले नै स्थापना गरेका यी गभस्तीश्वर नामको लिङ्ग हो।

८—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका चन्द्रमा पञ्चाननेश, किनकि चन्द्रमा महादेवका शिरका गहना भएका छन्। स्कन्दपुराणमा पनि भनिएको छ—परम पवित्र अविमुक्त नाउँ गरेको क्षेत्रमा गएर आफ्नो नामले चन्द्रेश्वर अमृत-लिङ्ग स्थापना गरेर संसारका मालिक भएका देवताका पनि देवता भएका महादेवको निगाहाबाट बीज, औषधि, जल, ब्राह्मणहरूका पनि राजा (चन्द्रमा) भए।

९—अथवा, पञ्चानन भनेका ईशानदिशाका मालिक भएका एकादश रुद्रहरू हुन्। तिनका मालिक इन्द्र पञ्चाननेश। स्कन्दपुराणमा यसको प्रमाण छ—सातै लोक-पालले यिनको सेवा गर्छन्, नारद आदि गरेका मुनिहरू यिन (इन्द्र)लाई आशीर्वाद दिन्छन्।

१०—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका अग्नि पञ्चाननेश। जस्तै, स्कन्द पुराणमा—गृहपति (अग्नि) नाम गरेका एक ब्राह्मणले काशीमा गएर वीरेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नामको शिवलिङ्ग स्थापना गरे र ठूलो तपस्याले त्यसको आराधना गरे। इन्द्रासन पाउनाका लागि नै यिनले यो कठोर तपस्या गरेका हुन् भनी डराएका इन्द्रले तिनको त्यो तपस्यामा विघ्न पार्नलाई तिनको नजीकमा गएर वर माग भने। तपस्याको प्रभावले इन्द्रको त्यो कपट थाहा पाएर गृहपतिले इन्द्रलाई भने—हे अहल्याका नाठा कुलद्रोही दुष्ट इन्द्र, जाऊ, पशुपतिसिवाय अरू देवतासँग पक्का म वर माग्दिन।

११—अथवा, पञ्चानन = महादेव। महादेव मालिक भएका संसारका काल यमराज पञ्चाननेश। स्कन्दपुराणमा—जसको आज्ञाले ब्रह्मा जगत्सृष्टि गर्छन्, विष्णु पालना गर्छन्, संहार गर्दा कालरुद्र नाम भएका त्यस्ता महादेवलाई नमस्कार छ।

१२—अथवा, पञ्चानन = महादेव। महादेव मालिक भएका निर्ऋति पञ्चाननेश। स्कन्दपुराणमा यसको कथा छ—विश्वनाथले पालना गरेको वाराणसीमा कोही जोगी जान लागेका थिए। तिनलाई तारकाले लुटपिट गर्न लाग्यो। तिनीहरूको चिच्याहट सुनेर पिंगाक्ष दयाबुद्धिले त्यहाँ आएर तारकासँग लड्दा-लड्दै उनले प्राण छोड़े। जोगीका निमित्त प्राण दिएका पुण्यका प्रतापले पिंगाक्ष दिक्पाल भए। यो कुरा स्कन्दपुराणमा लेखिएको छ—अन्त्यकालमा जस्तो बुद्धि हुन्छ, त्यहीअनुसारको गति हुन्छ, यसैले निर्ऋतिले नैर्ऋत्य दिशाको दिक्पाल हुन् पाए।

१३—अथवा, पञ्चानन = महादेव। महादेव मालिक भएका वरुण पञ्चाननेश। स्कन्दपुराणमा कथा छ—कर्दम प्रजापतिका छोरा शुचिष्मान् नाम गरेका बाहुन थिए। तिनले सम्पूर्ण प्राणीलाई मोक्ष दिने काशी पुरी गई त्यहाँ वरुणेश्वर नामक शिवलिङ्ग स्थापना गरी आराधना गर्न लागे। तिनको त्यो तपस्या देखेर खुशी भएका महादेवले तिनको नजीकमा आएर वर माग भने। अनि शुचिष्मान्ले भने—भक्तहरूका उपरमा दया गर्ने हे भगवन्, यदि हजुर मदेखि खुशी हुनुभो भने म सबै जल र जलचरको पनि मालिक हुन पाऊँ। यस्तो कुरा सुनेर चिताएको कुरा दिने भगवान् परमेश्वरले पनि तिनलाई ठूलो वरुणको पदमा अभिषेक गरिदिनुभयो।

१४—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका वायु पञ्चाननेश हुन्छन्। स्कन्दपुराणमा—विमानमा चढ़ेर हिंड़ेका शिव शर्मा ब्राह्मणलाई पुण्यशील र सुशील भन्छन्—हे भाग्यमानी बाहुन बाज्ये, गन्धवती नामको पश्चिमको उत्तरतर्फ रहेको वायुको यो पुण्य पुरीलाई हेर। यो पुरीमा प्रभञ्जन नामक वायु दिक्पाल छन्। यिनले महादेवको आराधना गरेर दिक्पाल हुन पाएका हुन्। अरू पनि—पञ्चानन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वायुमूर्ति उग्र (महादेव) पनि हुन्छन् । यसैले पार्थिव लिङ्गको पूजा गर्दा 'वायुमूर्ति भएका उग्रलाई नमस्कार छ' भन्ने प्रयोग मेरुतन्त्रमा छ ।

१५—अथवा, पञ्चानन = शिव । शिवजी मालिक भएका कुबेर पञ्चाननेश । यो कुरा स्कन्दपुराणमा भनिएको छ—कुबेरप्रति शिवको उक्ति—असल व्रत भएका हे कुबेर, तिमी सबै यक्ष, राक्षस, किन्नरहरूका मालिक र राजाको पनि राजा होऊ ।

१६—अथवा, पञ्चानन भनेका एकादश रुद्रहरू । ईश्वरस्वरूप भएका अज एकपाद नाउँ गरेका तिनीहरूको प्रकाश भन्दा पञ्चाननेशातप हुन्छ ।

१७—अथवा, पञ्चानन = शिव । शिव मालिक भएका स्वामिकार्त्तिक पञ्चाननेश ।

१८—अथवा, पञ्चानन = शिव । शिव मालिक भएका नागहरू, तिनीहरूको तेज पञ्चाननेशातप हुन्छ । नागहरू शिवजीको जिउमा गहना भएका छन् । 'तीन नेत्र भएका, नागको गहना लाएका, बालचन्द्र शिरमा भएका महादेव' भनी स्कन्दपुराणमा पनि लेखिएको छ ।

१९—अथवा, पञ्चानन = शिव । शिवमालिक भएका मङ्गल ग्रह पञ्चाननेश । स्कन्द-पुराणमा —(महादेवको) निधारबाट एक थोपा पसिना भूईंमा खस्यो । अनि भूईं-बाट रातो जीउ भएको बालक (मङ्गल) उत्पन्न भए ।

२०—अथवा, पञ्चानन = सिंह । सिंहको मालिक बुध ग्रह पञ्चाननेश भए । मेरु-तन्त्रमा यो कुरा बताइएको छ—पहेंलो फूलले पूजिएका, ढाल, तरवार, गदा, वर हातमा लिएका, सिंहमा सवार भएका । अरू पुराणमा पनि 'सिंहमा सवार भएका वर दिने बुध ग्रह' भनी लेखिइएको पाइन्छ ।

२१—अथवा, पञ्चानन = शिव । शिव मालिक भएका बृहस्पति पञ्चाननेश । स्कन्द-पुराणमा—काशीमा बसेर तिनले (बृहस्पतिले) ठूलो तपस्या गरे । धेरै भावभक्तिले ठूलो एक शिवलिङ्ग स्थापना गरे । त्यहाँपछि प्रसन्न भएका तेजका राशि भगवान् महादेवले भने ।

२२—अथवा, पञ्चानन = शिव । शिव मालिक भएका शुक्र पञ्चाननेश । स्कन्द-पुराणमा शुक्रप्रति शिवको वाक्य—हे बाबु, यही शरीरले मेरो पेटभित्र पस्यौ र मेरो मूत्रद्वारबाट जन्म लियौ ।

२३—अथवा, पञ्चानन = शिव । शिव मालिक भएका शनैश्चर पञ्चाननेश । स्कन्द-पुराणमा सूर्यबाट सवर्णामा शनैश्चर जन्मे । तिनले सबै देवताले पनि ढोगिएको काशी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरीमा गएर ठूलो तपस्या गरेर त्यहाँ शिवलिङ्ग स्थापना गरेर त्यो ठूलो लोक पाए। ईश्वरको पूजाले गर्दा ग्रह हुन पनि पाए।

२४—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका नन्दी वाहन पञ्चाननेश।

२५—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका बलि, वामदेव, दधीचिहरू पञ्चाननेश भए। तिनीहरूको तपोबलबाट भएको तेज पञ्चाननेशातप भयो।

२६—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका भैरवादि गण, ती गणहरूको तेज पञ्चाननेशातप हुन्छ।

२७—अथवा, पञ्चानन = शिव। शिव मालिक भएकी गङ्गाजी, तिनको तेज पञ्चाननेशातप। होइन, गङ्गाजीको जलमा पनि कहीँ तेज हुन्छ?—भन्ने हो भने, स्कन्दपुराणमा विष्णुप्रति महादेवको उक्ति छ—मेरो तेजरूपी आगो भित्रपट्टि भएकी, मेरो वीर्यले ढाकिएकी, सबै दोष उड़ाउने भएकी, सबै तापलाई नाश गर्ने भएकी (यी गङ्गा छिन्)।

२८—अथवा, पञ्चानन भनेका जलमूर्ति भव (महादेव)। ती जलमूर्ति भवका मालिक एकार्णव समुद्र पञ्चाननेश भए। अ = विष्णु, अकार वासुदेव हुन् भनी कहिएको हुनाले। पञ्चाननेश (समुद्र)मा रहने अ (विष्णु) भन्दा पञ्चाननेशा हुन्छ। (यो शब्द गन्धर्ववाचक हाहा शब्दजस्तै आकारान्त पुलिङ्ग हो।) तिनको तेज भन्दा पञ्चाननेशातप हुन्छ। यसबाट मत्स्यावतारको सूचना हुन्छ। मेरुतन्त्रमा पृथ्वीमूर्ति शर्व, जलमूर्ति भव, तेजमूर्ति रुद्र, वायुमूर्ति उग्र, आकाशमूर्ति भीम, यजमानमूर्ति पशुपति, चन्द्रमामूर्ति महादेव, सूर्यमूर्ति महेशान हुन् भनी लेखिएको छ। यसैले पार्थिवेश्वरको पूजा गर्दा 'भवाय जलमूर्तये नमः, भन्ने प्रयोग हुन्छ।

२९—अथवा, पञ्चानन = जलमूर्ति भव अर्थात् समुद्र। समुद्रका मालिक दुग्धसागर पञ्चाननेश। त्यो दुग्धसागरमा हिंड्छन् भन्दा पञ्चाननेशात अर्थात मन्दराचल हुन्छ। डुब्न लागेको मन्दराचललाई आफ्नो पिठ्यूँको आधारले रक्षा गर्छन् भन्दा पञ्चाननेशातप हुन्छ। यसबाट मन्दराचलको भार सहन सक्ने भगवान्को कूर्मावतारको सूचना हुन्छ। यसरी यहाँ खाली कूर्मरूपी भगवान्को ग्रहण हुन्छ, आतप (तेज)-को हुँदैन।

३०—अथवा पञ्चानन = सिंह। सिंह मालिक भएको मृगजाति बँदेल पञ्चाननेश हुन्छ। यसैले अमरकोषमा सिंहलाई 'पञ्चास्य, मृगेन्द्र' भनिएको छ। यताबाट पृथ्वीको उद्धार गर्ने भगवान्को वराहावतारको बोध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३१—अथवा, सिंहको जस्तै मुख भएकोले पञ्चानन नृसिंह पनि हुन्छन्। नृसिंह परमेश्वरको तेज पञ्चाननेशातप हुन्छ। यसबाट नृसिंहावतारको सूचना हुन्छ।

३२—अथवा, पञ्चानन = आदिब्रह्मा। आदिब्रह्मा मालिक भएका बलि राजा पञ्चाननेश भए। सबै तरहले पिर्ने भन्दा पनि आतप हुन्छ। पञ्चाननेश (बलि)लाई पिर्ने (आतप) भन्दा पञ्चाननेशातप हुन्छ। यसबाट वामनावतार बुझिन्छ।

३३—अथवा, पञ्चानन = आदिब्रह्मा। आदिब्रह्मा मालिक भएका ब्रह्माकै नाति प्रलम्बासुर पनि पञ्चाननेश हुन्छ। प्रलम्बासुरलाई पिर्ने भन्दा पञ्चाननेशातप हुन्छ। यसबाट बलरामावतार बुझिन्छ।

३४—अथवा, पञ्चानन = शिव। धनुर्विद्यामा गुरु भएका महादेव मालिक छन् जसका तिनलाई भन्दा पञ्चाननेश हुन्छ। यसबाट परशुरामावतार बुझिन्छ।

३५—अथवा, पञ्चानन = ब्रह्मा। ब्रह्मा मालिक भएको रावण पनि पञ्चाननेश हुन्छ। ब्रह्माको कुलमा पैदा भएकोले रावणका ब्रह्मा मालिकै हुन्छन्। रावणलाई सबै तरहले पिर्ने भन्दा दशरथका पुत्र रामचन्द्र पनि पञ्चाननेशातप हुन्छन्।

३६—अथवा, पञ्चानन = ब्रह्मा। ब्रह्मा मालिक भएका वेदहरू पनि पञ्चाननेश हुन्छन्। होइन, वेदहरूका मालिक ब्रह्मा कसरी हुन्छन् त भने स्कन्दपुराणमा यसरी यो कुरा बताइएको छ—विन्ध्याचल बढ़ेर जाँदा सूर्यको गति रोकियो, संसारमा अन्धकार फैलियो, अनि देवताहरूले ब्रह्माजीको स्तुति गरे—हे ब्रह्मन्, यी वेदहरू हजुरकै श्वास हुन्, यो सबै संसार हजुरकै पसिना हो, यी सबै प्राणीहरू हजुरका पाउ हुन्, हजुरको शिरबाट आकाश पैदा भएको हो। यस्तो कहिएकोले वेदका सृष्टि गर्ने ब्रह्मा वेदका मालिक नै हुन्छन्। वेदलाई सबै तरहले नाश गर्ने भन्दा पञ्चाननेशातप, वेदको निन्दा गर्ने अर्थात् बौद्धावतार हो।

३७—अथवा, पञ्चानन = शिव। शिव मालिक भएका सबै संसारका प्राणी पञ्चाननेश भए। सबै संसारका प्राणीलाई खूब पिर्ने भन्दा पञ्चाननेशातप हुन्छ। यसबाट कल्की अवतार सूचित हुन्छ।

३८—अथवा, पञ्चानन = ब्रह्मा। ब्रह्मा मालिक भएकी ब्रह्माकी शक्ति ब्रह्माणी पञ्चाननेशा भइन्। यो कुरा मार्कण्डेयपुराणमा लेखिएको छ—ब्रह्माजीकी शक्ति आइन् यी ब्रह्माणी कहिन्छिन्।

३९—अथवा, पञ्चानन = शिव। शिव मालिक भएकी शिवकी शक्ति माहेश्वरी पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पञ्चाननेशा हुन्छिन्। मार्कण्डेयपुराणमा—साँढेमा चढ़ेकी, त्रिशूल, वर हातमा लिएकी, ठूलो सर्पको बाजु लाएकी, चन्द्रमाको कला गहना भएकी माहेश्वरी आइपुगिन्।

४०—अथवा, पञ्चानन = चेतना भएका शव (मुर्दा) रूपी महादेव। तिनकी स्वामिनी चामुण्डा पञ्चाननेशा। यो कुरा महाकालसंहितामा लेखिएको छ—शवरूपी महादेवको छातीमा हाँसिरहेकी, महाकालसँग खूब कामरसमा लहसिएकी।

४१—अथवा, पञ्चानन = महादेव। महादेव मालिक भएकी कुमारकी शक्ति (कौमारी) पनि पञ्चाननेशा हुन्छिन्। मार्कण्डेयपुराणमा—'शक्ति हातमा लिएकी, असल मयूरमाथि चढ़ेकी, स्वामिकार्तिकको रूप लिएकी कौमारी देवी दैत्यसंग लड्न आइन्।'

४२—अथवा, पञ्चानन = महादेव। महादेव मालिक भएकी विष्णुकी शक्ति (वैष्णवी) पञ्चाननेशा हुन्छिन्। महादेव विष्णुका मालिक भएकाले यिनका पनि महादेव मालिक हुन्छन्। यसमा के दोष? त्यस्तै मार्कण्डेयपुराणमा—गरुड़मा चढ़ेकी, शङ्ख, चक्र, गदा, धनु, तरवार हातमा लिएकी वैष्णवी शक्ति आइन्।

४३—अथवा, पञ्चानन = सिंह। सिंह मालिक भएकी वराहरूपी भगवान्‌की वाराही शक्ति पञ्चाननेशा हुन्छिन्। मार्कण्डेयपुराणमा—वराहको शरीर धारण गरेकी वाराही शक्ति पनि आइन्।

४४—अथवा, पञ्चानन = नृसिंह। नृसिंह मालिक भएकी नृसिंहकी शक्ति नारसिंही पनि पञ्चाननेशा हुन्छिन्। मार्कण्डेयपुराणमा - नृसिंहको जस्तो रूप लिएकी नारसिंही।

४५—अथवा, पञ्चानन = एकादश रुद्रहरू, तिनका स्वामिनी इन्द्रकी शक्ति इन्द्राणी पञ्चाननेशा हुन्छिन्। यसैले मार्कण्डेयपुराणमा बताइएको छ–हातमा वज्र लिएकी, हात्तीमा चढ़ेकी, हजार आँखा भएकी ऐन्द्री शक्ति आइन्। जस्ता इन्द्र त्यस्तै यी छिन्।

ग्रन्थ विशाल होला भन्ने डरले यतिभन्दा अरू अर्थ लेखिएनन्।

त्यहाँपछि राजा रणबहादुर शाहको खोपीतर्फ सवारी भयो। राजकुमार बहादुर शाह पनि आफ्नो घर जानुभयो। सभामा बसेका मन्त्री, सेनापतिहरू पनि आफ्ना-आफ्ना घर गए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कवि—हे सिपालु पण्डित हो, महादेव, पार्वतीका प्रसादले यो जयरत्नाकर नाम भएको नाटक कवि शक्तिवल्लभले बनाएको हो, यो कुरा तपाईंहरू बुझ्नुहोस्। चन्द्रवंशी महाराज रणबहादुर शाहको ठूलो प्रताप कहाँ, कविहरूको गणनामा गिन्ती पनि नभएको मन्दबुद्धि भएको म कहाँ ? हुनत यस्तो हो तैपनि मैले राजशिरोमणि रणबहादुरको नाटक चाँड़ै बनाएँ, यो मेरो साहसलाई तपाईं सबै विद्वान्हरूले माफ गर्नुहोला।

नेपालका राजा रणबहादुर शाहका पचाश लाख फौजका मध्येमा पाँच-छ जना कुप्रा-लँगड़ा भए भने पनि महाराजको केही हानि हुँदैन। मेरा कुनै श्लोकमा भुसिया विद्वान्हरूले खोट लाउँछन् भने पनि लाइराखून्, महादेवको निगाहले करोड़ौं श्लोक बनाउन सक्ने मेरो त्यसले के लछारिन्छ र ?

श्रीमहाराजाधिराज पृथ्वीनारायणका राता कमलजस्ता हातले चरणकमल पूजिएका ब्राह्मणकुलमा श्रेष्ठ भएका लक्ष्मीनारायण हुनुभयो। उनैका सफा बुद्धि भएका छोराले शाके १७१४ (वि० सं० १८४९) माघ महीनामा संसारको सारजस्तो भएको स्वर्गसमान नेपालमा यो नाटक बनाएको हो।

ब्रह्मा, विष्णु, महादेव, सूर्यँ, गणेश, देवी, गुरु, माता, पिता, मातामहहरूलाई ढोगेर विद्याले सिंगारिएका कविवर शक्तिवल्लभले हर्षपूर्वक (बनाएको) नेपालका राजाको कीर्तिले युक्त भएको यो नाटक सज्जनहरूलाई आनन्द दिने होओस्।

जस्तै विष्णुकी लक्ष्मी, महादेवकी पार्वती, बृहस्पतिकी तारा, सूर्यकी छाया, चन्द्रमाकी रोहिणी, अग्निकी स्वाहा, इन्द्रकी इन्द्राणी, अत्यन्त प्यारी छिन्, त्यस्तै विद्यापल्लव शक्तिवल्लभ कविको यो कृति पण्डितहरूको प्यारो होओस्।

शक्तिवल्लभ भट्टाचार्यले बनाएको श्रीरणबहादुर शाहको प्रतापको वर्णन भएको जयरत्नाकर नाउँ गरेको नाटकको एघारौं कल्लोल सिद्धियो।

जयरत्नाकर नाम भएको यो नाटक ग्रन्थ सिद्धियो। शुभ होस्॥

॥ इति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu